
वालिङ नगरपालिकाको
ऐन संग्रह
वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

# वालिङ नगरपालिकाको
# ऐन संग्रह
## २०८२


| | | |
|---|---|---|
| प्रकाशक | : | **वालिङ नगरपालिका** |
| प्रकाशन मिति | : | २०८२ जेठ |
| प्रकाशन प्रति | : | ५०० |
| मुद्रण | : | **बन्धु अफ्सेट प्रेस, पोखरा-९, नयाँबजार** |
| सम्पर्क नं. | : | ०६१-५८२३४४ |
| इमेल | : | bandhupress@gmail.com |

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | नगर पशु स्वास्थ्य तथा पशु सेवा ऐन - २०७४ | १ |
| २ | वालिङ नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ | ११ |
| ३ | वालिङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन - २०७५ | २६ |
| ४ | आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन - २०७५ | २७ |
| ५ | वालिङ नगरपालिकाको सहकारी ऐन - २०७५ | ४१ |
| ६ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ | ८२ |
| ७ | सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन- २०७५ | ९७ |
| ८ | बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन - २०७५ | ११५ |
| ९ | स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५ | ११७ |
| १० | स्थानीय शिक्षा ऐन-२०७४ | १३२ |
| ११ | स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ | १५८ |
| १२ | न्यायिक समितिको कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ | १७८ |
| १३ | वालिङ नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ | २१२ |
| १४ | वालिङ नगरपालिका जनस्वास्थ्य (संशोधन समेत) ऐन, २०७८ | २३९ |
| १५ | वालिङ नगरपालिका स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन, २०७८ | २७४ |
| १६ | वालिङ नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९ | २९६ |
| १७ | वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन (पहिलो संशोधन), २०७९ | ३०१ |
| १८ | वालिङ नगरपालिकाको खानी तथा खनिज पदार्थ सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८० | ३१० |
| १९ | वालिङ नगरपालिकाको खानेपानी ऐन, २०८० | ३२० |
| २० | स्थानीय मदिरा (अन्न तथा फलफूलको स्थानीय मदिरा) उत्पादन, ब्राण्डिङ, बिक्री वितरण, नियन्त्रण, व्यवस्थापन तथा नियमन गर्न बनेको ऐन, २०८० | ३२९ |

# नगर पशु स्वास्थ्य तथा पशु सेवा ऐन - २०७४

**प्रमाणीकरण मिति : २०७४।१०।०३**

**प्रस्तावनाः** नगरको अर्थतन्त्रको महत्त्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वस्थ रुपमा उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले, वालिङ नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "नगर पशु स्वास्थ्य तथा पशु सेवा ऐन-२०७४" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पास भएको मिति देखि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्छ र सो शब्दले पंक्षी र माछालाई समेत जनाउँछ ।

(ख) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फूल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थी, मल, मुत्र वा सोबाट बनाइएको अप्रशोधित वस्तु सम्झनु पर्छ ।

(ग) "पशु उत्पादन सामग्री" भन्नाले पशु स्वास्थ्यमा, कृत्रिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ

(घ) "जैविक पदार्थ (वायोलोजिकल्स)" भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी, खोप वा जैविक रसायन सम्झनु पर्छ ।

(ङ) "क्वारेन्टाइन चेकपोष्ट" भन्नाले नेपाल सरकारले दफा ३ बमोजिम स्थापना गरेको पशु क्वारेन्टाइन चेकपोष्ट सम्झनु पर्छ ।

(च) "क्वारेन्टाइन" भन्नाले कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टा छुट्टै राख्ने काम सम्झनु पर्छ ।

(छ) “क्वारेन्टाइन अधिकृत” भन्नाले दफा ५ बमोजिम नियुक्ति गरिएको क्वारेन्टाइन अधिकृत सम्झनु पर्छ ।

(ज) “क्वारेन्टाइन स्थल” भन्नाले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि क्वारेन्टाइनमा राखिने ठाउँ सम्झनु पर्छ ।

(झ) “संक्रामक रोग” भन्नाले अनुसूचीमा उल्लिखित रोगहरू र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरूलाई समेत जनाउँछ ।

(ञ) “विभाग” भन्नाले संघीय सरकार, पशु सेवा विभाग सम्झनु पर्छ ।

(ट) “कार्यालय प्रमुख” भन्नाले वालिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ठ) “भेटेनरी निरीक्षक” भन्नाले दफा २५ बमोजिम नियुक्ति गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्छ ।

(ड) “पैठारीकर्ता” भन्नाले नेपाल बाहिरबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ढ) “निकासीकर्ता” भन्नाले नेपाल अधिराज्यबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ण) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## पशु क्वारेन्टाइन सम्बन्धी व्यवस्था

३. **क्वारेन्टाइन चेकपोष्टको स्थापना :** क्वारेन्टाइन चेकपोष्ट स्थापना संघीय/प्रादेशिक सरकारले तोके बमोजिम हुनेछ ।

४. **क्वारेन्टाइन स्थल निर्माण गर्न सक्ने :** तोकिए बमोजिम हुनेछ ।

५. **क्वारेन्टाइन अधिकृतको नियुक्ति :** तोकिए बमोजिम हुनेछ ।

६. **क्वारेन्टाइनमा राख्नु पर्ने :** तोकिए बमोजिम हुनेछ ।

७. **प्रमाणपत्र दिनु पर्ने :** तोकिए बमोजिमको ढाँचामा क्वारेन्टाइन प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

८. **निकासी वा पैठारी गर्दा पालन गर्नुपर्ने शर्त :** निकासीकर्ता वा पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी वा पैठारी गर्दा पालन गर्नुपर्ने शर्त तोकिए बमोजिम हुनेछ ।

९. **क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नुपर्ने :** पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन

चेकपोष्टको बाटो भएर गर्नुपर्ने छ ।

१०. **पैठारी गर्न प्रतिबन्ध लगाउन सक्ने :** संघीय/प्रादेशिक सरकार/स्थानीय सरकारले तोकेको रोगहरू भएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

११. **प्रवेश गर्न रोक लगाउन सक्ने :**

देहायका अवस्थामा क्वारेन्टाइन अधिकृतले पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको प्रवेशमा रोक लगाउन सक्नेछ :-

(क) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन ठाउँबाट ल्याएको हो सो ठाउँमा संक्रामक रोगको प्रकोप भएको सूचना प्राप्त भएमा,

(ख) पैठारीकर्ताले पैठारी गर्ने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा तोकिए बमोजिम संक्रामक रोग नभएको प्रमाणपत्र र स्वस्थता सम्बन्धी प्रमाणपत्र उपलब्ध नगराएमा,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र उपलब्ध गराएको भए तापनि केही पशुहरू संक्रामक रोग लागि मरेको पाइएमा,

(घ) पैठारी गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ल्याउनको निमित्त प्रयोग गरिएको सवारी साधनमा संक्रामक रोगको लसपस भएको पाइएमा ।

१२. **आदेश दिन सक्ने :** कानुन बमोजिम / तोकिए बमोजिम हुनेछ ।

१३. **लिलाम गर्न सकिने :** कानुन बमोजिम हुनेछ ।

१४. **हटाउने वा नष्ट गर्ने :** कानुन बमोजिम हुनेछ ।

१५. **पशुहरूको ओसारपसार सम्बन्धी व्यवस्था :** तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## पशु नसल सुधार सम्बन्धी व्यवस्था

१६. **सूचना जारी गर्न सक्ने :**

(१) वालिङ नगरपालिकाभित्र रहेका कुनै जातका पशुको वंश लोप हुनबाट बचाउन वा तिनीहरूको नसल सुधार गर्ने दृष्टिले नेपाल अधिराज्यको कुनै क्षेत्रमा सोही सूचनामा तोकेको जातको भाले जातको पशु बाहेक अन्य भाले जातको पशु खसी पारी राख्नु पर्ने गरी सूचना जारी गर्न सक्नेछ । तर परम्परादेखि चलिआएको पूजा आजा वा धार्मिक अनुष्ठानका लागि नभई नहुने खसी नपारेको भाले पशु पाल्नु पर्ने भएमा त्यस्तो पशुलाई गर्भाधान गराउन नसक्ने गरी अलग्गै राख्न उपदफा (१) मा लेखिएको

कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको जात बाहेक अन्य भाले जातको पशु पालेको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित व्यक्तिलाई त्यस्तो भाले पशुलाई तत्कालै खसी पार्ने आदेश दिन सक्नेछ ।

## परिच्छेद-४

## उद्योग स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था

**१७. उद्योग स्थापना गर्न सिफारिस पत्र लिनु पर्ने :** जैविक पदार्थ, चल्ला, माछाका पूरा उत्पादन गर्ने ह्याचरी वा पशु दाना वा मासु प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिएको दस्तुर बुझाई वालिङ नगरपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

**१८. निकासी वा पैठारी गर्न सिफारिस लिनु पर्ने :** जैविक पदार्थ, चल्ला वा माछाका भूरा वा पशु दाना निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिएको दस्तुर तिरी तोकिएको वालिङ नगरपालिकाबाट सिफारिस पत्र लिनु पर्नेछ ।

**१९. अनुमति पत्र लिनुपर्नेः**

(१) जैविक पदार्थ, चल्ला, माछाका भूरा बिक्री वितरण वा मासु प्रशोधन गर्न चाहने व्यक्तिले तोकिएको वालिङ नगरपालिकाबाट तोकिएको दस्तुर तिरी अनुमति पत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री वितरण गरिने जैविक पदार्थ, चल्ला, माछाका भूरा वा मासु प्रशोधनको गुणस्तर तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## दण्ड सजाय र पुनरावेदन

**२०. दण्ड सजाय :**

(१) दफा ९ को उल्लघंन गरी पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ र त्यसरी पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोग भएको पाइएमा दोब्बर जरिबाना हुनेछ ।

(२) दफा १० को उल्लघंन गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) दफा १२ को उपदफा (१) बमोजिम दिइएको आदेश पालन नगर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(४) उपदफा (१), (२) र (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन

अन्तरगत बनेको नियमावलीको उल्लघंन गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२१. **मुद्दाको तहकिकात र दायरी :** कानुनअनुसार हुनेछ ।

२२. **मुद्दा हेर्ने अधिकारी :**

(१) दफा ९ अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन अन्तरगतको मुद्दा हेर्ने अधिकार कार्यालय प्रमुखलाई हुनेछ ।

२३. **नेपाल सरकार वादी हुने :** यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ ।

२४. **पुनरावेदन :** दफा २२ को उपदफा (१) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालत समक्ष र उपदफा (२) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले तोकिए बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद – ६

## विविध

२५. **भेटेनरी निरीक्षकको नियुक्ति :**

(१) संघीय कानुन/प्रादेशिक कानुन/तोकिएबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने भेटेनरी निरीक्षकहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२६. **अधिकार प्रत्यायोजन :** तोकिए बमोजिम हुनेछ ।

२७. पशुप्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्ने : पशु प्रति हुने निर्दयी व्यवहार रोक्नको लागि नगर कार्यपालिकाले एउटा समिति गठन गर्न सक्नेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार सोही नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२८. **जाँचबुझ गर्न सक्ने :**

(१) कार्यालय प्रमुखलाई कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोक लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री रहेको जुनसुकै स्थानमा प्रवेश गरी जाँचबुझ गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको जाँचबुझ गर्दा दफा १० बमोजिम नगरपालिकाले तोकेका रोगहरू लागेको पाइएमा कार्यालय प्रमुखले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन

सामग्रीलाई हटाउन वा नष्ट गर्न आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनीले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा शाखा प्रमुख आफैंले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउँदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित धनीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**२९. नष्ट गर्ने कार्यविधि :** यस ऐन बमोजिम मृत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नष्ट गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३०. बाधा नहुने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रशोधित पशुजन्य पदार्थमा संक्रामक रोग लागेको आशंका भएमा त्यस्तो प्रशोधित पशुजन्य पदार्थलाई क्वारेन्टाइनमा राखी परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

**३१. अनुसूचीमा हेरफेर तथा थपघट गर्ने अधिकार :** वालिङ नगरपालिकाको सभाले अनुसूचीमा आवश्यकतानुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**३२. प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३३. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि वालिङ नगर कार्यपालिकाले नियमहरू बनाउन सक्नेछ ।

**३४.** यो ऐन संघीय ऐन/प्रादेशिक ऐनसंग बाझिएमा बाझिएको हदसम्म सोही ऐन बमोजिम हुनेछ ।

## अनुसूची - १
## (दफा २ को खण्ड (झ) संग सम्बन्धित)

१. ए ०१० फूट एण्ड माउथ डिजिज् (एफ.एम.डी.)
२. ए ०११ एफ.एम.डी. भाईरस ओ.
३. ए ०१२ एफ.एम.डी. भाईरस ए.
४. ए ०१३ एफ.एम.डी. भाईरस सी.
५. ए ०१४ एफ.एम.डी. भाईरस एस. ए. टी. १
६. ए ०१५ एफ.एम.डी. भाईरस एस. ए. टी. २
७. ए ०१६ एफ.एम.डी. भाईरस एस. ए. टी. ३
८. ए ०१७ एफ.एम.डी. भाईरस एसिया १
९. ए. ०१८ एफ.एम.डी. भाईरस प्रकार नदिएको
१०. ए. ०२० भेसिकुलर स्टोमेटाइटिस (भी.एस.)
११. ए. ०२१ भी. एस. भाईरस इण्डियाना
१२. ए ०२२ भी. एस. भाईरस न्यूजर्सी
१३. ए ०२३ भी. एस. भाईरस प्रकार नदिएको
१४. ए ०३० स्वाईन भेसिकुलर डिजिज्
१५. ए ०४० रिण्डरपेष्ट
१६. ए ०५० पेष्टिस डेस पेटिटिस रुमिनान्ट्स
१७. ए ०६० कन्टाजियस वोभाईन प्ल्यूरोन्यूमोनिया
१८. ए ०७० लम्पी स्कीन डिजिज्
१९. ए ०८० रिफट भ्याली फिभर
२०. ए ०९० ब्ल्यू टङ
२१. ए १०० सीप पक्स एण्ड गोट पक्स
२२. ए ११० अफ्रिकन हर्स सिक्नेस
२३. ए १२० अफ्रिकन स्वाईन फिभर
२४. ए १३० हक क्लेरा
२५. ए १४० फाउल प्लेग
२६. ए १६० न्यू क्यासल डिजिज्

**मल्टिपल स्पेसिज डिजिज्**

२७. बी ०५१ एन्थ्राक्स्
२८. बी ०५२ एजोकाईज डिजिज्
२९. बी ०५२ इकाइनोकोकोसिस्/हाइड्रेटिडोसिस्
३०. बी ०५५ हर्टबाटर
३१. बी ०५६ लेप्टोस्पाइरोसिस्
३२. बी ०५७ क्यू फिवर
३३. बी ०५८ रेविज

३४. बी ०५९ प्याराट्यूवरक्लोसिस्
३५. बी ०६० स्क्रीउ वर्म (कोक्लियोमिया होमिनोभोरस)

**क्याटल डिजिज्**

३६. बी १०१ एनाप्लाज्मोसिस्
३७. बी १०२ ववेसियोसिस्
३८. बी १०३ वोभाईन ब्रुसेल्लोसिस् (वी. एवोट्र्स)
३९. बी १०४ वोभाईन जेनाइटल क्याम्पाइलो ब्याक्टेरियोसिस्
४०. बी १०५ वोभाईन ट्यूवरक्लोसिस् (माइको व्याक्टेरियम वोभिस)
४१. बी १०६ सिस्टीसर्कोसिस् (सि. वोभिस)
४२. बी १०७ डर्म्याटोफिलोसिस्
४३. बी १०८ इन्जुटिक वोभाइन ल्यूकोसिस्
४४. बी १०९ ह्यामोरहेजिक सेप्टीसेमिया
४५. बी ११० इन्फेक्सियस् वोभाइन राइनोट्रेकाइटिस्
४६. बी १११ थेलेरियोसिस्
४७. बी ११२ ट्राइको मोनियसिस्
४८. बी ११३ टाइपानोसोमियासिस
४९. बी ११४ वोभाइन म्यालिग्न्यान्ट क्याटरहल
५०. बी ११५ वोभाइन स्पोन्जिफर्मिइन्सेफालोप्याथी

**सीप एण्ड गोट डिजिज्**

५१. बी १५१ ब्रुसेल्लोसिस् ओभिस इन्फेक्सन
५२. बी १५२ क्याप्राइन एण्ड ओभाइन ब्रुसेल्लोसिस् (बी. मेलीटेन्सिस्)
५३. बी १५३ क्याप्राईन अर्थ्राराइटिस् / इन्सेफलाइटिस
५४. बी १५४ कन्टाजियस एगालेक्सिया
५५. बी १५५ कन्टाजियस क्याप्राइन प्लुरोन्यूमोनिया
५६. बी १५६ इन्जटिक एर्बोसन अफ इयुज
५७. बी १५७ पल्मोनरी एडिनोमेटोसिस
५८. बी १५८ नैरोबी सीप डिजिज्
५९. बी १५९ साल्मोनेल्लोसिस् (एस. एवोर्टस ओभिस)
६०. बी १६० स्क्रेपी
६१. बी १६१ माएदी भिस्ना

**हर्स डिजिज्**

६२. बी २०१ कन्टाजियस् इक्वाइन् मेट्राइटिस्
६३. बी २०२ डुराइन
६४. बी २०३ इपिजुटिक लिम्फेन्जाइटिस्
६५. बी २०४ इक्वाइन इन्सेफालोमाईलाईट्सि
६६. बी २०५ इक्वाइन इन्फेक्सिइस् एनिमिया

६७. बी २०६ इक्वाइन इन्फ्लूएन्जा (भाइरस टाइप ए)
६८. बी २०७ इक्वाइन पाइरोप्लाज्मोसिस् (बबेसियोसिस)
६९. बी २०८ इक्वाइन राइनोन्यूमोनाइटिस्
७०. बी २०९ ग्ल्यान्डस् ७१. बी २१० हर्स पक्स्
७२. बी २११ इन्फेक्सिएस् आर्थराइटिस् अफ हर्स
७३. बी २१२ जापनिज इन्सेफलाइटिस्
७४. बी २१३ हर्स मेन्ज
७५. बी २१५ सर्रा
७६. बी २१६ भेनेजुएलान इक्वाइन इन्सेफालोमाइलिटिस्

**पीग डिजिज**

७७. बी २५१ एट्रोफिक राइनाइटिस्
७८. बी २५२ सिस्टीसर्कोसिस् (सी. सेलूलोसा)
७९. बी २५३ पोर्साइन ब्रुसेल्लोसीस् (बी. सूइस)
८०. बी २५४ ट्रान्समिसिवल ग्यास्ट्रोइन्रेराइटिस् अफ पीग
८१. बी २५५ ट्राइकिनेलोसिस्
८२. बी २५६ इन्टेरोभाइरस इन्सेफालोमाइलाइटिस्
८३. बी २५७ पोर्साइन रिप्रोडक्टिभ एण्ड रेस्पिऱ्याटोरी सिन्ड्रोम

**पोल्ट्री डिजिज**

८४. बी ३०१ एभिएन इन्फेक्सिएस् ब्रोनकाइटिस्
८५. बी ३०२ एभिएन इन्फेक्सिएस् ल्यारिन्जोट्रेकाइटिस्
८६. बी ३०३ इभिएन ट्यूवरक्लोसिस
८७. बी ३०४ डक् भाइरस हेपाटाइटिस्
८८. बी ३०५ डक भाइरस इज्टेराइटिस् (डक् प्लेग)
८९. बी ३०६ फाउल क्लेरा
९०. बी ३०७ फाउल पक्स
९१. बी ३०८ फाउल टाइफाइड (एस. ग्यालीनेरम)
९२. बी ३०९ इन्फेक्सिएस् ब्रर्सल डिजिज् (गमबोरो डिजिज्)
९३. बी ३१० मेरेक्स डिजिज्
९४. बी ३११ माइकोप्लाज्मोसिस् (एम. ग्यालिसेप्टिकम)
९५. बी ३१२ सिटाकोसिस् एण्ड ओर्निथोसिस् डिजिज्
९६. बी ३१३ पूल्लोराम डिजिज् (एस. पूल्लोरम)

**डिजिज अफ अदर एनिमल**

९७. बी ५०१ लेस्मानीएसिस्

**मल्टिपल स्पेसीज डिजिज**

९८. सी ६११ लिस्टेरियोसिस्
९९. सी ६१२ टक्सोप्लाज्मोसिस्

१००. सी ६१३ मेलिओडोसिस्
१०१. सी ६१४ ब्लाक्लेग
१०२. सी ६१५ बाटूलिज्म
१०३. सी ६१६ अदर क्लोस्ट्रेडियल इन्फेक्सन्स्
१०४. सी ६१७ अदर पास्चुरेल्लोसिस्
१०५. सी ६१८ एक्टिनोमाइकोसिस्
१०६. सी ६१९ इन्टेस्टिनल साल्मोनेल्ला इन्फेक्सन्स्
१०७. सी ६२० कक्सिडियोसिस्
१०८. सी ६२१ डिस्टोम्याटोसिस् (लिभर फलुक)
१०९. सी ६२२ फिलारियासिस्

**क्याटल डिजिज**

११०. सी ६५२ म्यूकोसल डिजिज/वोभाइन भाइरस डाईरिया
१११. सी ६५३ भिब्रियोनिक डिसेन्ट्री ११२. सी ६५४ बार्वल इन्फेस्टेसन्

सीप एण्ड गोट डिजिज

११३. सी ७०१ कन्टाजियसै पोस्चुलर डर्माटाइटिस्
११४. सी ७०२ फूट रट
११५. सी ७०३ कन्टाजियस् ओप्थालमिया
११६. सी ७०४ इन्टेरोटक्सिमिया
११७. सी ७०५ केजियस लिम्फेन्डिनाइटिस्
११८. सी ७०६ सीप मेन्ज

डिजिज अफ अदर एनिमल्स

११९. सी ७५१ इक्वाइन क्याइटल एक्जेन्थेमा
१२०. सी ७५२ अल्सरेटिफ लेम्फेन्जाइटिस्
१२१. सी ७५३ स्ट्रेन्गल्स्
१२२. सी ७५४ साल्मोनेल्लोसिस् (एस. एवोर्टस् इक्वाई)

**पीग डिजिज**

१२३. सी ८०१ स्वाइन इरिसेपलस्

**पोल्ट्रि डिजिज**

१२४. सी ८५१ इन्फेक्सियस् कोराइजा
१२५. सी ८५३ एभिएन इन्सेफालोमाइलाइटिस्
१२६. सी ८५४ एभिएन स्पाइरोकिटोसिस्
१२७. सी ८५५ एभिएन साल्मोनेल्लोसिस् १२८. सी ८५६ एभिएन ल्यूकोसिस्

**डग एण्ड क्याट डिजिज**

१२९. सी ९२१ क्यानाइन डिस्टेम्पर

# वालिङ नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४

**प्रमाणीकरण मिति : २०७४।१०।०३**

**प्रस्तावनाः** वालिङ नगरपालिकाको क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम वालिङ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " वालिङ नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रमुख" भन्नाले वालिङ नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ख) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोवार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले वालिङ नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कोष" भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनुपर्छ ।

(च) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनुपर्छ ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

(झ) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनुपर्छ ।

(ञ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनुपर्छ ।

(ट) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ ।

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(ठ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(ड) "नगरपालिका" भन्नाले वालिङ नगरपालिका सम्झनु पर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वालिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(थ) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था,कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ध) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको

सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरू वीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण,मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(न) "वडा" भन्नाले वालिङ नगरपालिकाको वडा सम्झनुपर्छ ।

(प) "समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(फ) "सभा" भन्नाले वालिङ नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ब) "संकलन केन्द्र" भन्नाले कृषकहरूले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

(भ) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## कृषि बजार सम्बन्धी व्यवस्था

**३. कृषि बजारको स्थापनाः**

(१) वालिङ नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले वालिङ नगरपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

**४. कृषि बजारको वर्गीकरण :**

(१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ :-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क सभाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**५. कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति :**

(१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

## परिच्छेद ३

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

**६. स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिः**

(१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न वालिङ नगरपालिकामा एक स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरू रहने छन् ।

(क) प्रमुख - अध्यक्ष

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिका स्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख - सदस्य

(ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य दुई जना - सदस्य

(च) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये दुई जना - सदस्य

(छ) नगरपालिकाको कृषि विभाग/महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय वालिङ नगरपालिकाको कृषि क्षेत्र हेर्ने विभाग, शाखा वा महाशाखामा रहनेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम संचालन गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरू गर्ने,

(च) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

**८. कृषि व्यवसायलाई सुविधा दिनेः-**

(१) वालिङ नगरपालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :

(क) स्थानीय कर निकासी शुल्क

(ख) कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरू तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**९. कृषि ऋण :**

(१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलब्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावसायिक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नुपर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद कर योग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद ४

## कोषको स्थापना तथा सञ्चालन

**१०. कोषको स्थापना :**

(१) कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् -

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) वालिङ नगरपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**११. कोषको सञ्चालन :**

(१) नगरपालिकाको नीति, कानून तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

(२) कोषको सचिवालय वालिङ नगरपालिका अन्तर्गतको कृषि विभाग/ महाशाखा/शाखामा रहनेछ ।

**१२. कोषको सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमोजिम व्यहोरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैकमा खाता खोली जम्मा गर्नेछ ।

(३) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. लेखा र लेखापरीक्षण :**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ५
## व्यवसायिक कृषि करार (लिज)

**१४. व्यवसायिक कृषि करार गर्न सकिने :**

(१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरूको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१५. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिनेः** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

**१६. जग्गा तथा भौतिक साधन माग गर्न सक्नेः**

(१) कुनै कृषक वा कृषि व्यवसायीले व्यावसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ वर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन नेपाल सरकारले तोकिए बमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

**१७. स्वामित्व हस्तान्तरण नहुनेः** यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

**१८. पुनः करार गर्न नहुने :** यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही विषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन ।

**१९. व्यवसायिक कृषि करारका विषयवस्तुहरू :**

(१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची (२) मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरू समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

**२०. व्यवसायिक कृषि करारका पक्षहरूको दायित्व :**

(१) यस ऐनको दफा १५ वा १६ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नुपर्ने छ ।

**२१. करार पूरा गर्नुपर्ने समय र तरिकाः**

(१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नुपर्ने छ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नुपर्ने छ ।

**२२. करार पूरा गर्ने स्थानः**

(१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नुपर्ने छ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नुपर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिव माफिकको स्थान तोकिदिन सूचना गर्नुपर्ने छ र अर्को पक्षले पनि सो काम गर्न मनासिव माफिकको स्थान तोकिदिनु पर्नेछ ।

**२३. करार पूरा गर्नु नपर्ने अवस्थाः** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा

**२४. करार दर्ता गर्नुपर्ने :**

(१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरू सम्झौता भएको मितिले पैंतिस दिनभित्र वालिङ नगरपालिकामा दर्ता गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा संघीय/प्रादेशिक/स्थानीय सरकार वा

अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति वालिङ नगरपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(६) नगरपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नुपर्ने छ ।

## परिच्छेद ६
## विवाद समाधान

**२५. विवादको समाधान :**

(१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी बार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैंतीस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुंङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुङ्गो उपर चित्त नवुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने छ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका

विषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्बन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नुपर्ने छ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्बन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्बन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुभ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन् ।

२६. **म्याद सम्बन्धमा :** यस ऐन बमोजिमको विवादमा पक्षको कावु बाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

२७. **मध्यस्थता समितिको निर्णयको कार्यान्वयन :**

(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोवार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोवार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्बन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोवारको रोक्का वा फुकुवा गर्नुपर्ने छ ।

(५) मध्यस्थता सम्बन्धी विषयमा यस ऐनमा उल्लेखित विषयका हकमा यसै ऐन बमोजिम र अन्य विषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद ७
## विविध

**२८. व्यवसाय दर्ता गर्नुपर्ने :**

(१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन ।

(२) नगरपालिका वा कुनै पनि सरकारी सुविधाको लागि कृषि नगरपालिकामा दर्ता गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ । निजले अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२९. क्षतिपूर्ति सम्बन्धी व्यवस्था :**

(१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु वाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

**३०. कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी :**

(१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार

स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**३१. दण्ड सजाय :**

(१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) दफा ३ र ४ विपरित कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चिस हजार देखि पचास हजार रूपैयाँसम्म,

(ख) मनासिव कारण वेगर दफा २८ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ग) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाहीपूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म ।

(घ) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईने छ ।

**३२. पुनरावेदन :** यस ऐनको दफा ३१ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**३३. बीमा सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा बीमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो बीमा कार्य गर्न अख्तियार पाएको बीमा कम्पनीले बीमा गर्नेछ ।

(२) बीमा गर्ने प्रक्रियाका सम्बन्धमा बीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) सम्पूर्ण कृषि व्यवसायीहरूले प्रक्रिया पुऱ्याई बीमा गर्न सक्नेछन् ।

(४) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि करार सम्बन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित बीमा कम्पनीले बीमा गर्न सक्नेछ ।

(५) कुनै बीमा कम्पनीले व्यावसायिक कृषि करारको बीमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

**३४. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३५. बौद्धिक सम्पत्तिको संरक्षण गर्नुपर्नेः** यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा बौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नुपर्ने छ ।

**३६. नियम बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**३७. बचाऊः** यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ ।

३८. यस ऐनमा रहेका दफाहरू संघीय/प्रादेशिक कानुनसंग बाझिएको हकमा सोही अनुसार हुनेछ ।

## अनुसूची-१
## (दफा २ को खण्ड (छ) सँग सम्बन्धित)

(१) खाद्यान्न बाली,
(२) वागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पूष्प
(३) पशु, पन्छी
(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन
(५) च्याउ,
(६) मौरी, रेशम
(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली
(८) तेलहन, दलहन
(९) कपास, जुट, उखु, रबरखेती, टिमुर
(१०) कृषि पर्यटन
(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औद्योगिक प्रयोजनमा हुने कृषिजन्य वस्तुहरू
(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग
(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग
(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरू ।

## अनुसूची-१ (२)
## (दफा १९ सँग सम्बन्धित)

(क) करारका पक्षहरू,
(ख) करार खेतीको क्षेत्र,
(ग) जग्गा र भौतिक साधन,
(घ) वस्तुको विवरण, मात्रा,
(ङ) गुणस्तर,
(ङ) सम्फौताको अवधि,
(च) उत्पादन गरिने वस्तुको खरिद / बिक्री मूल्य,
(छ) भुक्तानीको प्रक्रिया,
(ज) ढुवानीको दायित्व,
(झ) उत्पादन प्रक्रिया,
(ञ) अनुगमनका पक्षहरू,
(ट) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,
(ठ) गुणस्तर निर्धारणका आधारहरू,
(ड) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,
(ढ) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।
(ण) कृषि उपजको मूल्य निर्धारण सम्बन्धी व्यवस्था

# वालिङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन - २०७५

**प्रमाणीकरण मिति : २०७५।३।१२**

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम वालिङ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम " वालिङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन - २०७५" रहेको छ ।

(२) यो ऐन वालिङ नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) "ऐन" भन्नाले वालिङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन - २०७५ सम्झनुपर्छ ।

ख) "कार्यपालिका" भन्नाले वालिङ नगर कार्यपालिका सम्झनुपर्छ ।

ग) "नगरपालिका" भन्नाले वालिङ नगरपालिका सम्झनुपर्छ ।

घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनुपर्छ ।

ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

**३. नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त वालिङ नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:**

(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही वालिङ नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

# आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन - २०७५

**प्रमाणीकरण मितिः २०७५।०३।१२**

**प्रस्तावनाः** नेपालको संविधानको धारा २२९ को उपधारा बमोजिम वालिङ नगरपालिकाको सञ्चित कोषको संचालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्च गर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न, आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथा असुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित,व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२३ बमोजिमको वालिङ नगरसभाले यो कानून बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कानूनको नाम "वालिङ नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७५" रहेको छ ।

(२) यो कानून नगर सभाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,-

(क) "असुल उपर गर्नुपर्ने रकम" भन्नाले प्रचलित ऐन बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नुपर्ने भनी लेखापरीक्षण हुँदा ठहऱ्याइएको बेरुजु रकम सम्झनुपर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा नगरलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ ।

(ख) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनुपर्छ ।

(ग) "आन्तरिक लेखापरीक्षण" भन्नाले वालिङ नगरपालिकाको तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्छ ।

(घ) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधिलाई सम्झनुपर्छ ।

(ङ) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र विषयगत शाखा प्रमुखको हकमा वालिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत,

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हकमा नगरपालिकाको प्रमुख र प्रमुखको हकमा नगर कार्यपालिका सम्झनुपर्छ ।

(च) "कारोवार" भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित ऐन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वालिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "कार्यालय" भन्नाले वालिङ नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वालिङ नगरपालिका मातहत रहेको विषयगत शाखा वा विभाग वा महाशाखा वा कार्यालय वा ईकाइहरूलाई समेत जनाउनेछ ।

(झ) "कार्यालय प्रमुख" भन्नाले खण्ड (छ) र (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

(ञ) "जिम्मेवार व्यक्ति" भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अधिकार सुम्पिए बमोजिमको कार्य संचालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले वालिङ नगरपालिकाको कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्याउने जिम्मा लिने जुनसुकै व्यक्ति समेतलाई जनाउँछ ।

(ट) "तालुक कार्यालय" भन्नाले वडा कार्यालय तथा वालिङ नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ठ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस कानून अन्तर्गत बनेका नियमावली, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ड) "नगरपालिका" भन्नाले वालिङ नगरपालिका सम्झनुपर्छ ।

(ढ) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ ।

(ण) "बजेट संकेत" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत तथा वर्गीकरणको अधीनमा रही नगरपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालय वा सो सरहको क्षेत्राधिकार भएका आयोजना कार्यक्रम आदिको कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी वालिङ नगरपालिकाले दिएको संकेतलाई जनाउँछ ।

(त) “बेरुजु” भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोवार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याईएको कारोवार सम्झनुपर्छ ।

(थ) “बैंक” भन्नाले सञ्चित कोषको सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त वालिङ नगरपालिकाले तोकेको कुनै बैंक सम्झनुपर्छ र सो शव्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोवार गर्नेगरी तोकिएको बैंकको शाखा समेतलाई जनाउँछ ।

(द) “मातहत कार्यालय” भन्नाले वालिङ नगरपालिका मातहत रहेका वडा कार्यालय वा विषयगत शाखा, महाशाखा, विभाग वा कार्यालय र एकाई सम्झनुपर्छ ।

(ध) “लेखा” भन्नाले कारोवार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोवारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनुपर्छ ।

(न) “लेखा उत्तरदायी अधिकृत” भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोवारको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य जुनसुकै कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको वालिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(प) “वडा कार्यालय” भन्नाले वालिङ नगरपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(फ) “वडा सचिव” भन्नाले वालिङ नगरपालिकाको वडा सचिवलाई सम्झनुपर्छ ।

(ब) “विनियोजन” भन्नाले वालिङ नगर सभाद्वारा विभिन्न कार्यहरूका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ ।

(भ) “वित्तीय विवरण” भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण

सम्झनुपर्छ र सो शव्दले कारोवारको स्थिति दर्शाउने गरी शिर्षकका आधारमा वनाइएको बजेट अनुमान, निकाशा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्बन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(म) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(य) "सञ्चित कोष" भन्नाले वालिङ नगरपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

(र) "सभा" भन्नाले वालिङ नगर सभा सम्झनुपर्छ ।

(ल) "संपरीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फर्छोट सम्बन्धी कार्यलाई सम्झनुपर्छ र सो शब्दले सभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ ।

(व) "कार्यपालिका" भन्नाले वालिङ नगर कार्यपालिका सम्झनुपर्छ ।

(श) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनुपर्छ ।

(ष) "विषयगत शाखा" भन्नाले वालिङ नगरपालिका अन्तर्गत रहेको विषयगत विभाग, महाशाखा, शाखा, कार्यालय वा ईकाइलाई सम्झनुपर्छ ।

## परिच्छेद–२

## सञ्चित कोष सञ्चालन सम्बन्धी व्यवस्था

**३. सञ्चित कोषको सञ्चालनः**

(१) सञ्चित कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) नगर सभाबाट स्वीकृत कानून बमोजिम लगाईएको कर तथा गैर कर वापत असुल भएको राजस्व रकम ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त रकम ।

(ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान वापत प्राप्त रकम ।

(घ) नगरपालिकाले लिएको आन्तरिक ऋणवापतको रकम ।

(ङ) अन्य प्रचलित कानून बमोजिम नगरपालिका नाममा प्राप्त भएको अन्य

आय वापतको रकम ।

(२) उपदफा (१) बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त नगरपालिकाले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) नेपालको संविधान, यो कानून र अन्य प्रचलित कानूनको अधीनमा रही सञ्चित कोषको संचालन नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिम गर्नेछ ।

**४. सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्वः**

(१) सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने तथा लेखा दाखिला गर्ने गराउने कर्तव्य र उत्तरदायित्व नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा तथा सोको वित्तीय विवरण सभामा र प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय एवं महालेखा परीक्षक समक्ष पेश गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३

## बजेट निर्माण तथा वार्षिक कार्यक्रम तर्जुमा, निकासा, खर्च, रकमान्तर तथा नियन्त्रण

**५. बजेट तथा कार्यक्रम तर्जुमा गर्नेः**

(१) आगामी आर्थिक वर्षमा नगरले सम्पादन गर्नुपर्ने कार्य तथा कार्यक्रमको लागि संविधानको धारा २३० बमोजिम बजेट तयार गर्ने गराउने र सभामा पेश गरी पारित गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमागर्ने प्रयोजनका लागि उपलब्ध हुने श्रोत तथा खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम श्रोत र खर्चको सीमा निर्धारण भएपछि निर्धारित स्रोत तथा खर्चको सीमाभित्र रही आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नुपर्ने छ ।

(४) आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको असार २० गतेभित्र सभामा प्रस्तुत गर्नुपर्ने छ ।

(५) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नगरपालिकाको स्वीकृत आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई मूल आधार बनाउनु पर्नेछ ।

(६) नगरपालिकाले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत

समेतको खाका तयार गर्नुपर्ने छ ।

(७) बजेट तथा कार्यक्रम तर्जुमा, छलफल एवम् बजेटको मस्यौदालाई अन्तिम रुप दिई पारित गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**६. बजेट निकासाः**

(१) सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रमुखले दिनुपर्नेछ । साथै खर्च गर्ने अख्तियारी १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले मातहत कार्यालय प्रमुखलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अख्तियारी प्राप्त भएपछि तोकिएबमोजिम बैकमार्फत प्राप्ति, निकाशा र भुक्तानी गर्नुपर्ने छ । तर आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी र हिसाब मिलान बाहेकको अन्य भुक्तानी सम्बन्धी काम हुनेछैन ।

(३) उपदफा (२) बमोजिम प्राप्ति, निकासा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुनेगरी एकल खाता कोष प्रणाली अवलम्वन गरिनेछ ।

(४) रकम निकासा भएपछि तोकिएका पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्नुपर्ने छ ।

(५) स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधिभित्र रहेर प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेश गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने र कार्यपालिकामा पेश गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(६) यस कानून र प्रचलित अन्य कानून बमोजिम रकम निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**७. बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेः** दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको आर्थिक स्थिति र सञ्चित कोषमा जम्मा रहेको रकमलाई मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार नगरपालिकाले पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

**८. खर्च गर्ने कार्यविधिः** नगरपालिकाकोकार्य तथा आयोजना सञ्चालन गर्ने, धरौटी, दस्तुर,सेवा शुल्क लिने, पेश्की दिने तथा फछ्र्यौट गर्ने, नगदी तथा जिन्सी सम्पत्तिको संरक्षण गर्ने, लिलाम बिक्री गर्ने, मिन्हा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**९. रकमान्तर तथा श्रोतान्तरः**

(१) नगरपालिकाको स्वीकृत बजेटको कुनै एक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम पुग भएमा सोनपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी नगरकार्यपालिकाले रकमान्तर गर्न सक्नेछ। तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिमको अधिकार आवश्यकता अनुसार नगर कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) नगरपालिकाको विनियोजन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने श्रोतमा रहेको रकम अर्को श्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार सभाको हुनेछ।

(४) रकमान्तर तथा स्रोतान्तर सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**१०. बजेट फिर्ता हुनेः** स्वीकृत बार्षिक बजेटमा विनियोजन भै निकासा भएको रकम कुनै कारण वश खर्च हुन नसकी खर्च खातामा बाँकी रहेमा आर्थिक वर्षको अन्तमा संचित कोषमा फिर्ता दाखिला गर्नुपर्ने छ।

**११.** कुनै परियोजनामा कारणबस खर्च हुन नसकेको बजेट रकम कार्यपालिकाको निर्णयद्वारा अन्य परियोजनामा सार्न सकिनेछ।

## परिच्छेद - ४
## कारोवारको लेखा

**१२. कारोवारको लेखा :**

(१) विनियोजन, धरौटी एवं राजश्व तथा अन्य कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम नगदमा आधारित लेखा प्रणाली अनुसार राखिनेछ। तर महालेखा नियन्त्रक कार्यालयले नगदमा आधारित लेखा प्रणालीलाई परिमार्जन गरी परिमार्जित नगद आधार वा प्रोदभावी आधारमा लेखा राख्ने गरी तोकि दिन सक्नेछ।

(२) उप नियम (१) बमोजिमको लेखा राख्नका लागि आवश्यक लेखा ढाँचा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम हुनेछ।

(३) नगरपालिकाले अनुदान, सहायता, लगानी, विनियोजन, राजश्व तथा धरौटीका अतिरिक्त अन्य सबै प्रकारका कारोवार र खर्चको लेखा नगरपालिकाले तयार गरी राख्नुपर्नेछ।

(४) लेखा उत्तरदायी अधिकृतले तोकिएको समयभित्र विनियोजन, राजस्व, धरौटी लगायतको एकीकृत वित्तीय विवरण तयार गरी नगरकार्यपालिका,

नगरसभा तथा महालेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(५) आफ्नो निकाय र मातहत कार्यालयको सम्पति र दायित्वको लेखांकन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

**१३. जिम्मेवार व्यक्ति जवाफदेही हुने :**

(१) जिम्मेवार व्यक्तिले प्रत्येक कारोवार स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रित पुऱ्याई लेखा तयार गरी राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन संचालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्नेर मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखा तयार गरे नगरेको वा उपदफा (२) बमोजिम लेखा उत्तरदायी अधिकृतले रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्दा वा लेखा परीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोवार गरेको वा अन्य कुनै कैफियत देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेही वहन गर्नुपर्ने छ ।

(४) कुनै मनासिव कारणले लेखा सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाई नियमित गराउनको लागि पेश गरेमा लेखा उत्तरदायी अधिकृतले तोकिएको म्यादभित्र त्यस सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्ने छ । तर मनासिव कारण नभई लेखा सम्बन्धी काममा अनियमित हुन आएको देखिन आएमा लेखा उत्तरदायी अधिकृतले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रूपैयाँ र त्यस पछि पनि दोहोरिन आएमा पटकैपिच्छे एक हजार रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रूपैयाँ र सोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा पन्ध्र सय रूपैयाँ जरिवाना गर्नुपर्ने छ ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो कानून तथा यस कानून अन्तरगत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोवार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालयले कलमै पिच्छे दुई सय रूपैयाँ

जरिवाना गर्न सक्नेछ । एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिवाना भइसकेपछि पुनः त्यस्तो कार्य दोहोरिन आएमा कलमै पिच्छे पाँच सय रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्नुपर्ने छ ।

(७) यो कानून वा यस कानून अन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

**१४. राजस्व दाखिला र राजस्व लेखाः**

(१) प्रचलित कानून बमोजिम नगरपालिकालाई प्राप्त हुने राजस्व तथा अन्य आय रकमहरू कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम संचित कोषमा आम्दानी देखिने गरी बैंक दाखिला गर्नुपर्ने छ ।

(२) राजस्वको लगत तथा लेखा राख्ने तथा फाँटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

**१५. नगदी जिन्सी दाखिला गर्ने र लेखा राख्नेः**

(१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा र जिन्सी मालसामान भए सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिव कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध भै आएमा एक तह माथिको अधिकारीले मनासिव कारण देखेमा एकै पटक वा दुई पटक गरी बढीमा पैंतालीस दिनसम्मको म्याद थपि दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे पाँच सय रूपैयाँ वा बिगोको दश प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

(४) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा दाखिला नगरेको देखिन आएमा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत

जरिवाना गरी सो दाखिला गर्न लगाउने र पन्ध्र दिनसम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्नेछ ।

**१६. आर्थिक प्रतिवेदन पेश गर्नेः**

(१) लेखा उत्तरदायी अधिकृतले तोकिएका अवधिभित्र प्रत्येक आर्थिक वर्षको सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत आर्थिक विवरण तयार गरी नगरकार्यपालिका, नगरसभा, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(२) जिम्मेवार व्यक्तिले कारोवारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिए बमोजिम दाखिला गर्नुपर्ने छ ।

(३) नगरपालिकाको वित्तीय विवरण नेपाल सरकारले अवलम्वन गरेको आर्थिक संकेत तथा वर्गीकरण अनुरुपको हुनेछ ।

(४) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रूपमा राख्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१७. हानी नोक्सानी असुल उपर गरिने** : यस परिच्छेद बमोजिम राख्नुपर्ने कारोवारको लेखा ठिकसँग नराखेको कारणबाट नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद – ५

## आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा बेरुजु असुल फछ्र्यौट

**१८. आन्तरिक नियन्त्रण प्रणालीः**

(१) नगरपालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नुपर्ने छ ।

(२) आन्तरिक नियन्त्रण कार्ययोजना लागू गर्दा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त, नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ ।

**१९. आन्तरिक लेखापरीक्षणः**

(१) नगरकार्यपालिका र मातहत कार्यालयहरूको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रही नगरपालिकाको आन्तरिक लेखापरिक्षण शाखा वा तोकिएको अधिकृतबाट हुनेछ ।

(२) नगरपालिकाको आन्तरिक लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) नगरपालिकाको आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वाजिन्सी मालसामानको लगत छुट गरेको वा सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो जिम्मेवार व्यक्तिबाट हानि नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्ने छ ।

**२०. स्पष्टीकरण नदिने उपर कारबाही :**

(१) कार्यालयको सरकारी नगदी जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिव माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारण मनासिव देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले मनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा पेश गर्न नसक्नेले बेरुजु वा कैफियत देखिएको रकम व्यहोर्नुपर्नेछ ।

**२१. बेरुजु असूल फछ्र्यौट नियमित र लगत कायम गर्ने :**

(१) महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएको वेरुजु असूल उपर गर्नुपर्ने तथा तिर्नु वुझाउनु पर्ने भनी ठहऱ्याइएको रकमको लगत कार्यालयले अध्यावधिक गरी गराई राख्नुपर्नेछ ।

(२) लेखापरीक्षणबाट देखिएको मस्यौट र हिनामिना भएको रकम वा तोकिए बमोजिम नियमित हुन नसकेको वेरुजु रकम जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्ने छ ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औल्याएको बेरुजुसम्बन्धमा कार्यपालिकाको अनुमतिले सभामा उपस्थित भई आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फर्छौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(४) वेरुजु असूल फछ्र्यौट, नियमित र लगत कायम गर्ने सम्वन्धमा सभामा छलफल भई प्रतिवेदन स्वीकृत भएपछि सो प्रतिवेदनमा उल्लेखित सुझावहरू कार्यान्वयन गर्ने गराउने दायित्व कार्यपालिकाको निर्देशन बमोजिम सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(५) बेरुजु फछ्र्यौट सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ६

## बरबुझारथ, लिलाम बिक्रि तथा मिन्हा सम्बन्धी व्यवस्था

**२२. बरबुझारथः**

(१) नगरपालिकाका निर्वाचित प्रतिनिधिले आफू जिम्मा भएको कागजात तथा जिन्सी सामान आफ्नो पदावधी समाप्त हुनुभन्दा १५ दिन अगावै फिर्ता बुझाई सोको प्रमाण लिनु पर्नेछ ।

(२) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा लामो अवधिमा काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात तोकिएको म्यादभित्र बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने व्यक्ति वहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी रबहाल टुटेको व्यक्ति भए निजको निवृत्तिभरण वा उपदान रोक्का राखी एवं निवृत्तिभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए स्थानीय प्रशासनद्वारा पक्राउ गरी बरबुझारथ गर्न लगाइनेछ ।

(४) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा कुनै धनमाल नोक्सान भएमा नोक्सान भए बराबरको रकम र सोही बराबरको बिगो रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(५) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

**२३. नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिनेः**

(१) कार्यालयको सरकारी तहसील तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा सरकारी रकम मस्यौट भएको देखिन आएमा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारबाही गर्नु गराउनु पर्नेछ ।

(२) सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत, संरक्षण, वरवुझारथ र जवाफदेही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२४. लिलाम बिक्री तथा मिन्हा दिनेः**

(१) यस कानून तथा यस अन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरू प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम बिक्री गर्न सकिनेछ ।

(२) यस कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कानून अन्तर्गत उठ्न नसकेको बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा तथा सुखा जर्ती भई वा खिएर, सडेर गई वा अन्य कारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा ऐन बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा कार्यपालिकाबाट तोकिए बमोजिमको कार्यविधि अपनाई मिन्हा दिन सकिनेछ ।

## परिच्छेद – ७
## विविध

**२५. काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीः**

(१) लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, जिम्मेवार व्यक्ति लगायत नगदी वा जिन्सी सम्बन्धी काम गर्ने अन्य अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी अनुसार सम्बन्धित व्यक्तिले जवाफदेहीता वहन गर्नुपर्ने छ ।

**२६. वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः** यस कानून र अन्य प्रचलित कानून बमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू सम्बन्धित निकायमा पेश भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने छ ।

**२७. आर्थिक प्रशासनको सञ्चालनः**

(१) नगरपालिकाको आर्थिक प्रशासन सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था नभएसम्मका लागि यो कानून र यस अन्तर्गत तोकिए बमोजिमको आर्थिक प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको परिचालन र व्यवस्थापन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

**२८. संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनलाई आधार मान्नुपर्नेः** नगरपालिकाको सभाले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनमा भएका व्यवस्थालाई मार्गदर्शनका रुपमा लिई सो बमोजिम गर्नु गराउनुपर्नेछ ।

**२९. विद्युतीय प्रविधिको प्रयोग गर्नेः**

(१) यस कानूनबमोजिम आर्थिक कारोवारको लेखा व्यवस्थित गर्न उपयुक्त विद्युतीय प्रणालीको प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको आवश्यक प्रणाली नगरपालिका आँफैले विकास गरी वा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी लागू गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा लेखाको सिद्धान्त एवं वित्तीय ढाँचाको एकरुपताका लागि तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको समेत परामर्श लिनुपर्नेछ ।

**३०. लेखापरीक्षण सहजीकरण समितिः**

(१) नगरपालिकाबाट सम्पादन गरिने कार्यहरूमा आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी प्रभावकारी, दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गर्न, वित्तीय प्रतिवेदनहरूलाई समयमै तयार गर्न तथा विश्वसनीय बनाउन, बेरुजु फर्छौट गर्न गराउन नगरकार्यपालिकाले आफू मध्येबाट तोकेको सदस्यको अध्यक्षतामा नगरपालिकाको आन्तरिक लेखापरीक्षण गर्न तोकिएको अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको अधिकृत र प्राविधिक अधिकृतसमेत रहेको एक लेखापरीक्षण सहजीकरण समिति रहनेछ ।

(२) लेखापरीक्षण सहजीकरण समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३१. अधिकार प्रत्यायोजनः** यो कानून वा यस अन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकार मध्ये तोकिए बमोजिमका अधिकार वाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सकिनेछ ।

**३२. नियम निर्देशिका वा कार्यविधि बनाउने अधिकारः** यस कानूनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियमहरू, निर्देशिका, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ ।

**३३. ऐनको कार्यान्वयनमा सूचना प्रविधिको प्रयोगः** ऐनको प्रभावकारी कार्यान्वयनका लागि IoT को प्रयोग गरिनेछ ।

# वालिङ नगरपालिकाको सहकारी ऐन - २०७५

प्रमाणीकरण मितिः २०७५।०३।१२

**प्रस्तावनाः** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरूको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, वालिङ नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "वालिङ नगरपालिकाको सहकारी ऐन - २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) "कसूर" भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ। तर, सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(च) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ ।

(छ) "मुख्य कारोवार" भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री

कारोवारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ ।

(ज) "रजिष्ट्रार" भन्नाले संघको रजिष्ट्रार सम्झनुपर्छ ।

(झ) "लेखा सुपरीवेक्षण समिति" भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ

(ञ) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ट) "विभाग" भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ ।

(ठ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूजीको विभाजित अंश सम्झनुपर्छ ।

(ड) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ढ) "सदस्य" भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

(ण) "समिति" भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(त) "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(थ) "संस्थाको व्यवसाय" भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(द) "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(ध) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्छ ।

(न) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(प) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(फ) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनु पर्दछ ।

## परिच्छेद-२

## सहकारी संस्थाको गठन तथा दर्ता

**३. संस्थाको गठन :**

(१) कम्तीमा तीस जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् । तर, एकसय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ । तर संस्था दर्ता भइसके पछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

**४. दर्ता नगरी सहकारी सस्था संचालन गर्न नहुनेः** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन ।

**५. दर्ताको लागि दरखास्त दिनु पर्ने :**

(१) यस ऐन बमोजिम गठन भएका सरकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू

संलग्न गर्नुपर्ने छः –

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाब्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ।

**६. दर्ता गर्नुपर्ने :**

(१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरू छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ :-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नुपर्ने छ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका वालिङ नगरपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नुपर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

**७. दर्ता गर्न अस्वीकार गर्न सक्ने :**

(१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र

विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

**८. सहकारी संस्था संगठित संस्था हुनेः**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

**९. सहकारी संस्थाको कार्यक्षेत्र :**

(१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्मः

(१) सदस्यहरू बीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा बन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्वन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोवारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्ने छ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(६) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०. जानकारी दिनुपर्नेः** वालिङ नगरपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले वालिङ नगरपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

**११. विषयगत आधारमा वर्गीकरणः**

(१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

**(क) उत्पादक संस्थाः** कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल र माछापालन विशेषका विषयगत र अगुवावाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था;

**(ख) उपभोक्ता संस्थाः** उपभोक्ता भण्डार, वचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था;

**(ग) श्रमिक संस्थाः** हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था;

**(घ) बहुउद्देश्यीय संस्थाः** उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित

स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था,

(२) उपदफा (१) को खण्ड (क), (ख)र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरू थप गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरू गठन गर्न बाधा पर्नेछैन ।

**१२. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :**

(१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन । तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति पत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमति पत्र ,स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमति पत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्री वितरण गर्न सक्नेछ। साथै ब्राण्ड प्राप्तिको स्वीकृति तोके बमोजिम लिनुपर्नेछ ।

**१३. दायित्व सीमित हुने :**

(१) सहकारी संस्थाको कारोवारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ ।

१४. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नुपर्नेः** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नुपर्ने छ ।

## परिच्छेद-३

## संस्थाका उद्देश्य तथा कार्य

१५. **संस्थाको उद्देश्यः** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

१६. **संस्थाको कार्यः** संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन्:-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद-४

## विनियम तथा आन्तरिक कार्यविधि

१७. **विनियम बनाउनु पर्ने :**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

१८. **आन्तरिक कार्यविधि बनाउन सक्ने :**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधी र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**१९. विनियम र आन्तरिक कार्यविधिमा संशोधन :**

(१) संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## परिच्छेद–५

## सदस्यता

**२०. संस्थाको सदस्यताः**

(१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्ः

(क) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ख) संस्थाको विनियममा उल्लिखित शर्तहरू पालना गर्न मन्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(घ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन वाधा पर्ने छैन ।

**२१. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेः**

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिन भित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु

पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारीसमक्ष उजूर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्तउजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनु पर्नेछ ।

**२२. सदस्य हुन नपाउने :**

(१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा वढी संस्थाको सदस्य हुन पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीनवर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँचवर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्ने छ ।

**२३. सदस्यताको समाप्तिः**

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः–

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार बार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत वनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने

निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

२४. **सुविधा प्राप्त गर्न नसक्नेः** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस ऐन अन्तर्गत वनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद -६

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

२५. **साधारण सभाः**

(१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुने छन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः -

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

२६. **प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः**

प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोवारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२७. **वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार :**

वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**२८. साधारण सभाको बैठक :**

(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः -

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिबाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाइ पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा २९ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

## २९. विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेः

(१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ :-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(घ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नुपर्ने छ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २८ को (४) मा भएको व्यवस्था सोही अनुसार हुनेछ ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा-वडा वा अन्य पायकको स्थानमा संचालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी

त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

**३०. सञ्चालक समिति :**

(१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ । तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने छ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंकबाहेक अर्को कुनै संस्थाको संचालक बन्न पाउने छैन । तर वार्षिक दुई करोड रुपैया भन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोड भन्दा बढि कारोवार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले चार वर्षभित्र त्यस्तो संचालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्ने छ ।

(५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(६) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

**३१. सञ्चालक समितिको निर्वाचन :**

(१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु कम्तिमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

३२. **समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोवार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,

३३. **सञ्चालक पदमा बहाल नरहने:** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन:–

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने

निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा, तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोहीबमोजिम हुनेछ ।

(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा

(च) निजको मृत्यु भएमा ।

**३४. सञ्चालकलाई पदबाट हटाउन सक्नेः**

(१) साधारण सभाले वहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ ।

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनाधिकृत तवरले सम्बन्धित संस्थाको कारोवार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोवार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोवार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिव माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

**३५. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने :**

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न

हुनु हुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को बिपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गरिनेछ ।

**३६. समितिको विघटन :**

(१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोवार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नुपर्ने छ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण

खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

**३७. लेखा सुपरीवेक्षण समितिको गठन :**

(१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

**३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :**

(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद-७
## बचत तथा ऋण परिचालन

**३९. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोवार गर्नुपर्ने :**

(१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन । तर, यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा वचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्ने छ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) बचत र ऋणको ब्याजदर बिचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन । तर

(क) संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरूको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्ने छैन ।

(ख) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र हस्तान्तरण गरिसक्नु पर्नेछ ।

(ग) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्ने छैन ।

(७) संस्थाले शेयर पूँजी कोषको पन्ध्र गुणासम्म वचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता

प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

**४०. सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था:**

(१) संघीय कानुन बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ व्याजदर संस्थाका लागि निर्देशक व्याजदर हुनेछ ।

**४१. व्यक्तिगत बचतको सीमा:** संस्थामा सदस्यको व्यक्तिगत बचतको विनियममा तोके बमोजिम हुनेछ ।

## परिच्छेद -९

## आर्थिक स्रोत परिचालन

**४२. शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्था :**

(१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन । तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

(३) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ ।

(४) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(६) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

**४३. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्ने छ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्ने छ ।

(३) संस्थाले वचत खाताहरू तथा आवधिक खाताहरू मात्र संचालन गर्न सक्नेछ ।

**४४. ऋण वा अनुदान लिन सक्नेः**

(१) संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न संघीय कानून बमोजिम स्वीकृती लिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतिको लागि तोकिए बमोजिमको विवरणहरू सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले नगर कार्यपालिकामा प्रस्ताव पेश गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव नगर कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतीको लागि मन्त्रालयमा सिफारिस गरी पठाउनेछ ।

**४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्नेः**

(१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा संघीय कानून बमोजिम स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनु पर्ने छ ।

(२) दफा (१) बमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा नगर कार्यपालिकाले संघीय कानुन बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ ।

## परिच्छेद –१०
## संस्थाको कोष

**४६. संस्थाको कोष :**

(१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछः–

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

**४७. जगेडा कोष :**

(१) संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन्ः

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

**४८. संरक्षित पूँजी फिर्ता कोषः**

(१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको संघीय कानुनमा तोकिए बमोजिमको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

**४९. सहकारी प्रवर्द्धन कोषसम्बन्धी व्यवस्थाः**

(१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानुनमा व्यवस्था भएबमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानुन व्यवस्था भएबमोजिम हुनेछ ।

**५०. अन्य कोष सम्बन्धी व्यवस्थाः**

(१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ । तर एक वर्षको

शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन ।

## परिच्छेद -११
## अभिलेख र सूचना

**५१. अभिलेख राख्नु पर्ने :**

(१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिबेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) संस्थाले कारोवारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

**५२. विवरण उपलब्ध गराउनु पर्ने :**

(१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको छ महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने छः

(क) कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(ख) बार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

## परिच्छेद - १२
## लेखा र लेखापरीक्षण

**५३. कारोवारको लेखाः** संस्थाको कारोवारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोवारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी संघीय कानून बमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

**५४. लेखापरीक्षणः**

(१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको

पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नुपर्ने छ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

**५५. लेखापरीक्षकको नियुक्तिः**

(१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

**५६. लेखापरीक्षकमा नियुक्त हुन नसक्नेः**

(१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्ने छ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको

लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नुपने ' वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद – १३

## छुट, सुविधा र सहुलियत

**५७. छुट, सुविधा र सहुलियतः**

(१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१४

## ऋण असुली तथा बाँकी बक्यौता

**५८. ऋण असूल गर्नेः**

(१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ । धितो सम्बन्धित संस्थाले सकारे पश्चात् पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्ने छ ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

**५९. कालो सूची सम्बन्धी व्यवस्थाः** संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**६०. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**६१. बाँकी बक्यौता असूल उपर गर्नेः** कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ ।

**६२. रोक्का राख्न लेखी पठाउनेः**

(१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले

प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जाय जेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखिदिनु पर्नेछ ।

६३. **अग्राधिकार रहनेः** कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

६४. **कार्यवाही गर्न वाधा नपर्नेः** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद- १५

## एकीकरण, बिघटन तथा दर्ता खारेज

६५. **एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्थाः**

(१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

६६. **विघटन र दर्ता खारेजः**

(१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनसक्नेछः-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले

देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ : –

(क) लगातार दुई वर्षसम्म कुनै कारोवार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

**६७. लिक्वीडेटरको नियुक्तिः**

(१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

**६८. लिक्वीडेशन पछिको सम्पतिको उपयोगः** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –१६
## दर्ता गर्ने अधिकारी

**६९. दर्ता गर्ने अधिकारीः**

(१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू वालिङ नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७०. काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार

तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१७

## निरीक्षण तथा अनुगमन

**७१. निरीक्षण तथा अभिलेख जाँच गर्नेः**

(१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्र बैङ्कले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आबश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले वालिङ नगर कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**७२. छानविन गर्न सक्ने :**

(१) कुनै संस्थाको व्यवसायिक कारोवार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात

उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

**७३. बचत तथा ऋणको कारोवार गर्ने संस्था को निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः**

(१) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नुपर्ने छ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोवार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७४. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन वालिङ नगरकार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः –

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई नगरपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

**७५. आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्थाः**

(१) संस्थाले संघीय कानुनमा व्यवस्था भए बमोजिम आफ्ना सदस्यहरूको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

**७६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः**

(१) बचत तथा ऋण विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानुनमा व्यवस्था भए बमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद –१८

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

**७७. संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः**

(१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछः–

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा वीस प्रतिशत वा पच्चीस जना मध्ये जुन कम हुन्छ सो वरावरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था

विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

**७८. व्यवस्थापन समितिको गठनः**

(१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१९

## कसूर, दण्ड जरिवाना तथा पुनरावेदन

**७९. कसूर गरेको मानिनेः** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोवार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको

शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइ सकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी

नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

**८०. सजायः**

(१) कसैले दफा ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक वर्षसम्म कैद र एक लाख रुपैँयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई वर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन वर्ष सम्म कैद,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछः -

१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,

३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,

४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

६) एक अर्ब रुपैयाँभन्दा बढीजतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

७) खण्ड (ढ) को कसूरमा दश वर्षसम्म कैद ।

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

**८१. जरिवाना हुने :**

(१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैँयासम्म जरिवाना गर्नेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग व्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा व्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणा भन्दा बढीहुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोवार गरेमा वा गैर सदस्यसंग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम ब्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ:-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू आफू खुशी परिवर्तन गरेमा

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

**८२. रोक्का राख्ने :**

(१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोवार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोवार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

**८३. दोब्बर जरिवाना हुनेः**

(१) दफा ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

**८४. अनुसन्धानको लागि लेखी पठाउन सक्नेः** दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**८५. मुद्दासम्बन्धी व्यवस्थाः** दफा ८० बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**८६. मुद्दा हेर्ने अधिकारीः** दफा ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

**८७. उजूरी दिने हद म्याद :**

(१) कसैले दफा ८० बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

(२) कसैले दफा ८० बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरीदिनु पर्नेछ ।

**८८. पुनरावेदन गर्न सक्ने :**

(१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णयउपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ८० बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा ।

८९. **असूल उपर गरिने :** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

## परिच्छेद–२०

## विविध

९०. **मताधिकारको प्रयोगः** कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

९१. **सामाजिक परीक्षण गराउन सक्ने :**

(१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने छ ।

९२. **सहकारी शिक्षाः** सहकारी क्षेत्रको प्रवर्धनको लागि विद्यालय तहको

पाठयक्रममा आधारभूत सहकारी सम्बन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ ।

९३. **आर्थिक सहयोग गर्न नहुने:** संस्थाको रकमबाट समितिको निर्णय बमोजिम सदस्यहरूले आर्थिक सहयोग लिन सक्नेछन् तर सामाजिक कार्यको लागि गैर सदस्य व्यक्ति वा संस्थाहरूलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

९४. **अन्तर सहकारी कारोवार गर्न सक्ने:** संस्थाहरूले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

९५. **ठेक्कापट्टा दिन नहुने:** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैन ।

९६. **सरकारी बाँकी सरह असूल उपर हुने:** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

९७. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने:** यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

९८. **प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा नपर्ने:** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

९९. **सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने:** संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय/प्रदेश कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्ने छ ।

१००. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि वालिङ नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१०१. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई

व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

१०२. **करसम्बन्धी व्यवस्थाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि वालिङ नगरपालिका क्षेत्रभित्र सञ्चालित वित्तीय कारोवार गर्ने सहकारीको हकमा ५ % कर लाग्नेछ ।

१०३. यो ऐन संघीय ऐन/प्रादेशिक ऐनसंग बाझिएमा बाझिएको हदसम्म सोही ऐन बमोजिम हुनेछ ।

१०४. **ऐनको कार्यान्वयनमा सूचना प्रविधिको प्रयोगः** ऐनको प्रभावकारी कार्यान्वयनका लागि IoT को प्रयोग गरिनेछ ।

## अनुसूची १
## (दफा ५ (१) सँग सम्बन्धित)
## दर्ता दरखास्तको नमुना

मिति :-

श्री दर्ता गर्ने अधिकारीज्यू,
वालिङ नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
गण्डकी प्रदेश, स्याङ्जा ।

**विषय : सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौँ । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौँ ।

संस्थासम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्य क्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(ज) प्राप्त सेयर पुँजीको रकम :- रु. ....

(झ) प्राप्त प्रवेश शुल्कको रकम :- रु. .....

## अनुसूची २
## (दफा ६ (१) सँग सम्बन्धित)
## संस्था दर्ता प्रमाण-पत्रको नमुना

वालिङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, स्याङ्जा

**सहकारी दर्ता प्रमाण-पत्र**

दर्ता नं. :

वालिङ नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ...... बमोजिम श्री ...... .............................. लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

वर्गीकरण :- ........................

दर्ता गरेको मिति :-

दस्तखत :-

दर्ता गर्ने अधिकारीको नाम : -

कार्यालयको छाप : -

# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५

**प्रमाणीकरण मितिः २०७५।०३।१२**

**प्रस्तावनाः** वालिङ नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी वालिङ नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "प्रमुख" भन्नाले वालिङ नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले वालिङ नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वालिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ ।

(ङ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनुपर्छ ।

(च) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम स्याङ्जा जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको

नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ज) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं. ४ मा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(झ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

(ञ) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ ।

(ट) "राष्ट्रिय परिषद्" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्छ ।

(ठ) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

(ड) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ ।

(ढ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(ण) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनुपर्छ ।

(त) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ ।

(थ) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(द) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ ।

(ध) “व्यावसायिक प्रतिष्ठान” भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनुपर्छ ।

(न) “समिति” भन्नाले दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(प) “संघीय ऐन” भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ ।

(फ) “संघीय मन्त्रालय” भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनुपर्छ ।

(ब) “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका संगठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनुपर्छ ।

## परिच्छेद - २

## नगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. नगर विपद् व्यवस्थापन समितिः**

(१) नगरपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक नगर विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः -

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) विषयगत समितिका संयोजकहरू- सदस्य

(ङ) प्रतिनिधि, ईलाका प्रशासन कार्यालय - सदस्य

(च) सामाजिक महाशाखा/शाखा प्रमुख - सदस्य

(छ) पूर्वाधार विकास महाशाखा/शाखा प्रमुख - सदस्य

(ज) वालिङ नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि - सदस्य

(झ) नगर प्रहरी प्रमुख - सदस्य

(ञ) राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिकास्थित प्रमुख वा प्रतिनिधि - सदस्य

(ट) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) - सदस्य

(ठ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) - सदस्य

(ड) गैरसरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना) - सदस्य

(ढ) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) - सदस्य

(ण) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्रम संख्या (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन ।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ ।

**४. समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी नगर विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) नगरसभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(ग) नगरपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(ङ) नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रहि सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरूको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) विपदबाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनः सञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वियन सम्बन्धी कार्य गर्ने, गराउने ।

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचय पत्र वितरण गर्ने, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वियन गर्ने, गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र नगरसभाले तोकेका अन्य कार्य गर्ने,गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ष) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका विषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने, गराउने ।

## परिच्छेद - ३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### ६. वडा स्तरीय विपद् व्यवस्थापन समितिः

(१) नगरपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः -

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरू - सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू - सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू - सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि - सदस्य

(च) स्थानीय रेडक्रस - सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना - सदस्य

(ज) वडा सचिव - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

**७. वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वियन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद – ४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**८. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः**

(१) नगर कार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगर कार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराईनेछ ।

(३) विपद् प्रतिकार्यका लागि नगरपालिकाले आँफूसँग रहेको नगर प्रहरीलाई

परिचालन गर्नेछ ।

**९. वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः**

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नुपर्ने छ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

**१०. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः**

(१) विपद् व्यवस्थापन सम्बन्धमा नगरपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधार भूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) नगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नुपर्ने छ ।

**११. विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने :** नगरपालिका भित्रका सरकारी

कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा नगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नुपर्ने छः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

## परिच्छेद - ५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

**१२. विपद् व्यवस्थापन कोष :**

(१) विपद् व्यवस्थापनका लागि नगरपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्ः -

(क) नगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नेछ ।

## परिच्छेद – ६
## कसूर तथा सजाय

१३. **कसूर र सजायः** कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय/प्रादेशिक/स्थानीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारवाही प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद – ७
## विविध

१४. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :**

(१) नेपाल सरकारले नगरपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु नगरपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन नगरपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा नगरपालिकाले सहयोग र समन्वय गर्नेछ ।

१५. **नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने :**

(१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनि नगर कार्यपालिकाले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराईनेछ ।

१६. **मानवीय तथा अन्य सहायता र समन्वय :**

(१) नगरपालिका भित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल

सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रहि तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुर्याउनु वालिङ नगर कार्यपालिकाको दायित्व हुनेछ ।

**१७. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने :**

(१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सक्नेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

**१८. राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था :**

(१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहत उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनुपर्नेछः –

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरू (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

**१९. विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा:** विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका नगरपालिकाका महत्त्वपूर्ण कागजातहरूको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

**२०. निर्देशन दिन सक्ने:** समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

**२१. उपसमिति गठन गर्न सक्नेः**

(१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

**२२. अभिलेख राख्नु पर्नेः**

(१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलब्ध गराईको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहात स्पष्टरूपमा राख्नुपर्नेछ ।

**२३. पुरस्कार दिन सक्नेः** स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

**२४. वार्षिक प्रतिवेदनः**

(१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगर सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने छ ।

**२५. प्रशासनिक खर्च व्यवस्थापनः** समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्युनतम प्रशासनिक खर्च नगर कार्यपालिकाले व्यवस्था गर्नेछ ।

**२६. अधिकार प्रत्यायोजनः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२७. नियम बनाउने अधिकारः** नगर कार्यपालिकाले यो ऐन कार्यान्वियनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

**२८. ऐनको कार्यान्वयनमा सूचना प्रविधिको प्रयोगः** ऐनको प्रभावकारी कार्यान्वयनका लागि IoT को प्रयोग गरिनेछ ।

# सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन- २०७५

**प्रमाणीकरण मिति : २०७५।०३।१२**

**प्रस्तावना :** सार्वजनिक नीजि साझेदारीको माध्यमबाट पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ उपधारा (१) बमोजिम वालिङ नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन नगर सभाले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) "अनुमति पत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २३ बमोजिम दिइएको अनुमति पत्र सम्झनुपर्छ ।

(ख) "अनुमति पत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमति पत्र प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ग) "इकाई" भन्नाले प्रत्येक पालिकामा स्थापित भएको सार्वजनिक नीजि साझेदारी इकाई भन्ने सम्झनुपर्छ ।

(घ) "उपभोक्ता" भन्नाले यस दफा बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

(ङ) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापन गर्ने कार्य सम्झनुपर्छ ।

(च) "परियोजना" भन्नाले पूर्वाधार संरचनाको निर्माण वा सञ्चालन गर्न यस ऐन बमोजिम कार्यान्वयन गरिने परियोजना सम्झनुपर्छ ।

(छ) "प्रस्तावक" भन्नाले दफा १२ बमोजिम प्रस्ताव पेश गर्ने वा दफा १५ को उपदफा (३) बमोजिम निवेदन दिने व्यक्ति सम्झनुपर्छ ।

(ज) "पुनर्स्थापन" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापन गर्ने काम सम्झनुपर्छ ।

(झ) "पूर्वाधार संरचना" भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, अस्पताल, नहर, विद्युत उत्पादनगृह, विद्युत प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे

लाइन, ट्रलीबस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनीस्थल, विमानस्थल, प्रदर्शनीस्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, ऊर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदामघर निर्माण सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ञ) "मनसाय पत्र" भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा १० बमोजिम माग गरिएको मनसाय पत्र सम्झनुपर्छ ।

(ट) "स्थानीय सरकार" भन्नाले वालिङ नगरपालिका सम्झनुपर्छ ।

(ठ) "सम्झौता" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २० बमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनुपर्छ ।

(ड) "समिति" भन्नाले सार्वजनिक नीजि साझेदारी इकाईको प्रवर्द्धन समिति भन्ने सम्झनुपर्छ ।

(ढ) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनुपर्छ र सो शब्दले परियोजनाको सम्भाव्यता अध्ययन, इञ्जिनियरिङ्ग डिजाइन कार्य र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउँछ ।

(ण) "सार्वजनिक निजी साझेदारी" भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी तथा पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकाय तथा निजी संस्था बीच भएको करारीय प्रवन्ध सम्झनुपर्छ ।

(त) "शुल्क" भन्नाले अनुमति पत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिन पाउने सेवा शुल्क सम्झनुपर्छ ।

(थ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद – २

## परियोजना पहिचान तथा स्वीकृति

**३. सार्वजनिक निजी लगानीमा परियोजना कार्यान्वयन गर्न सकिनेः**

(१) पूर्वाधार संरचना सम्बन्धी कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

(२) सार्वजनिक निजी साझेदारी परियोजनामा देहायका विशेषतामध्ये अधिकांश विशेषताहरू संमिश्रण भएको हुनु पर्नेछः

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका

लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी परियोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापन योग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) परियोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

४. **सार्वजनिक निजी साझेदारीका ढाँचाहरू:** दफा ३ को अधीनमा रही सार्वजनिक निजी साझेदारीका ढाँचाहरू देहाय बमोजिम हुन सक्नेछः

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार,

(ख) न्यून वा उल्लेखनीय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामीत्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लिखित करारका अन्य रुपहरू ।

५. **परियोजना पहिचान गर्ने:**

(१) नगरपालिकाले तोकिएको नगरपालिका अन्तरगत सार्वजनिक निजी साझेदारी कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा नगरपालिकाले सर्भेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) बमोजिम परियोजना पहिचान गर्दा समितिको राय लिन सक्नेछ ।

६. **प्राथमिकता निर्धारण गर्ने:**

(१) नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने परियोजनाको प्राथमिकता निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा देहायका क्षेत्रलाई प्राथमिकतामा राख्नु पर्नेछ -

(क) भौतिक पूर्वाधार जस्ता सडक, पुल, विमानस्थल, रेलमार्ग, केवलकार, रोपवेको निर्माण क्षेत्र,

(ख) विद्युत् उत्पादन, प्रसारण र वितरण तथा अन्य प्रकारका ऊर्जा क्षेत्र,

(ग) सूचना र सञ्चार,

(घ) फोहोरमैला व्यवस्थापन, पिउने पानी, ढल निकास र सरसफाई जस्ता सहरी तथा ग्रामीण वातावरण,

(ङ) शिक्षा, स्वास्थ्य सम्बन्धी पूर्वाधार तथा सेवा, पर्यटन पूर्वाधार,

(च) सेवा र सुविधाजन्य सहरी पूर्वाधारहरू ।

**७. सार्वजनिक निजी साझेदारी परियोजना छनौटका आधारहरू:**

(१) देहायका आधारहरूमा सार्वजनिक निजी साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछ :

(क) स्थानीय सरकारले त्यस्तो परियोजनको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) परियोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) परियोजना आर्थिक रुपमा सम्भाव्य भएको,

(घ) स्थानीय सरकार र निजी निकाय बीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(२) सार्वजनिक निजी साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरूलाई ध्यान दिनु पर्नेछ:

(क) परियोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप भएको,

(ख) परियोजनाको लागि निजी क्षेत्रको साधन श्रोत उपलब्ध भएको,

(ग) परियोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रले वहन गर्न सक्ने भूमिका भएको,

(घ) सम्भावित लगानीकर्ताहरूद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समूदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरूद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज) स्थानीय सरकारको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) परियोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारी सम्झौताहरू कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता भएको ।

**८. परियोजना स्वीकृत गराउनु पर्ने :**

(१) नगरपालिकाले कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा देहायका विवरण खुलाई समितिको सदस्य सचिवबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा नगरपालिकाले समितिसँग परामर्श गर्नुपर्ने छ ।

९. **सार्वजनिक निजी साझेदारी कार्यान्वयन नगरिने परियोजनाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका परियोजना सार्वजनिक – निजी साझेदारी माध्यमबाट कार्यान्वयन गरिने छैन ।

(क) परियोजना सम्बन्धी वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ग) सरकारी निर्णयले सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण नहुने,

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने

(ङ) देशको सुरक्षासँग सम्बन्धित परियोजना,

(च) सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने ।

**१०. मनसाय पत्र आव्हान गर्न सक्ने :**

(१) समितिले दफा ८ बमोजिम स्वीकृत परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न देहायका कुराहरू खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरू खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र समिति समक्ष मनसायपत्र पेश गर्नुपर्ने छ ।

११. **संक्षिप्त सूची तयार गर्नेः** समितिले मनसायपत्र प्राप्त भएको मितिले एक महिनाभित्र देहायको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरू छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ ।

**१२. प्रस्ताव आव्हान गर्न सक्ने :**

(१) समितिले दफा ११ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरू खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले देहायका

विवरणहरू खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र समिति समक्ष प्रस्ताव पेश गर्नुपर्ने छ ।

१३. **सोझै प्रस्ताव आहवान गर्न सक्ने :** दफा १२ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पहिले नै सर्वेक्षण भइसकेको वा तोकए बमोजिम भन्दा कम लागतको परियोजना भए समितिले नगरपालिकाको सिफारिसमा परियोजना कार्यान्वियन गर्ने सम्बन्धमा देहायको कुराहरू खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आह्वान गर्न सक्नेछ ।

१४. **प्रस्ताव छनौट गर्ने:**

(१) दफा १२ वा १३ बमोजिम प्रस्ताव प्राप्त भएपछि समितिले प्रस्ताव प्राप्त भएको मितिले साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ ।

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) स्थानीय सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(ङ) परियोजना कार्यान्वियन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधार समितिले प्रस्ताव पेश गर्नु अघि प्रस्तावकलाई उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि समितिले त्यसको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ ।

१५. **वार्ताद्वारा परियोजना कार्यान्वियन गर्न सक्ने:**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुईपटक मनसायपत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक सङ्ख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको परियोजना समितिले नगरपालिकाको सिफारिसमा वार्ताद्वारा कार्यान्वियन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वियन गर्न मनासिव हुने भनी समितिले स्वीकृति दिएमा त्यस्तो परियोजना वार्ताद्वारा कार्यान्वियन गराउन सकिनेछ -

(क) परियोजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(ग) अन्य कुनै कारणले वार्ताद्वारा परियोजना कार्यान्वियन गर्न उपयुक्त हुने ।

(३) उपदफा (२) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वियन गर्न चाहने व्यक्तिले देहायका कुराहरू खुलाई नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वियन गर्न उपयुक्त देखिएमा नगरपालिकाले निवेदकसँग वार्ता गरी कार्यान्वियन गराउनेछ ।

(५) यस दफा बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वियन गर्दा समितिले निवेदकसँग दफा १८ बमोजिमको वा अन्य आवश्यक विवरण माग गर्न सक्नेछ ।

**१६. वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेः**

(१) यस ऐनमा अन्यत्र जुनसकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा समितिले नगरपालिकासँग परामर्श गरी निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वियनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वियनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

**१७. समझदारी पत्र गर्न सक्ने :** दफा १४ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा १५ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा परियोजना कार्यान्वियन गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग परियोजनाको कार्यान्वियन गर्ने सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्न सक्नेछ । तर परियोजनाको प्रकृति हेरी समितिले प्रस्तावकसँग प्रारम्भिक

परियोजना सम्झौता गर्न सक्नेछ ।

**१८. परियोजनाको विवरण पेश गर्नु :**

(१) दफा १७ बमोजिम समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लिखित समयावधि भित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी छ महिनामा नबढ्ने गरी समितिले तोकेको समयावधि भित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरू समिति समक्ष पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसक्ने कुनै मनासिव कारण देखाई समयावधि थपको लागि समिति समक्ष निवेदन दिएमा समितिले बढीमा तीन महिनाको समयावधि थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र प्रस्तावकले सो विवरण पेश गर्न नसक्ने कारण देखाई समिति समक्ष दिएको निवेदन जाँचबझ गर्दा कारण मनासिव देखिएमा समितिले कुनै खास परियोजनाको हकमा सम्झौता भएपछि सो विवरण पेश गर्न स्वीकृति दिन सक्नेछ ।

**१९. रद्द गर्न सक्ने :**

(१) दफा १८ बमोजिमको समयावधि भित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा समितिले त्यसको कारण खुलाई प्रस्तावकसँग समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेको भए त्यस्तो समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौता र समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समझदारी पत्र, प्रारम्भिक परियोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले समिति वा नगरपालिकासँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

## परिच्छेद–३

## अनुमति पत्र सम्बन्धी व्यवस्था

**२०. सम्झौता गर्ने :**

(१) दफा १८ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग आवश्यकतानुसार वार्ता गरी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम संझौता गर्नु पूर्व समितिले नगरपालिकासँग परामर्श गर्नेछ ।

(३) उपदफा (१) बमोजिम संझौतामा समितिको तर्फबाट अध्यक्षले हस्ताक्षर गर्नेछ ।

(४) प्रस्तावकले दफा १८ को उपदफा (१) बमोजिमको विवरण संझौतामा लेखिएको अवधि भित्र पेश गर्नुपर्ने छ । सो अवधि भित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग गरेको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

**२१. सम्झौतामा खुलाउनु पर्ने कुराहरू :** सम्झौतामा देहायका कुराहरू खुलाउनु पर्नेछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वियन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमति पत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमति पत्रको अवधि,

(ङ) जोखिमको बाँडफाँड र परियोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्यांकनका वस्तुगत आधार र मापदण्ड,

(च) परियोजना कार्यान्वियनको चरणवद्ध विवरण र कार्यान्वियन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(ज) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(झ) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरू,

(ञ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ट) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ठ) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ड) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ढ) स्थानीय सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(ण) परियोजना कार्यान्वियन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(त) परियोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र

सो वापत स्थानीय सरकारले प्राप्त गर्ने प्रतिफल,

(थ) अन्य आवश्यक कुराहरू ।

**२२. परफर्मेन्स वण्ड सम्बन्धी व्यवस्था :** प्रस्तावकले परफर्मेन्स वण्ड बापत परियोजनाको कूल लागतको शून्य दशमलव पाँच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्झौतामा उल्लिखित समयावधि भित्र समिति समक्ष दाखिला गर्नुपर्ने छ ।

**२३. अनुमति पत्र दिने :** दफा २० बमोजिम सम्झौता गरेपछि नगरपालिकाले प्रस्तावकलाई परियोजनाको कार्यान्वयन गर्न अनुमति पत्र दिनेछ ।

**२४. रीत पुगेको मानिने :**

(१) प्रचलित कानूनमा जूनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमाजिम समितिबाट परियोजना स्वीकृत भई दफा २३ बमोजिम अनुमति पत्र प्राप्त गरेकोमा त्यस्तो अनुमति पत्र प्रचलित कानूनको रीत पुऱ्याई जारी भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको अनुमति पत्रका शर्तहरू उपर अनुमति पत्र बहाल रहेको अवधिभर प्रतिकूल हुने गरी कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकुल हुने गरी गरिएको कुनै पनि कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन ।

**२५. अन्य व्यक्तिलाई अनुमति पत्र नदिइने :** परियोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमति पत्र दिई सकेपछि सम्झौतामा लेखिए बमोजिम सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकूल असर पर्ने गरी त्यस्तै किसिमको परियोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमति पत्र दिइने छैन ।

**२६. अनुमति पत्रको अवधि :**

(१) अनुमति पत्रको अवधि पन्ध्रदेखि पैँतीस वर्ष सम्म नबढाई परियोजनाको प्रकृति वा क्षेत्रको आधारमा सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी अनुमति पत्रका अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपको लागि अनुमति पत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा समितिले बढीमा पाँच वर्षसम्म अनुमति पत्रको अवधि थप गर्न सक्नेछ ।

(३) अनुमति पत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

**२७. अनुमति पत्र रद्द गर्न सक्ने :**

(१) अनुमति पत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ

नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको निर्देशिका वा सम्झौता विपरीत कुनै काम गरेमा नगरपालिकाको सिफारिसमा समितिले अनुमति पत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमति पत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति पत्र रद्द भएमा अनुमति पत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनुमति पत्र रद्द भएमा अनुमति पत्र प्राप्त व्यक्तिले समिति वा स्थानीय सरकारसँग कुनै किसिमको दाबी गर्न पाउने छैन ।

२८. रोयल्टी बुझाउनु पर्ने : रोयल्टी बुझाउने गरी सम्झौता भएकोमा अनुमति पत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित तरिकाबाट स्थानीय सरकारलाई बुझाउनु पर्नेछ ।

**२९. परियोजना हस्तान्तरण गर्नुपर्ने :**

(१) अनुमति पत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिए बमोजिम स्थानीय सरकार लाई परियोजना हस्तान्तरण गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ ।

**३०. स्थानीय सरकारको स्वामित्व हुनेः** दफा २९ बमोजिम हस्तान्तरण भएको परियोजना र सो सँग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व स्थानीय सरकारको हुनेछ ।

## परिच्छेद-४

## अनुमति पत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

**३१. शुल्क उठाउन पाउने :** अनुमति पत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ ।

**३२. घर जग्गा आदिमा प्रवेश गर्न सक्ने :**

(१) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमति पत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको

अन्न वाली वा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिव क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमति पत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नुपर्ने छ ।

**३३. घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने :**

(१) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुन निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमति पत्र प्राप्त व्यक्तिले नगरपालिका समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिव देखिएमा समितिले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ । तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमति पत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र समिति समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी उपर तीन महिना भित्र निर्णय गरिसक्नु पर्नेछ र सो उजुरीका सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**३४. घर जग्गा उपलब्ध गराई दिने :**

(१) अनुमति पत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा वा नगरपालिकाको स्वामित्वमा भएको जग्गा आफैले खरिद

गरी वा अन्य रुपमा व्यवस्था गर्नुपर्ने छ ।

(२) अनुमति पत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम खरिद गर्न त्यसरी खरिद गर्न वा अन्य रुपमा व्यवस्था गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नुपर्ने उल्लेख भएमा समितिले अनुमति पत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम उपलब्ध गराई दिनेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमति पत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा समितिले वा स्थानीय सरकारको स्वीकृति लिई त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा वहालमा प्रयोग गर्न दिन सक्नेछ ।

**३५. परियोजनाको सुरक्षा गर्न सक्ने :**

(१) परियोजनाको सुरक्षा अनुमति पत्र प्राप्त व्यक्ति आफैले गर्नुपर्ने छ ।

(२) अनुमति पत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको खास किसिमको सुरक्षाको लागि समितिसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमति पत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न स्थानीय सरकारले परियोजनाको सुरक्षाको लागि प्रदेश वा संघीय सरकारसँग अनुरोध गर्ने छ ।

**३६. सहयोग उपलब्ध गराउनु पर्ने :**

(१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा समिति वा स्थानीय सरकारले अनुमति पत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधि भित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमति पत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमति पत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी समिति आफैँले त्यस्तो सहयोग उपलब्ध गराउन वा स्थानीय सरकारको सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध गराउन लेखि पठाउन सक्नेछ ।

**३७. विदेशी विनिमयको सुविधा :** परियोजनाको कार्यान्वयनको लागि ऋृण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमति पत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋृणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता

गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम स्थानीय सरकारले प्रदेश वा संघीय सरकारसँग अनुरोध गर्नेछ ।

३८. **विष्फोटक पदार्थको प्रयोगः** परियोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा अनुमति पत्र प्राप्त व्यक्तिले स्थानीय सरकारलाई अनुरोध गरी स्थानीय सरकारले संघीय, प्रदेश सरकार वा सम्बन्धीत निकायसँग अनुरोध गर्ने छ ।

३९. **कानून बमोजिमको सुविधा पाउने :** यस ऐन बमोजिम अनुमति पत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

**४०. सेवा सुविधाका शर्त तोक्न सक्ने :**

(१) अनुमति पत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधिनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद-५

## लगानी सम्बन्धी व्यवस्था

**४१. अनुमति पत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने :**

(१) सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक परियोजना कार्यान्वयन गर्न आवश्यक लगानीको व्यवस्था अनुमति पत्र प्राप्त व्यक्तिले गर्नुपर्ने छ ।

(२) अनुमति पत्र प्राप्त व्यक्तिले परियोजना अन्तर्गतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखी ऋण लिँदा समितिको स्वीकृति लिनुपर्नेछ ।

**४२. संयुक्त लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने :**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले सम्झौतामा उल्लेख भए बमोजिम कुनै परियोजना कार्यान्वयन गर्न जग्गा उपलब्ध गराएर, स्वपूँजीमा हिस्सेदारी गरेर वा अन्य रुपमा संयुक्त लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको लगानी परियोजना कार्यान्वयन गर्ने निजी क्षेत्रले नगरपालिकाको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी दिन सकिनेछ ।

**४३. अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने :**

(१) अनुमति पत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी

प्राप्त गर्न वा परियोजना बमोजिमको कुनै काम कुनै व्यक्तिबाट गराउने गरी अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेछ । तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले उन्मुक्ति पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमति पत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि समिति समक्ष पेश गर्नुपर्ने छ ।

४४. **भुक्तानी संझौता गर्न सक्ने :** अनुमति पत्र प्राप्त व्यक्तिले परियोजना निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गर्ने गरी वा दफा ३१ बमोजिमको शुल्क नउठाई अन्य रुपमा परियोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा २० बमोजिम संझौता भएकोमा नगरपालिकाले एकमुष्ट रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी गर्ने वा शुल्क भुक्तानी पाउने गरी संझौता गर्न सक्नेछ ।

**४५. सम्भाव्यता न्यून परिपूर्ति कोष :**

(१) नगरपालिकाले संभाव्य आयको तुलनामा लागत बढी हुने परियोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्यून परिपूर्ति कोष खडा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा नगरपालिकाले विनियोजन गरेको रकम जम्मा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषबाट परियोजनालाई संभाव्य बनाउन आवश्यक रकम मात्र समितिको सिफारिशमा अनुदान दिइनेछ ।

(४) संभाव्यता न्यून परिपूर्ति कोष तथा सो को सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–६

## समितिको गठन सम्बन्धी व्यवस्था (सार्वजनिक निजी साझेदारी इकाई)

**४६. समितिको गठन :**

(१) पूर्वाधार विकास र निमार्णमा सार्वजनिक नीजि साझेदारी तथा निजी लगानी परिचालनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न देहायको सार्वजनिक निजी साझेदारी इकाई प्रवर्द्धन समिति गठन हुनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) प्रमुख – अध्यक्ष

(ख) उपप्रमुख – उपाध्यक्ष

(ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

(घ) नगर कार्यपालिकाको महिला सदस्य मध्येबाट - सदस्य

(ङ) सम्बन्धित वडा अध्यक्ष - सदस्य

(च) नीजि क्षेत्रबाट - सदस्य (२ जना)

(छ) विशेषज्ञ/प्राविधिक (सार्वजिनक नीजि साझेदारी बारे अनुभव/ज्ञान हासिल गरेको विज्ञ) - सदस्य

(ज) नगरपालिका कार्यालयको सार्वजनिक निजी साझेदारी इकाई प्रमुख - सदस्य सचिव

(३) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) पूर्वाधार विकास र निमार्णमा सार्वजनिक नीजि साझेदारी तथा नीजि लगानी परिचालन गर्ने स्वीकृति निर्णय भए अनुसार सदस्य सचिवले दिने छ ।

**४७. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपाध्यक्षले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४८. परियोजनाको अनुगमन गर्न सक्ने :**

(१) समितिले परियोजना कार्यान्वयनको अनुगमन गर्न सक्नेछ र त्यसरी अनुगमन गर्दा एकजना महिला सदस्यलाई सहभागी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना अनुगमन गर्ने सिलसिलामा समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमति पत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

**४९. परियोजनाको विवरण राख्नु पर्ने :**

(१) नगरपालिकाले समितिको सुझाव लिई दफा ३ बमोजिम कार्यान्वयन गरिने परियोजनाको पहिचान गरी सोको विवरण अद्यावधिक राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा नगरपालिकाले सर्वेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

५०. **निर्देशन दिन सक्ने :** समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित नगरपालिकालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

५१. **प्राविधिक समिति :**

(१) दफा ५२ बमोजिम नगरपालिकाले कार्यान्वयन गर्ने परियोजनाको सम्बन्धमा सुझाव दिनको लागि सम्बन्धित नगरपालिकाको सचिवको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा पाँच सदस्य रहेको एक प्राविधिक समिति गठन गर्नेछ ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको सम्बन्धित नगरपालिकाको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-७
## विविध

५२. **नगरपालिकाको अधिकार हुनेः**

(१) यस ऐनका अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पचास करोड रुपैयाँ भन्दा कम लागत भएको परियोजना यस ऐन बमोजिम नगरपालिकाले सार्वनजिक नीजि साझेदारीमा कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयन गर्दा यस ऐन बमोजिम समितिलाई प्राप्त सम्पूर्ण अधिकार आवश्यक हेरफेर सहित नगरपालिकालाई प्राप्त हुनेछ ।

(३) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयन गर्ने क्रममा नगरपालिकाले कार्यकारी अधिकृतसँग आवश्यक राय सुझाव लिन सक्नेछ ।

५३. **विवादको समाधानः**

(१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालिका र अनुमति पत्र प्राप्त व्यक्तिबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम आपसी समझादारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

**५४. क्षतिपूर्ति सम्बन्धी व्यवस्था :**

(१) परियोजना कार्यान्वियन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा ऐन अन्तरगत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी वापतको मनासिव रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति वापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति नगरपालिकाबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति वापतको रकम हिसाब गरी नगरपालिकाले अनुमति पत्रको अवधि थप गर्न सक्नेछ ।

**५५. लिज वा भाडामा दिन वा बेचबिखन गर्न सक्ने :**

(१) नगरपालिकाले अनुमति पत्र प्राप्त व्यक्तिलाई आफ्नो वा नगरपालिकाको स्वामित्वमा रहेको, संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार वा पूर्वाधार संरचना बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाका शर्तहरू सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

**५६. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नुपर्ने:** अनुमति पत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वियनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नुपर्ने छ ।

**५७. अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने :** प्रस्तावकले प्रस्तावसाथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरू अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

**५८. नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वियन गर्न स्थानीय सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**५९. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वियन गर्न समिति वा नगरपालिकाले आवश्यक कुनै कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

**६०. ऐनको कार्यान्वियनमा सूचना प्रविधिको प्रयोग :** ऐनको प्रभावकारी कार्यान्वियनका लागि IoT को प्रयोग गरिनेछ ।

# बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन - २०७५

**प्रमाणीकरण मितिः २०७५|०३|१२**

**प्रस्तावनाः** वालिङ नगरपालिकालाई बालमैत्री नगरको रुपमा स्थापित गराउने अभिप्रायले बाल बालिकाको हकहितलाई प्रवर्द्धन गर्ने, घरपरिवार र समाजमा बाल बालिकाप्रतिको दृष्टिकोणलाई सामाजिक रुपमा बाल अधिकार सम्बन्धी बिद्यमान सङ्घीय कानुन र नेपालले पक्ष राष्ट्रको हैसियतबाट अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धीको भावना अनुरुप गरिने क्रियाकलापहरूलाई व्यवस्थित रुपमा अघि बढाउनु नगरपालिकाको महत्त्वपूर्ण कार्य हो भन्ने तथ्यलाई दृष्टिगत गर्दै बालअधिकारका क्षेत्रमा देखिएका प्रतिकुल अवस्थालाई आधार मानेर स्थानीय तहमा बाल बालिकाको हकहितलाई संरक्षण गर्ने, आवश्यकतालाई पहिचान गर्ने, सम्वद्ध क्षेत्रको समस्यालाई न्यूनीकरण गर्दै जानु स्थानीय सरकारको मूलभूत कर्तव्य समेत हुदाँ बाल अधिकार संरक्षणका क्षेत्रमा देखिएका चूनौतीहरूलाई सही ढंगले सम्वोधन गर्न आवश्यकता महसुस गरी वालिङ नगरपालिकाको नगर सभाबाट प्रस्तुत बाल बालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७५ बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “बाल बालिकाको अधिकार व्यवस्थित गर्ने ऐन – २०७५” रहने छ ।

(२) यो ऐन वालिङ नगर सभाले पारित गरेको मिति देखि लागू हुने छ ।

२. परिभाषा : विषय वा प्रसंड्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “बाल अधिकार” भन्नाले यस ऐनको दफामा व्यवस्थित बाल बालिकाको अधिकारलाई जनाउँछ ।

(ख) “महासन्धी” भन्नाले बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी सन १९८९ लाई जनाउँछ ।

(ग) “समिति” भन्नाले ऐनको दफा ३ (१) बमोजिम गठिंत समितिलाई जनाउँछ ।

(घ) “संरक्षण अधिकारी” भन्नाले ऐनको दफा ३ (२) बमोजिम गठित समितिको प्रमुख भै काम गर्ने अधिकारीलाई जनाउँछ ।

## परिच्छेद २
## बाल संरक्षण समिति सम्बन्धी व्यवस्था

**३. बाल संरक्षण समितिको गठन तथा कार्य संचालन विधि :**

(१) वालिङ नगरपालिकामा देहाय बमोजिमको एक बाल संरक्षण समिति रहनेछ ।

(क) प्रमुखले तोकेको वडा अध्यक्ष - संयोजक

(ख) जिल्ला बाल संरक्षण समितिको एकजना प्रतिनिधि - सदस्य

(ग) बालअधिकारको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि - सदस्य

(घ) नगर क्षेत्रभित्र स्थापित बालसुधार गृहको प्रतिनिधि - सदस्य

(ङ) नगरपालिकाको बालबालिका सम्बन्धित शाखाको प्रमुख - सदस्य सचिव

(२) बाल संरक्षण अधिकारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. बाल संरक्षण समितिको कामकर्तव्य र अधिकार :**

(क) बालबालिकाको हकहित संरक्षण सम्बन्धी योजनाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने,

(ख) संघीय कानुन अनुसार स्वीकृत बालअधिकार सम्बन्धी शिक्षा नीतिका कार्यक्रमहरू तयार गर्ने,

(ग) उपदफा (क) र (ख) मा उल्लेख गरिएका योजना र कार्यक्रमहरूलाई लागु गर्न आवश्यक संयन्त्र तयार गर्ने,

(घ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने ।

**५. बाल संरक्षण समितिको कार्यकाल :** दफा ४ बमोजिमको समितिको कार्यकाल गठन भएका मितिले दुई वर्षको हुनेछ ।

**६. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

**७. वाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्दा वाधा अड्काउ परेमा वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

# स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५

**प्रमाणीकरण मितिः२०७५/०३/१२**

**प्रस्तावनाः** स्थानीय वासिन्दाहरूको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरूलाई कार्यान्वियन गर्न, तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम वालिङ नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनलाई स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५ भनिने छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भए पश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले वालिङ नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ख) “संघीय ऐन” भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नुपर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले वालिङ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) “निजी” भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) “ट्रष्ट वा लोककल्याणकारी” भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरूको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) “व्यवस्थापन समिति” भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरूको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) “अनुगमन समिति” भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) “स्वास्थ्य संस्था” भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरूः** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरू ३ प्रकारका हुनेछन् ।

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद केन्द्रहरू सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरू निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरूको अधिनस्थः** ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरूको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको परिभाषा र आधारभूत मापदण्डः** स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारिण गरे बमोजिम हुने छ ।

५. **स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) स्थानीय नगरपालिका भित्र रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छः

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | - अध्यक्ष |
| (ख) | नगर उपप्रमुख | - सदस्य |
| (ग) | स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य | - सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) | मेडिकल अधिकृत | - सदस्य |
| (च) | स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

आवश्यकता अनुसार अध्यक्षद्वारा विज्ञहरूलाई आमन्त्रित गर्न सकिनेछ ।

(२) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा प्रदायक संस्था सञ्चालनका लागि

अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य सेवा प्रदायक संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरूको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरू र स्वास्थ्य सेवा प्रदायकहरूको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(ञ) नीजि स्वास्थ्य संस्था बाट निस्कने फोहोर बस्तुहरूको व्यवस्थापन गर्न लगाउने र अनुगमन गर्ने ।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहायका देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ ।

(क) नगरपालिका प्रमुख - संरक्षक

(ख) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ग) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये संरक्षक बाट मनोनित महिला १ जना - सदस्य

(घ) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक - सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको

समस्याहरूको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने

(ङ) स्वास्थ्य घुम्ति शिविरहरू राख्न सम्बन्धित निकायहरूमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरूलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) सम्बन्धित स्वास्थ्य संस्थाबाट प्रदान गरिनुपर्ने सेवाहरू नियमित सुचारु गर्न आवश्यक सहजिकरण गर्ने र समस्या समाधानका लागि पहल गर्ने ।

७. **बैंक खाता संचालनः** हरेक स्वास्थ्य संस्थाले वैंक खाता खोल्नु पर्नेछ ।

(१) स्वास्थ्य संस्थाको वैंक खाता व्यवस्थापन समिति का अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

### ८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : नगरपालिका आफैले ताकिएको मापदण्डमा ५० शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकीः नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, नगर स्वास्थ्य केन्द्र संचालन गर्नुपर्ने छ :

**(क) जनशक्तिः**

(१) स्वास्थ्य चौकीमाः स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अहेव २ जना, अनमी २ जना, कार्यालय सहयोगी १ जना, आवश्यकता अनुसार अन्य कर्मचारीहरू ।

(२) प्राथमिक स्वास्थ्य केन्द्रः मेडिकल अधिकृत १ जना, स्वास्थ्य सहायक - हेल्थ असिस्टेन्ण्ट) १ जना, अ.हे.व २ जना, स्टाफ नर्स १, अ.न.मी.

३, ल्याव असिस्टेण्ट १, कार्यालय सहयोगी २, खरिदार १, आवश्यकता अनुसार अन्य कर्मचारीहरू ।

(३) नगर स्वास्थ्य केन्द्रः हे.अ./अ.हे.व -१, अ.न.मी/स्टाफ नर्स १, का.स. १

**(ख) भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

**(ग) उपकरणः** प्राथमिक उपचारका आधारभूत उपकरण,

(३) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरूसँको साझेदारीमा नगरपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने**

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा २५ शैयासम्मको संचालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगरकार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले ३ महिना भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समय सिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान नगर्न सकिनेछ ।

**१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः** नगरपालिकाको स्वीकृतिमा

संचालन हुने अस्पतालहरूले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्ने छ ।

(१) जनशक्तिः कम्तिमा ३ जना एकजना विशेषज्ञ सहित २ एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, हे.अ./अ.हे.व कम्तिमा ४ जना कम्तिमा २ जना ल्याव टेक्निसियन/ल्याव असिस्टेन्ट र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी,

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने वार्ड, क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ,

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

**११. पोलिक्लिनिक संचालनको अनुमतिः**

(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्था नगरपालिकाले अधिग्रहण गर्न सक्नेः नगरपालिका भित्र मापदण्ड पुयाएर सञ्चालनमा रहेका सामुदायिक,नीजि वा ट्रस्टद्वारा सञ्चालित स्वास्थ्य संस्था आवश्यक भएमा नगरपालिका र सम्बन्धित संस्था आवश्यक भएमा नगरपालिका र सम्बन्धित संस्था दुवै पक्षको सहमतिमा निर्धारित शर्तहरूको अधीनमा रहने गरी नगरपालिकाले अधिग्रहण गरी आफैले सञ्चालन गर्न सक्नेछ ।

**१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालक बीचको घरभाडा सम्बन्धी संझौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरूको विवरण

(६) प्रस्तावित लागत

(७) सेवा शुल्कको विवरण

**१३. फार्मेसी संचालनको अनुमति**

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरू र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरूको विवरणहरू शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमति दिन सक्नेछ ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुनेः**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

**१५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरूका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

## परिच्छेद- ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम सेवा सम्बन्धी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापनः** नगरपालिका भित्रका सरकारी र सामुदायिक

स्वास्थ्य संस्थाहरू मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरू रहने छन् ।

(१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरू

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरू

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरू एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरूलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

**१७. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्थाः** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउने स्वास्थ्य आमा समुहको सिफारिसमा पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरू नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरू नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्बन्धित टोलमा नियमित वसोवास गर्ने त्यस वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरूले आधारभूत स्वास्थ्य सम्बन्धी ९ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। नगरपालिका र स्वास्थ्य संस्थाहरूले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरू मध्ये निरक्षर र ५८ वर्ष उमेर पुगेकालाई सम्मानजनक बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ ।

(५) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताको कार्यसम्पादन सन्तोषजनक भए नभएको मुल्याङ्कन गर्ने जिम्वेवारी सम्बन्धित वडाको स्वास्थ्य संस्थाको हुनेछ । कार्यसम्पादन सन्तोषजनक नभएमा सम्बन्धित

स्वास्थ्य संस्थाको सिफारिसमा नगरपालिकाले निजलाई हटाई रिक्त स्थानमा नयाँ स्वयंसेविका, अभियानकर्ता नियुक्त गर्न सक्नेछ ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव र स्थानीय नगर कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्ष बीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) अभियानकर्ता/ स्वयंसेविकाः पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरू उपलब्ध गराउन सकिनेछ ।

(५) २४ सै घन्टा सेवा दिनु पर्ने स्वास्थ्य संस्थाहरूमा हप्ताको ४० घन्टा भन्दा वढि काम गरेमा वा सार्वजनिक विदाको दिनमा काम गरेमा सट्टा विदा/अतिरिक्त सेवा विदा पाउने छन यस्तो विदा ३ महिना भित्रमा पालो मिलाइ लिनु पर्ने छ यदि सो विदा ३ महिना भित्र लिन नमिलेमा जम्मा संचित दिन वरावरको रकम पाउने छन ।

**१९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नगरकार्यपालिकाले निर्धारण गर्ने छ ।

(१) दरवन्दी अनुसारका पदहरूमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरू रहने छन् । समायोजनमा नआएका कर्मचारीहरूको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ।

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण १ जना - सदस्य

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) छनौट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२०. कर्मचारी सरुवाः**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम २ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन सक्ने छ । विशेष परिस्थिती बाहेक न्यूनतम १ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम १ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नीसँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

**२१. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्वन गर्नुपर्ने छ ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरूसँग र प्रमुखले अन्य कर्मचारीहरूसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरू निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

**२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरूको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय नगर

कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद –५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३. वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरूको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्बन्धित वडा समितिले माग गरे बमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद – ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र

स्वास्थ्य सेवाहरूको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन**

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरू संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू निमाण गरी संचालन तथा व्यवस्थापन गर्नुपर्ने छ ।

**२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु, जल, स्थल, तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद – ७

## महामारी रोगथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२९. रोग तथा रोगीहरूको अभिलेख राख्नुपर्ने**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरूको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरूले मासिक रुपमा वडा समिति नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरू वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्ने छ ।

**३१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरू तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरूको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

**३२. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन**

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरू परिचालन गरी सबै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुन प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद - ८
## विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्बन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरूको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३४. समन्वयः** राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनुपर्ने स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

**३५. अनुगमनः** आमा समूह, धामीझाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरूको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

**३६. प्रगति विवरण :** नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरूले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

**३७. साझेदारीः** नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरूसँग बिभिन्न कार्यहरूका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरूबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरूको सहायता प्राप्त गर्न सक्नेछ ।

**३८. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**३९. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४०. संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**४१. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा नगर पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

**४२. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरू बाँझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

**४३. ऐनको कार्यान्वयनमा सूचना प्रविधिको प्रयोग :** ऐनको प्रभावकारी कार्यान्वयनका लागि IoT को प्रयोग गरिनेछ ।

# स्थानीय शिक्षा ऐन-२०७४

**प्रमाणीकरण मिति : २०७४।१०।०३**

**प्रस्तावनाः** प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको सिमानामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भई रहेका विद्यालय तथा शैक्षिक निकायहरूको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा सिपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम "स्थानीय शिक्षा ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन वालिङ नगरपालिका भर लागू हुनेछ ।

(३) यो ऐन सभाले पास गरे पश्चात लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले वालिङ कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "नगर सभा" भन्नाले वालिङ नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ङ) "समावेशी शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइन विशेष किसिमको शिक्षा सम्झनुपर्छ ।

(च) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवैशिक्षा सम्झनुपर्छ ।

(छ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(झ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) "शिक्षक" भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(ट) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ठ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाल कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ड) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ण) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(त) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(थ) "प्रारम्भिक बालशिक्षा" भन्नाले पाँचवर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

## परिच्छेद- दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

**३. माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्ः-

(क) साधारण माध्यमिक शिक्षा
(ख) संस्कृत माध्यमिक शिक्षा ।
(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**४. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) आधारभूत (कक्षा ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**६. विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय
(ख) संस्थागत विद्यालय
(ग) गुठी विद्यालय

**७. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरूको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न वा चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित नगरपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी आधारभूत तह भए शिक्षा शाखा प्रमुखको सिफरिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा नगरपालिका शिक्षा समितिको सिफारिसमा नगरपालिका प्रमुखले

अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालना गरेको देखिएमा सिफारिसमा आधारभूत तहभए शिक्षा शाखा प्रमुख सिफरिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा शिक्षा समितिको सिफारिसमा नगरपालिका प्रमुखले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न आधारभूत तह भए शिक्षा शाखा प्रमुख सिफरिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा शिक्षा समितिको सिफारिसमा नगरपालिका प्रमुखल पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः–

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्ने छः -

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा

शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत तहका लागि प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा नगरपालिका प्रमुखबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् । माथिल्ला उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर कानुनले तोकेका प्रक्रिया पुरा गरी माग भएमा स्वीकृत दिन बाधा पर्नेछैन ।

(१०) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ । संस्थागत विद्यालयको सुरु अनुमति तथा थप अनुमति तथा कक्षा थप अनुमतीको लागि तोकिएको बमोजिम दस्तुर तथा धरौटी लाग्ने छ ।

(११) नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

८. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ । ICT मा आधारित प्रविधि प्रयोग गरिनेछ ।

९. **नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने**

(१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वादुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वाविद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ । तर एक शैक्षिक शत्रमा १ कक्षामात्र थप गर्न अनुमति दिइने छ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त

कारण सहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समिति मार्फत नगरपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम पेश हुने आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा ५००००००/- (पचास लाख रुपैँया मात्र), आधार भूत तहको हकमा ३००००००/- (तीस लाख रुपैंया मात्र) रुपैँया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

**१०. नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरूको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :

(क) नगरपालिकाको प्रमुख - संयोजक

(ख) नगरपालिकाको उपप्रमुख - उपसंयोजक

(ग) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(घ) नगरपालिकाले तोकेको नगर सभाका सदस्यहरू मध्येबाट एक जना महिलासहित २ जना - सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको २ जना - सदस्य

(च) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरूमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका कम्तीमा २ जना महिला र दलित सहित चार जना - सदस्य

(छ) उच्च तहको सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरू वा मावि तहको महिला शिक्षक मध्येबाट नगर शिक्षा समिति मनोनित गरेको दुईजना - सदस्य

(ज) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(झ) नगरपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(आवश्यकता अनुसार विषय विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ ।)

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा नगरकार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टिकरणको मौकाबाट वञ्चित गरिने छैन ।

(४) शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरूलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरूको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) नगरपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरू स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(झ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने ।

(ट) शिक्षाको सामाजिक परीक्षण गर्ने एवम् शिक्षाको अनुगमन तथा सुरिवेक्षणको प्रवन्ध गर्ने ।

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने ,

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(त) विषय विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(थ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृती र अनुमतीको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(द) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी

नगरपालिकामा पेश गर्ने ।

(ध) शिक्षकहरूको सरुवा व्यवस्थापन गर्ने ।

(न) सामुदयिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(फ) विद्यालयमा विषयगत दरवन्दी मिलान गर्ने ।

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

(भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागू गर्ने ।

(म) नगरकार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(य) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**११. शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार**

(१) नगरस्तरीय शिक्षा योजना तर्जुमा गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरकार्यपालिकामा पेश गर्ने ।

(२) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वियन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(३) विद्यालय तथा शैक्षिक निकायहरूको अनुगमन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(४) नगरकार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कनका लागि तोकिय बमोजिम गरी गर्ने र सम्बन्धित माथिल्लो निकायमा पठाउने ।

(६) नगरपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ।

(७) शिक्षा शाखा प्रमुखको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार**

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरू मध्ये वडा समितिले तोकेको एक जना महिला - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये वडा समितिले तोकेको

महिला एक जना - सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले तोकेको दुई जना एक जना महिला सहित - सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरू मध्येबाट वडा समितिले तेकेको एक जना महिला - सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने।

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरू गर्ने ।

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न नगर शिक्षा समिति मार्फत नगरपालिकामा सिफारिस गर्ने ।

(ट) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

**१३. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) समितिका सदस्यहरूले (ख) र (घ) मध्येबाट छानेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरू मध्येबाट सो वडा

समितिले मनोनयन गरेको एकजना - सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना - सदस्य

(ङ) विद्यालयका शिक्षकहरू मध्यबाट छानी पठाएको एक जना- सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) माध्यामिक तह वा माथिल्लो तहका लागि विद्यालय व्यवस्थापन समितिमा रहन SLC वा सो सरहको योग्यता हुनु पर्नेछ ।

(३) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य रअधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराइ काममा लगाउने तथा नगरपालिकाबाट स्वीकृत दवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(ज) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;

(झ) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने ।

(ड) तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई विभागीय कारवाही सिफारिस गर्ने ।

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**१४. अभिभावक, शिक्षक तथा विद्यार्थी संघको गठन, काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक विद्यालयमा अभिभावक, शिक्षक तथा विद्यार्थी बीच सहकार्य तथा सामाजिक परीक्षण गरी सुव्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक अभिभावक, शिक्षक तथा विद्यार्थी संघ रहने छः -

(क) विद्यालयका अविभावकहरूको भेलाबाट छनौट गरेको व्यक्ति - अध्यक्ष

(ख) अविभावकले आफूहरू मध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित तिनजना - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरू मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना - सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना - सदस्य

(ङ) बालक्लव वा विद्यालयको अध्यक्ष छानेको प्रथम छात्र र प्रथम छात्रा मध्ये २ जना - सदस्य

(च) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - सदस्य

(छ) विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना - सदस्य सचिव

(२) एक अभिभावक, शिक्षक तथा विद्यार्थी संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने ।

(ग) अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्न विद्यालय व्यवस्थापन

समितिलाई सहयोग गर्ने ।

(घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद ३

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र वालविकास सहयोगी कार्यकर्ता कार्यालयको दरवन्दी, सेवाशर्त, योग्यता एवं सक्षमताको मापदण्ड

**१५. नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः**

(१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने शिक्षकहरूको दरवन्दी कर्मचारी र समिती, कार्यालयको दरवन्दी निर्धारण नगरपालिकाले गर्नेछ ।

(२) नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी नगरपालिकाले राख्नु पर्नेछ । यसरी नियुक्त भएको शिक्षकको सेवा सुविधा नगरपालिका मार्फत भुक्तानी गर्नुपर्ने छ ।

**१६. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।**

**१७. स्थायी अध्यापन अुनमती पत्र लिनु पर्नेः** अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैनन् ।

**१८. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्नेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्ष भित्रको औषत शैक्षिक उपलब्धी ५० प्रतिशत भन्दा कम भएमा

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

**१९. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) दफा १९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**२०. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** दफा २१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**२१. स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

## परिच्छेद ४

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास

**२२. शिक्षकको नियुक्ति**

(१) विद्यालयमा रिक्त दरवन्दी तथा राहत शिक्षक पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ।

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) विषयगत रोष्टर मध्येबाट नगर शिक्षा समितिको अध्यक्षले तोकेका विषय विज्ञ एक जना - सदस्य

(ग) नगरपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(ङ) सम्बन्धित विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको विषयगत रोस्टर १ जना - सदस्य

(च) वडा समितिले तोकेको समिति मध्येबाट १ जना - सदस्य

(२) समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२३. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) माध्यमिक तहमा स्थायी र स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त दरवन्दी राहत अस्थाई करार शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिले नगर शिक्षा समिति मार्फत नगरपालिकामा सिफारिस गर्ने छ । शिक्षक नियुक्ति गर्दा ICT को ज्ञान भएकोलाई प्राथमिकता दिनुपर्ने ।

(ख) आधारभूत तहमा स्थायी, र स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक अस्थाई करार मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरपालिका शिक्षा समितिबाट गरिनेछ । तर आधारभुत १-५,र १-३ मा स्थायी तथा वाह्र कक्षा पास भएको शिक्षक प्र. अ. हुन सक्नेछ ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्ने छ ।

(घ) प्रधानाध्यापकको अवधि ५ वर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा व्यवस्थापन समितिका सिफारिसमा नगर शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मौका दिईनेछ ।

**२४. शिक्षकको सरुवाः**

(१) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा नगर शिक्षा समितिको सिफारिसमा

न.पा. ले तोकिए बमोजिमको प्रक्रिया अपनाइ रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा नगरपालिकाले अर्को नगरपालिका वा गाँउपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ ।

(३) नगरपालिका शिक्षा समितिले समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक बीच पारस्परिक सरुवा गर्न सक्नेछ । तर सामान्यतया शिक्षकको सरुवा पदस्थापन भएको तीन वर्ष सम्म गरिने छैन ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

२५. **दरवन्दी मिलानः** (१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको दिद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गरी सार्नु पर्नेछ ।

२६. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको कानून बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका शिक्षकहरूको सेवा शर्त तथा बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :** शिक्षकलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

२८. **शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

## परिच्छेद ५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

२९. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातावरण मैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानि, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाई मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परिक्षण, छात्राहरूलाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

(३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३०. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर पालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

**३१. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा

प्रयोग नहुने भएमा नगरपालिकाले कानून बमोजिम भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहनेछ ।

**३२. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) आफ्ना क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरूको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र नगर शिक्षा समितिमा माग गर्नुपर्ने छ ।

(३) नगर शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरूमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षा लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागू हुनेछ ।

(६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामाग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**३३. अतिरिक्त शैक्षिक कृयाकलापको सञ्चालन**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलाप सञ्चालन गर्न सक्ने छ ।

(२) विद्यालयले बालक्लव, तथा वातावरण मैत्री क्लवहरू गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा,खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामूखि कृयाकलापहरू सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ६

## संस्थागत (निजी) विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

**३४. संस्थागत विद्यालय सञ्चालन गर्न नगरपालिकाबाट अनुमति र स्वीकृति**

लिनु पर्नेछ ।

**३५. संस्थागत विद्यालयको व्यवस्थापन समितिः**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(घ) सम्बन्धित क्षेत्रको श्रोतव्यक्ति - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३६. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्न,

(च) अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा श्रम ऐनलाई

आधारमानी तोक्ने

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ,

(ट) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरीतोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नुपर्ने छ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्ने छ ।

**३८. अनुगमन तथा मूल्याङ्कन :** संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**३९. अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद ७

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४०. आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था**

(१) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा नगरपालिका स्तरीय हुनेछ ।

(२) उपदफा १ बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको एक परीक्षा समिति गठन गरिनेछ ।

(क) शिक्षा शाखा प्रमुख - संयोजक

(ख) आधारभुत तथा माध्यमिक तहको प्रधानाध्यापकहरू मध्येबाट नगरपालिका शिक्षा समितिका अध्यक्षले तोकेका ३ जना (सामुदायिक प्र.अ. बाट २ र संस्थागत प्र.अ. बाट १) - सदस्य

(ग) संयोजकले तोकेको स्रोत व्यक्ति वा कर्मचारी - सचिव

(३) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**४१. आधारभूत तह कक्षा ५ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी दायित्व स्रोत केन्द्रको हुनेछ ।**

**४२. कक्षा १० र १२ को वार्षिक परीक्षा बोर्डले तोके बमोजिम हुनेछ ।**

## परिच्छेद ८

## विद्यालयलाई दिईने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

**४३. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**४४. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई

अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरूलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**४५. लेखा व्यवस्थापन**

(१) सबै विद्यालयहरूले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोवारको लेखा राख्न वेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

**४६. सामुदायिक विद्यालयको खाता सञ्चालन**

(१) विद्यालयले आर्थिक कारोवार गर्दा बैंक मार्फत गर्नुपर्ने छ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्ने छ र आधारभुत विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्र.अ. को संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

**४७. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरूले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्ट्रार्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेश गर्नुपर्ने छ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्ने छ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

**४८. छात्रवृतिको व्यवस्था गर्न सक्ने :** नगरपालिकाले विद्यालयमा भर्ना हुने

विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**४९. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुन अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसके पछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख देखि ३ लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**५०. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९

## स्रोतकेन्द्र सम्बन्धी व्यवस्था

**५१. स्रोतकेन्द्र स्थापना :**

(१) नगरपालिका क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको निरीक्षण, तथा शैक्षिक सहजीकरणका लागि न्युनतम एउटा स्रोतकेन्द्र रहने छ । तर ३० भन्दा बढी विद्यालय भएमा दुई ओटा र ५० भन्दा बढी विद्यालय भएमा बढीमा ४ ओटासम्म स्रोतकेन्द्रहरू रहने छन् ।

(२) स्रोतकेन्दमा माध्यमिक तहको स्थाई शिक्षक मध्येबाट तोकिए बमोजिम छनोट गरिएको स्रोतव्यक्ति रहनेछ र शिक्षक एक जना आधारभुत तहको हुनेछ ।

(३) स्रोतकेन्द तथा स्रोतव्यक्तिबाट बार्षिक तथा मासिक कार्ययोजना बनाई शिक्षा शाखा प्रमुख बाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, नमुना कक्षा प्रदर्शन, शैक्षणिक सहयोग, नेपाल सरकार तथा नगरपालिकाको निर्णय, निर्देशन र सूचना प्रवाह तथा कार्यान्वयन गर्नुपर्ने छ ।

## परिच्छेद १०

## प्राविधिक तथा व्यवसायिक शिक्षा

**५२.** नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका साथ सि.टि.ई.भिटी कार्यक्रम निर्धारित विषय अध्यापन गराउन सकिने छ। यस्ता विद्यालयको सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

**५३. खुल्ला तथा विशेष शिक्षा :** नगरपालिका भित्र खुल्ला तथा विशेष शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन केन्द्रको निर्देशनको आधारमा हुनेछ ।

## परिच्छेद ११

## विविध

**५४. विद्यालयको विधानः**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन पकृया लगायतका अन्य

सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्ने छ ।

(२) अभिभावक सभाले विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले नगरपालिका कार्यालयमा पेश गर्नुपर्ने छ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

**५५. नगरपालिकाले निर्देशन दिन सक्ने:**

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५६. विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रको रुपमा कायम गर्नुपर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजनागर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने छ । राजनीती गतिविधि गर्न नपाईने ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५७. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**५८. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन:**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए

बमोजिम हुनेछ ।

५९. **प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

६०. **शिक्षा विकास कोष**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन तोकिएको बमोजिम हुनेछ ।

६१. **दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले विगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

६२. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

६३. **नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६४. **संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगर कार्यपालिकाले दिन सक्नेछ ।

६५. **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

६६. **बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरू बाँझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

# स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ मा स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रूपमा व्यवस्था गरिएकोले स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा संवर्द्धन गर्न, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता हित संरक्षण तथा संवर्द्धन सम्बन्धी कानुनी व्यवस्था गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वालिङ नगरपालिकाको नगर सभाको बैठकबाट पारित गरी यो ऐन जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम "स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६" रहेको छ ।

(ख) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "अनुचित व्यापारिक क्रियाकलाप" भन्नाले यस ऐनको दफा १० बमोजिमको क्रियाकलाप सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता' भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ग) "उपभोक्ता संस्था' भन्नाले उपभोक्ता हित संरक्षण तथा संवर्द्धनको उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको स्थानीय तहको नगरस्तरीय शाखा समेतलाई सम्झनु पर्दछ ।

(घ) "गुणस्तरहीन वस्तु" भन्नाले यस ऐनको दफा १९ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्दछ ।

(ङ) "गुणस्तरहीन सेवा" भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दाबी गरिएकोमा त्यस अनुरूप नभएको भन्ने सम्झनु पर्दछ ।

(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित नेपाल कानुनद्वारा तोकिएको भए सो बमोजिम तोकिएको सम्झनु पर्दछ ।

(छ) "नगरपालिका" भन्नाले वालिङ नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ज) "निरीक्षण अधिकृत" भन्नाले यस ऐनको दफा २६ बमोजिम नियुक्त निरीक्षण अधिकृत सम्झनु पर्दछ ।

(झ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ । सो शव्दले मूल्य लिई वा नलिई बिक्री वितरण गरिने सबै प्रकारका वस्तुलाई जनाउनेछ ।

(ञ) "बजार अनुगमन टोली" भन्नाले नगर कार्यपालिकाबाट यस ऐनको दफा २३ बमोजिम गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(ट) "प्रदायक" भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ ।

(ठ) "लेवल" भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्बिर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्दछ ।

(ड) "समिति" भन्नाले दफा २१ बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिलाई सम्झनु पर्दछ ।

(ढ) "सेवा" भन्नाले, विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढल निकास, वितरण, शिक्षा, वातावरणीय, बैंक तथा वित्तीय, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, यातायात, चिकित्सालगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई सम्झनु पर्दछ ।

(ण) "स्थानीय बजार" भन्नाले वालिङ नगरपालिका क्षेत्रभित्रको वस्तु वा सेवा बजार सम्झनु पर्दछ ।

## परिच्छेद २

## स्थानीय बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. नगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी गर्ने कार्यहरू :**

(१) नगरपालिकाले स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण

सम्बन्धी देहायका कार्यहरू गर्नेछ :

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानुन, मापदण्डहरू तर्जुमा गरी कार्यान्वियन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन र व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन गर्ने,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तीकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरूक उपभोक्ता तथा नैतिकवान् विक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,

(ठ) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनगुमन तथा नियमन गर्ने,

(ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुरपरिवेक्षण तथा अनुगमन गर्ने,

(ढ) स्थानीय बजार व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(२) उपदफा (१) बमोजिम कार्यहरू सम्पन्न गर्न
नगरपालिकाले सरोकारवालाहरूसंगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजना सहित बजेट व्यवस्थापन र कार्यक्रम गर्नेछ ।

## परिच्छेद-३

## उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्वसम्वन्धी व्यवस्था

**४. उपभोक्ताको अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले प्रचलित कानुन बमोजिम उपभोक्तालाई प्राप्त अधिकार सवर्द्धन र संरक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार संरक्षण र संवर्द्धनका लागि नीति तथा कार्यक्रम तयार गर्नेछ ।

(३) नगरपालिकाले विश्व उपभोक्ता अधिकार दिवस मनाउन विविध कार्यक्रम सञ्चालन गर्नेछ ।

(४) उपभोक्ताको अधिकार संरक्षण गर्न नगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्नेछ ।

(५) नगरपालिकाले उपभोक्ता हित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(६) नगरपालिका भित्र उपभोक्ता सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम समितिले तोके बमोजिम हुनेछ ।

५. **वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्व :** नगरपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता र सेवा प्रदायकले प्रचलित कानून बमोजिमको दायित्व पूरा गर्नु पर्नेछ ।

## परिच्छेद ४
## दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजीसम्वन्धी व्यवस्था

६. **व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्था :** (१) नगरपालिका क्षेत्र भित्र बिक्री वितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा बिक्रेताले आफ्नो कारोवार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोवार सञ्चालन गर्नु पर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाट बजार, होमस्टे, महोत्सव, मेला वा पर्या–पर्यटनसँग सम्बन्धित र्‍याफ्टिङ, क्यानिनिङ, प्याराग्लाइडिङ लगायतका व्यवसाय कारोवार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोवार सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रदायक वा विक्रेताले आफूले सञ्चालन गर्ने कारोवारको प्रचलित संघ र प्रदेश कानुन बमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाणसमेत आवेदनका साथ पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम पेस भएको दर्ता वा अनुमतिको आवेदन

उपर नगरपालिकाले छानबिन गरी दर्ता वा स्वीकृत गर्न मिल्ने भए दर्ता वा अनुमति गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ । दर्ता वा अनुमति गर्न नमिल्ने भए सोको स्पष्ट कारणसहित आवेदन दर्ता भएको मितिले सात दिनभित्र आवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(५) कुनै वस्तु वा सेवाको प्रदायक वा विक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नु अघि कुनै निश्चित सर्त पालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमति सम्बन्धी कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(६) नगरपालिकाभित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानुन बमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था दर्ता गर्न चाहेमा नगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ ।

(७) दर्ता, अनुमति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **दर्ता नवीकरण गर्नुपर्ने :** दफा ६ बमोजिमका नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोवार, व्यवसाय, हाट बजार, मेला, महोत्सव, पर्यापर्यटन जस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्तभित्र तोकिए बमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नु पर्नेछ ।

८. **दर्ता तथा अनुमति खारेजी सम्बन्धी व्यवस्था :** (१) नगरपालिकामा दर्ता भएका प्रदायक दर्ता वा अनुमति देहायको अवस्थामा समितिले खारेज गर्न सक्नेछ ।

(क) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

(ख) उद्देश्य विपरीत काम गरेमा,

(ग) यस ऐन तथा यस ऐनअन्तर्गतको नियमको कम्तीमा तीन पटक उल्लंघन गरेमा,

(घ) स्वीकृति बेगर तोकिएको स्थान भन्दा अन्यत्रै कारोवार सञ्चालन गरेमा,

(ङ) आफूले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानि नोक्सानी पुऱ्याएमा,

च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(२) दर्ता वा अनुमति खारेजी गर्नु अघि सुनुवाइको मौका प्रदान गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको खारेजीको निर्णय उपर सम्बन्धितले थाहा पाएको मितिले २१ दिनभित्र प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) प्रदायक दर्ता वा अनुमतिको खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए

बमोजिम हुनेछ ।

९. **प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्ने :** (१) प्रचलित कानुनले तोकेको गुणस्तर वा मापदण्ड भित्र रही उद्योग, फर्म, व्यवसाय, कारोवार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी प्रदायकले व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा नगरपालिकाले तोकेको मापदण्ड वा सर्त पालना गर्नु पर्नेछ ।

## परिच्छेद ५

## अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

१०. **अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुने :** कसैले पनि नगरपालिकाभित्र देहाय बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाइछिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(ख) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्री गर्ने वा गराउने,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(१) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाइ बिक्री गर्ने,

(२) पुनर्निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्टा र भ्रमपूर्ण रूपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(४) उपभोग्य वस्तुको उपभोगबाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार बिना नै त्यस्तो वस्तुको दाबी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने वा बिक्री गर्ने,

(ज) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोवारको सिलसिलामा करार भएको वस्तुको मूल्यसमेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(झ) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिक्री गर्ने,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने,

(ट) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

(ठ) उपभोग्य वस्तु उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ढ) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघसंस्थाको मिलेमतोबाट लागेको लागत र तोकिएभन्दा बढी मूल्य निर्धारण गर्ने वा बिक्री गर्ने,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा शृंखला खडा गरी बिक्री वा प्रदान गर्ने,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने,

(थ) कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने ।

**११. बजारको तह निर्धारण सम्वन्धी व्यवस्था :** (१) नगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि

वस्तु वा सेवाको लागि बजार वा प्रदायकको तह निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएभन्दा बढी तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवाको बिक्री वितरण गर्न पाइने छैन ।

१२. **आपूर्ति व्यवस्थापन :** (१) नगरपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा विक्रेताले गर्नु पर्नेछ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा माग अनुसार उत्पादन, आयात मौज्दात तथा भण्डारणको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरी सो को आधारमा सम्बन्धित प्रदायक वा विक्रेतालाई आपूर्ति व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गर्नेछ ।

(३) नगरपालिका आफैंले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै व्यवस्थापनबाट नगरपालिकाभित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

(४) नगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा विक्रेताले दिनु पर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरी जस्ता कार्य गर्नु गराउनु हुँदैन ।

(६) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यवस्थापन नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि कुनै निजी, सार्वजनिक संस्था वा सहकारीमार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **वस्तु र सेवाको बिक्रीस्थल सम्बन्धी व्यवस्था :** (१) नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न, गराउन पाइने छैन ।

(२) उपदफा (१) बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको बिक्री वितरण गर्न पाइने छैन ।

(३) वस्तु वा सेवा सञ्चालन वा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्ने :** (१) नगरपालिकाले दैनिक उपभोग्य वस्तुहरूको सहज र सुपथ उपलब्धताका लागि सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मूल्यको पसलको मालवस्तुलाई कसैले पनि वढी मूल्यमा बिक्री गर्न गराउन पाइने छैन ।

(३) सुपथ मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **स्थान र समय निर्धारण गर्न सक्ने :** (१) नगरपालिकाले वस्तु वा सेवा वा प्रदायकको बिक्री वितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सो सम्बन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) स्थान वा समय निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **वातावरण सफा र स्वच्छ राख्नुपर्ने :** (१) नगरपालिका क्षेत्रमा कारोवार गर्ने वस्तु वा सेवाका प्रदायकले नगरपालिका क्षेत्रको सरसफाइ र स्वच्छतामा हानि, नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोवार स्थल, सडक, बाटो सफा राख्नु तथा आफूले उत्सर्जन गरेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

## अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्बन्धी व्यवस्था

१७. **अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले समयसमयमा अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम उपभोक्ता मूल्य निर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिका भित्र तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा बिक्री गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने सम्बन्धी व्यवस्था :** (१) वस्तु वा सेवाका प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ ।

(२) उत्पादक वा विक्रेता वा सेवा प्रदायकले खरिद बिक्री सम्बन्धी बिलबिजक दुरुस्त राख्नु पर्नेछ ।

(३) वस्तु वा सेवाको बिल वा बिजक नगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई विक्रेताले बिल दिनु पर्नेछ ।

## परिच्छेद ७

## गुणस्तर सम्बन्धी व्यवस्था

१९. **गुणस्तरहीन वस्तु र सेवाको बिक्री वितरण गर्न नहुने :** (१) कसैले पनि नगरपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गर्न हुँदैन । गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छ :

(क) तोकिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(ख) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

(ग) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा विक्रेताले तोके बमोजिमको गुणस्तर नभएको ।

२०. **लेबल र उपभोग्य म्याद सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाभित्र प्रचलित कानुन बमोजिम लेबल भएको वस्तुमात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण, तथा बिक्रीको लागि राख्नु पर्नेछ ।

(२) गुणस्तरहीन वस्तु वा म्याद गुजेका वस्तु फिर्ता गर्ने, नष्ट गर्ने समेतका

दायित्व सम्बन्धित प्रदायकको हुनेछ ।

## परिच्छेद-८

## समिति र बजार अनुगमन टोलीको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**२१. बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति :** (१) यस ऐन कार्यान्वयन गर्न नगरपालिका भित्र देहाय बमोजिमको बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछ :

(क) नगरपालिकाका उपप्रमुख - संयोजक

(ख) प्रमुखले तोकेको कुनै एक कार्यपालिका सदस्य - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय, स्याङ्जाको प्रतिनिधि (कम्तीमा रा.प.तृतीय श्रेणीको अधिकृत स्तर) - सदस्य

(घ) नगरपालिकाको क्षेत्रभित्र कार्यरत विभिन्न वस्तु र सेवा क्षेत्रका नगर, संघीय वा प्रदेश सरकार अन्तर्गतका कार्यालयका प्रतिनिधि (कम्तीमा रा.प.तृतीय श्रेणीको अधिकृत स्तर) - सदस्य

(ङ) वालिङ नगरपालिका उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(च) उपभोक्ता हित संरक्षण सम्बन्धी संस्थाको नगर अध्यक्ष वा प्रतिनिधि - सदस्य

(छ) नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाका प्रमुख वा निरीक्षण अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र (च) को नियुक्ति र पदावधि तथा समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२२. समितिका काम, कर्तव्य र अधिकार :** (१) समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्यांक संकलन गरी माग बमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गर्ने लागू गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न नगर उपभोक्ता हटलाइन जस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई तिनलाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमन सम्बन्धी कामको मूल्यांकन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) वालिङ नगरपालिका नगर कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वियन गर्ने, गराउने,

(ञ) उपभोक्ता हितविपरीत भएका कार्यमा आवश्यक कानुनी कारवाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) नगरपालिका भित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी माग अनुसारको आपूर्ति व्यवस्थापन गर्ने, गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, विक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहज रूपमा खाद्यान्न लगायतका अन्य दैनिक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने,

(ढ) कुनै ठाउँ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिकतम मौज्दातको परिमाण तोक्ने,

(ण) नगरपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्यवस्तुको अभाव भएमा त्यस्तो खाद्यवस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयातकर्ता वा विक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई बिक्री वितरणको व्यवस्था गर्ने,

(त) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात

लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(थ) उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(द) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ध) आवश्यकता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारवाही गर्ने,

(न) आवश्यकता अनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्ने,

(प) नगरपालिकाको आवश्यकता अनुसार केन्द्रीय, प्रदेश स्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरूलाई बजार अनुगमन गर्न सहजीकरण गर्ने वा लेखी पठाउने ।

(फ) समितिका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट काम कारवाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइल साथ आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको काम कारवाहीको जानकारी समितिलाई गराउनु पर्नेछ ।

(४) समितिले बजार छड्के अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

**२३. बजार अनुगमन टोलीको गठन :** (१) यस ऐन बमोजिम अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्यसूची राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्बन्धमा नियमित रूपमा बजार अनुगमन तथा निरीक्षण गर्न देहाय बमोजिमको वालिङ नगरपालिका बजार अनुगमन टोली गठन हुनेछ ।

क. नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाको प्रमुख - संयोजक

ख. सम्बन्धित वडा समितिको कार्यालयले अनुगमनका लागि तोकेको कर्मचारी - सदस्य

ग. स्थानीय प्रशासनको प्रतिनिधि - सदस्य

घ. स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि - सदस्य

ङ. समितिले मनोनयन गरेको नगरमा क्रियाशील उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्थामध्येबाट एक जना महिलासहित दुई जना - सदस्य

च. वालिङ नगरपालिका उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना - सदस्य

छ. पत्रकार महासंघ स्याङ्जा शाखाका प्रतिनिधि एक जना - सदस्य

ज. समितिले मनोनयन गरेको सम्बन्धित वस्तु वा सेवा क्षेत्रको विज्ञ वा जानकार प्रतिनिधि एक जना - सदस्य

(२) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) बजार अनुगमन टोलीको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) समिति र अनुगमन टोलीको बैठक तथा सेवा सर्त सुविधा र भत्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## बजार अनुगमन सम्बन्धी व्यवस्था

**२४. बजार अनुगमनमा हेर्नुपर्ने विषय :** (१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा देहायका विषय भए नभएको हेर्नु पर्नेछः

(क) विक्रेता वा सेवाप्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान) को प्रमाणपत्र लगायतका आवश्यक कागजातहरू लिएको छ/छैन ? प्रमाणपत्र नियमित रूपमा नवीकरण छ/छैन ?

(ख) विक्रेता वा सेवाप्रदायकले आफ्नो व्यवसायको नगरपालिकाले तोके बमोजिमको साइनबोर्ड राखेको छ/छैन ?

(ग) सेवाप्रदायकले वस्तुको बिक्री कक्षमा मूल्य सूची राखेको छ/छैन ?

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ/छैन ?

(ङ) प्याकेजिङ गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन

(च) औषधी बिक्री गर्न इजाजत प्राप्त व्यक्ति औषधि बिक्री स्थलमा भए/नभएको एवं औषधी बिक्रेता प्रमाणपत्र छ/छैन?

(छ) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ वा छपाइ गरेको छ/छैन ?

(ज) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटेल वधशाला वा माछा, मासु बिक्रीस्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन ?

(झ) विक्रेताले क्रेतालाई वस्तुको बिलबिजक जारी गरेको छ/छैन ?

(ञ) अन्य तोकिए बमोजिमका कुराहरू

(२) बजार अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण कार्य गर्दा देहायको विषयमा ध्यानदिनु पर्नेछः

(क) अनुगमन भ्रमणको टिपोट सम्बन्धी फाराम साथ लिई जानु पर्नेछ ।

(ख) अनुगमन भ्रमण सम्बन्धी सूची (चेक लिस्ट) साथ लिई जानु पर्नेछ ।

(ग) स्थानीय प्रशासन र प्रहरीलाई अनुगमनपूर्व वा अनुगमनपछि सूचना गर्न तयारी गर्नुपर्नेछ ।

(घ) अत्यावश्यक वस्तु तथा सेवामध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषय सूची तयार गर्नुपर्नेछ ।

(ङ) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(च) अनुगमन वा निरीक्षण गर्न जानुअगावै तालिका बनाई आवश्यक पर्ने साधन, सहयोग आदिको पूर्वतयारी गर्नु पर्नेछ ।

(छ) आकस्मिक/आवधिक/प्रवर्द्धनात्मक/उद्देश्यमूलक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पूर्वको गोपनीयता कायम गर्नुपर्नेछ ।

(ज) अन्य तोकिए बमोजिमका कुराहरू ।

(३) अनुगमनकर्ताले अनुगमनका क्रममा प्रदायकसँग तोकिए बमोजिमको व्यवहार गर्नुपर्नेछ ।

(४) अनुगमन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**२५. आचार संहिता :** अनुगमन गर्दा तोकिए बमोजिम आचार संहिता पालना गर्नुपर्नेछ ।

## परिच्छेद १०

## निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

**२६. निरीक्षण अधिकृतको नियुक्ति :** (१) नगरपालिकाले प्रचलित कानुन वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान तहकिकात लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रूपमा नियुक्ति गर्न वा खटाउन सक्नेछ ।

(२) नगरपालिकाले आवश्यक देखेमा प्रचलित नेपाल कानुन वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा प्रदेश व्यापार तथा व्यवसाय ऐन बमोजिमको कुनै निरीक्षण अधिकृत तोक्नको लागि कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्नेछ ।

(३) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार :** निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा प्रवेश गर्न,

(ख) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउने,

(छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश लिन उपयुक्त देखिएमा सो आदेश दिने,

(ज) आवश्यकतानुसार अनुगमनका क्रममा उत्पादनस्थल, गोदाम र पसलको खानतलासी गर्ने,

(झ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२८. **निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधि :** निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि प्रचलित कानुन बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## कसुर र सजाय सम्बन्धी व्यवस्था

२९. **कसुर गरेको मानिने :** कसैले देहायको कामकारवाही गरे गराएमा यस

ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ :

क) दफा ६(१) वा (२) बिपरीत दर्ता वा अनुमति नलिई कारोवार सञ्चालन गरे, गराएमा ।

ख) दफा ७ बमोजिम नवीकरण नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

घ) दफा १० बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

ङ) दफा ११ (२) बमोजिम तोकिएभन्दा बढी बजार तह कायम गरी बिक्री बितरण गरे, गराएमा ।

च) दफा १२ (४) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्य वृद्धि र नाफाखोरीजस्ता कार्य गरे, गराएमा ।

छ) दफा १३ (१) बमोजिम नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गरे, गराएमा

ज) दफा १३ (२) बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्री वितरण गरे, गराएमा ।

झ) दफा १४ (२) बिपरीत बढी मूल्यमा बिक्री गरे गराएमा ।

ञ) दफा १६ (१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

ट) दफा १७ (२) बमोजिम तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी वस्तु वा सेवा बिक्री गर्न गरे, गराएमा ।

ठ) दफा १८ बमोजिमको कार्य पुरा नगरेमा ।

ड) दफा १९(१) बमोजिम गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गरे, गराएमा ।

**३०. जरिवाना सम्बन्धी व्यवस्था :** (१) कसैले दफा २९ अन्तर्गत कसुर गरे, गराएमा कसुरको मात्रा हेरी निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :

(क) खण्ड (क), (ग) र (ङ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म ।

(ख) खण्ड (ख), (छ), (ज), (झ) र (ठ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म ।

(ग) खण्ड (घ), (च), (ञ) र (ट) र (ड) बमोजिमको कसुर गर्ने वा गराउनेलाई १५ हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म ।

(२) निरीक्षण अधिकृतले यस दफा बमोजिम जरिवाना गर्नुपर्ने कारण र जरिवाना गरेको रकम लगायतको सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिवाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिवाना नतिर्ने, नबुझाउने प्रदायक विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछ :

(क) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने,

(ख) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य वस्तुसमेत रोक्का राख्ने,

(४) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले १५ दिनभित्र जिल्ला अदालत वा उपभोक्ता अदालत समक्ष पुनरावेदन गर्न सक्ने ।

(५) अन्य दफाहरूमा जेसुकै लेखिए पनि यस ऐन बमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा बाहेक कम जरिवानासम्म हुन सक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकारी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा समिति, बजार अनुगमन समिति वा नगर बजार निरीक्षण अधिकृतले एउटा प्रदायकलाई बढीमा फरकफरक प्रकृतिको कसुरमा गरी वढीमा दुई पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कारवाही स्थगन गर्न सक्नेछ ।

**३१. सजाय सम्बन्धी अन्य व्यवस्था :** (१) दफा ३० मा उल्लिखित जरिवाना सम्बन्धी व्यवस्था बाहेकको कसुरमा प्रचलित नेपाल कानुन बमोजिम सजाय हुनेछ ।

(२) यस ऐन बमोजिम गरिएको जरिवानाले प्रचलित कानुन बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-१२

## उजुरी तथा तहकिकात सम्बन्धी व्यवस्था

**३२. उजुरी दिन सक्ने :**

(१) यस ऐन वा यस ऐनअन्तर्गतको नियम विपरीत कुनै प्रदायकले कुनै कसुर गरेको पाइएमा नगरपालिका वा समिति वा टोली वा निरीक्षण अधिकृत समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले उजुरी वा सार्वजनिक

सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा .समिति वा बजार अनुगमन समिति वा बजार अनुगमन टोलीले एक आपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाउनेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारवाहीमा चित्त नबुझेमा प्रदायकले समिति समक्ष लिखित रूपमा उजुरी दिन सक्नेछ ।

**३३. सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखि पठाउन सक्ने :** (१) यस ऐन बमोजिमको अनुगमन वा उजुरीबाट प्रचलित कानुन बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानबिन र अनुसन्धानका लागि लेखि पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखि पठाएको विषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले जानकारी गराउनु पर्नेछ ।

**३४. प्रचलित कानुन बमोजिम मुद्दा चलाउन बाधा नपुग्ने :** यस ऐन बमोजिम कसुर ठहर्ने कसुर अन्य कानुनबाट समेत कसुर ठहरिने रहेछ भने त्यस्तो कानुन बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

**३५. सूचना दिने, अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने :** (१) यस ऐन बमोजिमको कसुरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसुरदारबाट असुल भएको बिगोको २५ प्रतिशत रकम त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार दिइनेछ ।

(२) यस ऐन बमोजिमको कसुरका सम्बन्धमा सही सूचना दिने र अनुसन्धान काम कारवाहीमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्थालाई सूचना संकलन गर्दा वा सूचना दिँदा लागेको उचित खर्च रकम नगरपालिकाले प्रोत्साहन स्वरूप दिनेछ ।

(३) यस दफा बमोजिम सूचना दिने व्यक्तिले चाहेमा नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचना सम्बन्धी विवरण गोप्य राखिनेछ ।

## परिच्छेद -१३
## विविध

**३६. समितिको कार्यक्रम तथा बजेट :**

(१) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नेछ ।

(३) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ता हित सरक्षणसँग सम्बन्धित संघसंस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**३७. स्थानीय प्रशासनको कर्तव्य :** समिति, बजार अनुगमन समिति वा टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**३८. असल नियतले गरेका काम बचाउ :** यस ऐन बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारवाही हुने छैन ।

**३९. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने :**

(१) यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) नगरपालिकाले यस ऐन र यस ऐन अन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकतानुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**प्रमाणीकरण मिति : २०७७।०५।२६ गते**

**राजपत्रमा प्रकाशित मिति : २०७७।११।०२ गते**

आज्ञाले,

**जीवन झवाली**

प्रमुख प्रशासकीय अधिकृत

# न्यायिक समितिको कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

मिति २०८१/९/२२ मा थप गरिएको❖

**प्रस्तावनाः** न्यायिक समितिले विवादको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिको सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, वालिङ नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस एनको नाम न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "निवेदन" भन्नाले विवादको कारवाही र किनारा गर्नको लागि न्यायिक समिति समक्ष दफा ६ बमोजिम परेको निवेदन सम्झनु पर्छ ।

(ख) "निवेदक" भन्नाले निवेदन दर्ता गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "निर्णय" किताब भन्नाले न्यायिक समितिले विवादको सम्बन्धमा गरेको निर्णयको अभिलेख राख्नको लागि खडा गरेको निर्णय किताब सम्झनु पर्छ ।

(घ) "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ ।

(ङ) "पक्ष" भन्नाले विवादको निवेदक तथा प्रतिवादी सम्झनु पर्छ ।

(च) "प्रतिउत्तर पत्र" भन्नाले निवेदनको दावी स्वीकार वा इन्कार गरी न्यायिक समिति समक्ष पेश गरेको लिखित जवाफ सम्झनु पर्छ र सो शब्दले प्रतिउत्तर सरहको बयानलाई समेत जनाउँछ

(छ) "प्रतिवादी" भन्नाले प्रतिउत्तर पत्र पेश गर्ने व्यत्ति सम्झनु पर्छ र सो शब्दले प्रतिवादी सरह बयान गर्ने वा न्यायिक समितिले प्रतिवादी कायम गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(ज) "मिसिल" भन्नाले निवेदन प्रतिउत्तर पत्र तथा सोसँग सम्बन्धित सवुत प्रमाण र अन्य कागजात संकलन गरी न्यायिक समितिमा राखिएको विवादसँग सम्बन्धित फाइल सम्झनु पर्छ ।

(झ) "विवाद" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ बमोजिमको विवाद सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम न्यायिक समितिबाट निरुपण हुने भनी उल्लेख भएका

विवादलाई समेत जनाउँछ ।

(ञ) “सभा” भन्नाले नगर सभा सम्झनु पर्छ ।

## परिच्छेद २
## न्यायिक समितिको अधिकार

**३. निवेदन उपर निर्णय गर्ने अधिकार :** न्यायिक समितिमा दर्ता भएको निवेदनमा मेलमिलाप गराउने वा त्यस्तो निवेदन उपर निर्णय गर्ने अधिकार न्यायिक समितिलाई मात्र हुनेछ ।

**४. यस ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्ने :** (१) न्यायिक समितिले आफू समक्ष परेको निवेदनमा मेलमिलाप वा निर्णय गर्दा यस ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खास किसिमको कुनै विवादको सम्बन्धमा प्रचलित कानूनमा छुट्टै कार्यविधि तोकिएकोमा त्यस्तो विवादको हकमा न्यायिक समितिले सोही कार्यविधि अवलम्वन गर्नु पर्नेछ ।

**५. न्यायिक समितिले विवाद हेर्ने अवस्था :** न्यायिक समितिले विवादमा क्षेत्राधिकार ग्रहण गरी कारवाही र किनारा गर्दा देहायको अवस्था विद्यमान भएको हुनु पर्नेछ :-

(क) अचल सम्पत्ति समावेश रहेको विवादमा सो अचल सम्पत्ति आफ्नो नगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेको,

(ख) कुनै घटना वा कार्य सम्बन्धी निवेदन रहेकोमा सो घटना वा कार्य आफ्नो नगरपालिकाको भौगोलिक क्षेत्रभित्र घटेको वा भएको,

(ग) खण्ड (क) र (ख) को अवस्था बाहेकको विषयमा विवादको दुवै पक्ष आफ्नो नगरपालिकाको क्षेत्रभित्र बसोबास गरिरहेको,

(घ) कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि न्यायिक समितिमा प्रेषित गरिएका ।

## परिच्छेद-३
## निवेदनको दर्ता

**६. निवेदन दिनुपर्ने :** (१) कुनै विवादमा निवेदन दिन चाहने व्यक्तिले अनुसूची (१) बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित विवरण तथा कागजात समेत संलग्न गरी न्यायिक समिति समक्ष लिखित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित विवरणको अतिरिक्त प्रचलित कानूनमा अन्य कुनै प्रकृया वा अन्य विवरण समेत संलग्न गर्नु पर्ने भएमा निवेदन साथ सो समेत खुलेको हुनु पर्नेछ ।

(३) कुनै किसिमको क्षतिपूर्ति भराउनु पर्ने तथा बण्डा लगाउनु पर्ने अवस्थाको निवेदन भए त्यस्तो क्षतिपुर्ति वा बण्डा वा चलनको लागि सोसँग सम्बन्धित अचल सम्पत्तिको विवरण समेत खुलेको हुनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम लिखित रुपमा निवेदन दिन असमर्थ पक्षले आफूले दर्ता गराउन चाहेको विवादको व्यहोरा मौखिक रुपमा सुनाएकोमा दर्ता अधिकारीले सोही व्यहोरा खुलाई निजले भने बमोजिम अनुसूची (१) को ढाँचामा निवेदन तयार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै निवेदन दिएकोमा दर्ता अधिकारीले त्यस्तो निवेदन सम्बन्धित निवेदकबाट सनाखत गराएर मात्र निवेदन उपर अन्य आवश्यक कारवाही गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम निवेदन दिँदा एक सय रुपैयाँ दस्तुर लाग्नेछ ।

तर प्रचलित कानूनले निवेदन दर्ता दस्तुर नलाग्ने भनेको हकमा त्यस्तो दर्ता दस्तुर लाग्ने छैन ।

**७. निवेदनको जाँच तथा दर्ता :** (१) दर्ता अधिकारीले दफा (६) बमोजिम प्राप्त निवेदनमा आवश्यक जाँचबुझ गर्दा देहायको शर्त पुरा भएको भएमा अनुसूची (२) बमोजिमको दर्ता किताबमा त्यस्तो निवेदन दर्ता गरी सम्बन्धित निवेदकलाई अनुसूची (३) को ढाँचामा दर्ताको निस्सा दिनु पर्नेछ :-

(क) प्रचलित कानूनले तोकेको हदम्यादभित्र रहेको ;

(ख) प्रचलित कानून बमोजिम न्यायिक समितिको क्षेत्राधिकारभित्र रहेको ;

(ग) कानून बमोजिम लाग्ने दस्तुर दाखिल भएको ;

(घ) निवेदन गर्ने हकदैया निवेदकलाई रहेको ;

(ङ) कुनै सम्पत्ति वा अधिकारसँग सम्बन्धित विषयमा विवाद निरुपण गर्नुपर्ने विषय निवेदनमा समावेश रहेकोमा त्यस्तो सम्पत्ति वा अधिकारको विषयमा निवेदन गर्ने निवेदकको हक स्थापित भएको प्रमाण पेश भएको ;

(च) निवेदनमा उल्लिखित विवादको विषयमा अदालत वा अन्य न्यायिक समितिमा कारवाहीको क्रममा नरहेको ;

(छ) लिखतमा पुरा गर्नु पर्ने अन्य रित पुगेको ।

(२) उपदफा (१) बमोजिम निवेदन तथा अन्य विवरणको जाँच गर्दा निवेदनको रित नपुगेको वा आवश्यक अन्य विवरण नपुगेको भएमा दर्ता अधिकारीले सम्बन्धित निवेदकलाई निवेदन फिर्ता दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम कुनै निवेदन उपर जाँचबुझ गर्दा निवेदन दर्ता गर्न नमिल्ने भएमा दर्ता अधिकारीले सो सम्बन्धमा अभिलेख राखी सो को लिखित कारण सहित सम्बन्धित निवेदकलाई निवेदन फिर्ता दिनु पर्नेछ ।

(४) यस दफा बमोजिम दर्ता गर्न नमिल्ने निवेदन कुनै कारणले दर्ता भएकोमा सो व्यहोरा जानकारी भएपछि उक्त निवेदन जुनसुकै अवस्थामा रहेको भए तापनि न्यायिक समितिले निवेदन खारेज गरी सम्बन्धित निवेदकलाई त्यसको जानकारी दिनु पर्नेछ ।

**८. लिखत प्रमाण पेश गर्नुपर्ने** (१) निवेदकले निवेदन साथ पेश गर्नु पर्ने प्रत्येक लिखत प्रमाणको कम्तीमा एक प्रति नक्कल निवेदन साथै पेश गर्नु पर्नेछ ।

(२) दर्ता अधिकारीले उपदफा (१) बमोजिम पेश भएका लिखत प्रमाणको नक्कल प्रतिलाई त्यसको सक्कल प्रतिसँग भिडाई त्यस्तो लिखतमा कुनै कैफियत जनाउनु पर्ने भए सो समेत जनाई सो लिखत प्रमाण सम्बन्धित मिसिलमा राख्नु पर्नेछ ।

(३) निवेदकले प्रतिवादीको लागि निवेदन तथा संलग्न लिखत प्रमाणहरूको नक्कल साथै पेश गर्नुपर्नेछ ।

(४) न्यायिक समितिले विवादको कारवाहीको क्रममा निवेदन साथ पेश गरेको कुनै लिखत प्रमाणको सक्कल पेश गर्न आदेश दिएमा निवेदकले सो आदेश बमोजिमको सक्कल लिखत प्रमाण पेश गर्नु पर्नेछ ।

**९. निवेदनमा संशोधनः** (१) निवेदकले न्यायिक समितिमा दर्ता भइसकेको लिखतमा लेखाई वा छपाईको सामान्य त्रुटि सच्याउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदनमा सच्याउदा निवेदनमा गरिएको माग वा दाविको मुलभुत पक्षमा फरक नपर्ने र नाम थर ठेगाना उमेर मिति जस्ता सामान्य प्रकारको संशोधन माग गरेको भएमा दर्ता अधिकारीले सो बमोजिम सच्याउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम संशोधन भएमा सो को जानकारी निवेदनको प्रतिवादीलाई समेत दिनुपर्नेछ ।

## परिच्छेद-४

## म्याद तामेली तथा तारिख

**१०. म्याद वा सूचना तामेल गर्नेः** (१) दर्ता अधिकारीले दफा (७) बमोजिम निवेदन दर्ता भएपछि दुईदिनभित्र प्रतिवादीका नाममा प्रचलित कानूनमा म्याद तोकिएको भए सोही बमोजिम र नतोकिएको भए पनि बुझी कति दिनको म्याद दिई सम्बन्धित वडा कार्यालय मार्फत उक्त म्याद वा सूचना तामेल गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद वा सूचना तामेल गर्दा निवेदन तथा त्यस्तो निवेदन साथ पेश भएको प्रमाण कागजको समेत संलग्न गरी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जनाभन्दा बढि प्रतिवादीलाई म्याद दिनुपर्दा प्रमाण कागजको नक्कल कुनै एकजना मुल प्रतिवादीलाई पठाई बाँकीको म्यादमा प्रमाण कागजको नक्कल फलानाको म्याद साथ पठाइएको छ भन्ने व्यहोरा लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको म्याद वडा कार्यालयले तीन दिनभित्र तामेल गरी तामेलीको व्यहोरा न्यायिक समितिमा पठाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम म्याद तामेल हुन नसकेमा देहाय बमोजिमको विद्युतीय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गर्नु पर्नेछ ।

(क) म्याद तामेल गरिनुपर्ने व्यक्तिको कुनै फ्याक्स वा ईमेल वा अन्य कुनै अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट

(ख) प्रतिवादीले म्याद तामेली भएको जानकारी पाउन सक्ने मनासिव आधार छ भन्ने देखिएमा न्यायिक समितिको निर्णयबाट कुनै स्थानीय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर वा स्थानीय एफ.एम. रेडियो वा स्थानीय टेलिभिजनबाट सूचना प्रसारण गरेर

(ग) अन्य कुनै सरकारी निकायबाट म्याद तामेल गराउँदा म्याद तामेल हुन सक्ने मनासिव कारण देखिएमा न्यायिक समितिको आदेशबाट त्यस्तो सरकारी निकाय मार्फत ।

(६) यस ऐन बमोजिम म्याद बुझाउँदा म्याद बुझ्ने पक्षबाट अनुसूची (४) बमोजिमको ढाँचामा भरपाई गराउनु पर्नेछ ।

**११. रोहबरमा राख्नु पर्ने :** यस ऐन बमोजिम वडा कार्यालय मार्फत तामेल गरिएको म्यादमा सम्बन्धित वडाको अध्यक्ष वा वडा सदस्य र कम्तीमा दुईजना स्थानीय व्यक्ति रोहवरमा राख्नु पर्नेछ ।

**१२. रित बेरित जाँच गर्ने :** (१) दर्ता अधिकारीले म्याद तामेलीको प्रतिवेदन प्राप्त भएपछि रितपुर्वकको म्याद तामेल भएको छ वा छैन जाँच गरी आवश्यक भए सम्बन्धित वडा सचिवको प्रतिवेदन समेत लिई रितपुर्वकको देखिए मिसिल सामेल राखी तथा सो म्याद बेरितको भनी कसैबाट उजुर परी बुझ्दा बेरितको देखिए बदर गरी पुनः म्याद तामेल गर्न लगाई तामेली प्रति मिसिल सामेल राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा सम्बन्धित कर्मचारीले बदनियत राखी कार्य गरेको देखिए दर्ता अधिकारीले सो व्यहोरा खुलाई न्यायिक समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनको व्यहोरा उपयुक्त देखिए न्यायिक समितिले सम्बन्धित कर्मचारी उपर आवश्यक कारवाहीको लागि कार्यपालिका समक्ष लेखी पठाउन सक्नेछ ।

**१३. तारिखमा राख्नु पर्ने :** (१) दर्ता अधिकारीले दफा ७ बमोजिम निवेदन दर्ता गरेपछि निवेदकलाई तारिख तोकी तारिखमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तारिख तोक्दा अनुसूची ५ बमोजिमको ढाँचामा तारिख भरपाई खडा गरी सम्बन्धित पक्षको दस्तखत गराई मिसिल सामेल राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तारिख भरपाईमा तोकिएको तारिख तथा उक्त मितिमा हुने कार्य समेत उल्लेख गरी सम्बन्धित पक्षलाई अनुसूची ६ बमोजिमको ढाँचामा तारिखपर्चा दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम तारिख तोक्दा तारिख तोकिएको दिन गरिने कामको व्यहोरा तारिख भरपाई तथा तारिख पर्चामा खुलाई निवेदनका दुवै पक्षलाई एकै मिलानको मिति तथा समय उल्लेख गरी एकै मिलानको तारिख तोक्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको तारिखमा कुनै पक्ष हाजिर नभए पनि तोकिएको कार्य सम्पन्न गरी अर्को तारिख तोक्नु पर्ने भएमा हाजिर भएको पक्षलाई तारिख तोकी समयमा हाजिर नभई पछि हाजिर हुने पक्षलाई अघि हाजिर भई तारिख लाग्ने पक्षसँग एकै मिलान हुनेगरी तारिख तोक्नु पर्नेछ ।

(६) यस दफा बमोजिम तोकिएको उपस्थित भएका पक्षहरूलाई साथै राखी न्यायिक समितिले निवेदनको कारवाही गर्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै लेखिएको भए तापनि तोकिएको तारिखमा कुनै पक्ष उपस्थित नभए पनि न्यायिक समितिले विवादको विषयमा कारवाही गर्न बाधा पर्ने छैन ।

**१४. म्याद तथा तारिख गुजार्न नहुने :** विवादको कुनै पनि पक्षले विवादको सम्बन्धमा न्यायिक समितिबाट दिइएको म्याद वा तारिख गुजार्न हुदैन ।

**१५. गुज्रेको म्याद वा तारिख थमाउन सक्ने :** (१) दफा १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विवादमा काबु बाहिरको परिस्थिति उत्पन्न भई

तोकिएको म्याद वा तारिखका दिन न्यायिक समितिमा उपस्थित हुन नसकी म्याद वा तारिख गुज्रेकोमा गुजार्ने पक्षले म्यादको हकमा पन्ध्र दिनसम्म एकपटक र तारिखको हकमा बढिमा एकपटक सात दिनसम्म थमाउन सक्नेछ ।

(२) गुज्रिएको म्याद वा तारिख थामिने अवस्था सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद – ५

## प्रतिउत्तर पत्र सम्बन्धी व्यवस्था

**१६. प्रतिउत्तर पत्र पेश गर्नु पर्ने :** (१) प्रतिवादीले दफा १० बमोजिम म्याद वा सूचना प्राप्त भएपछि म्याद वा सूचनामा तोकिएको समयावधिभित्र दर्ता अधिकारी समक्ष अनुसूची–७ बमोजिमको ढाँचामा लिखित प्रतिउत्तर पत्र पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिउत्तर पत्र पेश गर्दा प्रतिवादीले विवाद सम्बन्धी प्रमाण तथा कागजातका प्रतिलिपि साथै संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनुसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम लिखित प्रतिउत्तर पत्र पेश गर्न असमर्थ पक्षले आफूले पेश गर्न चाहेको व्यहोरा मौखिक रुपमा सुनाएकोमा दर्ता अधिकारीले सोही व्यहोरा खुलाई निजले भने बमोजिम अनुसुची–७ को ढाँचामा प्रतिउत्तर पत्र तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिउत्तर पत्र पेश गरेकोमा दर्ता अधिकारीले त्यस्तो प्रतिउत्तर पत्र सम्बन्धित प्रतिवादीबाट सनाखत गराएर मात्र त्यस उपर अन्य आवश्यक कारवाही गर्नु पर्नेछ ।

(५) प्रतिवादीले यस दफा बमोजिम प्रतिउत्तर पत्र पेश गर्दा एक सय रुपैयाँ दस्तुर लाग्नेछ ।

तर प्रचलित कानूनले प्रतिउत्तर पत्र दर्ता दस्तुर नलाग्ने भनेको हकमा त्यस्तो दर्ता दस्तुर लाग्ने छैन ।

**१७. प्रतिउत्तर पत्रको जाँच तथा दर्ताको निस्सा :** (१) दर्ता अधिकारीले दफा १६ बमोजिम पेश भएको प्रतिउत्तर पत्र जाँच गरी कानून बमोजिमको रित पुगेको तथा म्यादभित्र पेश भएको देखिए दर्ता गरी न्यायिक समिति समक्ष पेश हुने गरी मिसिल सामेल गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिउत्तर पत्रको जाँच गर्दा प्रतिउत्तर पत्रको रित नपुगेको वा आवश्यक अन्य विवरण नखुलेको भएमा दर्ता अधिकारीले सम्बन्धित पक्षलाई निवेदनको रित पुर्‍याउन वा अन्य आवश्यक विवरण

खुलाउन लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रतिउत्तर पत्र दर्ता गरे पछि दर्ता अधिकारीले सम्बन्धित पक्षलाई अनुसूची-३ को ढाँचामा दर्ताको निस्सा दिई निजलाई तारिखमा राख्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रतिवादीलाई तारिखमा राख्ने सम्बन्धी व्यवस्था दफा १३ मा उल्लेख भए बमोजिम हुनेछ ।

१८. **प्रतिउत्तर पत्रमा संशोधन :** (१) प्रतिउत्तर पत्र दर्ता गर्ने पक्षले न्यायिक समितिमा दर्ता भइसकेको लिखतमा लेखाइ वा छपाईको सामान्य त्रुटि सच्याउन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा माग बमोजिम सच्याउदा प्रतिउत्तर पत्रमा गरिएको माग वा दावीको मूलभूत पक्षमा फरक नपर्ने र नाम थर ठेगाना उमेर मिति जस्ता सामान्य प्रकारको संशोधन माग गरेको भएमा दर्ता अधिकारीले सो बमोजिम सच्याउन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम संशोधन भएमा सो को जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद – ६
## मेलमिलाप सम्बन्धी व्यवस्था

१९. **मेलमिलाप गराउने :** (१) न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिमको विवाद वा प्रचलित कानून बमोजिम न्यायिक समितिबाट निरुपण हुने भनी तोकिएका विवाद वा प्रचलित कानून बमोजिम मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने विवादमा मेलमिलाप गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवादको समाधान मेलमिलापको माध्यमबाट गर्नको लागि विवादका पक्षहरूले अनुसूची-८ बमोजिमको ढाँचामा न्यायिक समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) प्रचलित कानूनले मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने विवाद मेलमिलापको माध्यमबाट समाधान गर्न पक्षहरू सहमत भई संयुक्त रुपमा न्यायिक समिति समक्ष निवेदन दिएमा उक्त विवाद जुनसुकै अवस्थामा विचाराधीन रहेको भए तापनि न्यायिक समितिले त्यस्तो विवाद मेलमिलापको माध्यमबाट समाधान गर्न आदेश दिन सक्नेछ ।

२०. **मेलमिलापको लागि प्रोत्साहन गर्ने :** (१) न्यायिक समितिले न्यायिक समिति समक्ष पेश भएको निवेदनमा मेलमिलाप हुनसक्ने सम्भावना रहेको

देखेमा पक्षहरूलाई मेलमिलापको लागि तारिख तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको तारिखको दिन न्यायिक समितिले विवादका पक्ष तथा विपक्ष उपस्थित भएसम्म पक्षले पत्याई साथै लिइ आएका अन्य व्यक्ति समेत उपस्थित गराई मेलमिलापको लागि छलफल गराई पक्षहरूको बीचमा सहमति भएमा सहमति भए बमोजिम अनुसूची-९ बमोजिमको ढाँचामा मिलापत्रको लिखत तयार गरी मिलापत्र गराईदिनु पर्नेछ ।

(३) निवेदनमा तोकिएको म्यादमा न्यायिक समिति समक्ष उपस्थित नभएको वा उपस्थित भएर पनि तारिख गुजारी तारिखमा नरहेको पक्ष अथवा विवादमा पक्ष कायम नभएको भए तापनि विवादको पेटबोलीबाट निवेदनको पक्ष कायम हुने देखिएको व्यक्ति समेत मेलमिलापको लागि उपस्थित भएमा न्यायिक समितिले मेलमिलाप गराई मिलापत्रको लिखत गराइदिनु पर्नेछ ।

(४) यस दफा बमोजिम न्यायिक समितिमा तत्काल मिलापत्र हुन नसक्ने अवस्था भएमा त्यस्तो विवादको समाधानको लागि न्यायिक समितिले मेलमिलापकर्ता वा दफा २४ बमोजिमको वडा सतरीय मेलमिलाप केन्द्र वा सामुदायिक मेलमिलाप संयन्त्रमा पठाउन सक्नेछ ।

**२१. मेलमिलापकर्ताको सूची तयार गर्ने :** (१) देहायको योग्यता पुगेको व्यक्ति वा संस्थाले न्यायिक समिति समक्ष मेलमिलापकर्ताको रुपमा सुचीकृत हुनको लागि न्यायिक समितिले तोके बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ

(क) नेपाली नागरिक,

(ख) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) स्थानीय स्तर समाजसेवीको रुपमा पहिचान बनाएको,

(घ) प्रचलित कानून बमोजिम मेलमिलापकर्ताको तालिम लिई मेलमिलापकर्ताका रुपमा कार्य गर्दै आएको,

(ङ) पच्चीस वर्ष उमेर पुरा भएको,

(च) नैतिक पतन देखिने कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(छ) दामासाहीमा नपरेको,

(ज) होस ठेगानमा रहेको,

(झ) मेलमिलाप सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिमको योग्यता पुगेको ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनको आधारमा न्यायिक समितिले

मेलमिलापकर्ताको सूची तयार गर्नु पर्नेछ ।

(३) न्यायिक समितिले उपदफा (२) बमोजिम तयार भएको सूचीलाई प्रत्येक वर्ष अद्यावधिक गराउनु पर्नेछ ।

(४) न्यायिक समितिले उपदफा (२) र (३) बमोजिमको सूचीलाई सभामा पेश गरी अनुमोदन गराई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ र मेलमिलापको लागि पठाउँदा प्रत्येक पक्षलाई सो सूची उपलब्ध गराउनु पर्नेछ ।

**२२. मेलमिलापकर्तालाई सूचीबाट हटाउने :** (१) न्यायिक समितिले देहायको अवस्थामा कुनै मेलमिलापकर्ताको नाम मेलमिलापकर्ताको सूचीबाट हटाउनु पर्नेछ :-

(क) निजको मृत्यु भएमा,

(ख) निजले आफ्नो नाम सूचीबाट हटाउनको लागि निवेदन दिएमा,

(ग) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

(घ) नगरपालिकाको सिमाना बाहिर बसाइँ सरी गएमा,

(२) उपदफा (१) बमोजिम सूचीबाट नाम हटाइएको मेलमिलापकर्ताको नाम न्यायिक समितिले सार्वजनिक सूचना मार्फत प्रकाशन गर्नु पर्नेछ ।

**२३. मेलमिलापको लागि पठाउँ पुरा गर्नु पर्ने प्रक्रियाः** न्यायिक समितिले दफा १९ बमोजिम निवेदन प्राप्त भई मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउँदा पक्षहरूलाई सम्बन्धित मेलमिलापकर्ताको सम्पर्क उपलब्ध गराई मेलमिलापकर्ता समक्ष उपस्थित हुने तारिख तोकी देहाय बमोजिमको कागजात संलग्न गरी लेखी पठाउनु पर्नेछ :-

(क) निवेदनको सारसंक्षेप वा मुख्य मुख्य कागजातको प्रतिलिपि,

(ख) निवेदनको पक्ष वा वारेस भए वारेसको नाम थर वतन र उपलब्ध भएसम्म टेलिफोन नम्बर ईमेल फ्याक्स तथा अन्य सम्पर्क विवरण,

(ग) मेलमिलाप सम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने स्थान र समय,

(घ) अन्य आवश्यक कागजात तथा विवरण ।

**२४. मेलमिलाप केन्द्रमा पठाउन सक्ने** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक समितिले दफा १९ बमोजिम मेलमिलापको लागि निवेदन प्राप्त भएमा आवश्यक प्रक्रिया पूरा गरी वालिङ नगरपालिकाको वडास्तरमा गठित मेलमिलाप केन्द्र वा मेलमिलाप सम्बन्धी प्रचलित कानून बमोजिमको समुदायमा आधारित मेलमिलाप संयन्त्रमा मेलमिलापको लागि पठाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षहरूले आपसी सहमतिमा न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेको विवादमा मेलमिलापको माध्यमबाट समाधानको लागि सिधै वडास्तरको मेलमिलाप केन्द्रमा निवेदन दिन सक्नेछ ।

(३ उपदफा (२) बमोजिम कुनै निवेदन प्राप्त भएमा सो सम्बन्धमा वडास्तरको मेलमिलाप केन्द्रले न्यायिक समितिलाई जानकारी दिई न्यायिक समितिको निर्देशन बमोजिम त्यस्तो निवेदन उपर मेलमिलापको कारवाही अगाडि बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम न्यायिक समितिको निर्देशन अनुसार मेलमिलापको कार्य सम्पन्न भई पक्षहरू बीच मिलापत्र भएमा वडास्तरको मेलमिलाप केन्द्रले दफा २९ को उपदफा (१) बमोजिम मिलापत्रको कागज तयार गरी विवाद सम्बद्ध कागजात सहित न्यायिक समिति समक्ष अभिलेखको लागि पठाउने र पक्षहरू बीच मिलापत्र हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी न्यायिक समिति समक्ष उपस्थित हुने मिति तोकी सम्बद्ध कागजात सहित पक्षहरूलाई पठाउनु पर्नेछ ।

(५) वडा स्तरीय मेलमिलाप केन्द्रले मेलमिलाप गराउँदा यस ऐन तथा मेलमिलाप सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

**२५. मेलमिलापकर्ताको छनौट र मेलमिलापको समयावधि :**

(१) न्यायिक समितिले मेलमिलाप गराउने कार्यको लागि विवादका पक्षहरूलाई एक जना मेलमिलापकर्ताको छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा पक्षहरूबीचमा एकजना मेलमिलापकर्ताको लागि सहमति नभएमा न्यायिक समितिले पक्षहरूको सहमतिमा तीन जना मेलमिलापकर्ताको छनौट गर्नुपर्नेछ ।

(३) पक्षहरूको बीचमा मेलमिलापकर्ताको नाममा सहमति हुन नसकेमा न्यायिक समितिले मेलमिलापकर्ताको सूचीमा रहेका मेलमिलापकर्ताहरू मध्येबाट दुवै पक्षबाट एक-एक जना मेलमिलापकर्ता छनौट गर्न लगाई तेस्रो मेलमिलापकर्ता आफै छनौट गरिदिनु पर्नेछ ।

(४) निवेदनका दुवै पक्षको सहमतिमा मेलमिलापकर्ताको सूचीमा नरहेको यस ऐन बमोजिम मेलमिलापकर्ता हुन योग्य रहेको कुनै व्यक्ति वा संस्थाबाट मेलमिलाप प्रक्रिया अगाडि बढाउन सहमत भै लिखित निवेदन दिएमा न्यायिक समितिले त्यस्तो व्यक्ति वा संस्थालाई मेलमिलापकर्ता तोक्न

सक्नेछ ।

(५) न्यायिक समितिले यस ऐन बमोजिम मेलमिलापको लागि पठाउँदा बढीमा एक्काइस दिनसम्मको समय तोकी पठाउनु पर्नेछ ।

(६) मेलमिलापकर्ताले मेलमिलापको कारवाही समाप्त गरी उपदफा (५) बमोजिमको अवधि सकिएको सात दिनभित्र पक्षहरू न्यायिक समिति समक्ष उपस्थित हुने गरी तारिख तोक्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलापकर्ताले तोकिएको समय अगावै निवेदन न्यायिक समिति समक्ष फिर्ता पठाउने निर्णय गरेमा त्यस्तो निर्णय भएको सात दिनभित्र पक्षहरूलाई न्यायिक समिति समक्ष उपस्थित हुनेगरी पठाउनु पर्नेछ ।

**२६. मेलमिलापकर्ताको परिवर्तन :** (१) न्यायिक समितिले देहायको अवस्था परी पक्षहरूले निवेदन दिएको अवस्थामा मेलमिलापकर्ता परिवर्तन गरिदिनु पर्नेछ :-

(क) दफा २२ बमोजिम मेलमिलापकर्तालाई सूचीबाट हटाएमा ;

(ख) पक्षहरूले पारस्परिक सहमतिमा मेलमिलापकर्ता हेरफेर गर्न मञ्जुर भएमा;

(ग) विवादको कुनै पक्षले मेलमिलापकर्ता प्रति अविश्वास रहेको लिखित जानकारी गराएमा ;

(घ) कुनै कारणले मेलमिलापकर्ताले मेलमिलापमा सहभागी भैरहन नसक्ने जनाएमा ;

(ङ) विवादको विषयवस्तुमा मेलमिलापकर्ताको कुनै स्वार्थ रहेको मेलमिलापकर्ताले जानकारी गराएमा वा कुनै स्रोतबाट न्यायिक समिति समक्ष जानकारी प्राप्त भएमा ;

(च) मेलमिलापकर्ताले मेलमिलापकर्ताको हैसियतले कार्य गर्दा दफा २८ तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने आचरण पालना नगरेमा ।

(२) मेलमिलापकर्ताको परिवर्तनको कारणले तोकिएको समयमा मेलमिलापको कार्य सम्पन्न हुन नसक्ने भएमा न्यायिक समितिले बढिमा एक्काइस दिनसम्मको समय थप गर्न सक्नेछ ।

**२७. मेलमिलापमा अवलम्वन गर्नुपर्ने प्रक्रिया :**

(१) न्यायिक समितिले पक्षहरूको सहमतिमा मेलमिलापको लागि छलफल गर्ने तथा अन्य कार्य गर्ने स्थानको छनौट गरी पक्ष तथा मेलमिलापकर्तालाई सोको जानकारी उपलव्ध गराउनु पर्नेछ । तर पक्षहरूको सहमतिमा

मेलमिलापकर्ताले अन्य कुनै स्थानको छनौट गर्न बाधा पर्नेछैन ।

(२) पक्षहरूलाई उपदफा (१) बमोजिम मेलमिलापकर्ताले तोकेको स्थानमा तोकिएको समयमा उपस्थित हुने दायित्व रहनेछ ।

(३) उपदफा (२) बमोजिमको दायित्व पक्षहरूले पुरा नगरेमा मेलमिलापकर्ताले मेलमिलापको प्रक्रिया बन्द गरी न्यायिक समितिलाई सोको लिखत जानकारी गराई निवेदनको कागजात फिर्ता पठाउन सक्नेछ ।

(४) मेलमिलापको क्रममा मेलमिलापकर्ताले पक्षहरूबीचमा सहजकर्ताको भूमिका गर्नेछ र उक्त भूमिका निर्वाह गर्ने क्रममा निजले पक्षहरू बाहेक देहायका व्यक्तिहरूसँग समेत एकल वा सामूहिक वार्ता गर्न सक्नेछ :-

(क) विवादको विषयमा जानकारी रहेको निवेदनका पक्षले रोजेको व्यक्ति; तथा

(ख) विवादको विषयवस्तुको बारेमा जानकारी रहेको स्थानीय बासिन्दा ।

(५) मेलमिलापकर्ताले पक्षहरूको सहमतिमा पक्षहरूसँग देहाय बमोजिम वार्ता गर्न सक्नेछ :-

(क) पक्षहरूसँग एकल एकान्त वार्ता ;

(ख) टेलिफोन वार्ता, भिडियो कन्फ्रेन्स वा सञ्चारका अन्य माध्यमबाट वार्तालाप ।

(६) प्रचलित कानून तथा यस ऐनको व्यवस्था विपरीत नहुने गरी पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले मेलमिलापको कार्यविधि निर्धारण गर्न सक्नेछ ।

**२८. मेलमिलापकर्ताको आचरण :** मेलमिलापकर्ताले देहाय बमोजिमको आचरण पालना गर्नु पर्दछ

(क) मेलमिलाप सम्बन्धी कारवाही निष्पक्ष ढङ्गले सम्पादन गर्नु पर्ने;

(ख) कुनै पक्षप्रति झुकाव, आग्रह, पुर्वाग्रह नराख्ने वा राखेको देखिने कुनै आचरण वा व्यवहार नगर्ने ;

(ग) कुनै पक्षलाई डर, त्रास, झुक्यान वा प्रलोभनमा पारी मेलमिलाप गराउन नहुने ;

(घ) विवाद कायम रहेको अवस्थामा विवादको कुनै पक्षसँग आर्थिक कारोवारमा संलग्न नहुने ;

(ङ) मेलमिलाप सम्बन्धमा बनेको प्रचलित कानून तथा अन्य स्थापित मान्यता विपरित आचरण गर्न नहुने ;

(च) मेलमिलापको क्रममा पक्षहरूसँग सम्मानजनक सदभावपुर्ण र सबै

पक्षप्रति समान व्यवहार कायम गर्ने ;

(छ) मेलमिलापको क्रममा पक्षहरूले व्यक्त गरेको विषयवस्तुको गोपनीयता कायम राख्ने ;

(ज) मेलमिलापको क्रममा पक्षबाट प्राप्त भएको कुनै कागजात वा वस्तु प्रक्रिया सम्पन्न भएपछि वा निज प्रक्रियाबाट अलग भएपछि सम्बन्धित पक्षलाई सुरक्षित फिर्ता गर्ने ।

**२९. मिलापत्रको लिखत :**

(१) मेलमिलापकर्ताले पक्षहरूसँगको छलफलबाट मेलमिलापको लागि दुवै पक्ष सहमत भएकोमा मिलापत्र गराई सहमति भएको विषयवस्तु बमोजिम अनुसूची-९ को ढाँचामा मिलापत्रको लिखत तयार गरी सम्बन्धित मिसिल सहित न्यायिक समिति समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लिखत प्राप्त भएपछि न्यायिक समितिले पक्षहरूलाई पढी बाँची सुनाई तथा सहिछाप गराई न्यायिक समितिका सबै सदस्यहरूले प्रमाणित गरी एक प्रति न्यायिक समितिको अभिलेखको लागि मिसिल संलग्न गर्नु पर्नेछ र एक-एक प्रति पक्षहरूलाई दिनु पर्नेछ ।

**३०. मेलमिलाप नभएको निवेदनमा गर्नु पर्ने कारवाही :**

(१) मेलमिलापकर्ताले पक्षहरू बीचमा मेलमिलाप हुन नसकेमा व्यहोरा खुलाई प्रतिवेदन तयार गरी विवादका सबै कागजात सहित न्यायिक समितिमा फिर्ता पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम न्यायिक समितिमा पठाउँदा मेलमिलापकर्ताले पक्षहरूलाई बढीमा सात दिनको म्याद तोकी पठाउनु पर्नेछ ।

**३१. मेलमिलाप दस्तुर :** मेलमिलापकर्ताले पक्षहरूले आपसी सहमतिमा दिन मञ्जुर गरेको दस्तुर बाहेकको अन्य कुनै दस्तुर लिन पाउने छैन । तर त्यो दस्तुर प्रति पक्ष पाँच सय रुपैयाँभन्दा बढी हुनु हुँदैन ।

३१.१ मेलमिलापकर्ताहरुले पक्षको विवाद मेलमिलापको माध्यमबाट मिलापत्र गराएमा मेलमिलापवापत सम्बन्धित वडाको वडा कार्यालयले प्रति विवाद रु.५००/-(पाँच सय रुपैया) का दरले मेलमिलापकर्ताका संयोजकलाई उपलब्ध गराउनेछ । ❖

**३२. मेलमिलाप सम्बन्धी कार्यविधि बनाउन सक्ने :** न्यायिक समितिले मेलमिलाप सम्बन्धी प्रचलित संघीय कानून तथा यस ऐनको अधीनमा रही मेलमिलाप सम्बन्धी अन्य आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

## परिच्छेद-७

## सुनुवाई तथा प्रमाण बुझ्ने

**३३. विवादको सुनवाई :** (१) परिच्छेद-६ बमोजिम मेलमिलापको प्रक्रियाद्वारा मिलापात्र हुन नसकी न्यायिक समितिमा आएका विवाद प्रतिउत्तर पत्र दर्ता वा बयान वा सो सरहको कुनै कार्य सम्पन्न भएपछि सुनुवाईको लागि पेश भएको विवादमा उपलब्ध प्रमाणका आधारमा तत्काल निर्णय गर्न सकिने भएमा न्यायिक समितिले विवाद पेश भएको पहिलो सुनुवाईमा नै निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) बमोजिमको विवादको सम्बन्धमा मेलमिलाप हुन नसकेमा न्यायिक समितिले सोही व्यहोरा उल्लेख गरी पक्षहरूलाई अदालत जान सुनाई त्यस्तो विवादसँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाई दिनुपर्नेछ ।

(३) न्यायिक समिति समक्ष पेश भएको विवादमा उपदफा (१) बमोजिम तत्काल निर्णय गर्न सकिने अवस्था नरहेमा न्यायिक समितिले देहाय बमोजिमको आदेश गर्न सक्नेछ :-

(क) विवादमा मुख नमिलेको कुरामा यकिन गर्न प्रमाण बुझ्ने वा अन्य कुनै कार्य गर्ने ;

(ख) विवादमा बुझ्नुपर्ने प्रमाण यकिन गरी पक्षबाट पेश गर्न लगाउने वा सम्बन्धित निकायबाट माग गर्ने आदेश गर्ने ;

(ग) मेलमिलापका सम्बन्धमा विवादका पक्षहरूसँग छलफल गर्ने ;

(घ) विवादका दुवै पक्ष उपस्थित भएमा सुनुवाईको लागि तारिख तथा पेशीको समय तालिका निर्धारण गर्ने ।

**३४. थप प्रमाण दाखिल गर्न वा बुझ्न सक्ने :** (१) निवेदक वा प्रतिवादीले कुनै थप प्रमाण पेश गर्न अनुमति माग गरी निवेदन पेश गरेमा दर्ता अधिकारीले सोही दिन लिनु पर्नेछ ।

(२) विवादको सुनुवाईको क्रममा न्यायिक समिति आफैले थप प्रमाण पेश बुझ्नु पर्ने देखेमा विवादका पक्षहरूलाई थप प्रमाण पेश गर्न तारिख तोकी आदेश दिन सक्नेछ ।

(३) कुनै पक्षसँग विवादको कुने विषयमा कुनै कुरा सोध्नु परेमा न्यायिक समितिले अर्को पक्षको रोहबरमा जुनसुकै बखत सोधी निजको कागज गराउन सक्नेछ ।

**३५. साक्षी बुझ्ने :** (१) न्यायिक समितिबाट साक्षी बुझ्ने आदेश गर्दा साक्षी बुझ्ने दिन तोकी आदेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएपछि दर्ता अधिकारीले निवेदनको पक्षलाई आदेशमा उल्लेख भएको मितिमा साक्षी बुझ्ने तारिख तोक्नु पर्नेछ ।

(३) साक्षी बुझ्ने तारिख तोकिएको दिनमा आफ्नो साक्षी न्यायिक समिति समक्ष उपस्थित गराउनु सम्बन्धित पक्षको दायित्व हुनेछ ।

(४) दर्ता अधिकारीले उपदफा (१) बमोजिम साक्षी बुझ्नको लागि तोकिएको तारिखको दिन बकपत्रको लागि आएका साक्षीको नामावली लिई न्यायिक समिति समक्ष पेश गर्नुपर्ने छ ।

(५) उपदफा (१) बमोजिम तोकिएको तारिखको दिन न्यायिक समितिले उपलब्ध भएसम्मका लागि साक्षी बुझ्नु पर्नेछ ।

(६) विवादको कुनै पक्षले साक्षी उपस्थित नगराएमा त्यस्तो साक्षी बुझिने छैन ।

(७) उपदफा (५) बमोजिम साक्षी बुझ्ने काम कार्यालय समयभित्र नकसकिएमा त्यस्तो काम नसकिएसम्म निरन्तर गर्न सकिने छ ।

**३६. साक्षी बुझ्न सक्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नाबालक वा असक्त वा पचहत्तर वर्ष उमेरभन्दा माथिको व्यक्ति पक्ष रहेको निवेदनमा साक्षी बुझ्नका लागि तोकिएको तारिखको दिन उपस्थित नभएको वा उपस्थित नगराइएको साक्षीलाई न्यायिक समितिले म्याद तोकि न्यायिक समितिको तर्फबाट झिकाई बुझ्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साक्षी झिकाउँदा साक्षी बुझ्ने तारिख तोक्नुपर्नेछ र निवेदनका पक्षहरूलाई समेत सोही मिलानको तारिख तोक्नुपर्नेछ ।

**३७. प्रश्न सोध्न रोक्ने :** (१) साक्षी बुझ्दा निवेदनको विषयवस्तुभन्दा फरक प्रकारको तथा साक्षी वा विवादको पक्षलाई अपमानित गर्ने वा झिझ्याउने वा अनुचित प्रकारको प्रश्न सोधिएमा न्यायिक समितिले त्यस्तो प्रश्न सोध्न रोक लगाउनु पर्नेछ ।

(२) नाबालक वा असक्त वा पचहत्तर वर्ष उमेरभन्दा माथिको व्यक्ति वा बिरामीले साक्षी बक्नु पर्ने भई त्यस्तो निवेदनमा कुनै पक्षको उपस्थिति वा अन्य कुनै मनासिव कारणले साक्षीलाई आफ्नो भनाई राख्न अनुचित दबाब परेको वा पर्ने प्रबल सम्भावना रहेको छ भन्ने न्यायिक समितिलाई लागेमा न्यायिक समितिले त्यस्तो पक्षको प्रत्यक्ष उपस्थितिलाई बन्देज गरी निजलाई साक्षीले नदेख्ने गरी मात्र उपस्थित हुन आदेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश गरेमा साक्षीले नदेख्ने गरी पक्ष उपस्थित

हुने व्यवस्था मिलाउने दायित्व न्यायिक समितिको हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम गर्दा न्यायिक समितिले निवेदनसँग सम्बन्धित आवश्यक प्रश्न तयार गरी न्यायिक समितिको तर्फबाट बुझ्न सक्नेछ ।

**३८. विवादको सूची प्रकाशन गर्नु पर्ने :** (१) दर्ता अधिकारीले प्रत्येक हप्ता शुक्रबार आगामी हप्ताको लागि विवादहरूको साप्ताहिक सूची प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची संयोजकले प्रमाणित गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम विवादहरूको सूची प्रकाशन नगरी कुनै विवादको कारवाही र किनारा हुने छैन । तर मेलमिलाप हकमा पक्षहरू सहमत भएमा सूचीमा नपरेको विवादमा समेत मेलमिलाप गर्न बाधा पर्ने छैन ।

**३९. विवादको दैनिक सूची :** (१) दर्ता अधिकारीले दफा ३८ बमोजिमको साप्ताहिक सूचीमा चढेका विवादहरूको तोकिएको दिनको दैनिक सूची तयार गरी एक प्रति सूचना पाटीमा टाँस्नु पर्नेछ र एक प्रति न्यायिक समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवादहरूको सूची तयार गर्दा देहायको प्राथमिकताको आधारमा विवादहरूको क्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ :

(क) नाबालक पक्ष भएको विवाद ;

(ख) शारीरिक अशक्तता वा अपाङ्गता भएको व्यक्ति पक्ष भएको विवाद ;

(ग) गर्भवती वस सुत्केरी महिला पक्ष भएको ;

(घ) सत्तरी वर्ष उमेर पूरा भएको व्यक्ति पक्ष भएको विवाद ;

(ङ) विवाद दर्ताको क्रमानुसार पहिले दर्ता भएको विवाद ।

**४०. दर्ता अधिकारीको जिम्मेवारी हुने :** दैनिक सूचीमा चढेका विवादहरू कार्यालय खुलेको १ घण्टाभित्र न्यायिक समिति समक्ष सुनुवाईको लागि पेश गर्ने तथा उक्त दिनको तोकिएको कार्य सकिएपछि न्यायिक समितिबाट फिर्ता बुझिलिई सुरक्षित राख्ने जिम्मेवारी दर्ता अधिकारीको हुनेछ ।

**४१. प्रमाण देखाउन वा सुनाउन सक्ने :** (१) न्यायिक समितिले दफा (१३) बमोजिम तोकिएको तारिखको दिन उपस्थित सबै पक्षलाई अर्को पक्षले पेश गरेको प्रमाण एवं कागजात देखाइ पढी बाँची सुनाई सो बारेमा अर्को पक्षको कुनै भनाई रहेको भए लिखत बयान गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै लिखत बयान गराएको भएमा त्यस्तो लिखत

मिसिल सामेल गराउनु पर्नेछ ।

**४२. बन्द इजलासमा सुनुवाई गर्न सक्ने :** (१) न्यायिक समितिले महिला तथा बालबालिका समावेश रहेको तथा आवश्यक देखेको अन्य विवादको सुनुवाईको लागि बन्द इजलासमा सुनुवाई गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा विवादका पक्ष तथा न्यायिक समितिले अनुमति दिएको सरोकारवाला व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न नपाउने गरी रोक लगाउनु पर्नेछ ।

## परिच्छेद – ८

## निर्णय र अन्य आदेश

**४३. निर्णय गर्नु पर्ने :** (१) न्यायिक समितिले प्रतिउत्तर पत्र दाखिल भएको वा बयान गर्नु पर्नेमा प्रतिवादीको बयान भएको मितिले तथा प्रतिउत्तर पत्र दाखिल नभएको वा बयान नभएकोमा सो हुने पर्ने म्याद भुक्तान भएको मितिले पैंतालीस दिनभित्र विवादको अन्तिम निर्णय गर्नु पर्नेछ ।

(२) न्यायिक समितिले सुनुवाईको लागि पेश भएको विवाद हेर्दा कुनै प्रमाण बुझ्नु पर्ने बाँकी नरही विवाद किनारा गर्ने अवस्था रहेको देखिएमा सोही पेशीमा विवादमा निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गरेपछि निर्णयको व्यहोरा निर्णय किताबमा लेखी न्यायिक समितिमा उपस्थित सदस्यहरू सबैले दस्तखत गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समयको अभाव अथवा अन्य कुनै मनासिव कारणले गर्दा सोही दिन विवाद निर्णय गर्न नसक्ने भएमा आगामी हप्ताको कुनै दिन त्यस्तो विवादको निर्णय गर्ने गरी तारिख तोक्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको समयावधि गणना गर्दा मेलमिलापको लागि पठाएको विवादको हकमा मेलमिलापको प्रक्रियामा लागेको समय कटाई अवधि गणना गर्नु पर्नेछ ।

(६) पक्षले न्यायिक समिति समक्ष पेश गरेको निवेदन, प्रतिउत्तर पत्र तथा संलग्न अन्य लिखत प्रमाणको पेटबोलीमा लेखिएको कुनै व्यक्ति नबुझी विवादको कारवाही र किनारा गर्न नसकिने देखिएमा उपलब्ध प्रमाणको आधारमा न्यायिक समितिले त्यस्तो व्यक्तिलाई समेत प्रतिवादी सरहको व्यक्ति कायम गर्न सक्नेछ ।

(७) न्यायिक समितिले उपदफा (६) बमोजिम कायम गरिएको प्रतिवादी सरहको व्यक्तिसँग विवाद सम्बन्धी आवश्यक प्रमाण बुझी विवादको निर्णय

गर्नु पर्नेछ ।

(८) न्यायिक समितिका सम्पूर्ण सदस्यले निर्णय भएको दिनमा नै निर्णयको व्यहोरा खुलाई राय किताबमा अभिलेख गरी सहीछाप गर्नु पर्नेछ ।

(९) न्यायिक समितिले विवादको निर्णय भएको मितिले सात दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा निर्णयको पूर्णपाठ तयार गरी मिसिल सामेल गर्नु पर्नेछ र सम्बन्धित पक्षहरूलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

**४४. निर्णयमा सच्याउन सक्ने :** (१) न्यायिक समिति समक्ष विवादको पक्षले विवादको निर्णयको पूर्णपाठमा भएको नाम, थर, मिति, ठेगाना वा कुनै छपाई वा लेखाईको त्रुटि सच्याउने जिकिर लिई निर्णयको जानकारी भएको पन्ध्र दिनभित्र निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परी न्यायिक समितिले हेर्दा सामान्य त्रुटि भएको र संशोधनबाट निर्णयको मूल आशयमा तात्विक असर नपर्ने देखेमा छुट्टै पर्चा खडा गरी निवेदन बमोजिम निर्णयको पूर्णपाठ सच्याउन आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश मूल निर्णयको अभिन्न अङ्गको रुपमा लिइनेछ ।

**४५. निर्णयमा हेरफेर गर्न नहुने :** (१) न्यायिक समितिका सदस्य वा अरु कसैले न्यायिक समितिका सदस्यहरूको दस्तखत भईसकेपछि निर्णयमा कुनै प्रकारको थपघट वा केरमेट गर्नु हुदैन ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ. ।

**४६. निर्णय भएपछि गर्नु पर्ने कारवाही :** (१) दर्ता अधिकारीले न्यायिक समितिबाट निर्णय भएपछि निर्णय किताबमा न्यायिक समितिका सदस्यहरू सबैको दस्तखत भएको एकिन गरी निर्णय किताब र मिसिल जिम्मा लिनु पर्नेछ ।

(२) यस ऐन बमोजिम निर्णयको पूर्णपाठ तयार भएपछि सबै सदस्यको दस्तखत भईसकेपछि दर्ता अधिकारीले निर्णयको कार्यान्वयनका लागि तत्काल गर्नु पर्ने केही कार्य भए सो सम्पन्न गरी मिसिल अभिलेखको लागि सम्बन्धित कर्मचारीको जिम्मा पठाउनु पर्नेछ ।

## परिच्छेद – ९

## न्यायिक समिति सम्बन्धी शाखा तथा कर्मचारी

**४७. न्यायिक समिति सम्बन्धी शाखा :** (१) न्यायिक समितिको कार्यसम्पादनलाई

सहजीकरण गर्न नगरपालिकामा आवश्यक शाखा रहन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शाखामा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले दर्ता अधिकारी र अन्य आवश्यक कर्मचारी खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खटाइएको कर्मचारीले यस ऐन र प्रचलित कानून बमोजिम तोकिएको काम गर्दा न्यायिक समितिको संयोजकको प्रत्यक्ष निर्देशन, रेखदेख र नियन्त्रणमा रही गर्नु पर्नेछ ।

**४८. दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पेश भएका निवेदन, प्रतिउत्तर पत्र र अन्य लिखतहरू जाँच गरी रित पुगेको भए कानून बमोजिम लाग्ने दस्तुर लिई दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भए कारण जनाई फिर्ता दिने ;

(ख) विवादमा प्रमाणको लागि पेश भएका नक्कल कागजलाई सक्कलसँग भिडाई ठिक देखिएमा प्रमाणित गर्ने र मिसिल सामेल राख्ने तथा सक्कलमा केही कैफियत देखिएमा सो जनाई सम्बन्धित पक्षको सहीछाप गराई राख्ने ;

(ग) पेश भएका लिखत साथ संलग्नु हुनु पर्ने प्रमाण तथा अन्य कागजात वा छैन भए ठिक छ वा छैन जाँच्ने;

(घ) न्यायिक समितिको आदेशले झिकाउने पर्ने प्रतिवादी, साक्षी वा अन्य व्यक्तिको नाममा म्याद जारी गर्ने;

(ङ) विवादका पक्षलाई तारिख तोक्ने ;

(च) न्यायिक समिति समक्ष पेश हुनु पर्ने निवेदन दर्ता गरी आदेशको लागि न्यायिक समिति समक्ष पेश गर्ने ;

(छ) कानून बमोजिम वारेश लिने तथा गुज्रको तारिख थाम्ने निवेदन लिई आवश्यक कारवाही गर्ने ;

(ज) न्यायिक समितिबाट भएको आदेश कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ;

(झ) न्यायिक समितिमा पेश वा प्राप्त भएका कागजपत्र बुझ्ने, भर्पाइ गर्ने लगायतका कार्यहरू गर्ने;

(ञ) आवश्यकता अनुसार न्यायिक समितिको तर्फबाट पत्राचार गर्ने;

(ट) न्यायिक समितिको आदेशले तामेल गर्नु पर्ने म्याद तामेल गर्ने, गराउने, तामेल भएको म्यादको तामेली जाँची रित पूर्वकको नभए पुनः जारी गर्ने तथा अन्य अदालत वा निकायबाट प्राप्त भएको नगरपालिकाले तामेल

गरिदिनु पर्ने म्याद तामेल गर्न लगाउने;

(ठ) निर्णय किताब र निवेदनको मिसिल जिम्मा लिने;

(ड) न्यायिक समितिमा दर्ता भएका निवेदन लगायतका कागजातको अभिलेख तयार गर्ने र मासिक वा वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने निकाय समक्ष प्रतिवेदन तयार गरी संयोजकबाट प्रमाणित गराई सम्बन्धित निकायमा पठाउने ;

(ढ) आफ्नो जिम्मा रहेका निवेदनका मिसिलमा रहेका कागजातको रितपूर्वक नक्कल दिने ;

(ण) जिल्ला अदालतमा पुनरावेदन लाग्ने गरी निर्णय भएका विवादमा पुनरावेदन म्याद जारी गरी तामेल गर्ने गराउने ;

(त) अदालत वा अन्य कुनै निकायमा विवादको मिसिल वा कुनै कागजात पठाउनु पर्ने भएमा न्यायिक समितिलाई जानकारी गराई मिसिल वा कागजात पठाउने तथा फिर्ता प्राप्त भएपछि कानून बमोजिम सुरक्षित राख्ने व्यवस्था मिलाउने ;

(थ) निर्णय किताब जिम्मा लिने ;

(द) पेश भएका निवेदन लगायतका कागजातमा न्यायिक समितिबाट आदेश हुनुपर्ने वा निकासा लिनुपर्नेमा न्यायिक समिति समक्ष पेश गर्ने ;

(ध) निर्णय बमोजिम चलन चलाउनुपर्ने कुनै कुरा दिलाइ भराइ दिनु पर्ने लगायतका निर्णय कार्यान्वयनका लागि गर्नु पर्ने कार्यहरू गर्ने तथा निर्णय कार्यान्वयनको अभिलेख राखी कानून बमोजिम विवरण पठाउनु पर्ने निकायहरूमा विवरण पाउने ;

(न) निर्णय कार्यान्वयनको क्रममा निवेदन दिएकामा पक्षहरूको बारेस लिने, सकार गराउने, गुज्रेको तारिख थमाउने लगायतका कार्यहरू गर्ने ;

(प) न्यायिक समितिको आदेशले रोका भएको वा अरु कुनै अदालत वा निकायबाट रोका भै आएको जायजेथा अन्य अड्डा अदालतमा दाखिल चलान गर्नु पर्ने भए सो गर्ने ;

(फ) निर्णय भएका मिसिल सुरक्षित राखे र कानून बमोजिम सडाउने पर्ने कागजहरू सडाइ त्यसको अभिलेख सुरक्षित राखे ;

(ब) निर्णय भएका मिसिलहरूमा कागजात जाँच गरी दुरुस्त रहे, नरहेको हेर्ने र मिसिल कानून बमोजिम गरी दुरुस्त अवस्थामा राखे ;

(भ) मिसिलहरू सालबासी अभिलेख राखे र आवश्यकता अनुसार विवरण तयार गर्ने, गर्न लागउने ;

(म) समितिले तोकेका अन्य कार्य गर्ने ।

**४९. दर्ता अधिकारीको कारवाही उपर निवेदन दिन सकिने :** (१) यस ऐन बमोजिम दर्ता अधिकारीले गरेको कारवाही उपर चित नबुझ्ने पक्षले सो आदेश वा कारवाही भएको पाँच दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) न्यायिक समितिले उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर आवश्यक सुनुवाई गरी निवेदन पेश भएको सात दिन भित्र निवेदन उपरको कारवाही टुङ्ग्याउनु पर्नेछ ।

## परिच्छेदः १०

## निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था

**५०. सहयोग गर्ने :** वालिङ नगरपालिका तथा सो अन्तर्गतका सबै वडा कार्यालय तथा अन्य कार्यालयले यस ऐन तथा प्रचलित कानून बमोजिम न्यायिक समितिले गरेको निर्णय कार्यान्वयन गर्न सहयोग गर्नु पर्नेछ ।

**५१. चलन चलाइदिने :** (१) न्यायिक समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै सम्पत्ति वा अधिकार वा कुनै विषयवस्तु वा सेवा वा अन्य कुनै विषयको चलन पाउने ठहरेको पक्षले त्यस्तो चलन पाउने विषयको विवरण खुलाई दर्ता अधिकारी समक्ष न्यायिक समितिले तोकेको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा दर्ता अधिकारीले निर्णय बमोजिमको विषयको चलन चलाईदिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिदा चलन चलाउनु पर्ने सम्पत्तिको दफा ५२ बमोजिमको विवरण खुलाउनु पर्नेछ ।

**५२. सम्पत्तिको विवरण खुलाउनु पर्ने :** चलन चलाइ पाउनको लागि निवदेन दिने पक्षले निवेदनमा सम्पत्तिको विवरण उल्लेख गर्दा देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछ ।

(क) अचल सम्पत्तिको विवरण :

(१) घरजग्गा भए रहेको स्थानको ठेगाना तथा चार किल्ला ;

(२) घरजग्गाको कित्ता नम्बर तथा क्षेत्रफल ;

(३) घर रहेको भए घरको तला तथा कवल र सम्भव भएसम्म वर्गफिट ;

(४) घर जग्गाको अवस्थिति आवास वा औद्योगिक वा व्यापारिक क्षेत्रमा रहेको व्यहोरा;

(५) कच्ची वा पक्की सडकसँग जोडिएको व्यहोरा ;

(६) घरजग्गाको स्वामित्व रहेको व्यक्तिको नाम थर साथै स्वामित्वभन्दा फरक व्यक्तिको भोगचलन रहेको भए भोगचलन गर्नेको नाम थरका साथै अन्य विवरण ;

(७) घरमा भएको लगापात तथा खरिद बिक्री हुन सक्ने न्यूनतम मूल्य ।

(ख) चल सम्पत्तिको विवरण :

(१) चल सम्पत्तिको रहेको ठाँउ तथा भोग वा नियन्त्रण राखेको नाम थर ;

(२) बैँक खातामा रहेको नगद भए खातावाला, बैँक तथा शाखाको नाम ;

(३) चल सम्पत्तिको प्रकार तथा नगद बाहेकको भए सम्भावित विक्री मूल्य ;

(४) नगद बाहेकको चल सम्पत्ति भए अवस्था, प्रकृति तथा बनोटका साथै प्रत्येकको साइज र संख्या ।

**५३. सम्पत्तिको रोक्का राख्ने :** (१) दर्ता अधिकारी दफा ५१ बमोजिम निर्णय कार्यान्वयन लागि निवेदन परेपछि देखाइएको सम्पत्तिको हकमा आवश्यक पर्ने जति जेथा रोक्का राखे सम्बन्धमा निर्णयको लागि न्यायिक समिति समक्ष पेश गर्ने र न्यायिक समितिबाट रोक्का राखे सम्बन्धमा निर्णय बमोजिम जेथा रोक्का राखको लागि सो जेथा दर्ता रहेको कार्यालय वा रजिष्ट्रेशन गर्ने कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(२) बाली, ब्याज, बहाल लगायतको सम्पत्तिको हकमा निवेदन परेको वढीमा दुई दिनभित्र सम्पत्ति तायदात गर्न लगाइ तायदात गर्दाको समयमा नै आवश्यक पर्ने जति सम्पत्ति वा सोबाट प्राप्त हुने वाली बहाल ब्याज मुनाफा आदि आय नियन्त्रण गर्नु वा रोक्का राखुपर्नेछ र यसको भरपाइ सम्बन्धित पक्षलाई दिनुपर्छ ।

**५४. यथास्थितिमा राखे :** न्यायिक समितिले यस ऐन बमोजिम चलन चलाई पाउन कुनै सम्पत्ति देखाइ निवेदन परेपछि चलन चलाउने कार्य सम्पन्न नभएसम्मको लागि उक्त सम्पत्ति हक हस्तान्तरण गर्न, भत्काउन, विगार्न तथा कुनै प्रकारको निर्माण कार्य गरी उक्त सम्पत्तिको स्वरुप परिर्वतन गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित पक्षको नाममा आदेश जारी गरी उक्त सम्पत्ति यथास्थितिमा राख्नु पर्नेछ ।

**५५. चलन चलाउने सूचना :** (१) न्यायिक समितिको निर्णय बमोजिम चलन चलाई पाउन निवेदन परेमा तोकिएको कर्मचारीले चलन चलाउने मिति खुलाई फलानो मितिमा फलानो घर जग्गाको चलन चलाउन कर्मचारी खटाई आउने हुदा सो मिति अगावै घर जग्गा खाली गरीदिनु भनी चलन दिनुपर्ने पक्षको नाममा सूचना जारी गर्नु पर्नेछ ।

(२) चलन दिनुपर्ने सम्पत्ति निवेदनको पक्ष बाहेक अन्य कसैको भोगचलनमा

रहेको भएमा दर्ता अधिकारीले सोही पक्षको नाममा उपदफा (१) बमोजिम सूचना जारी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको मितिमा खटिई जाँदा घरजग्गा खाली गरेको भए सम्बन्धित कर्मचारीले चलन चलाई दिएको मुचुल्का खडा तथा घरजग्गा खाली नगरको भए खाली गराइ चलन चलाइ चलन चलाएको मुचुल्का खडा गरी प्रतिवेदन साथ अभिलेख शाखामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ११

## विविध

**५६. बारेस राख्ने सक्ने :** (१) यस ऐन बमोजिम पक्षले आफ्नो तर्फबाट निवेदनको दर्ता, प्रतिउत्तर पत्रको दर्ता तारिख बुझ्ने तथा विवाद सम्बन्धी अन्य लिखित प्रमाणहरू न्यायिक समितिसमक्ष पेश गर्ने कार्यको लागि सम्बन्धित पक्षको निवेदनमा बारेस राख्ने सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बारेसको योग्यता तथा त्यस सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

**५७. विवाद सकार गर्ने :** (१) न्यायिक समितिमा विवादको कारवाही चलिरहेको अवस्थामा त्यस्तो विवादको मिलापत्र वा निर्णय नहुँदै विवादको कुनै पक्षको मृत्यु भएमा, होस ठेगाना नरहेमा वा वेपत्ता भएमा त्यसरी होस ठेगानामा नरहेको वा वेपत्ता भएको मितिले सात दिनभित्र म्याद वा तारिख थमाई विवाद सकार गरी पाउन निजको संरक्षक वा निज नभएमा नजिकको हकवालाले न्यायिक समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवदेन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा न्यायिक समितिले त्यस्तो विवाद सकार गर्न दिई गुज्रेको म्याद वा तारिख थामी दिन सक्नेछ ।

**५८. प्रतिवादी कायम गर्न सक्ने :** पक्षले न्यायिक समिति समक्ष पेश गरेको निवेदन, प्रत्तिउत्तर पत्र तथा संलग्न अन्य लिखित प्रमाणको पेटवोलीमा लेखिएको व्यक्ति नबुझी विवादको कारवाही र किनारा गर्न नसकिने देखिएमा उपलब्ध प्रमाणको आधारमा न्यायिक समितिले त्यस्तो व्यक्तिलाई समेत प्रतिवाली सरह प्रमाण समेत खुलाइ बयान लिई प्रतिवादी सरह नै तारिखमा राखी उसले दिएको प्रमाण समेत बुझी सो व्यक्ति प्रमाण सरहसम्म देखिएमा बयानसम्म गराई निर्णय गर्नु पर्नेछ ।

**५९. नक्कल निवेदनः** (१) न्यायिक समिति समक्ष दर्ता रहेको कुनै विवाद सम्बद्ध निवेदनको कुनै सरकोरवाला पक्षले सम्बन्धित मिसिलमा रहेको कुनै कागजपत्रको

नक्कल लिनको लागि दताए अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) दर्ता अधिकारीले उपदफा (१) बमोजिमको निवदेनको दिनको एघार बजे अगावै पेश भएमा सोही दिन र सो समयभन्दा पछि निवदेन प्राप्त भएमा सम्भव भएसम्म सोही दिन नभए त्यसको भोलिपल्ट नक्कल उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नक्कल माग गर्दा फरक फरक विवादको कागजपत्रको लागि फरक फरक निवदेन दिनु पर्नेछ ।

(४) विवादको कुनै पक्षले उपदफा (१) बमोजिमको कागपत्रको नक्कल माग गर्दा नक्कलको सट्टामा कागजपत्रको फोटो खिच्ने अनुमति मागेमा फोटो खिच्ने अनुमति दिनु पर्नेछ ।

**६०: नक्कल दस्तुर :** (१) सम्बन्धित प्रशासकले दफा ५९ बमोजिम नक्कल वा फोटो खिच्नको लागि निवेदन दिने पक्षसँग देहाय बमोजिमको दस्तुर लिइ नक्कल उपलब्ध गराउनु पर्नेछ :-

(क) नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको पाँच रुपैयाको दरले ;

(ख) न्यायिक समितिको निर्णय कागजको हकमा प्रति सक्कल पानाको प्रति पृष्ठको पाँच रुपैयाको दरले ;

(ग) लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको पाँच रुपैयाको दरले ;

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नक्कल दस्तुर नलाग्ने पक्षलाई यस दफा बमोजिमको दस्तुर लाग्नेछैन ।

**६१: दस्तुर उल्लेख गर्ने :** दर्ता अधिकारीले नक्कल प्रमाणित गर्दा नक्कल लैजाने पक्षको नाम, थर तथा निवेदनमा हैसियतका साथै नक्कल उतार गरेवापत दाखिल गरेको दस्तुर र नक्कल पाना समेत उल्लेख गरी नक्कल दिएको व्यहोरा जनाई नक्कल प्रमाणित गर्नु पर्नेछ ।

**६२: दस्तुर चुक्त नभई नक्कल नदिइने :** दर्ता अधिकारी यस ऐन बमोजिम नक्कल माग्ने पक्षले नक्कल उत्तार गर्दा दफा ६० बमोजिम लाग्ने दस्तुर दाखिल नगर्दासम्म नक्कल दिने छैन र सो नक्कलको अधिकारिकता प्रमाणित गर्न पाउने छैन ।

**६३: प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र यस ऐनमा नेलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**६४: निर्देशिका बनाउने सक्ने :** न्यायिक समितिले आफूले सम्पादन गर्ने न्यायिक कार्यलाई प्रभावकारी बनाउन आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

# अनुसूची - १

## (दफा ६ को उपदफा (१) र (४)सँग सम्बन्धित)

## निवेदनको ढाँचा

वालिङ नगरपालिकाको न्यायिक समिति समक्ष दिएको

## निवेदन

................ सालको दर्ता नं. .............

.............. जिल्ला ................ नगरपालिका वडा नं. .............बस्ने.......को छोरा / छोरी /पति/पत्नी वर्ष .............. को निवेदक (एकभन्दा वढी निवेदन भए यसै बमोजिमको विवरण प्रत्येक निवदेकको हकमा उल्लेख गर्ने । )

## विरुद्ध

स्यानङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. .............बस्ने.......को छोरा / छोरी /पति/पत्नी वर्ष ..............को प्रतिवादी (एकभन्दा बढी प्रतिबाली भए यसै बमोजिमको विवरण प्रत्येक प्रतिवादीको हकमा उल्लेख गर्ने )

विवादको विषय :....................

१. म / हामी निवेदक निम्न प्रकारणहरू लेखिए बमोजिम गर्दछु / गर्दछौँ ।

क

ख

२. यो विवाद यसै न्यायिक समितिको अधिकारी क्षेत्रभित्र पर्दछ ।

३. निवेदन गर्न ................ कानून बमोजिम हदम्याद रहेको छ ।

४. निवेदन वापतको दस्तुर रु. १००/- यसै साथ बुझाउन ल्याएको छु /छौँ ।

५. निवेदनको दावीलाई पुष्टि गर्ने प्रमाण :

यस विषयमा देहायको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि सलग्न गरको छु / छौँ ।

क)

ख)

६. साक्षी :

क)

ख)

ग).............. (साक्षीहरूको पूरा नाम, उमेर र ठेगाना उल्लेख गर्ने । )

७. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

.........................

निवेदक

इति संवत ............ साल.......... महिना..........गते ........रोज.......शुभम् ।

(**द्रष्टव्य :** लिखत दर्ता गर्न ल्याउने प्रत्येक पक्षले लिखितको प्रत्येक पृष्ठको शीर पुछारमा छोटकारी दस्तखत गरी अन्तिम पृष्ठको अन्त्यमा लेखात्मक तथा रेखात्मक सहिछाप गरेको हुनु पर्नेछ । )

## अनूसूची - २

(दफा ७ को उपदफा (१)सँग सम्बन्धित)

**विवाद दर्ता किताबको ढाँचा**

.......................न्यायिक समिति

२०........ साल साउन देखि २०.............. साल आषाढ मसान्तसम्मको विवाद दर्ता किताब

| क्र. सं. | विवाद नं | दर्ता किमति | निवेदकको नाम थर वतन | प्रतिवादीको नामथर वतन | विवादको विषय | दर्ता अधिकारीको नाम थर | दस्तुर | प्रतिउत्तर परेको वा म्याद समाप्त भएको मिति | निर्णय मिति र निर्णय गर्ने न्यायिक समतिका सदस्यको नाम | निर्णयको किसिम | मिसिल बुझ्ने कर्मचारीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसूची - ३

(दफा ७ को उपदफा (१) र दफा १७ को उपदफा (२)सँग सम्बन्धित )

**निवेदन/प्रतिउत्तर पत्र दर्ताको निस्साको ढाँचा.**

वालिङ नगरपालिका

**न्यायिक समिति**

.......................... को निवेदन/ प्रतिउत्तर पत्र प्राप्त भई यस न्यायिक समितिको दर्ता किताबमा दर्ता नं. ...... मिति ........... मा दर्ता भएकोले यो निस्सा दिइएको छ ।

द अधिकारीको : कार्यालय छापः

दस्तखत

## अनुसूची - ४

(दफा १० को उपदफा (६)सँग सम्बन्धित)

**म्याद बुझी गरिदिने भरपाईको ढाँचा**

वालिङ नगरपालिका

**न्यायिक समिति**

मिति.................. मा यस न्यायिक समितिमा ...........बस्ने ............ उपर निवेदन दर्ता गरेकोमा सो विवादमा प्रतिवादी /बारेस .................... उपस्थित भई सो म्याद र सो साथ आवश्यक प्रति, निवेदन र अन्य कागजातका प्रमाणित प्रति बुझिलिएकोले यो भरपाइ गरिएको छ ।

न्यायिक समितिबाट म्याद बुझनेको

दस्तखतः

प्रतिवादी/बारेसको नामः

मितिः

## अनुसूची - ५

(दफा १३ को उपदफा (२)सँग सम्बन्धित)

**तारिख भरपाई ढाँचा**

वालिङ नगरपालिका

**न्यायिक समिति**

**निवेदन** **प्रतिवादी**

**विवाद**

मिति ....................... मा

मिति ...................मा विवाद सूचीमा चढाइने भएकोले ............. काम गर्ने भएकोले मिति ..................का दिन .................बजे यस समितिमा उपस्थित हुनेछु भनी सही गर्ने ..............................

निवेदक..................

प्रतिवादी.................

## अनुसूची - ६

(दफा १३ को उपदफा (३)सँग सम्बन्धित)

**तारिख पर्चा ढाँचा**

वालिङ नगरपालिका न्यायिक समिति

........................... नामको

**तारिख पर्चा**

.............................. विरुद्ध .............................. २०.........सालको विवादको दर्ता नं. ...........को ........ विवाद ............. को निमित्त सवत् .............को तारिख तोकिएकोले सो दिन .............बजे................ मा उपस्थित हुन यो तारिख दिइएको छु ।

तारिख तोक्ने कर्मचारीको दस्तखतः

नामः

मितिः

## अनुसूची - ७

(दफा १६ को उपदफा (१) र (३)सँग सम्बन्धित)

**प्रतिउत्तर पत्रको ढाँचा**

दर्ता अधिकारीले भर्ने :
दर्ता नं.
दर्ता मितिः

वालिङ नगरपालिका न्यायिक समिति पेश गरेको

**प्रतिउत्तर पत्र**

.............सालको दर्ता नं. ..............

स्याङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. .............बस्ने.......को छोरा / छोरी /पति/पत्नी वर्ष .............. को निवेदक (एकभन्दा वढी निवेदन भए यसै बमोजिमको विवरण प्रत्येक निवदेकको हकमा उल्लेख गर्ने । )

**विरुद्ध**

.............. जिल्ला ................ नगरपालिका वडा नं. .............बस्ने.......को छोरा / छोरी /पति/पत्नी वर्ष ..............को प्रतिवादी (एकभन्दा बढी प्रतिबाली भए यसै बमोजिमको विवरण प्रत्येक प्रतिवादीको हकमा उल्लेख गर्ने )

**विवादको विषय :....................**

उल्लिखित विपक्षी भएको उक्त विवादमा यस न्यायिक समितिबाट मेरा / हाम्रा नाममा जारी भएको म्याद न्यायिक समितिबाट मिति .......... मा प्राप्त भएकोले सो निवेदन बमोजिमको दावीका सम्बन्धमा देहायको व्यहोराको प्रतिउत्तर पत्र लिई उपस्थित भएको छु / छौँ ।

१. निवेदकले दाबी गरेका विषयहरूका सम्बन्धमा मेरो हाम्रो भएको यथार्थ व्यहोरा निम्न प्रकरणहरूमा खुलाएको छु /छौँ ।

क)

ख)

ग)

२) निवेदन बमोजिमको दावी पुर्ण रुपमा वा आंशिक रुपामा स्वीकार गर्दछु ।

गर्दछौँ । गर्दिन/गर्दनौँ ।
(निवेदन बमोजिमको दाबी आंशिक रुपमा स्वीकार गरेको भए, स्वीकार गरेको आधार र कारण उल्लेख गर्ने )

३.) निवेदन विरुद्ध कुनै विषय भए उल्लेख गर्ने :

क)

ख)

ग)

४) निवदेन दर्ता गर्ने हकदैया नभएको/निवेदन दिन हदम्याद नभएको/न्यायिक समितिको क्षेत्रधिकार नभएको जिकिर लिएको भए सो को आधार र कारण ।

५) निवदेनमा दाबी गरे अनुसार न्यायिक समितिबाट निर्णय हुन पर्ने हो, होइन ।

६) प्रतिउत्तर पत्र वापत दस्तुर रु. १०० यसै साथ बुझाउन ल्याएको छु । छौँ ।

७) यस विषयमा देहायको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपिसंलग्न गरेको छु /छौँ ।

क)

ख)

ग)

८) साक्षी :

क)

ख)

ग).......................(साक्षीहरूको पुरा नाम थर, उमेर र ठेगाना उल्लेख गर्ने । )

९) यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

.........................

प्रतिउत्तर पत्र पेश गर्नेको दस्तखत

इति सवंत् .................. साल...........महिना........गते..........रोज.........शुभम् ।

**(द्रष्टव्य :** लिखत दर्ता गर्न ल्याउने प्रत्येक पक्षले लिखितको प्रत्येक पृष्ठको शीर पुछारमा छोटकारी दस्तखत गरी अन्तिम पृष्ठको अन्यत्मा लेखात्मक तथा रेखात्मक सहिछाप गरेको हुनु पर्नेछ ।

## अनुसूची - ८

(दफा १९ को उपदफा (२)सँग सम्बन्धित)

**मिलापत्र निवेदनको ढाँचा**

वालिङ नगरपालिका न्यायिक समिति

स्याङ्जा ।

विषयः मेलमिलापद्धारा विवाद समधान गरी पाँउ ।

........................ निवेदन र ................ प्रतिवादी रहेको त्यस न्यायिक समितिमा मिति ...............मा दर्ता भई कारवाहीको क्रममा रहेको ................. विषयको विवाद मेलमिलापको प्रकृयाद्धारा समाधान गर्न यस विवादका हामी दुवै पक्ष सहमत रहेका हुँदा सो विवाद मेलमिलापको प्रकृयाद्धारा समाधान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरी पाउन यो निवेदन गरेको छौँ ।

निवेदनमा लेखिएको व्यहोरा ठीक साचो छ, झुटा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

| | |
|---|---|
| निवेदनकको | प्रतिवादीको |
| सही | सहीः |
| नाम | नामः |
| मिति | मितिः |

## अनुसूची - ९

(दफा २० को उपदफा (२) र २९ को उपदफा (१)सँग सम्बन्धित)

**मिलापत्रको लिखितको ढाँचा**

क) मेलमिलापकर्ता नामः

क)

ख)

ग)

ख) पक्षको नाम र ठेगानाः

१)

२)

३)

ग) विवादको दर्ता नं.:

घ) विवादको विषयः

ङ) साक्षीहरू:

१)

२)

३)

च) विवादको सक्षिप्त व्यहोरा ..................................

छ) विवादको समाधानको शर्तहरू : ....................................

| | |
|---|---|
| निवेदनको | प्रतिवादीको |
| सही | सहीः |
| नाम | नामः |
| मिति | मितिः |

यस ऐन तथा मेलमिलाप सम्बन्धी प्रचलित कानून बमोजिम माथि उल्लिखित शर्तमा यो विवाद मेलामिलापको माध्यमबाट समाधान भएको प्रमाणित गर्दछु / गर्दछौँ ।

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| सही | सही | सही |
| मेलमिलापकर्ता | मेलमिलापकर्ता | मेलमिलापकर्ता |

**अनुसूची - १०**

(दफा ४३ को उपदफा (९)सँग सम्बन्धित)

**निर्णयको ढाँचा**

वालिङ नगरपालिका न्यायिक समिति,

निर्णय

सव्त ..................... सालको विवाद दर्ता नं. ....................

विवादको विषय : .....................

निवेदकको नाम थर ठेगाना .................................

प्रतिवादीको नाम थर ठेगाना .....................................

**(एकभन्दा बढी निवेदक भए यसै बमोजिमको विवरण) (एकभन्दा बढी प्रतिवादी भए यसै प्रत्येक निवेदकको हकमा उल्लेख गर्ने । बमोजिमको विवरण प्रत्येक प्रतिवादी हकमा उल्लेख गर्ने । )**

| | |
|---|---|
| निवेदकको साक्षी ........................... | प्रतिवादी साक्षी .................. |
| प्रमाण | प्रमाण |
| .......................... | ........................... |

**न्यायिक समितिबाट बुझेको**

साक्षी..........................

प्रमाण..............................

मुद्दाको सक्षिप्त तथ्य सहितको विवरणः
निवेदनको दाबीः
प्रतिवादी जिकिर र प्रतिरक्षाः
निवेदक / प्रतिवादीको पेश गरेको प्रमाण
पक्षहरू बीच कुरा मिली वा नमिली निर्णय गर्नु पर्ने विषयः
न्यायिक समितिले ठहर गरेको विषय र सोको आधारः
ठहर गर्न लिइएको सम्बद्ध कानूनः
निर्णय भएको विषय कार्यान्वयन गर्नु पर्ने बुदाः
पुनरावेदन सम्बन्धी विषय :
तपसिल
**(निर्णयको तपसिलमा विवादको निर्णय गर्ने न्यायिक समितिले विवादको प्रकृति अनुसार निर्णय कार्यान्वयन गर्ने, पुनरावेदन लाग्ने भए कुन अदालत पुनरावेदन लाग्ने र अन्य कुनै कुरा भए सो आवश्यकता अनुसार उल्लेख गर्नु पर्नेछ ।**
निर्णय तयार गर्न सहयोग पुऱ्याउने न्यायिक समितिका सदस्यको पुरा नामको दस्तखत

**कर्मचारी नामः** .................. .................. ..................

संयोजक सदस्य सदस्य

इति संवत् ................. साल .............. महिना .............. गते .......... रोज .........शुभम् ।

**प्रमाणीकरण मिति : २०७७।१०।२५ गते**
**राजपत्रमा प्रकाशित मिति : २०७७।११।०२ गते**

आज्ञाले,
**जीवन झवाली**
प्रमुख प्रशासकीय अधिकृत

# वालिङ नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावनाः** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकासबीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न वालिङ नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम वालिङ नगरपालिकाको "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा सूचना प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "अनुकुलन" भन्नाले जलवायू परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायू सुहाउँदो अनुकुल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनिकरण गर्ने कार्य सम्झनु पर्छ ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले वालिङ नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "खुल्ला क्षेत्र" भन्नाले मानिसहरू जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्ला स्थल सम्झनु पर्छ ।

(ङ) "जलवायू परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरवदलका कारण पृथ्वीको

जलवायूमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ ।

(च) "जोखिमपूर्ण फोहर" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनु पर्छ ।

(छ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातिय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "निष्काशन" भन्नाले ध्वनि, ताप वा फोहरमैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) "परिषद" भन्नाले दफा ४८ बमोजिमको स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद सम्झनु पर्छ ।

(ट) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ध्वनि वा विद्युतीय, विद्युतीय-चुम्वकीय तरंगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ठ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानून बमोजिम संञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ड) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वियन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(ढ) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यास, लेदो, धूवाँ, धूलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरू

वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट तथा कार्यपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ ।

(ण) “वन“ भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ ।

(त) “वन पैदावार“ भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छः–

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला–पिपली

(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, गमरजीन, लोहवान, जङ्गली जडीबुटी एवं गैरकाष्ठ वन पैदावार, जङ्गली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(३) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिजजन्य पदार्थ वा

(४) वन्यजन्तु, पशुपंक्षी वा वन्यजन्तुको ओखेटोपहार ।

(थ) “वातावरण” भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यीनको अवयवहरू तथा ती अवयवहरूको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

(द) “वातावरणीय अध्ययन“ भन्नाले कुनै प्रस्तावको कार्यान्वियन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ ।

(ध) “सम्पदा” भन्नाले नगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्त्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीव जन्तु सम्झनु पर्छ ।

(न) “सिमसार” भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा वगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp) दलदले जमिन (Marsh) नदीबाट प्रभावित जमिन (Riverine Floodplain), ताल (Lake) पोखरी (Pond) जलभण्डार क्षेत्र (Water Storage Areas) र यहि प्रकृतिका कृषि जमिन (Agriculture Land) समेतलाई सम्झनु पर्छ ।

(प) "संरक्षण" भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

## परिच्छेद – २

## वातावरण संरक्षण

३. **वातावरण संरक्षण गर्नुपर्ने :** (१) आफ्नो क्षेत्राधिकार क्षेत्र भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु नागरिकको कर्तव्य हुनेछ ।

४. **वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने :** (१) प्रचलित भू-उपयोग नीति समेतलाई मध्यनजर गरी नगरपालिकाभित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनु अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसँग समन्वय गरी कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ ।

(४) उपफदा (१), (२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन तोकिए बमोजिम कार्यपालिकाबाट हुनेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा कार्यपालिकाले आवश्यकता अनुसार संघ र प्रदेशसँग समन्वय गर्नेछ ।

५. **सम्पदाको संरक्षण गर्नुपर्ने :** (१) नगरपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) सम्पदाको संरक्षणका लागि कार्यपालिकाले सरकारी तथा समुदायसँग

समन्वय तथा साझेदारी गर्न सक्नेछ ।

६. **वातावरणीय अध्ययन गर्नुपर्ने :** (१) प्रचलित कानून तथा मापदण्ड बमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नुपर्ने छ ।

(२) प्रस्तावकले स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वियन गर्ने क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनिकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विष्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वियन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वियन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वियनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकि त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ ।

(६) कार्यपालिकाले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नपर्ने देखिएमा वातावरणीय मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नुपर्ने छ ।

(८) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व सम्बन्धित निकायबाट कार्य सूची स्वीकृत गर्नुपर्ने छ ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(१०) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावक नगरपालिका आँफै संलग्न भएको अवस्थामा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश कानून बमोजिम स्वीकृत हुनेछ ।

७. **मापदण्ड र गुणस्तर कायम गर्नुपर्ने :** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुनेगरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्ने छ ।

८. **वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने :** (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने छ ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनिकरणका उपायहरू मध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वियनको क्रममा अवलम्बन गर्ने हो सो को समेत उल्लेख गर्नुपर्ने छ ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना बनाई सो बमोजिम कार्यान्वयन गर्नुपर्ने छ र सो को प्रगति विवरण आयोजना कार्यान्वयन सुरू भएपछि प्रत्येक छ महिनामा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

९. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने :** यो ऐन प्रारम्भ भएपछि कसैले पनि कार्यपालिकाले तोके बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न गराउनु हुँदैन ।

१०. **प्रस्ताव सम्बन्धी अन्य व्यवस्था :** (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरू सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

(२) संघीय तथा प्रादेशिक कानून बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी नगरपालिकाको वातावरण शाखोको हुनेछ ।

११. **रोक लगाउन सक्ने :** (१) कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके बमोजिमको निकायबाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वियन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वियनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो वापत

कुनै किसिमको क्षतिपुर्तिको लागि दावी गर्न पाउने छैन ।

**१२. अनुकूलन योजना बनाउन सक्ने :** (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनिकरण र सम्भावित जोखिमबाट बच्नका लागि कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायू परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नुपर्ने छ ।

**१३. हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण कार्यहरू गर्न सक्ने :**

(१) नगरपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) न्यूनिकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने :** (१) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जन-स्वास्थ र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन ।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा वस्तुबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण, तरङ्ग वा फोहरमैला वा दुषित पानी निष्काशन गर्न गराउन हुँदैन ।

(३) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा नगरपालिकाले तत् सम्बन्धमा आवश्यक शर्तहरू तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकारलाई सो को जानकारी गराई नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, विक्रि वितरण, भण्डारनमा बन्देज लगाउन सक्नेछ र आवश्यक कारवाहीका लागि सिफारिश गर्नेछ ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम

हुनेछ ।

१५. **प्रयोगशाला स्थापना गर्न सक्ने :** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरू स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. **नमुना संकलन गर्न दिनुपर्ने :** कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले नगरपालिकाबाट अधिकारप्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

१७. **वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने :** नगरपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्वन्धि प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ ।

१८. **वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित संघीय र प्रदेश कानून तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम

भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरूको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलव्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

१९. **फोहरमैलाको प्रबन्ध गर्ने दायित्व** : (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

२०. **फोहरमैला व्यवस्थापन गर्ने दायित्वः** (१) नगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक

फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरीदिन कार्यपालिकालाई अनुरोध गरेमा वा कार्यपालिकाले निर्धारण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा कार्यपालिकाले निर्धारण गरे बमोजिम सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ ।

(५) फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(६) जाँच परिक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा कार्यपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ ।

**२१. फोहरमैला उत्पादन कम गर्ने :** (१) नगरपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्न उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नुपर्ने छ ।

(२) "आफ्नो क्षेत्र" भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिणामलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**स्पष्टिकरणः** "आफ्नो क्षेत्र" भन्नाले नगरपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

**२२. फोहरमैला पृथकीकरण :** (१) कार्यपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई

स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि कार्यपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

**२३. फोहरमैलाको निष्काशन :** (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्ने छ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

**२४. फोहरमैला व्यवस्थापन केन्द्र :** (१) कार्यपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्यक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. जोखिमपूर्ण फोहरको व्यवस्थापन :** (१) कुनै जोखिमपूर्ण फोहरको संकलन, भण्डारण, प्रशोधन, विक्री वितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा संञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नुपर्ने छ ।

(३) जोखिमपूर्ण फोहर व्यवस्थापन सम्वन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**२६. फोहरमैलाको न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग :**

(१) कार्यपालिकाले फोहरमैला न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रिय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योग उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी

फोहरमैलाको परिणामलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग कार्यपालिकाले समन्वय गर्न सक्नेछ ।

२७. **अनुमति सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहिने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछः-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमति पत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमति पत्र दिन सक्नेछ ।

(५) अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता :**

(१) कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराई आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (२) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछः-

(क) फोहरमैलाको न्यूनिकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रिय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन,

(च) बन्द पश्चात् व्यवस्थापन ।

**२९. प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने :** (१) कार्यपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नुपर्ने छः-

(क) कार्यपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरीएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनिकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले कार्यपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरू तोकिए बमोजिम हुनेछ ।

**३०. फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने :** (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति कार्यपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

**३१. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने :** (१) कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनिकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

**३२. सेवा शुल्क उठाउन सक्ने :** (१) कार्यपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरूको आधारमा कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क कार्यपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले कार्यपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिइनेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी कार्यपालिकाले एउटा छुट्टै शीर्षकमा राखी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको

व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने छ ।

## परिच्छेद-४

## जैविक विविधता संरक्षण

३३. **जैविक विविधताको संरक्षण गर्नुपर्ने :** (१) आफ्नो क्षेत्र भित्रको जैविक विवधताको संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा संघीय तथा प्रदेशको कानून तथा मापदण्ड प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्ने छ,-

(क) कृषिजन्य जैविक विविधता संरक्षण -

(१) विकासका कार्यक्रमहरू सञ्चालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्त्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ. (GMO) तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरूको दिगो परिचालनको लागि पराग सेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरू सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने ।

(ख) सिमसार संरक्षण -

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरूको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सो को संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरूमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने;

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने;

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली

जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरूमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीयवासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरूको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरूको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३) जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र मापदण्ड बमोजिम हुनेछ ।

३४. **जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने :** (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्ने :** (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र

व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ ।

**३६. खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था :** (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

**३७. जलाधार संरक्षण गर्नुपर्ने :** (१) नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानून र मापदण्डको अधीनमा रही कार्यविधि वनाई नगरपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकको हुनेछ ।

## परिच्छेद- ५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

**३८. वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने :**

(१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा नगरपालिकाले संघीय र प्रदेश कानूनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्ने छ ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितामा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरू सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(घ) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरू सिर्जना गर्ने,

(ङ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(च) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरू स्थापना र सञ्चालन गर्ने,

(छ) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरूको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ज) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(झ) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरूबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुर्‍याउने,

(ञ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुनः स्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम सञ्चालन गर्ने,

(ट) नगरपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ठ) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनिकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ड) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना गाँउपालिकाबाट स्वीकृत गरी कार्यान्वियन गराउने

(ढ) नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

(ण) सामुदायिक भू-संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रमहरू सञ्चालन गर्ने,

(त) संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही नगरपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ट वन पैदावर सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन प्रवर्द्धन, प्रशोधन र वजार व्यवस्थापन गर्ने,

**३९. निजी वन दर्ता तथा व्यवस्थापन :** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा

सब डिभिजन वन कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गर्नु परेमा कार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ ।

४०. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था :** (१) कार्यपालिकाले प्रचलित नेपाल कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न सक्नेछ ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरू र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरूको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ ।

४१. **सहरी वनको विकास र व्यवस्थापन :** (१) कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

४२. **वन क्षेत्रको प्रयोग :** कार्यपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

४३. **नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन :** (१) संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र जो कोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन् ।

(२) नगरपलिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरूको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्ने छ ।

**४४. खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नुपर्ने छ ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४५. नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा वृक्षारोपण :**

(१) नगरपालिकाभित्रको नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछ ।

(२) कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद–६

## संस्थागत व्यवस्था

**४६. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन :** (१) नगरपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षण लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) विभिन्न संघ संस्थाबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**४७. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद गठन गर्न सक्ने :**

(१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई

व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायहरू वीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्न नगरपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन;

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) स्वास्थ्य समिति संयोजक- सदस्य

(ङ) वन, वातावरण समिति संयोजक-सदस्य

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिला सहित ३ जना-सदस्य

(छ) स्थानीय वासिन्दाहरूमध्ये वन उपभोक्ता समितिहरूबाट १ जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना-सदस्य

(ज) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य- सदस्य

(झ) वातावरण शाखा संयोजक- सदस्य सचिव

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

४८. **समितिहरू गठन गर्न सक्ने :** (१) नगर कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरू समेत रहेको विभिन्न समितिहरू गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरूको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

४९. **अनुगमन तथा मूल्यांकन :** (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा ५८ बमोजिम स्थापित वातावरण तथा जैविक विविधता संरक्षण परिषद वा परिषदले तोकेको निरीक्षण समितिहरूबाट गर्नेछ ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. **वातावरण संरक्षण योजना तर्जुमा गर्ने :** (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र

जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## कसूर, जरिवाना तथा क्षतिपूर्ति

**५१. कसूरः** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ : -

(क) कार्यपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरू उल्लङ्घन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न कार्यपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइ राखेको सवारी साधन हटाउने इन्कार गर्ने,

(ञ) कार्यपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने

गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानून र मापदण्ड बमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

**५२. सजाय तथा जरिवाना :** (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कार्य गरेमा देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछः

(क) दफा ५१ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कार्यपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हचार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(ख) दफा ५१ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले

पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) दफा ५१ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(घ) दफा ५१ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(ङ) दफा ५१ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदाताबाट असूल उपर गर्न सक्नेछ ।

(च) दफा ५१ को खण्च (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(छ) दफा ५१ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ज) दफा ५१ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(झ) दफा ५१ को खण्ड (ड), (ढ) र (ण) बमोजिमको कसूरलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(ञ) दफा ५१ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित कार्यपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्ने छ ।

(२) वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा कार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्नेछः

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँचलाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दशलाख रुपैयाँसम्म ।

(३) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा सम्बन्धित कार्यपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ । यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा कार्यपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ ।

(४) उपदफा (२) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ । यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम दिएको आदेश बमजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारवाही गर्न कार्यपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

**५३. क्षतिपूर्ति :** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) नगरपालिकाको कुनै निकाय वा नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न कार्यपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको

समिति गठन हुनेछ र सो समितितिको सिफारिसको आधारमा उपदफा (२) वा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५४. **निवेदन दिन सक्ने :** (१) कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदेन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वियन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा कार्यपालिका वा कार्यपालिकाले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

५५. **पुनरावेदन :** (१) दफा ५२ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ५३ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्रस सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

५६. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने :** वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ८
## विविध

५७. **ढुङ्गा, गिटि, बालुवा, माटोको उत्खनन, संकलन, उपयोग, बिक्री तथा बितरण सम्बन्धमा :** (१) नगरपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधिनमा रही नगरपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

५८. **भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन :** संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगरपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

५९. **समन्वय र सहजीकरण गर्ने :** वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक

समन्वय तथा सहयोग गर्नेछ ।

६०. **सर्वेक्षण :** कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ ।

६१. **गुनासो व्यवस्थापन :** कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ ।

६२. **परामर्श लिन सक्ने :** नगरसभा कार्यपालिका वा वातावरण शाखा (इकाई) ले यस ऐनको कार्यान्विनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

६३. **अधिकार प्रत्यायोजन गर्न सक्ने :** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार वातावरण शाखा (इकाई) मा प्रत्यायोजन गर्न सक्नेछ ।

६४. **प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

६५. **नियम बनाउन सक्ने :** यस ऐनको कार्यान्वियनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

६६. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने :** यस ऐन कार्यान्वियनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

**प्रमाणीकरण मिति : २०७७।१०।२५ गते**

**राजपत्रमा प्रकाशित मिति : २०७७।११।०२ गते**

आज्ञाले,

**जीवन ज्ञवाली**

प्रमुख प्रशासकीय अधिकृत

# वालिङ नगरपालिका जनस्वास्थ्य (संशोधन समेत) ऐन, २०७८

**प्रमाणीकरण मिति : २०७८।१०।१४ गते**

**प्रथम शंसोधन★ तथा थप◆ २०८१/९/२९**

**प्रस्तावनाः** स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ एवं स्वस्थ वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, वालिङ नगरपालिकामा स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित र जनमुखि बनाउन, नगरपालिकाभित्र स्वास्थ्य संस्था स्थापना, सञ्चालन र व्यवस्थापन तथा इजाजत र अनुगमन प्रकृयालाई प्रभावकारी र गुणस्तरीय बनाउन एवं जनस्वास्थ्यसंग सम्बन्धित विषयहरूलाई एकीकृत रुपमा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ बमोजिम संविधानको अनुसूची ८ र अनुसूची ९, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ तथा जनस्वास्थ्य सेवा ऐन, २०७५ मा उल्लेखित स्वास्थ्य सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वियनका लागि कानुनी व्यवस्था गर्न, वालिङ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम वालिङ नगरपालिका “जनस्वास्थ्य ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) “अनुगमन समिति” भन्नाले स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्न गठित दफा १८ बमोजिमको अनुगमन तथा गुणस्तर समितिलाई सम्झनुपर्छ ।

(ख) “आकस्मिक उपचार सेवा” भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अङ्ग गुम्न वा अशक्त हुने अवस्थाबाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनुपर्छ ।

(ग) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका प्रवर्द्धनात्मक, प्रतिकात्मक, उपचारात्मक, निदानात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ । र सो सब्दले दफा ३ बमोजिम नगरपालिकाले थप गरेका आधारभूत स्वास्थ्य सेवालाई समेत जनाउनेछ ।

(घ) "उपप्रमुख" भन्नाले वालिङ नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "ऐन" भन्नाले वालिङ नगरपालिकाको "जनस्वास्थ्य ऐन, २०७८" लाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले वालिङ नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(छ) "गैह सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्वीकृति लिई गैरसरकारी वा निजी वा सहकारी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ । र सो शब्दले सामुदायिक वा गुठी वा ट्रष्टमार्फत संचालित गैरनाफामूलक स्वास्थ्य संस्थालाई समेत जनाउने छ ।

(ज) "जनस्वास्थ्य निरीक्षक" भन्नाले स्वास्थ्य संस्था र जनस्वास्थ्य सम्बन्धी गुणस्तर अनुगमन तथा निरीक्षण गर्न प्रचलित कानून बमोजिमको योग्यता पुगेको दफा १९ बमोजिमको स्वास्थ्य अधिकारीलाई सम्झनुपर्छ ।

(झ) "जनस्वास्थ्य सेवा ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ञ) "नगरपालिका" भन्नाले वालिङ नगरपालिका सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ठ) "प्रमुख" भन्नाले वालिङ नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वालिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ढ) "बोर्ड" भन्नाले दफा ६ बमोजिम गठित स्थानीय जनस्वास्थ्य बोर्डलाई सम्झनु पर्छ ।

(ण) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ८ बमोजिमका स्वास्थ्य संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(त) "सरकारी स्वास्थ्य संस्था" भन्नाले वालिङ नगरपालिका क्षेत्रभित्र नगरपालिका, प्रदेश सरकार र नेपाल सरकारले सञ्चालन गरेका

स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शव्दले कानून बमोजिम स्थापना भएका स्वसाशित संगठित संस्था मातहतमा संचालित प्रतिष्ठान र शिक्षण अस्पताललाई समेत जनाउनेछ ।

(थ) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ ।

(द) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदबाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता वा महिला स्वास्थ्य स्वयंसेविका सम्झनुपर्छ र सो शव्दले स्वास्थ्य सेवा प्रदान गर्ने कानून बमोजिम अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ ।

(ध) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित सामुदायिक वा गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामूलक रुपमा स्थापना भएका स्वास्थ्य संस्थालाई समेत जनाउने छ ।

(न) "शाखा" भन्नाले वालिङ नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागि तोकेको दफा ५ बमोजिमको जनस्वास्थ्य शाखा सम्झनुपर्छ ।

## परिच्छेद–२

## आधारभूत स्वास्थ्य सेवा तथा सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवाः** (१) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच हुनेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेका जनस्वास्थ्य सेवा ऐन, २०७५ मा उल्लेखित देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क प्राप्त हुनेछ ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा,
(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,
(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,
(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(३) उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गरी निःशूल्क उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (२) र (३) का साथै स्थानीय आवश्यकता र अवस्था अनुसार निश्चित वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई नगरपालिकाले कुनै स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिमका सेवाको स्रोत व्यवस्थापन नगरपालिकाले गर्नुपर्ने छ ।

(६) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी व्यवस्था र प्रकृया बमोजिम आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(७) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायकः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्था तथा समूदायमा आधारित स्वास्थ्य कार्यक्रम मार्फत आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बाहेक नेपाल सरकार, प्रदेश सरकार, र नगरपालिकाले तोकेका स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।

(३) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले सहकारी, सामुदायिक, निजी वा गैरसरकारी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ ।

५. **शाखा सम्बन्धी व्यवस्थाः** (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि सञ्चालन गर्नको लागि नगरपालिकामा एक जनस्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत

आवश्यकता अनुसार उपशाखा र इकाईहरू बनाउन सक्नेछ ।

## परिच्छेद-३

## स्थानीय जनस्वास्थ्य बोर्ड

६. **स्थानीय जनस्वास्थ्य बोर्डः** (१) नगरपालिकाले स्वास्थ्य क्षेत्रको समग्र नीति, रणनीति तर्जमा, योजना निमार्ण, समन्वय तथा कार्यन्वयन गर्न गराउन देहाय बमोजिमको जनस्वास्थ्य बोर्ड गठन गर्नेछ ।

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) नगरपालिका उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) कानून शाखा प्रमुख - सदस्य

(च) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये बोर्डले मनोनित गरेका एक जना -सदस्य

(छ) कार्यपालिका सदस्यहरू मध्येबाट नगरपालिका प्रमुखले तोकेको एक महिला सहित दुई जना - सदस्य

(ज) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट नगर प्रमुखले तोकेको एक जना - सदस्य

(झ) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक र नर्स मध्ये नगर प्रमुखले तोकेको एक-एक जना - सदस्य

(ञ) स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ मध्ये बोर्डले मनोनित गरेका कम्तिमा एक महिला सहित दुई जना - सदस्य

(ट) स्वास्थ्य क्षेत्रमा कार्यरत निजी वा गैह्रसरकारी स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी समितिले तोकेको एक जना - सदस्य

(ठ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बोर्डले देहायका कार्य गर्नेछः-

(१) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(२) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्ने,

(३) राष्ट्रिय र प्रादेशिक स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(४) जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरूलाई स्थानीय स्तरमा लागू गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने,

(५) रोगहरूको रोकथाम, प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकारसँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(६) दफा ८ बमोजिमका व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यको नियुक्तिका लागि सिफारिस गर्ने ।

(७) दफा ८ बमोजिमका व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरूले यस ऐन बमोजिम आफ्नो जिम्मेवारी पुरा नगरेमा निजलाई समितिबाट हटाउनका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(८) स्थानीय स्वास्थ्य नीति, योजना तर्जुमा गर्ने, नगरपालिकाको लक्ष्य निर्धारण गर्ने, निर्धारित लक्ष्य अनुरुप काम भए नभएको अनुगमन मुल्याङकन गर्ने र आवश्यकता अनुसार निर्देशन दिने ।

(९) नगरपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने ।

(ख) बोर्डले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्न सक्नेछ ।

(३) बोर्ड सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

## परिच्छेद-४

## स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन

**७. स्वास्थ्य संस्था सञ्चालनः** (१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था सञ्चालन गर्न सक्नेछ ।

(क) अस्पताल

(ख) प्राथमिक स्वास्थ्य केन्द्र

(ग) स्वास्थ्य चौकी

(घ) फार्मेसी

(ङ) स्वास्थ्य क्लिनिक

(च) आयुर्वेद क्लिनिक

(छ) रक्त संचार केन्द्र

(ज) आधारभूत स्वास्थ्य सेवा केन्द्र

(झ) शहरी स्वास्थ्य केन्द्र

(ञ) प्रयोगशाला

(ट) जनस्वास्थ्य परामर्श केन्द्र

(ठ) नगरपालिकाले तोके बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मामदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले जनसंख्या, भुगोल र लाभान्वित वर्गको अनुपातमा आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था र नगरपालिकामा कम्तिमा एक अस्पताल रहने गरी स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा सञ्चालन गर्न स्वास्थ्य सेवालाई एकीकृत रुपमा सञ्चालन गर्न सक्नेछ ।

(५) नगरपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको प्रचलित मापदण्ड बमोजिम स्तरोन्नति गरी सञ्चालन गर्न सक्नेछ ।

(६) स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ ।

(७) प्रचलित मापदण्डको अधिनमा रही नगरपालिकाले आफ्नो स्वामित्वमा संचालित स्वास्थ्य संस्थामार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम विशेषज्ञ सेवा सञ्चालन गर्दा नेपाल सरकार, प्रदेश सरकारसंग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(९) नगरपालिकाभित्र संचालित सरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधी तथा सुपथ मूल्यमा अन्य आवश्यक औषधीहरू उपलब्ध गराउनु पर्नेछ ।

८. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनः** (१) नगरपालिकाको स्वामित्वमा सञ्चालन भएका अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति हुनेछ ।

(क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको व्यक्ति - अध्यक्ष★

(ख) नगरपलिकाभित्र वसोवास गर्ने प्रतिष्ठित समाजसेवी मध्येबाट कार्यपालिकाले तोकेको व्यक्ति - उपाध्यक्ष

(ग) सामाजिक विकास समिति संयोजक वा प्रतिनिधि - सदस्य

★ प्रथम संशोधन

(घ) अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

(ङ) कार्यपालिका महिला सदस्य मध्ये कम्तिमा एक दलित महिला सदस्य सहित दुई जना - सदस्य

(च) सामाजिक वा स्वास्थ्य वा शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित दुई जना -सदस्य

(छ) महिला स्वयंसेविका मध्येबाट कार्यपालिकाले तोकेको एक जना -सदस्य

(ज) अस्पतालको पारामेडिक्स/नर्सिङ इन्चार्ज - सदस्य

(झ) स्थानीय उद्योग व्यापार संघको अध्यक्ष वा उक्त क्षेत्रमा क्रियाशिल प्रतिनिधि - सदस्य

(ञ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ट) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट - सदस्य सचिव

(२) उपदफा (१) बाहेकका नगरपालिकाको स्वामित्व रहेका सरकारी स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ -

(क) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको अध्यक्ष - अध्यक्ष

(ख) स्वास्थ्य संस्था रहेको वडामा वसोवास गर्ने स्थानीय समाजसेवी मध्ये कार्यपालिकाले तोकेको व्यक्ति - उपाध्यक्ष

(ग) कार्यपालिकाको महिला सदस्यहरू मध्येबाट एकजना - सदस्य

(घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका कार्यकारी अधिकारी - सदस्य

(ङ) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख वा प्राचार्य मध्येबाट एक र महिला शिक्षिका मध्येबाट एक गरी समितिले मनोनित गरेका दुई जना - सदस्य

(च) सामाजिक वा स्वास्थ्य वा शिक्षा वा उद्योग व्यापार क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेका कम्तिमा एक महिला सहित तीन जना -सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट समितिले मनोनित गरेका एक जना - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

तर, एउटै वडामा एक भन्दा धेरै स्वास्थ्य संस्था भएको अवस्थामा ती स्वास्थ्य संस्थाको अध्यक्ष स्थानीय जनस्वास्थ्य बोर्डले नियुक्ति गर्नेछ ।

(३) समितिले दलित, जनजाति, अपाङ्गता भएका, जेष्ठ नागरिक, किशोर

किशोरी मध्येबाट एक–एक जना व्यक्तिलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) आफ्नो स्वास्थ्य संस्थामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वियन गर्ने, गराउने ।

(ग) स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(घ) भौगोलिक अवस्था, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने ।

(च) स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समिक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(छ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ज) नगरपालिकाले तोके बमोजिम अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(झ) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास र एवं वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने ।

(ञ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोतको क्षमता विकास व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरूलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ट) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने, गराउने । स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको व्यवस्थापन गर्ने ।

(ठ) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तीय स्रोत साधनहरूको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस गर्ने ।

(ड) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ण) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(त) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(थ) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका नगरपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने ।

(द) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(ध) नगरपालिकाले बनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र स्वास्थ्य संस्थाको आवधिक तथा वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्ने ।

(न) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(प) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरू र नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

(फ) अस्पतालका सबै सेवालाई चुस्त दुरुस्त र प्रभावकारी संचालनका लागि अस्पतालमा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई अस्पताल व्यवस्थापकको रुपमा जिम्मेवारी दिई कार्य संचालन गर्न सक्नेछ ❖

१०. **पदाधिकारीहरूको पदावधिः** (१) व्यवस्थापन समितिका पदाधिकारीहरूको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ ।

तर, पदाधिकारीको पदावधि बाँकी रहँदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा समिति स्वतः समाप्त हुनेछ ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन ।

तर, पदेनको हकमा यो प्रावधान लागू हुने छैन ।

स्पष्टिकरणः यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो जिम्मेवारी पुरा नगर्ने समिति पदाधिकारी तथा सदस्यलाई कार्यपालिकाले निश्चित समय दिई बोर्डको सिफारिसमा समितिबाट हटाउन सक्नेछ ।

११. **पदावधि रित्त हुनेः** निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरूको पद रित्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा ।

(घ) फौजदारी अभियोग लागेमा ।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

१२. **व्यवस्थापन समितिको कोषः** (१) व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) नगरपालिकाबाट प्राप्त रकम ।

(ख) सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम ।

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) अस्पतालले सञ्चालन गरेको सेवा वापत प्राप्त रकम ।

(छ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) स्वास्थ्य संस्थालाई प्राप्त हुने सवै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा आम्दानी बाध्नुपर्नेछ ।

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**१३. कोष तथा लेखा सञ्चालनः** (१) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आयव्यय दुरुस्त राख्ने जिम्मा सम्बन्धित स्वास्थ्य संस्था प्रमुख र लेखा प्रमुखको हुनेछ ।

(२) स्वास्थ्य संस्थाको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ ।

(४) खाता सञ्चालन अस्पताल प्रमुख र अस्पतालको लेखामा कार्यरत कर्मचारीको संयुक्त दस्तखतमा हुनेछ ।★

(५) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोवारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोवारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(६) स्वास्थ्य संस्थाको आम्दनी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख,

बेरुजु फछ्र्योट लागयतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(७) स्वास्थ्य संस्थालाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया नेपाल सरकारबाट जारी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१४. **लेखा परीक्षण:** (१) व्यवस्थापन समितिले तोकिए बमोजिम आय व्ययको आन्तिरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) आन्तिरिक लेखा परीक्षण मान्यता प्राप्त लेखा परिक्षक मध्येबाट समितिले तोकेको लेखा परिक्षकले गर्नेछ ।

(३) अन्तिम लेखा परीक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परिक्षकबाट हुनेछ ।

## परिच्छेद- ५

## स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन

१५. **स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र लिनुपर्ने :** (१) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्डका साथै नगरपालिकाले तोकेको प्रक्रिया पुरा गरी नगरपालिका क्षेत्रभित्र देहाय बमोजिमका निजी, गैरसरकारी, सामुदायिक, सहकारी वा गैरनाफामूलक संस्थालाई स्वास्थ्य संस्था सञ्चालनको लागि इजाजतपत्र दिन सक्नेछ;

(क) १५ शैयासम्मको अस्पताल ★

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, होमियोप्याथी क्लिनिक सेवारपग्पा (आम्ची) क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू

(ग) औषधी पसल, फार्मेसी सेवा

(घ) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र(मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरीक व्यायम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू

(ङ) जेरियाट्रिक परामर्श केन्द्र

(च) प्रयोगशाला (डी र ई वर्गको)

(छ) आरोग्य केन्द्र

(ज) विद्यालय स्वास्थ्य परामर्श केन्द्र

(झ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धी सेवा

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा

तर, औषधी पसल सञ्चालनका लागि सम्बन्धित नियामक निकायबाट सिफारिस लिनुपर्नेछ ।

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि संस्था सञ्चालन वा सेवा उपलब्ध गराउन पाउने छैन ।

(३) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएपछि नगरपालिकाले तोकेको प्रकृया बमोजिम यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र इजाजतपत्रका लागि निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन इजाजतपत्र लिन वा नवीकरण गर्न नगरपालिकाकाले तोके बमोजिमको ढांचामा दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमका स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा अनुगमन समितिले जाँचबुझ गरी वा गराई नगरपालिकालाई सिफारिस गर्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुगमन गर्दा मापदण्ड पुरा गरेको पाइएमा नगरपालिकाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन सम्बन्धमा आवश्यक सर्त तोकी तोकिए बमोजिमको ढाँचामा सञ्चालन इजाजतपत्र दिन सक्नेछ ।

(७) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र नगरपालिकाले तोके बमोजिमको विवरण सहितको स्वमूल्याङ्कन प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा नगरपालिकालाई अग्रिम जानकारी गराउनुपर्ने छ ।

(९) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत कुनै निकायबाट अनुमति लिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन र प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गर्न समय माग गरेमा नगरपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई औचित्य हेरी बढीमा छ महिनाको समायावधि दिन सक्नेछ । सो अवधिभित्र इजाजतपत्र नलिने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ ।

(१०) स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति र इजाजतपत्र सम्बन्धी अन्य

व्यवस्था र मापदण्ड नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अनुरुप नगरपालिकाले तोक्नेछ ।

(११) उपदफा (१०) बमोजिमको मापदण्ड नबनेसम्मका लागि स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति, इजाजतपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ ।

(१२) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका अन्तर्गत संचालित सरकारी स्वास्थ्य संस्थाले इजाजत अनुमति लिनुपर्ने छैन तर प्रचलित कानून बमोजिमको न्यूनतम गुणस्तर मापदण्ड भने पुरा गरेको हुनुपर्नेछ ।

(१३) स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र र नवीकरण सम्बन्धमा भएको प्रगति प्रतिवेदन शाखाले प्रत्येक महिना कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

(१४) स्वास्थ्य संस्था सञ्चालन अनुमति र इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. दर्ता सिफारिस लिनुपर्नेः** (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई/दर्ता भई सञ्चालन हुने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा सञ्चालन र नवीकरणको लागि नगरपालिकाबाट सेवा सञ्चालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले समेत प्रचलित मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत संख्यामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्ने छ ।

## परिच्छेद-६

## अनुगमन तथा गुणस्तर सम्बन्धी व्यवस्था

**१७. गूणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने :** (१) स्वास्थ्य संस्थाले गुणस्तर र पूर्वाधार मापदण्ड पुरा गर्नुपर्ने छ ।

(२) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले मापदण्ड नबनाउने बेलासम्म प्रचलित कानून बमोजिमको मापदण्ड अनुसार हुनेछ ।

(४) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड

अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ ।

१८. **अनुगमन समितिः** (१) स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी आवश्यक कारवाही गर्न नगरपालिकाले देहाय बमोजिमको समिति गठन गर्नेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) अस्पतालका मेसु र नर्सिङ प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित विषयको विशेषज्ञ

(घ) स्थानीय उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियाशिल संस्थाको प्रतिनिधि एक जना - सदस्य

(ङ) सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि

(च) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) अनुगमन समितिले दफा १५ बमोजिम संचलान अनुमति लिई नगरपालिका क्षेत्रभित्र इजाजतपत्र लिएका र नगरपालिकाले आफैं सञ्चालन गरेका प्रत्येक स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञ उपलब्ध हुन नसकेको अवस्थामा समितिले प्रादेशिक स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्लास्थित सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै वेला निरीक्षक खटाउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा विज्ञ आवश्यक भएमा सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ ।

(६) अनुगमनका क्रममा मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ ।

(७) निरीक्षण तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरूको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(८) स्वास्थ्य संस्थाको इजाजत र नवीकरणका प्रयोजनका लागि पुर्वाधार तथा गुणस्तर अनुगमन र निरीक्षण गर्न अनुगमन समिति अन्तर्गत आवश्यकता

अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(९) अनुगमन समिति र उपसमिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) अनुगमन समितिले प्रत्येक महिना कार्यपालिकामा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(११) समितिको बैठक तथा अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१९. जनस्वास्थ्य निरीक्षक तोक्न सक्नेः** (१) स्वास्थ्य संस्थाले प्रचलित मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन गरे वा नगरेको र सेवा प्रदान गरे वा नगरेको सम्बन्धमा निरीक्षण र अनुगमन गर्न तथा जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित राख्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्न अनुगमन समितिले स्वास्थ्यको कुनै कर्मचारीलाई जनस्वास्थ्य निरीक्षक तोक्न सक्नेछ ।

(२) निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐन र प्रचलित कानून विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षकको योग्यता तथा अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**२०. सेवा शुल्क निर्धारण र पुनरावलोकन :** (१) नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिकाभित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा(१)को प्रतिकूल नहुनेगरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई नगरपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले सेवा शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नुपर्नेछ ।

## परिच्छेद – ७

## स्वास्थ्य जनशक्ति, पूर्वाधार र औषधी व्यवस्थापन

**२१. स्वास्थ्य जनशक्तिः** (१) नगरपालिका भित्रका स्वास्थ्य संस्थामार्फत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ ।

(क) स्थायी– नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवाबाट पदपुर्ति हुने स्थायी जनशक्ति

(ख) करार – करार सेवामा भर्ना गरिएका जनशक्ति

(ग) अभ्यासकर्ता– छात्रवृति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा नगरपालिकाको पूर्ण वा आंशिक रुपमा सहयोग प्राप्त गरी अध्ययन गरेका विद्यार्थी

(घ) स्वास्थ्य अभियानकर्ता/महिला स्वास्थ्य स्वयंसेविका

(२) नगरपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

**२२. पदको किसिमः** (१) नगरपालिकामा स्वास्थ्य सेवाका दरवन्दीहरू स्थानीय सेवा ऐन बमोजिम हुनेछ ।

(२) स्थानीय सेवा ऐन नबनेसम्म नगरपालिकाका स्वास्थ्य सेवाका कर्मचारीको पद देहाय अनुसार रहनेछन्ः–

(क) अधिकृत स्तरका पद

(ख) सहायक स्तरका पद

(३) उपदफा (२) मा उल्लेख भएका पदहरूको तह देहाय बमोजिम हुनेछ ः–

(क) अधिकृत स्तर

(१) अधिकृत स्तर छैठौं तह

(२) अधिकृत स्तर सातौं तह

(३) अधिकृत स्तर आठौं तह

(४) अधिकृत स्तर नवौं तह

(५) अधिकृत स्तर दशौं तह

(ख) सहायक स्तर

(१) सहायक स्तर चौथो तह

(२) सहायक स्तर पाँचौं तह

(४) यो ऐन प्रारम्भ हुँदाका बखत नगरपालिकामा कायम रहेका पदहरू यसै ऐन बमोजिम रहेको मानी सोही बमोजिम तह मिलान गरिनेछ ।

**२३. पदपूर्तिः** (१) नगरपालिकाका स्वास्थ्य सेवाका कर्मचारीहरू स्थानीय सेवा ऐन बमोजिम प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति हुनेछ ।

(२) उप दफा (१) बमोजिम स्थानीय सेवा ऐन नबने सम्मका लागि प्रचलित कानून बमोजिम स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति नगरपालिकाको अनुरोधमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति गर्न बाधा

पर्ने छैन ।

(३) नगरपालिका अन्तर्गतका सरकारी स्वास्थ्य संस्थाले करारमा कर्मचारी भर्ना गर्दा नगरपालिकाको सहमति लिनुपर्नेछ ।

**२४. सरुवा गर्न सक्ने:** (१) नगरपालिकाले आफू अन्तर्गतको स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी सरुवा गर्दा लिइने आधार तथा मापदण्ड नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**२५. काजमा खटाउन सकिने:** (१) नगरपालिका भित्रको स्वास्थ्य सेवालाई व्यवस्थित गर्न आफू मातहतको स्वास्थ्य संस्थाको कुनै स्थायी कर्मचारीलाई अर्को स्वास्थ्य संस्थामा काजमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव पार्न पाइने छैन ।

**२६. विशेष पदको सृजना:** (१) नगरपालिकाले देहायको अवस्थामा विशेष पदको सृजना गर्न सक्नेछ :-

(क) कुनै कर्मचारी छात्रवृत्ति प्राप्त गरी वा नगरपालिकाको स्वीकृतिमा अध्ययन वा ३ महिना भन्दा लामो अवधिको तालीममा खटिएमा,

(ख) कुनै कर्मचारीले ३ महिनाभन्दा बढी बिदा लिई बसेमा,

(ग) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिलमा परेको कर्मचारीको पदाधिकार कायम राख्नु पर्ने भएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा वा अतिरिक्त स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि विशेष पदको सृजना गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) को अवस्था विद्यमान नरहेमा त्यसरी सृजना भएको विशेष पद स्वतः खारेज भई कर्मचारी स्वतः अवकाश हुनेछ ।

(४) यस दफा बमोजिमको विशेष पदमा पदपूर्ति गर्दा योग्यता प्रणाली अवलम्बन गरी खुला प्रतिस्पर्धाबाट छनौट गरी करार सेवामा कर्मचारी नियुक्ति हुनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि नगरपालिकामा विपद् वा जनस्वास्थ्य सम्बन्धी आपतकालिन अवस्था सिर्जना हुँदा वा यस ऐन बमोजिम आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन कार्यपालिकाले अवस्था र आवश्यकता हेरी करारमा अतिरिक्त स्वास्थ्य जनशक्ति थप गर्न

यो दफाले वाधा पुऱ्याउने छैन ।

**२७. कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका भित्रको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको ऐन नबनेसम्म कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था निज नियुक्त हुँदाका बखत कायम रहेको प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि नगरपालिकाले स्थानीय स्रोत साधनको उपलब्धता र कार्यबोझको प्रकृति हेरी स्वास्थ्यकर्मीलाई उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप अतिरिक्त सुविधा उपलब्ध गराउन तथा जिम्मेवारी पुरा नगरेमा कानून बमोजिम कारवाही यस ऐनले बाधा पुऱ्याउने छैन ।

(४) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरूको योग्यता, नियुक्तिको प्रकृया, सेवासुविधा र तालिम सम्वन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई व्यवस्थित गर्नेछ ।

(५) स्वास्थ्य जनशक्तिको सेवा सुविधा तथा अन्य व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिमको स्थानीय सेवा ऐन नबनेसम्मका लागि प्रचलित कानुन बमोजिम जनशक्ति व्यवस्थापन हुनेछ ।

**२८. सेवा करार गर्न सकिनेः** नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक वा अन्य स्वास्थ्यकर्मीको पद स्थायी पदपुर्ति नभएसम्म प्रचलित कानून र मापदण्ड अनुसार स्वीकृत दरवन्दीमा सेवा करार गरी वा करार सेवामा नियुक्ति गरी कामकाज लागाउन सक्नेछ ।

**२९. कार्यसम्पादन करार गर्नुपर्नेः** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नगरपालिकाले कर्मचारीहरूसंग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्नेछ ।

(२) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरूसँग र प्रमुखले अन्य कर्मचारीहरूसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(३) कार्यसम्पादन करार अनुसार काम भए नभएको सम्बन्धमा कार्यपालिकाले कर्मचारीको कार्यक्षमताको मूल्याङकन गरी राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्नेछ ।

**३०. खरिद योजना बनाउनु पर्नेः** (१) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिद तथा व्यवस्थापन गर्न बार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ ।

(३) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले बहुवार्षिक खरिद योजना बनाउन सक्नेछ ।

(४) स्वास्थ्य संस्था प्रमुखले संस्थाको खरिद योजना नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

**३१. औषधी तथा स्वास्थ्यजन्य सामग्रीको खरीदः** (१) औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदका लागि स्वास्थ्य शाखाले प्रक्रिया अगाडि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्यजन्य समाग्रीको खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

**३२. औषधी तथा स्वास्थ्य जन्य सामाग्रीको भण्डारणः** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरी छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्ने छ ।

(२) नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्वन्धी विस्तृत बिवरण सम्बन्धित स्वास्थ्य संस्थाले त्रैमासिक रुपमा सार्वजनिक गर्ने र स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

(३) औषधी सम्बन्धी अन्य व्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**३३. नगर फार्मेसी सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले नगरवासीलाई सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलव्ध गराउने प्रयोजनको लागि छुटटै फार्मेसी सञ्चालन गर्न सक्नेछ ।

(२) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था फार्मेसी सञ्चालन निर्देशिका र प्रचलित कानून बमोजिम हुनेछ ।

**३४. स्वास्थ्य पूर्वाधार र मापदण्ड :** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्वर्द्धन गर्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको वर्गीकरण र प्रचलित स्वास्थ्य पूर्वाधार मापदण्ड बमोजिम नगरपालिकाले स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण गर्नेछ ।

(३) नेपाल सरकारको प्रचलित मापदण्डको प्रतिकुल नहुने गरी कार्यपालिकाले न्यूनतम पूर्वाधार मापदण्ड वनाई स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण, विस्तार तथा मर्मत सम्भार गर्न सक्नेछ ।

(४) नगरपालिकाले आफ्नो स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा मापदण्ड अनुसार न्यूनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।

(५) स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण, विस्तार तथा व्यवस्थापनका लागि नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, सार्वजनिक संघ संस्था र निजी संस्थासंग समेत साझेदारी गर्न सक्नेछ ।

**३५. स्वास्थ्य पूर्वाधार मर्मत संभार कोषः** (१) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि नगरपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मतसम्भारको लागि बजेट छुट्ट्याउन सक्नेछ ।

(२) कोषको सञ्चालन सम्बन्धी प्रक्रिया नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद -८

## आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य आपतकाल

**३६. आकस्मिक सेवाबाट बन्देज नगरिनेः** (१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) विरामीको जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको दायित्व र कर्तव्य हुनेछ ।

(३) आकस्मिक स्वास्थ्य सेवा सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३७. आपतकालिक स्वास्थ्य सेवाः** (१) नगरपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदको पूर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनिकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) नगरपालिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरी लागू गर्नेछ ।

(३) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन द्रूत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकीय समुह परिचालन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम द्रुत प्रतिकार्य टाली तथा आपतकालिन चिकित्सकीय समुहको गठन, परिचालन तथा स्रोत व्यवस्थापन सम्बन्धी व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) नगरपालिकाले विपद व्यवस्थापन केन्द्र स्थापनका तथा सञ्चालन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम विपद व्यवस्थापन केन्द्र सञ्चालन गर्दा नजिकका अन्य स्थानीय तहसंग समेत संयुक्त रुपमा सञ्चालन गर्न सक्नेछ ।

**३८. आकस्मिक स्वास्थ्य सेवा कोषः** (१) नगरपालिकाले आकस्मिक स्वास्थ्य सेवा कोष स्थापना गर्न सक्नेछ ।

(२) आकस्मिक स्वास्थ्य सेवा कोषको व्यवस्थापन गर्न कार्यपालिकाले छुट्टै कार्यविधि बनाउने छ ।

**३९. संक्रामक रोगको व्यवस्थापनः** (१) संक्रामक रोगबाट प्रभावित भएको लागेमा सम्बन्धित व्यक्ति वा निजको नजिकको आफन्तले स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सो को जानकारी दिनु पर्नेछ ।

(२) कुनै व्यक्ति संक्रामक रोगबाट प्रभावित भइ उपचार गर्न आएमा अविलम्ब सो को जानकारी नगरपालिका र सम्बन्धित प्रादेशिक तथ संघीय निकायलाई दिनु सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मी वा स्वास्थ्यसंस्थाको दायित्व र जिम्मेवारी हुनेछ ।

(३) नगरपालिकाले प्रभाव क्षेत्र निर्क्यौल गरी रोगको रोकथाम र न्यूनिकरणका लागि आवश्यक सतर्कता अपनाउन, जनशक्ति परिचालन गर्न र थप क्षति हुन नदिन स्थानीय स्रोत साधन परिचालन गर्न र सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(४) रोगको रोकथाम र नियन्त्रकका लागि नगरपालिकाले अवलम्बन गरेका योजना कार्यान्वयन गर्नु र आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) उपदफा (३) बमोजिम रोग रोकथाम र नियन्त्रण गर्न सहयोगको लागि नगरपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसंग अनुरोध र समन्वय गर्नेछ ।

(६) संक्रमित व्यक्तिहरूको व्यक्तिगत जानकारी र सेवा अभिलेखको गोपनियता सुनिश्चित गर्नु सेवा प्रदायक र स्वास्थ्य संस्थाको प्रमुख दायित्व हुनेछ ।

**४०. जनस्वास्थ्य आपतकाल :** (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत

प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागू हुने हो सो समेत स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नुपर्ने छ ।

(४) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) जनस्वास्थ्य आपतकाल घोषणा भएको अवस्थामा नगरपालिकाले जुनसुकै वखत निजी, गैरसरकारी सहकारी, गैर नाफामूलक, सामुदायिक वा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, स्वास्थ्य संस्था सञ्चालन गर्न, त्यस्तो स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन, साधन स्रोत परिचालन गर्न र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा गराउन सक्नेछ ।

(६) जनस्वास्थ्य आपतकाल घोषणा भएको अवस्थामा विद्यालय, सामुदायिक भवन, सार्वजनिक स्थान तथा आवश्यकता परेमा व्यक्तिले आफ्नो अवस्था अनुसार निजी साधन, भवन, जग्गा समेत उपलब्ध गराउनु प्रत्येक नगरवासी, निजी, गैरसरकारी, सहकारी सामुदायिक संघसंस्थाको दायीत्व हुनेछ ।

यसरी उपलब्ध भएका साधन स्रोतको संरक्षण गर्नु नगरपालिकाको जिम्मेवारी हुनेछ ।

(७) आपतकालिन अवस्थामा नगरपालिकाले कुनै व्यक्ति वा संघ संस्थालाई स्वयंसेवामा परिचालन गर्न, गराउन सक्नेछ ।

(८) नगरपालिकाले महामारी र आपतकालीन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ ।

(९) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ ।

(१०) जनस्वास्थ्य आपतकाल सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**४१. एम्बुलेन्स तथा शव वाहन सेवाः** (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा

शववाहन सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्स तथा शववहान सञ्चालन गर्ने संघ संस्थाले सञ्चालन अनुमतिका लागि नगरपालिकाको सिफारिस लिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन अनूमति पाएका एम्बुलेन्स तथा शववहानले वार्षिक रुपमा नगरपालिकामा दर्ता तथा वार्षिक नवीकरण गराउनुपर्नेछ ।

(४) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्स तथा शववहान मापदण्ड अनुरूप भए नभएको अनुगमन दफा १८ बमोजिमको अनुगमन समितिले गर्नेछ ।

(५) नगरपालिकाले अन्य स्थानीय सरकारसंगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ ।

(६) एम्बुलेन्स तथा शववाहन सञ्चालन सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई लागू गर्नेछ ।

(७) महामारीमा शव व्यवस्थापनको लागि नगरपालिकाले निश्चित स्थान तोकी व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद- ९

## सेवाग्राहीको कर्तव्य, सेवा प्रदायकको दायित्व

**४२. सेवाग्राहीको कर्तव्यः** (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव ग्रहण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(२) आफ्नो स्वास्थ्यको सम्वन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

**४३. सेवा प्रदायकको दायित्वः** (१) सेवाग्राहीलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु तथा उपचार सम्बन्धी जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव गर्न पाइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ ।

(४) स्वास्थ्य संस्थामा उपचार तथा सेवा प्रदान गर्दा र निजको स्वास्थ्यसम्बन्धी जानकारी लिंदा सेवाग्राहीको व्यक्तिगत गोपनीयताको सुनिश्चितता गराउनु

सेवा प्रदायकको दायीत्व हुनेछ ।

४४. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने:** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

४५. **गुनासो व्यवस्थापन:** (१) नगरपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ ।

(२) सवै स्वास्थ्य संस्थाले सवैले देख्ने ठाउँमा उजुरी पेटीका राख्ने र नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गुनासो व्यवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. **पेशागत सुरक्षा र कार्यमैत्री वातावरण:** स्वास्थ्य संस्थामा भय रहित रुपमा उपचार तथा सेवा प्रदान गर्न पेशागत सुरक्षा र कार्यमैत्री वातावरण हुनेछ ।

## परिच्छेद-१०

## सरसफाई, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

४७. **सरसफाई तथा स्वस्थ वातावरण :** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्ने पाइने छैन । यसका लागि कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा नगरपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) कार्यपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई सम्बन्धी मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य निरीक्षकसँग

हुनेछ ।

(७) जाँच परीक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ ।

४८. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापन :** (१) स्वास्थ्य सम्बन्धी फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागू गर्नेछ ।

(२) नगरपालिकाले स्वास्थ्य क्षेत्रबाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ ।

४९. **जनस्वास्थ्य निरीक्षण :** (१) नगरपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न नगरपालिकाले संघ तथा प्रदेशसंगको समन्वयमा जनस्वास्थ निरीक्षक परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

५०. **खाद्य तथा पानीको गूणस्तर :** (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र बिक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागू गर्नेछ ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई सञ्चालन अनुमति दिनेछ ।

(३) नगरपालिकाले नियमित रूपमा मापदण्ड पालना भए–नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धी

चेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ ।

(५) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ ।

(६) नगरपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण, ओसार पसार तथा बिक्री वितरणका क्रममा प्रचलित कानून बमोजिमको न्यूनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्ने छ ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ। यसरी जाँच परीक्षण गर्दा निरीक्षकले संघीय सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ ।

(९) जाँच परीक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको सञ्चालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिश गर्न सक्नेछ ।

**५१. अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :** (१) नगरपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिकाबाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ ।

(३) सुर्ती तथा मदिराजन्य पदार्थ उपभोग र विक्री वितरणमा न्युनिकरण तथा नियन्त्रण गर्न नगरपालिकाले निषेधित र विक्री वितरणका लागि खुल्ला क्षेत्र र समय तोक्न तथा उपभोगमा निश्चित सर्त बन्देज लगाउन सक्नेछ ।

(४) नगरपालिका भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

(५) १८ वर्ष मुनिका वालवालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाइने छैन ।

(६) विद्यालय, स्वास्थ्य संस्था लगायत नगरपालिकाले सूचना निकालेर तोकेका स्थान र सो वरपर जंक फुड, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ । निषेधित क्षेत्रमा जंक फुडको विक्री, वितरण, प्रचार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाईप्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

स्पष्टिकरणः “जंक फुड“ भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित खाद्य सामग्री सम्झनुपर्छ ।

**५२. जनस्वास्थ्य मैत्री भवन निर्माण तथा सडक पूर्वाधार :** (१) नगरपालिका भित्र सार्वजनिक भवनहरू निर्माण गर्दा जनस्वास्थ्य मैत्री हुनु पर्नेछ, यसमा भवन आचार संहिता मापदण्ड पालना, खासगरी भूकम्प प्रतिरोधी तथा अपाङ्गतामैत्री हुनुपर्ने समेत पर्दछ ।

(२) संघ, प्रदेश वा नगरपालिकाले तोकेका जोखिमपूर्ण क्षेत्रहरूका आवास निर्माण गर्न पाइने छैन । यदि निर्धारित क्षेत्रमा पहिले देखिनै आधिकारिक बसाइ रहेको भएमा नगरपालिकाले प्रचलित संघीय कानून अनुसार वैकल्पिक स्थानसहित उपयुक्त क्षतिपूर्तिको व्यवस्था गर्नेछ ।

(३) सडक पूर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रबर्धनलाई ध्यानमा राखेर निर्माण गर्नुपर्ने छ । नयाँ बन्ने सडक र पुराना सडकहरूको स्तरोन्नति गर्दा आवश्यकता अनुसार फुटपाथ र साइकल लेनको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) नगरपालिकाले कुनै पनि भौतिक निर्माण गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो निर्माणको क्रममा जनस्वास्थ्यमा पर्नसक्ने प्रभावको मूल्यांकन गर्नसक्नेछ । यस्तो मूल्याङ्कनबाट जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नसक्ने देखिएमा त्यस्तो प्रभाव न्यूनिकरण गर्ने विधिबाट निर्माण गरिनेछ ।

**५३. जनस्वास्थ्य मैत्री वस्ती विकास तथा शहरीकरण :** (१) जनस्वास्थ्य मैत्री वस्तीविकास तथा शहरीकरण प्रबर्धन गर्नु नगरपालिकाको दायित्व हुनेछ । जसमा आवश्यकता र सान्दर्भिकता अनुसार स्वास्थ्यका दृष्टिकोणले पर्याप्त खेल, मनोरञ्जन स्थल, पैदल हिड्ने व्यवस्था, साइकल चलाउन मिल्ने व्यवस्था आदि समेत पर्नेछ । नगरपालिकाले शहरीकरणका आवश्यक मापदण्डहरूमा उपरोक्त पक्षहरूलाई समावेश र प्रबर्द्धन गर्नेछ ।

(२) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र सार्वजनिक खुल्ला स्थान तथा सार्वजनिक पार्कको निर्माण र संरक्षण गर्नेछ ।

## परिच्छेद–११

## प्रेषण, अभिलेखीकरण र स्वास्थ्य सूचना प्रणाली

**५४. प्रेषण तथा उपचार प्रणालीः** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध सेवा प्रदान गरी थप उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्ने छ ।

(३) नगरपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न दोहोरो प्रेषण प्रणाली लागू गर्नेछ ।

(४) गम्भीर अवस्थाका विरामी, गर्भवती महिला, विपन्न नागरिकलाई प्रेषण गर्दा एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

(५) प्रेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५५. स्वास्थ्य संस्था सूचना प्रणालीः** (१) स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरू नियमानुसार अभिलेख व्यवस्थापन गर्नेछ ।

(२) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सम्वन्धी सूचना नगरपालिका प्रदेश तथा संघको संवन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनेछ ।

(३) स्वास्थ्य संस्थाबाट प्रदान भएका सेवा सुविधाहरूको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक बडापत्र स्वास्थ्य संस्थाको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरू सुनिश्चितता गर्नुपर्ने छ ।

(५) स्वास्थ्य संस्थामा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनेछ ।

(६) स्वास्थ्य संस्थाभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कलको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्ने छ ।

(७) प्रहरी, दमकल, एम्बुलेन्स जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरू स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

५६. **तथ्याङ्क संकलन र अभिलेखीकरणः** (१) नगरपालिकाले नगरपालिकाभित्र घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी विस्तृत तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्यांक र अभिलेख नगर स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्ने छ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(४) नगरपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवारप्राप्त व्यक्तिको दायित्व हुनेछ ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

(६) नगरपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ ।

५७. **सर्वेक्षण गर्न सक्नेः** नगरपालिकाले आफ्नो क्षेत्रभित्रको स्वास्थ्य अवस्था र प्रणालीको वस्तुस्थिति बुझ्न र सो अनुरुपको योजना तर्जुमा गर्न आवधिक रुपमा स्वास्थ्य सर्वेक्षण तथा अध्ययन गर्न सक्नेछ ।

५८. **जानकारी पाउने हकः** विरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ ।

## परिच्छेद -१२

## साझेदारी र सहकार्य

५९. **साझेदारी र सहकार्य गर्न सक्नेः** (१) नगरपालिकाले स्वास्थ्य सेवा प्रवाह गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहका सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था, निकाय तथा संघ-संस्थासंग साझेदारी गर्न सक्नेछ ।

(२) स्वास्थ्य सेवा प्रवाहको सुलभता र खर्च न्यूनिकरणको लागि नगरपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह

गराउन सक्नेछ ।

६०. **सेवा खरिद सम्झौता गर्न सक्ने**: नगरपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि नगरपालिकाले नगरपालिका क्षेत्रभित्र संचालित वा आसपासमा पायक पर्ने स्थानमा संचालित सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थासंग सेवा खरिद सम्झौता गर्न सक्नेछ ।

६१. **विद्यालय स्वास्थ्य सेवा**: (१) नगरपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरूसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरू नगरपालिकाले तोके बमोजिम हुनेछ ।

६२. **घुम्ती शिविर सम्बन्धी व्यवस्था**: (१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा स्वास्थ्य सम्वन्धी अन्य सेवा तथा कार्यक्रमहरू प्रचलित कानून बमोजिम अनुमति लिई स्वास्थ्य शाखाको समन्वयमा सञ्चालन गर्नुपर्ने छ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरू प्रदान गर्दा पूरा गर्नुपर्ने प्रकृया र मापदण्ड नगरपालिकाले तोके बमोजिम हुनेछ ।

६३. **विशेषज्ञ स्वास्थ्य सेवा**: (१) स्थानीय अवस्था र आवश्यकता तथा सेवाको प्रकृतिका आधारमा नगरपालिकाले प्रचलित मापदण्ड बमोजिम स्थानीय तहमा संचालित स्वास्थ्य संस्था मार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न नगरपालिकाले अन्य सरकारी तथा निजी वा गैरसरकारी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ ।

(३) स्वास्थ्य सेवामा नगरवासीको पहुँच पु¥याउन दुर चिकित्सा, स्वास्थ्य शिविर, विद्युतीय स्वास्थ्य जस्ता प्रविधि तथा प्रकृया अबलम्बन गर्न सक्नेछ ।

६४. **सामाजिक सुरक्षा र स्वास्थ्य वीमा**: (१) नगरपालिकाका सवै नागरिकलाई प्रचलित कानून बमोजिम अनिवार्य स्वास्थ्य वीमा कार्यक्रममा आवद्ध गराउन नगरपालिकाले समन्वय र सहजीकरण गर्नेछ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू तय गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(३) नगरपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समूहको स्वास्थ्य वीमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय

तहका निकायहरूसंग समन्वय गर्नेछ ।

(४) नगरपालिकाले महिला, वालवालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक र अन्य विशेष संरक्षणको आवश्यकता भएका लक्षित समूहका लागि नगरपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमका विशेष कार्यक्रम निर्धारण गर्दा नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ ।

६५. **समन्वय र सहजिकरण गर्नेः** स्वास्थ्य सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

## परिच्छेद-१३

## कसुर, जरिवाना र क्षतिपूर्ति

६६. **कसूर गरेको मानिनेः** कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दफा १५ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ४३ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा ४३ बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा ५० बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा ५१ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा ।

६७. **सजाय तथा जरिवानाः** (१) दफा ६६ को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ,

(२) दफा ६६ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट) र (ड) बमोजिमको कसूर गरेमा नगरपालिकाले पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा ६६ को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई नगरपालिकले दश हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(४) दण्ड, सजाय र जरिवाना सम्बन्धी अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

६८. **क्षतिपूर्ति दिनुपर्नेः** (१) नगरपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत नगरपालिका वा सम्बन्धित निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको एकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

६९. **पुनरावेदन दिन सक्ने :** दफा ६७ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

७०. **सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेः** प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्नेगरी विशेष काम गर्ने स्वास्थ्य संस्थाहरूलाई प्रोत्साहित गर्न नगरपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

## परिच्छेद –१४

## विविध

७१. **अधिकार प्रयोग गर्न सक्नेः** यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

७२. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

७३. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार स्वास्थ्य शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

७४. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

७५. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः** यस ऐन र ऐन अन्तर्गत वनेको नियमको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

७६. **खारेजी र बचाउः** (१) वालिङ नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ खारेज गरिएको छ ।

(२) स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

**राजपत्रमा प्रकाशित मिति : २०७८।१०।१४ गते**

आज्ञाले,

**राजन भट्टराई**

प्रमुख प्रशासकीय अधिकृत

# वालिङ नगरपालिका स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन, २०७८

**प्रस्तावना:** लघु, घरेलु र साना उद्योगको दर्ता नवीकरण, खारेजी, नियमन प्रवर्द्धन र व्यवस्थापन सङघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम स्थानीय तहले गर्ने सक्ने अधिकार भएकोले सो कानुनी व्यवस्थाको कार्यान्वियनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी वालिङ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “वालिङ नगरपालिकाको स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृति भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “उद्योग नियमन शाखा” भन्नाले नगरपालिकाको स्थानीय उद्योग सम्बन्धी विषय हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले वालिङ नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) “घरेलु उद्योग” भन्नाले दफा ६ को उपदफा (१) खण्ड (ख) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्दछ ।

(ङ) “नगरपालिका” भन्नाले वालिङ नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) “प्रमुख” भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ज) “लघु उद्यम” भन्नाले दफा १६ को उपदफा (१) खण्ड (क) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

(झ) “वातावरणीय अध्ययन प्रतिवेदन” भन्नाले कुनै प्रस्तावको कार्यन्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायबाट निराकरण

वा न्यूनीकरण गर्नका लागि अबलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्यांकन सम्झनु पर्छ ।

(ञ) “स्थानीय उद्योग” भन्नाले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने उद्योगलाई जनाउँछ । सो शब्दले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित लघु, घरेलु तथा साना उद्योगलाई र संघीय तथा प्रदेश कानूनले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने भनि तोकेको उद्योगलाई समेत जनाउँछ ।

(ट) “समिति” भन्नाले दफा २८ बमोजिमको स्थानीय उद्योग प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(ठ) “साना उद्योग” भन्नाले दफा १६ को उपदफा (१) खण्ड (ग) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

## स्थानीय उद्योग दर्ता र नियमन

**३. उद्योग दर्ता गर्नुपर्ने** :

(१) नगरपालिका भित्र स्थानीय उद्योगको स्थापना वा सञ्चालन गर्नका लागि यस ऐन बमोजिम दर्ता नगराई सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भइ नगरपालिका भित्र सञ्चालनमा रहेका स्थानीय उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ ।

(३) उपदफा (३) बमोजिम सञ्चालनमा रहेका उद्योगले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र उद्योग नियमन शाखामा अभिलेख गरी अधावधिक गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको उद्योगले नवीकरण गराउन उद्योग नियमन शाखामा निवेदन दिनु पर्ने छ ।

**४. उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने :**

(१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहाय बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग नियमन शाखा समक्ष निवेदन दिनु पर्नेछ :–

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा बिदेशी नागरिक भए राहदानीको प्रतिलिपि,

(ख) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको

प्रतिलिपि,

(ग) उद्योग रहने स्थानको नक्सांकन सहितको विवरण,

(घ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) साझेदारी उद्योग स्थापना गर्न चाहेको भए साझेदार बीच भएको सम्झौताको प्रतिलिपि,

(च) उद्योग स्थापना गर्ने नगरपालिकाको सम्बन्धित वडाको सिफारिस,

(छ) तोकिएको अन्य आवश्यक कागजात ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा उद्योग नियमन शाखाले निर्धारण गरेबमोजिम विधुतीय माध्यमबाट समेत दिन सकिनेछ ।

**५. उद्योग दर्ताको सिफारिस लिनुपर्ने :-**

(१) स्थानीय उद्योग बाहेक अन्य उद्योग नगरपालिका भित्र दर्ता र सञ्चालन गर्न चाहेमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायले तोकेको कागजात सहित उद्योग नियमन शाखामा सिफारिसका लागि तोकिए बमोजिम निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यपालिकाले तोकिए बमोजिम सिफारिस गर्न सक्नेछ ।

**६. उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने :**

(१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पुरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र उद्योग नियमन शाखाले निवेदन माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढांचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा सात दिनभित्र उद्योग नियमन शाखाले निवेदकलाई पेश गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पुरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन वा सिफारिस अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्ति देहायका विवरणहरू समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ;

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरू,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरू ।

(५) उद्योग दर्ता गरेपछि प्रचलित कानून बमोजिम "वातावरणीय अध्ययन प्रतिवेदन" आवश्यक पर्ने भएमा सो कार्य सम्पन्न पछि मात्र उद्योग स्थापना, सञ्चालन, व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्ने छ ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरूको पालना गर्नुपर्ने छ ।

**७. वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने :**

(१) उद्योग सञ्चालनको क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

(२) उद्योग नियमन शाखाले वातावरण लगायतका सम्बन्धमा दिएको निर्देशनको पालना गर्नु सम्बन्धित उद्योगको दायित्व हुनेछ ।

**८. व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको जानकारी दिनुपर्नेः**

(१) यस ऐन बमोजिम दर्ता भएको स्थानीय उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्ने छ र उद्योग नियमन शाखालाई तोकिए बमोजिमको ढाँचामा निवेदन दिई सोको जानकारी गराउनुपर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्र उल्लिखित अवधि समाप्त भएको मितिले १ महिनाभित्र त्यस्तो प्रमाणपत्रमा उल्लिखित अवधि बढाउनका लागि उद्योग नियमन शाखा समक्ष निवेदन दिन सक्नेछ । अनुमति पत्र लिनु पर्ने बाहेकका यो ऐन लागू हुनु अगावै दर्ता भएका तथा यस अघि थपिएको म्याद भित्र समेत सञ्चालन वा उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेका अन्य उद्योगको हकमा समेत यो उपदफा प्रारम्भ भएको मितिले १ महिनाभित्र त्यस्तो निवेदन दिई सक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र कारण मनासिव देखिएमा उद्योग नियमन शाखाले त्यस्तो उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाउँदा उद्योग स्थापनाको लागि गर्नुपर्ने निर्माण लगायतको कामको प्रगति हेरी लघु उद्योगको हकमा पाँच हजार, घरेलु उद्योगको हकमा दश हजार र साना उद्योगको हकमा प्रति वर्ष पच्चीस हजारका दरले जरिवाना लिई उद्योग सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्ने अवधि बढाउन सकिनेछ ।

(५) उपदफा (३) बमोजिम अवधि बढाइएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्ने छ ।

(६) उपदफा (१) बमोजिमको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ नगरेमा वा उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

(७) उपदफा (६) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र खारेज भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई खारेज भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अधावधिक गर्नुपर्ने छ ।

**९. अवधि थपको लागि निवेदन दिन सक्ने :**

(१) कुनै उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकी त्यस्तो अवधि बढाउनुपर्ने भएमा त्यसरी अवधि बढाउनुपर्ने आधार र कारण सहित उद्योग नियमन शाखा समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा उद्योग नियमन शाखाले प्राप्त निवेदनको सम्बन्धमा निवेदकबाट थप कुनै विवरण, कागजात वा जानकारी माग गर्नुपर्ने देखेमा सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी माग गरी आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा त्यस्तो विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र उद्योगको प्रकृति, उद्योग सञ्चालनका लागि हालसम्म भएको प्रगति, अवधि थप गर्नुपर्ने औचित्य समेतको आधारमा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा बढीमा एक वर्षको लागि त्यस्तो उद्योगको सञ्चालन वा

व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न अवधि थप गर्न सकिनेछ ।

**१०. अनुगमन गर्ने :**

(१) उद्योग नियमन शाखाले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरूको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमनको शिलशिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तब्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग नियमन शाखाले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सिफारिस वा समन्वय गर्न सक्नेछ ।

**११. उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने :**

(१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सो को कारण खुलाई देहायका विवरण र कागज सहित तोकिए बमोजिमको ढाँचामा उद्योग नियमन शाखामा निवेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(ख) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरिक्षण प्रतिवेदन,

(ग) उद्योग स्थानान्तरण गर्ने सम्बन्धित वडाको सिफारिस,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(ङ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्रदान गरेको भए त्यस्तो निकायको सहमति ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कारण मनासिव देखिएमा तोकिए बमोजिमको उद्योग स्थानान्तरणको लागि नगर प्रमुखले स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिव नदेखिएमा उद्योग नियमन शाखाले सोको जानकारी सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।

(४) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था उद्योग नियमन शाखा र नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**१२. विवरण उपलब्ध गराउनुपर्ने :**

(१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेपछि देहाय बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र उद्योग नियमन शाखा समक्ष पेश गर्नुपर्ने छ :-

(क) लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) स्वीकृत वा जडित क्षमता,

(घ) तोकिए बमोजिमको ढाँचामा तयार गरेको अधाबधिक विवरण ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विधुतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछि कार्यपालिकाले आफ्नो अभिलेख अधावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ ।

**१३. उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने :** यस ऐन बमोजिम दर्ता भएको उद्योग कुनै कारणले बन्द भएमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोवार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन भएको मितिले सात दिनभित्र उद्योग नियमन शाखालाई तोकिए बमोजिम जानकारी दिनु पर्नेछ ।

**१४. उद्योगको दर्ता खारेजी गर्न निवेदन दिन सकिने :**

(१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग नियमन शाखा समक्ष देहाय बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सक्नेछः-

(क) मान्यता प्राप्त मूल्यांकनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथा मूल्यांकन प्रतिवेदन,

(ख) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको विवरण,

(ग) उद्योगको अन्य दायित्व फरफारक प्रतिवेदन,

(घ) लिक्विडेटर नियुक्ति गरेको भए त्यस्तो लिक्विडेटरले पेश गरको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ताको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ज) उद्योगको बिरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनि सम्बन्धित उद्यमीले गरेको स्वः घोषणा ।

तर उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्तो मुद्दाको अन्तिम किनारा हुँदाको बखत ठहर्न सक्ने दायित्व बराबरको रकम कार्यपालिकामा धरौटीको रुपमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले सो उद्योगसंग कसैको कुनै प्रकारको लेनदेन बाँकी भए सो को प्रमाण सहित ३५ दिन भित्र उद्योग नियमन शाखामा लिखित दावी पेश र नगरस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार सो अवधिभित्र कसैको दाबि परि जाँचबुझ गर्दा त्यस्तो दाबि पूर्ण वा आंशिक रुपमा ठिक ठहरेमा ठहरे बमोजिमको दायित्व फरफारक गर्न कार्यपालिकाले सम्बन्धित उद्योगलाई आदेश दिनुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम जारी आदेश अनुसार सम्बन्धित उद्योगले दायित्व फराफारख गरेको देखिएमा उद्योग नियमन शाखाले सात दिन भित्र सो उद्योग दर्ता खारेज गरी लगतकट्टा गर्नुपर्ने छ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको आदेश अनुसार फरफारकको कार्य सम्पन्न नभएसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन ।

**१५. उद्योगको स्थिर पुँजी वा क्षमता परिवर्तन गर्न स्वीकृति लिनुपर्ने :**

(१) कुनै उद्योगले यस ऐन बमोजिम उद्योगको स्थिर पुँजी वा क्षमतामा परिवर्तन गर्न चाहेमा उद्योग नियमन शाखा समक्ष देहायका विवरण वा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनुपर्ने छ :–

(क) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ख) अधिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) तोकिए बमोजिमको उद्योगको अधावधिक विवरण,

(घ) उद्योगको प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदार बिचको सम्झौताको प्रतिलिपि,

(च) अन्य कुनै निकायको सिफारिस आवश्यक पर्ने भएमा त्यस्तो सिफारिस पत्र ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योगको साबिकको

स्थिर पुँजी परिवर्तन वा उद्योगको क्षमता परिवर्तन गर्न मनासिव देखिएमा उद्योग नियमन शाखाले आवश्यकता अनुसार उद्योगको स्थलगत निरीक्षण गरी वा गराई प्रतिवेदन लिइ उद्योगको हाल कायम रहेको स्थिर पुँजीमा परिवर्तन वा उद्योगको क्षमता परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद - ३

## उद्योगको वर्गीकरण

**१६. उद्योगको वर्गीकरण :**

(१) यस ऐनको प्रयोजनको लागि स्थानीय उद्योगहरूलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

(क) लघु उद्यम : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :-

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैंयाँसम्मको स्थिर पुँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) बार्षिक कारोवार पचास लाख रुपैंयाभन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिन खपत हुने विधुतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बिस किलोबाट वा सोभन्दा कम रहेको ।

(ख) घरेलु उद्योग : देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-

(१) परम्परागत सिप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बढीमा दश किलोबाटसम्मको क्षमताको विधुतीय उर्जा प्रयोग गरेको,

(४) अनुसूची -१ मा उल्लेख भए बमोजिमका उद्योगहरू ।

(ग) साना उद्योग : लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैँयासम्म स्थिर पुँजी भएको उद्योगलाई साना उद्योग मानिनेछ ।

(घ) प्रदेश कानून बमोजिम नगरपालिकामा दर्ता गरिने उद्योगहरू यस ऐन र तोकिए बमोजिम हुनेछ ।

(ङ) संघीय कानून बमोजिम नगरपालिकामा दर्ता गरिने उद्योगहरू यस ऐन र तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने

वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ :-

(क) उर्जामुलक उद्योग : उर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-२ मा उल्लिखित उद्योगहरू ।

(ख) उत्पादनमुलक उद्योग : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरू ।

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योग : कृषि वा बन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा बन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसंग सम्बन्धित अनुसूची-३ मा उल्लिखित उद्योगहरू ।

(घ) खनिज उद्योगहरू : ढुंगा, गिट्टी, बालुवा लगायत नदिजन्य र खनिज पदार्थ उत्खनन वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरू ।

(ङ) पर्यटन उद्योग : पर्यटन सेवासँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरू ।

(च) सूचना, प्रसारण तथा संचार प्रविधिमा आधारित उद्योग : सूचना संकलन प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, संचार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-५ मा उल्लिखित उद्योगहरू ।

## परिच्छेद - ४

## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

### १७. कर सम्बन्धी छुट, सुविधा वा सहुलियतः-

(१) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई संघीय कानून बमोजिम प्राप्त छुट, सुविधा वा सहुलियत अनतिक्रम्य हुनेछ ।

(२) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई कार्यपालिकाले थप छुट सुविधा वा सहुलियत प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा उल्लेख भए बमोजिमको उद्योगलाई देहायका थप छुट, सुविधा वा सहुलियत उपलब्ध गराइनेछ;

(क) नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको टेक्नोलोजी पार्क, बायोटेक पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्यांक, प्रसोधन, साइबर क्याफे, डिजिटल म्यापिंग सम्बन्धित उद्योगलाई पाँच वर्ष सम्म व्यवसाय कर पचास प्रतिशत छुट पाउनेछ ।

(ख) देहायको संख्यामा स्थानीय नागरिकलाई रोजगारी दिने देहायको उद्योगलाई देहाय बमोजिमको छुट सुविधा प्रदान गरिनेछः–

(१) बिस वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सूचना तथा संचार प्रविधि उद्योगलाई सो वर्षको व्यवसायमा लाग्ने करको चालिस प्रतिशत,

(२) २५ वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सूचना तथा संचार प्रविधि उद्योगलाई सो वर्षको व्यवसायमा लाग्ने करको तिस प्रतिशत,

(३) उपखण्ड (१) वा (२) बमोजिम रोजगारी प्राप्त स्थानीय नागरिकमध्ये कम्तिमा पचास प्रतिशत महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरू रहेमा त्यस्तो उद्योगलाई सो वर्षको व्यवसाय करमा थप बिस प्रतिशत ।

(ग) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, सिमान्तकृत र "ग" श्रेणी सम्मको अशक्तता भएका अपाङ्गता भएका उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानून बमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ र तीन वर्षसम्म व्यवसाय करमा पन्ध्र प्रतिशत छुट हुनेछ ।

(घ) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका घरेलु र साना उद्योगलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भइ सञ्चालनमा आएको घरेलु तथा साना उद्योगलाई व्यवसाय वा कारोवार शुरु गरेको मितिले न्यूनतम तिन वर्षसम्म व्यवसाय कर बिस प्रतिशत छुट हुनेछ ।

(ङ) कार्यपालिकाले तोकेको भौगोलिक क्षेत्र वा वर्गीकृत क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघु उद्यम, घरेलु र साना उद्योगलाई बिउ पुँजी (सिड क्यापिटल) को रुपमा कार्यपालिकाले निर्णय गरी तोके बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(च) स्थानीय उद्योगले पाउने अन्य छुट सुविधा र सहुलियत कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१८. **लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।

१९. **जग्गा सम्बन्धी व्यवस्था :** यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित

कानून बमोजिम आफैले खरिद गर्नुपर्ने छ । तर तोकिए बमोजिमको उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा कार्यपालिकाले जग्गा खरिद वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय वा सहजीकरण गर्न सक्नेछ ।

**२०. लिजमा जग्गा उपलब्ध गराउने :-**

(१) राष्ट्रिय वा स्थानीय प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन नगर प्रमुख समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगर कार्यपालिकाले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारवाही अगाडी बढाउन सम्बन्धित निकायमामा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरू नेपाल सरकार र सम्बन्धित उद्योग बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) जग्गाको लिज सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**२१. छुट, सुविधा वा सहुलियतको प्रत्याभूति :** यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भइ सञ्चालनमा रहेका स्थानीय उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सिमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन ।

**२२. औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था :** प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार औद्योगिक सुरक्षाको अतिरिक्त स्थानीयस्तरमा सुरक्षित सञ्चालनको वातावरण बनाइ राख्न नगर कार्यपालिकाले आवश्यक सहयोग, समन्वय वा सहजीकरण गर्नेछ ।

**२३. अनुदान दिन सक्ने :** कुनै स्थानीय उद्योगलाई विपद, बन्द हड्ताल जस्ता आपतकालीन अवस्थामा उद्योगले अकल्पनीय क्षति ब्यहोरेमा नगर

कार्यपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ ।

२४. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने :** यस ऐन बमोजिम उद्योगले प्राप्त छुट, सुविधा वा सहुलियत जुन प्रयोजनको लागि दिईएको हो सो प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्ने छ र त्यसको दुरुपयोग गर्न पाइने छैन ।

## परिच्छेद - ५

## एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

२५. **एकल बिन्दु सेवा केन्द्र स्थापना :-**

(१) स ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी उद्योग नियमन शाखाले एकल बिन्दु सेवा केन्द्रको काम गर्ने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना नभएसम्म वा नतोकिए सम्मका लागि यस ऐन बमोजिम उद्योगले पाउने छुट, सुविधा वा सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउने कार्य उद्योग नियमन शाखाले गर्नेछ ।

## परिच्छेद - ६

## सजाय र पुनराबेदन सम्बन्धी व्यवस्था

२६. **सजाय सम्बन्धी व्यवस्था :-**

(१) कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ;

(क) यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा,

(ख) दफा ७ बमोजिम वातावरण प्रतिकूल असरको निराकरण नगरेको पाइएमा,

(ग) दफा १२ बमोजिमको विवरण उपलब्ध नगरेको पाइएमा,

(घ) दफा १३ बमोजिमको बिबरण तोकिएको अवधि भित्र जानकारी उपलब्ध नगरेमा,

(ङ) दफा २४ बमोजिम स्थानीय उद्योगलाई प्राप्त छुट, सुविधा वा सहुलियतको दुरुपयोग गरेको पाइएमा,

(च) दफा ३४ बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी पुरा नगरेमा ।

(२) उपदफा (१) बमोजिमको कार्य गरेको ठहरिएमा सम्बन्धित व्यक्ति वा उद्योगलाई प्रमुख प्रशासकीय अधिकृतले पचास हजार देखि तिन लाख रुपैयाँ सम्म जरिवाना तोक्न सक्नेछ ।

२७. **पुनरावेदन सम्बन्धी व्यवस्था :** (१) दफा २६ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा त्यस्तो सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो व्यक्ति वा उद्योगले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

२८. **प्रशासकीय निर्णय सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम कसुर हुने निर्णय बाहेक अन्य सम्पूर्ण प्रशासकीय निर्णय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय चित्त नबुझेमा निर्णय भएको मितिले पन्ध्र दिन भित्र दफा २९ बमोजिमको समितिमा पुनरावेदन दिन सकिनेछ ।

(३) उपदफा (२) बमाोजिम पुनरावेदन परेमा समितिले सो उपर पन्ध्र दिन भित्र अन्तिम निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद – ७

## स्थानीय उद्योग प्रवर्द्धन समिति

२९. **स्थानीय उद्योग प्रवर्द्धन समितिको गठन :-**

(१) नगरपालिका क्षेत्रमा लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगको प्रवर्द्धन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाए बमोजिमको उद्योग प्रवर्द्धन समिति रहनेछ :-

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर प्रमुखले नगर कार्यपालिका सदस्यहरू मध्येबाट मनोनयन गरेको एक जना महिला सहित बढीमा दुइ जना – सदस्य

(ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय – सदस्य

(घ) नगरपालिका स्थित स्थानीय उद्योगसंग सम्बद्ध छाता संगठनका प्रतिनिधिहरू मध्येबाट कार्यपालिकाले मनोनयन गरेको कम्तिमा एक जना महिला सहित बढीमा दुइ जना – सदस्य

(ङ) प्रमुख, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/समिति – सदस्य

(च) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गर्ने संस्थाहरू मध्येबाट कार्यपालिकाले

मनोनयन गरेको एक प्रतिनिधि - सदस्य

(छ) शाखा प्रमुख, उद्योग नियमन शाखा - सदस्य - सचिव

(२) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ, सरोकारवाला निकाय एवं सम्वद् उद्योग व्यवसायी संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालयको काम उद्योग नियमन शाखाले गर्नेछ ।

(४) उपदफा (१) को खण्ड (घ) र (च) बमोजिमका मनोनित सदस्यको कार्य दुई वर्षको हुनेछ ।

**३०. समितिको काम, कर्तब्य र अधिकार :**

(१) दफा २८ बमोजिम गठन भएको समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाको औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औधोगीकरण सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(ख) नगरपालिकामा रहेका उद्योग सञ्चालनमा कुनै बाधा, अड्काउ वा दुविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) स्थानीय उद्योगको विकास प्रवर्द्धन गर्ने,

(घ) औद्योगिक प्रदूषण न्यूनीकरणका लागि आवश्यक पहल गर्ने,

(ङ) नगरपालिकाको औद्योगिक विकासको स्थितिको समग्र मूल्यांकन तथा समीक्षा गरी आवश्यक कदम चाल्न जिल्ला समन्वय समिति समक्ष सुझाब तथा सिफारिस गर्ने,

(च) प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा सुविधा सहुलियत उद्योगहरूलाई दिलाउन कुनै कठिनाइ आइपरेमा सोको निराकरणका लागि आवश्यक पहल गर्ने,

(छ) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ज) नगरपालिकाको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सुझाव दिने,

(झ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र समन्जस्यपूर्ण सहकार्यमा नगरपालिकामा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) जिल्लामा औद्योगिकरणको गतिलाई तिब्रता दिन औद्योगिक पूर्वाधारको लागि आवश्यक कार्य गर्ने वा गराउने,

(ट) औद्योगिक ग्राम PPP-Public Private Partnership सरकारी निजी सहकार्यता मोडेलमा स्थापना गर्न सहजीकरण गर्ने,

(ठ) उद्योग तथा लगानी प्रवर्द्धन सम्बन्धी स्थानीय तहमा कार्यन्वयन हुने कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि आवश्यक सहयोग गर्ने,

(ड) स्वदेशी वस्तुको प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

(ढ) उद्योग प्रवर्द्धनको लागि सम्बन्धित प्रदेश तथा संघीय मन्त्रालयमा आवश्यक पृष्ठपोषण दिने,

(ण) उद्योग क्षेत्रको विकास र प्रवर्द्धन लागि अन्य आवश्यक कार्य गर्ने।

(२) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

## परिच्छेद - ८

## विविध

**३१. औद्योगिक जनशक्ति :-**

(१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नुपर्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरस्तरको पत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकमध्येबाट उपलब्ध हुन नसकेमा श्रम विभागको सिफारिसमा श्रम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले बिदेशी नागरिकलाई नियुक्त गर्न सक्नेछ।

(३) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा वाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारवाही गर्न पाउने छैनन्।

तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरू शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा विवादको समाधान गर्न यो उपदफाले बाधा पुऱ्याउको मानिने छैन।

(४) उपदफा (३) बमोजिम विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्ने प्रयोजनका लागि कार्यपालिकामा त्यस्ता विवाद पेश गर्न सकिनेछ। कार्यपालिकाबाट यस सम्बन्धमा भएको निर्णय अन्तिम हुनेछ र दुवै पक्षले पालना गर्नुपर्ने छ।

**३२. रुग्ण उद्योगको पहिचान, बर्गिकरण र सुविधा, सहुलियत तथा छुट :-**

(१) रुग्ण उद्योगको पहिचान संघिय सरकारको प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून तथा कार्यपालिकाको नियम अनुसार हुनेछ ।

(२) रुग्ण उद्योगलाई दिनुपर्ने छुट सुविधा, सहुलियत वा अनुदान कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**३३. करार गरी उत्पादन गर्न सक्ने :** कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिस्ठानले आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सब- कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्ने कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहको लागि देहाय बमोजिमको मापदण्ड पुरा गरी करार वा उपकरारका आधारमा निश्चित परिणाममा वस्तु वा सेवाको उत्पादन गरेमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई छुट, सुविधा वा सहुलियत तोकी स्थानीय सरकारले उपलव्ध गराउन सक्नेछ :-

(क) उद्योग नियमन शाखाले तोके बमोजिम निश्चित परिणाममा वस्तु वा सेवा उत्पादन गरेको,

(ख) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए कम्तिमा तिस प्रतिशत मूल्य वृद्धि हुने गरी वस्तु वा सेवा उत्पादन गरेको,

(ग) उद्योगले आफ्नो उत्पादनको कम्तिमा चालिस प्रतिशत उत्पादन निर्यात प्रयोजनको लागि निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहलाई उपलब्ध गराएको,

(घ) दर्ता भएको ट्रेडमार्क प्रयोग गरेको ।

**३४. कोष सम्बन्धी व्यवस्था :-**

(१) उद्योग नियमन शाखाले नगरपालिकाको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि नीजि तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ :-

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष,

(ख) जोखिम पुँजी कोष,

(ग) प्रविधि विकास कोष,

(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष,

(ङ) रूग्ण उद्योग पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापन कोष,

(च) महिला उद्यमशिलता कोष ।

(२)  उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत नगरपालिकाले उपदफा (१) मा उल्लेखित कुनै कोष सञ्चालन गरेको भए त्यस्तो कोष यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

३५. **व्यवसायिक सामाजिक जिम्मेवारी :** उद्योगले पुरा गर्नुपर्ने व्यवसायिक सामाजिक जिम्मेवारी प्रचलित कानून र नियममा तोकिए बमोजिम हुनेछ ।

३६. **पुरस्कृत गर्न सकिने :** कार्यपालिकाले स्थानीय उद्योगहरू मध्येबाट आवश्यक मानक तयार गरी उत्कृष्ट उद्योगलाई पुरस्कृत गर्न सक्नेछ ।

३७. **बजार प्रबद्र्न गर्न सक्ने :** कार्यपालिकाले स्थानीय उद्योगहरूको उत्पादनको बजार प्रवर्द्धन गर्न आवश्यक कार्यहरू गर्न सक्नेछ ।

३८. **औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गर्न सक्नेः–** औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको नगरपालिकाको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डका अधिनमा रही कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी PPE (Public Private Engagement) सरकारी नीजि सहकार्यतामा औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिम सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

३९. **स्थानीय उद्योगको गुनासो व्यवस्थापन गर्ने :** स्थानीय उद्योगलाई कुनै मर्का परेमा उल्लेखित फेहरिस्त सहितको गुनासो उद्योग नियमन शाखामा पेश गर्न सक्नेछ । उक्त गुनासो उपर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

४०. **बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको कार्यन्वयन गर्दा कुनै वाधा अड्काउ परेमा कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

४१. **अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने :** कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

४२. **नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकार :–** यस ऐनलाई कार्यन्वयन गर्न एवं उद्योगको दर्ता, नियमन सम्बन्धी काम

कारवाहीलाई सरल बनाउन कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

## अनुसूची - १

### (दफा १६ को उपदफा (१) को खण्ड (ख) संग सम्बन्धित )

**घरेलु उद्योगहरू:-**

१. ह्याण्ड लुम, पेडल लुम, सेमी - अटोमेटिक लुम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रंगाई, छपाइ, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

२. उन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सो मा आधारित वस्तु

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला

५. तामा, पित्तल, ढलौट, कांस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकला सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू,

७. सुन चांदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरू (बहुमूल्य, अर्ध - बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत ),

८. स्वदेशमा उपलब्ध किमती, अर्ध किमती तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण छालाबाट हस्त निर्मित वस्तुहरू,

९. जुट, सवाई घाँस, चोया, बाबियो, सुति धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१०. पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरू),

११. पौभा, थान्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृतिक दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड, सिङ् तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने इँटा उद्योग ।

## अनुसूची - २

### (दफा १६ को उपदफा (२) को खण्ड (क) संग सम्बन्धित)

**उर्जामुलक उद्योग :-**

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा अन्य स्रोतहरूबाट उर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत प्रसारण लाईन,

३. विद्युत वितरण प्रणाली ।

## अनुसूची - ३

### (दफा १६ को उपदफा (२) को खण्ड (ग) संग सम्बन्धित )

**कृषि तथा बन पैदावार आधारित उद्योग**

१. फलफुल खेती वा फलफुल प्रशोधन,

२. खाधवस्तु प्रशोधन,

३. पशुपालन, पंक्षीपालन (अस्ट्रिच समेत), पशुपंक्षि प्रजनन् र मासु उत्पादन तथा प्रशोधन,

४. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिंग,

५. रेशम खेती तथा रेशम प्रशोधन,

६. चिया बगान, चिया प्रशोधन,

७. कफी खेती, कफी प्रशोधन,

८. तरकारी बिउ,

९. तरकारी खेती, तरकारी प्रशोधन,

१०. हरित गृह स्थापना र सञ्चालन,

११. मौरीपालन (मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)

१२. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बिउ बिजन उत्पादन समेत, नर्सरी व्यवसाय,

१३. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन, र शित भण्डार,

१४. नगदेबाली व्यवसायिक खेती तथा प्रशोधन (जस्तैः उखु, कपास, सनपट, सजीवन, स्विट सरघम, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलाबाली, दलहन आदि बेत बाँस खेती र बेत बाँसजन्य उत्पादनहरू,

१५. वनस्पति उधान स्थापना र व्यवस्थापन, वनस्पति प्रजनन् व्यवसाय (टिस्यु

कल्चर समेत), बिउबिजन प्रशोधन,

१६. अन्य गैर कास्ठजन्य बन पैदावारमा आधारित ।

## अनुसूची - ४

## (दफा १६ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

पर्यटन उद्योग :-

१. पर्यटन आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेस्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिंग सेन्टर, क्यासिनो, मसाज स्पा,

३. साहसिक पर्यटन (स्किंग, ग्लाईडीङ्, र्याफ्टिङ, हट एअर ब्यालुनिंग, क्यानोनिंग, प्यारा सेलिंग, घोडाचढी, बन्जी जम्पिंग, हिमाल आरोहण र अवलोकन )

४. गल्फ कोर्स, पोलो, पोनी ट्रेकिंग, पदयात्रा,

५. ग्रामिण पर्यटन; होम स्टे तथा पर्यावरणीय पर्यटन,

६. मनोरंजन पार्क,

७. बन्यजन्तु आरक्ष,

८. माउन्टेन फ्लाइट सञ्चालन ।

## अनुसूची - ५

## (दफा १६ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

**सूचना संचार प्रविधिमा आधारित उद्योग**

**क. सूचना प्रविधि उद्योग**

(१) टेक्नोलोजी पार्क,

(२) आइ.टि. पार्क,

(३) बायोटेक पार्क,

(४) सफ्टवेयर विकास,

(५) कम्प्युटर तथा सम्बन्धित सेवाहरू,

(६) तथ्यांक प्रसोधन,

(७) साइबर क्याफे

(८) डिजीटल म्यापिंग

(९) डाटा माइनिंग

**ख. सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग**

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

(२) डिजिटल भू-सतही टेलिभिजन, स्याटेलाईट टेलिभिजन, केबुल टेलिभिजन,

(३) अनलाईन सेवा

(४) डिजिटल केबुल टिभी नेटवर्क

(५) रेकोर्डिंग स्टुडियो, प्रसारण स्टुडियो,

(६) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(७) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेक्स सिनेमा हाल, फिल्म सिटि निर्माण, फिलम स्टुडियो निर्माण

**प्रमाणीकरण मिति : २०७८।०३।१८ गते**

**राजपत्रमा प्रकाशित मिति : २०७८।०८।१४ गते**

आज्ञाले,

**राजन भट्टराई**

प्रमुख प्रशासकीय अधिकृत

# वालिङ नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९

**प्रस्तावनाः** निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरूको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले वालिङ नगरपालिकाले यो ऐन बनाएको छ ।

नेपालको संविधानको धारा २२६ मा उल्लेख भए अनुसार नगर सभाले अनुसूची ८ बमोजिमको सूचीमा उल्लेखित विषयमा आवश्यक कानुन बनाउन सक्ने व्यवस्था गरेको र उक्त सूचिमा "स्थानीय स्तरको विकास योजना र परियोजनाहरू" को अधिकार समावेश गरिएको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम नगरसभाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने अधिकारको प्रयोग गरी वालिङ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वालिङ नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "नगरपालिका" भन्नाले वालिङ नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले यस ऐनको दफा ३ बमोजिम नगरपालिकासँग साझेदारीमा सञ्चालन गरिने कार्यक्रम सम्झनु पर्छ ।

(ग) "लाभग्राही" भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्छ ।

(घ) "प्रस्तावक" भन्नाले दफा ५ बमोजिम नगरपालिकासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने व्यक्ति, कम्पनी, फर्म, राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था,

सहकारी, अन्य संघ संस्थालाई सम्झनु पर्छ ।

(ङ) "स्थानीय सरकार" भन्नाले वालिङ नगरपालिकालाई सम्झनु पर्छ ।

(च) "सम्झौता" भन्नाले कार्यक्रम कार्यान्वयन गर्न दफा ८ बमोजिम वालिङ नगरपालिकाले प्रस्तावकसँग गरेको साझेदारी सम्झौता सम्झनु पर्छ ।

(छ) "साझेदारी" भन्नाले साझेदारीको अवधारणा अनुरुप कुनै पनि कार्यक्रमको तर्जुमा, सञ्चालन तथा व्यवस्थापनका साथै आँशिक वा पूर्ण रुपमा वित्तिय लगानी गर्ने गरी यस नगरपालिका र साझेदार बीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ ।

(ज) "साझेदार" भन्नाले यस नगरपालिकासँग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि दफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावक सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधी वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "नगरसभा" भन्नाले नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(ट) "कार्यपालिका" भन्नाले नगरकार्यपालिका सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यक्रमको पहिचान तथा स्वीकृति

**३. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने:**

(क) यस नगरपालिकासँग मिलेर अल्पकालिन तथा दीर्घकालिन समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ख) यस ऐन बमोजिम सञ्चालन हुने कार्यक्रम नगरवासीको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण गर्न उन्मुख हुनुपर्ने छ ।

(ग) नगरपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गर्ने ।

(घ) साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि पहिचान भएका क्षेत्रहरूमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्ने ।

(ङ) वृहत पूर्वाधार र ठुला आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने ।

(च) असल अभ्यास र अनुभवहरूको आदान प्रदान गर्ने ।

साझेदारीमा सञ्चालन गरिने कार्यक्रमको विषयगत क्षेत्र यस नगरपालिकाले

कार्यविधी बनाएर तय गर्नेछ ।

**४. साझेदारीमा सञ्चालन गरिने कार्यक्रममा देहायका विशेषताहरू हुनुपर्ने छ ।**

(क) साझेदारले कम्तीमा २५ प्रतिशत लागत साझेदारी गरेको,

(ख) साझेदारलाई दिगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरू गर्ने गरी जिम्मेवारी दिईएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) योजना तथा कार्यक्रमको कार्यान्वयन अवधि स्पष्ट भएको ।

**५. कार्यक्रम पहिचान तथा कार्यान्वयनका लागि प्रस्ताव आह्वान प्रकृयाः**

(१) नगरपालिकाले यस ऐन बमोजिम नगरसभाले स्वीकृत गरेका वा कार्यपालिकाले आवश्यकता महशुस गरेका एक वर्षीय वा दीर्घकालीन योजना तथा कार्यक्रमहरू, जसको कार्यन्वयनका लागि साझेदारको लागत तथा प्राविधिक सहयोग आवश्यकता पर्दछ, ती कार्यक्रमहरूको पहिचान गर्नेछ ।

(२) नगरपालिकाले स्वीकृत साझेदारी कार्यक्रम कार्यान्वियनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आशय पत्र आह्वान गर्नुपर्नेछ । आशय पत्रको सूचनामा देहायका विवरण खुलाउनुपर्नेछः

क) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

ख) आशयपत्र पेश गर्ने अवधि,

ग) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

घ) आशयपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरू,

ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

च) तोकिए बमोजिमका अन्य विवरण ।

(३) संक्षिप्त सूची तयार पार्ने : उप–दफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि तोकिए बमोजिमको आधारमा मूल्यांकन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरूको संक्षिप्त सूची तयार गर्नुपर्ने छ ।

(४) प्रस्ताव आह्वान गर्नेः सूचीमा परेका प्रस्तावकहरूसँग तोकिए बमोजिमका विषयहरू खुलाई सूचनामा उल्लेखित अवधिभित्र तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सुचना प्रकाशित गर्नेछ ।

(५) प्रस्ताव आह्वानको सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(६) प्रस्ताव छनौटः पालिकाले तोकिए बमोजिमको मूल्यांकन समिति गठन गरी तोकिएका अवधिभित्र तोकिएको प्राविधिक तथा आर्थिक मूल्यांकनका आधारमा प्रस्ताव छनौट गर्नुपर्ने छ ।

६. **कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनः**

(१) नगरपालिकाले यस ऐन बमोजिम कार्यक्रमको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप-समिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) अनुदान उपलब्ध गराउन सकिनेः कार्यक्रम कार्यान्वियनको क्रममा नगरपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद -३

## साझेदारी सम्झौता सम्बन्धी व्यवस्था

७. **सम्झौता गर्नेः** (१) नगरपालिकाले दफा ५ को उपदफा (६) मा उल्लेख भएको मूल्यांकन समितिको सिफारिस बमोजिम प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी साझेदारी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरूले कार्यान्वयन गर्न लागिएको कार्यक्रमको आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## साझेदारी कार्यक्रमको वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

८. **वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानीः** (१) यस नगरपालिकाको कार्यक्रममा टेवा पुऱ्याउने उद्धेश्यले साझेदारीमा आएका साझेदारहरूलाई कार्यक्रम सञ्चालन गर्नका निम्ति तोकिए बमोजिम पेश्की उपलब्ध गराउन सकिनेछ । यसरी नगरपालिकासँग साझेदारीमा आउने साझेदारलाई कार्यक्रम सञ्चालन गर्नको लागि पेश्की प्रदान गर्दा साझेदारले गर्ने लागत तथा प्राविधिक वा दुवै सहभागिताको स्तर र साझेदारको संलग्नताको उद्धेश्य आर्थिक प्रतिफल प्राप्त गर्ने रहे नरहेको विचार गरी पेश्की जमानत आवश्यक नपर्ने गरी व्यवस्था गर्न सकिनेछ । पेश्की जमानत आवश्यक हुने नहुने व्यहोरा प्रस्तावमा उल्लेख गर्नुपर्ने छ ।

(२) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन तथा बिल भर्पाइ सम्झौतामा तोकिए बमोजिमको ढाँचा र समयमा पेश गर्नुपर्ने छ ।

(३) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रकृया दफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः** सम्झौता गरी कार्यक्रमको कार्यान्वयन

गर्दा दफा ६ (२) बमोजिम गठन भएका समिति, उप-समिति तथा कार्यदलले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ वा विषेशज्ञ मार्फत पनि गराउन सकिने छ ।

## परिच्छेद-५
## विविध

१०. **विवादको समाधानः** (१) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा नगरपालिका र साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट ३० दिनभित्र समाधान गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम आपसी समझादारीबाट विवाद समाधान नभएको खण्डमा सम्झौतामा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ ।

११. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नुपर्ने :** साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नुपर्ने छ ।

१२. **नियम बनाउने अधिकारः** यस ऐनमा व्यवस्था भएका प्रावधानहरूको कार्यान्वियन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१३. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** यस ऐनमा व्यवस्था भएका प्रावधानको कार्यान्वियन गर्न नगरपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

१४. **संशोधन तथा हेरफेर :** यस ऐनको कार्यान्वियनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

१५. **बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः** यस ऐनको कार्यन्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अडकाउ फुकाउने र व्याख्या गर्ने अधिकार नगरपालिकामा निहित हुनेछ ।

**प्रमाणीकरण मिति : २०७९/१०/१२ गते**
**राजपत्रमा प्रकाशित मिति : २०७९/१०/१२ गते**

आज्ञाले,
**राजन भट्टराई**
प्रमुख प्रशासकीय अधिकृत

# वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन (पहिलो संशोधन), २०७९

**प्रस्तावना:** वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नगर सभाले यो ऐन बनाएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन (पहिलो संशोधन), २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ को दफा २ मा संशोधन :** वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को:-

१) खण्ड (ख) को सट्टामा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) "अनुमति पत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमति पत्र प्राप्त निजी निकाय सम्झनु पर्छ ।"

२) खण्ड (ख) पछि देहायका खण्ड (ख १) थपिएको छ :-

"(ख १) "निजी निकाय" भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गत परियोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय बाहेकको निकाय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापना भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, स्थानीय सामुदायिक संस्था वा गैरसरकारी संस्था समेत सम्झनु पर्छ ।"

३) खण्ड (ग) को सट्टामा देहायको खण्ड (ख) राखिएको छ :-

"(ग) "इकाई" भन्नाले दफा ४६ ख. बमोजिमको वालिङ नगरपालिकाको सानिसा इकाई सम्झनु पर्छ ।"

४) खण्ड (ङ) पछि देहायको खण्ड (ङ १) थप गर्ने :-

"(ङ १) "लेखाजोखा समिति" भन्नाले कुनै परियोजनाको समग्र आयामहरूको लेखाजोखा गर्न दफा ४६ ग. बमोजिम गठन भएको लेखाजोखा समिति सम्झनु पर्छ ।"

५) खण्ड (ङ १) पछि देहायको खण्ड (ङ २) थपिएको छ :-

"(ङ २) "प्रस्ताव मुल्याकंन समिति" भन्नाले प्रस्तावकबाट पेश भएको प्रस्तावको मुल्याकंन गर्न गठन गरिएको प्रस्ताव मूल्यांकन समिति सम्झनु पर्छ ।"

६) खण्ड (च) पछि देहायको खण्ड (च १) थपिएको छ :-

"(च १) "लघु परियोजना" भन्नाले बीस लाख रुपैयाँसम्म अनुमानित

लागत भएको परियोजना सम्झनु पर्छ ।"

७) खण्ड (च १) पछि देहायको खण्ड (च२) थपिएको छ :-

"(च २) "साना परियोजना" भन्नाले बीस लाख रुपैयाँ भन्दा बढी दुई करोड रुपैयाँसम्मको अनुमानित लागत भएको परियोजना सम्झनु पर्छ ।"

८) खण्ड (छ) पछि देहायको खण्ड (छ १) थपिएको छ :-

"(छ १) "आव्हान नगरिएको प्रस्ताव" भन्नाले समितिले आव्हान नगरेको तर कुनै इच्छुक निजी निकायबाट पहिचान गरी कार्यान्वयनका लागि पेश गरिएको प्रस्ताव सम्झनु पर्छ ।"

९) खण्ड (ट) पछि देहायको खण्ड (ट १) राखिएको छ :-

"(ट१) "कार्यपालिका" भन्नाले वालिङ नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।"

१०) खण्ड (ड) को सट्टामा देहायको खण्ड (ड) राखिएको छ :-

"(ड) "समिति" भन्नाले दफा ४६ क. बमोजिमको सार्वजनिक निजी साझेदारी प्रवर्द्धन समिति भन्ने सम्झनु पर्छ ।"

११) खण्ड (ण) को सट्टामा देहायको खण्ड (ण) राखिएको छ :-

"(ण) सार्वजनिक निजी साझेदारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय र निजी निकायबीच स्रोत वा प्रतिफल बाँडफाँड तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा ४ मा उल्लेख भएमध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रवन्ध सम्झनु पर्छ ।"

१२) खण्ड (ण १) पछि देहायको खण्ड (ण२) थपिएको छ :-

"(ण २) "अनुमानित लागत" भन्नाले देहायमध्ये जुन बढी हुन्छ सो लागतलाई सम्झनु पर्छः

परियोजना कार्यान्वयन गर्ने निकायले सम्भाव्यता अध्ययनमा उल्लेख गरेको परियोजना विकासमा लाग्ने रकम वा सम्भाव्यता अध्ययनको क्रममा उल्लिखित सार्वजनिक निकायबाट निजी निकायमा जाने जम्मा अनुमानित रकमको खुद वर्तमान मुल्य पछिल्लो सरकारी ऋणपत्रको दरमा दुई प्रतिशत थप गर्दा आउने रकम ।"

१३) खण्ड (थ) को सट्टामा देहायको खण्ड (थ) राखिएको छ :-

"(थ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली वा राजपत्रमा प्रकाशित सूचनामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।"

**३. मूल ऐनको दफा ४ मा संशोधनः- मूल ऐनको दफा ४ कोः-**

१) दफा ४ को सट्टामा देहायको दफा ४ राखिएको छ :-

"४. सार्वजनिक निजी साझेदारीका ढाँचाहरूः सार्वजनिक निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायका कुनै तरिका अपनाउन सकिनेछ :

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण,

(झ) पुनर्स्थापना, सञ्चालन तथा हस्तान्तरण,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "पुनर्स्थापना" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुननिर्माण गरी पुनर्स्थापना गर्ने कार्य सम्झनु पर्छ,

(ञ) यस्तै अन्य कुनै तरिका ।

(३) उपदफा (२) बमोजिम परियोजना कार्यान्वयन गर्दा कुनै परियोजनाको निर्माण, सञ्चालन, पुनर्स्थापना, मर्मत तथा विस्तारमध्ये कुनै एक वा एकभन्दा बढी चरणमा परियोजना कार्यान्वयन गर्न सकिनेछ ।"

**४. मूल ऐनको दफा ५ मा संशोधनः- मूल ऐनको दफा ५ कोः-**

१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कार्यपालिकाले नगरपालिका अर्न्तगत सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ ।"

**५. मूल ऐनको दफा ८ मा संशोधनः- मूल ऐनको दफा ८ कोः-**

१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नगरपालिकाले कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिए बमोजिमको विवरण खुलाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।"

**६. मूल ऐनको दफा १० मा संशोधनः- मूल ऐनको दफा १० कोः-**

१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ :-

"(१) समितिले दफा ८ बमोजिम स्वीकृत परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरू खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ ।

**७. मूल ऐनको दफा ११ मा संशोधनः- मूल ऐनको दफा ११ कोः-**

१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ :-

"(१) समितिले मनसायपत्र प्राप्त भएको मितिले एक महिनाभित्र तोकिएका आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरू छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ ।"

**८. मूल ऐनको दफा १२ मा संशोधनः- मूल ऐनको दफा १२ कोः-**

१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिएका विवरणहरू खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित म्यादभित्र समिति समक्ष प्रस्ताव पेश गर्नुपर्ने छ ।"

**९. मूल ऐनको दफा १३ मा संशोधनः- मूल ऐनको दफा १३ कोः-**

सट्टामा देहायको दफा १३ राखिएको छ :-

"दफा १२ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा समितिले कार्यपालिकाको स्वीकृति लिई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आव्हान गर्न सक्नेछः

क. पहिले नै सर्वेक्षण भईसकेको परियोजना ।

ख. साना परियोजना ।"

**१०. मूल ऐनको दफा १५ मा संशोधनः-** मूल ऐनको दफा १५ को उपदफा (१), (२), (३) र (४) को सट्टामा देहायको उपदफा (१), (२), (३) र (४) राखिएको छ :-

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुई पटक मनसायपत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवश्यक सख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको परियोजना कार्यपालिकाले वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिव हुने भनी कार्यपालिकाले स्वीकृति दिएमा त्यस्तो परियोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछः

(क) परियोजनको प्रकृति वा लागतको कारण प्रतिष्पर्धा हुन सक्ने सम्भावना

नभएको,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको,

(ग) अन्य कुनै कारणले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त हुने, वा

(घ) लघु परियोजना ।

(३) उपदफा (२) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएका कुराहरू खुलाई नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा कार्यपालिकाले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ ।"

११. **मूल ऐनको दफा १८ मा संशोधनः–** मूल ऐनको दफा १८ को उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ :-

"(१) दफा १७ बमोजिम समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी छ महिनामा नबढ्ने गरी समितिले तोकेको समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी तोकिएका विवरणहरू समिति समक्ष पेश गनुपर्ने छ ।"

१२. **मूल ऐनको दफा २० मा संशोधनः–** मूल ऐनको दफा २० को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम सम्झौता गर्नुपूर्व समितिले कार्यपालिकासँग परामर्श गर्नेछ ।"

१३. **मूल ऐनको दफा (२६) मा संशोधनः–** मूल ऐनको दफा २६ को सट्टामा देहायको दफा २६ राखिएको छः-

"२६. अनुमति पत्रको अवधिः अनुमति पत्रको अवधि पैतीस वर्षमा नबढाई परियोजनाको प्रकृति वा क्षेत्रको आधारमा सम्झौतामा लेखिए बमोजिम हुनेछ ।"

१४. **मूल ऐनको दफा २७ मा संशोधनः–** मूल ऐनको दफा २७ को उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छः-

"(१) अनुमति पत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको निर्देशिका वा सम्झौता विपरित कुनै काम गरेमा समितिको सिफारिसमा कार्यपालिकाले अनुमति पत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमति पत्र रद्द गर्न

सक्नेछ ।"

**१५. मूल ऐनको दफा ३४ मा संशोधनः– मूल ऐनको दफा ३४ कोः–**

१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छः–

"(१) अनुमति पत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरिद गरी वा अन्य रुपमा व्यवस्था गनुपर्ने छ ।"

२) उपदफा (४) को सट्टामा देहायको उपदफा (४) राखिएको छः–

"(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा प्रचलित कानुनको अधिनमा रही कार्यपालिकाले त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा वहालमा प्रयोग गर्न दिन सक्नेछ ।"

**१६. मूल ऐनको दफा ४२ मा संशोधनः–** मूल ऐनको दफा ४२ को उपदफा (१) को सट्टामा देहायको उपदफा (१क) राखिएको छः–

"(१क) कुनै परियोजनामा नगरपालिका तथा निजी निकायले संयुक्त शेयर लगानी गरेकोमा त्यस्तो कम्पनीको शेयर संरचना, सञ्चालन तथा व्यवस्था सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

**१७. मूल ऐनको दफा ४६ मा संशोधनः–** मूल ऐनको दफा ४६ को सट्टामा देहायको ४६क., ४६ख., ४६ग., र ४६घ. राखिएको छः–

"४६. कार्यपालिकाः (१) देहायका परियोजनाहरूको लागि सम्भाव्यता अध्ययन अनुसार परियोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्ने अधिकार कार्यपालिकामा निहित हुनेछः

(क) बीस लाख रुपैयाँ वा सोभन्दा बढी अनुमानित परियोजना लागत भएको,

(ख) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवश्यक भएको,

(ग) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने परियोजनाहरू ।

तर उपर्युक्त बमोजिमको परियोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा परियोजना सम्झौता गर्ने कार्य भने दफा ४६क. बमोजिमको समितिले गर्नेछ ।

(२) कार्यपालिकाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निजी साझेदारीसँग सम्बन्धित सम्पूर्ण नीतिगत विषयहरूमा मार्गदर्शन गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजनाहरूको पहिचान गर्ने,

(ग) सार्वजनिक निजी साझेदारीका लागि लगानीका क्षेत्रहरू पहिचान गर्ने,

(घ) उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारीका परियोजनाहरूको सम्भाव्यता अध्ययन, खरिद सम्बन्धी कागजात तथा मस्यौदा परियोजना सम्झौता लगायत परियोजनालाई खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा सञ्चालित परियोजना कार्यान्वयनमा सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय गर्ने ।

दफा ४६क. समितिः (१) यस ऐन बमोजिमको परियोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको सार्वजनिक निजी साझेदारी प्रवर्धन समिति रहनेछः

(क) प्रमुख..................................अध्यक्ष

(ख) उपप्रमुख.............................सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत................सदस्य सचिव

(घ) कार्यपालिकाले तोकेको विषय विज्ञ........ सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख...........सदस्य

(च प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख....सदस्य

(छ) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख...... सदस्य

(ज) कार्यपालिका सदस्यहरू मध्येबाट नगर प्रमुखले तोकेको एक जना महिला सहित..... दुई जना सदस्य

(झ) उद्योग तथा वाणिज्य सम्बन्धी संघ संस्थाका प्रतिनिधिहरूबाट कार्यपालिकाले मनोनित गरेको एक जना सदस्य

(२) दफा ४६ मा उल्लिखित परियोजनाहरू बाहेक अन्य परियोजनाको हकमा त्यस्तो परियोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्न तथा परियोजना सम्झौताको स्वीकृति दिने अख्तियारी समितिमा रहनेछ ।

दफा ४६ख. इकाईः (१) परियोजनाको तयारी, विकास, मूल्यांकन, खरिद, प्रस्ताव छनौट, वार्ता, कार्यान्वयन तथा अनुगमनका लागि समितिले प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा आवश्यकता अनुसार सम्बद्ध विभागका विभागीय प्रमुख तथा अधिकृतहरू रहने गरी इकाईको गठन गर्नेछ ।

(२) समितिको निर्देशनको अधिनमा रही इकाईको मुख्य काम तथा

कर्तव्य देहाय बमोजिम हुनेछः

(क) कुनै परियोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्नुपर्ने आधार र कारणको मूल्यांकन गर्ने,

(ख) परियोजनाको प्रारम्भिक मूल्यांकन गर्ने,

(ग) परियोजनाको सम्भाव्यता अध्ययन गर्ने, गराउने,

(घ) परियोजनाको उपयुक्तताको लेखाजोखाका लागि लेखाजोखा समितिमा पेश गर्ने,

(ङ) परियोजना कार्यान्वयनका लागि आवश्यक लिखत कागजातहरू तयार गर्ने,

(च) प्रस्ताव आव्हान गर्ने, मूल्यांकन गर्ने तथा प्रस्तावदाताको छनौटको लागि समिति समक्ष सिफारिस गर्ने,

(छ छनौट भएको प्रस्तावकसँग वार्ता गर्ने तथा कार्यपालिकाको स्वीकृति लिई परियोजना सम्झौता गर्ने,

(ज) परियोजना सम्झौताको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

(झ परियोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(३) इकाईले सम्झौतामा उल्लिखित शर्तहरूको अधिनमा रही परियोजनाको कार्यान्वयनको सम्बन्धमा अनुमति पत्र प्राप्त व्यक्तिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

दफा ४६ग. लेखाजोखा समितिः (१) सावर्जनिक निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरूको सामाजिक,

आर्थिक, वित्तीय, वातावरणीय तथा प्राविधिक पक्षको उपयुक्तताको लेखाजोखा गरी प्रतिवेदन दिन देहाय बमोजिमको ३ (तीन) सदस्यीय एक लेखाजोखा समिति गठन गरिनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) परियोजनासँग सम्बन्धित विषयसँग सरोकार राख्ने विषय विज्ञहरू जस्तै (विकास व्यवस्थापक, इन्जिनियरिङ, वित्तीय अर्थशास्त्र, कानून, वातावरण आदिसँग सम्बन्धित) १ जना — सदस्य

(ग) सानिसा विज्ञ — सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिले परियोजनाको लेखाजोखा प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नेछ ।

(३) लेखाजोखा समितिले आवश्यक ठानेमा अन्य विषय विज्ञको समेत परामर्श सेवा लिन सक्नेछ ।

(४) लेखाजोखा समितिको बठैकको कार्यविधि लेखाजोखा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) परियोजनाको लेखाजोखा सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ । दफा ४६३ नागरिक संवाद मञ्च (१) कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वियन गर्ने सम्बन्धमा आवश्यक संवाद गर्न, सर्वसाधारणको सल्लाह सुझाव संकलन गर्न तथा सर्वसाधारणलाई आवश्यक सूचना तथा जानकारीहरू सम्प्रेषण गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक तीन सदस्य नागरिक संवाद मञ्च गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको मञ्चमा प्रमुखले नागरिक समाज, नगरपालिकाभित्र बसोबास गर्ने लब्ध प्रतिष्ठित व्यक्ति वा विकास अभियन्ताहरूमध्ये दुई जनालाई सदस्यको रुपमा नियुक्त गर्नेछन् ।

(३) उपदफा (१) बमोजिमको नागरिक संवाद समितिको बैठकको कार्यविधि तथा कार्य सञ्चालन समिति आफैले तोके बमोजिम हुनेछ ।"

१८. **मूल ऐनको दफा ५२ हटाइएको:-** मूल ऐनको दफा ५२ हटाइको छ ।

१९. **मूल ऐनको दफा ५२क. थप:-** मूल ऐनको दफा ५२ को सट्टामा देहायको दफा ५२क. राखिएको छः-

"५२क.: संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँग मिली परियोजना कार्यान्वियन गर्न सक्नेः संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँगको सहकार्य र समझदारीमा यस ऐन अन्तरगतको सार्वजनिक निजी साझेदारी परियोजना कार्यान्वियन गर्न सकिनेछ ।"

२०. **मूल ऐनको दफा ५८ मा संशोधनः-** मूल ऐनको दफा ५८ को सट्टामा देहायको दफा ५८ राखिएको छः-

"५८. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वियन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।"

**प्रमाणीकरण मिति : २०७९/१०/१२ गते**

**राजपत्रमा प्रकाशित मिति : २०७९/१०/१२ गते**

आज्ञाले,

**राजन भट्टराई**

प्रमुख प्रशासकीय अधिकृत

# वालिङ नगरपालिकाको खानी तथा खनिज पदार्थ सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८०

**प्रस्तावनाः** वालिङ नगरपालिकाको वातावरणीय पक्षमा प्रतिकूल प्रभाव नपर्ने गरी यस नगर क्षेत्र भित्रको ढुंगा, गिट्टी, बालुवा लगायतका खानी तथा खनिज स्रोतहरूको संरक्षण, सर्वेक्षण, उत्खनन्, उपयोग गर्दै वालिङ नगरपालिकाको सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राखी यस क्षेत्रको विकास र समृद्धिमा टेवा पुऱ्याउनका लागि खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन बनाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ अनुसूची ८ को सूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (प) को (७) बमोजिम वालिङ नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "वालिङ नगरपालिका खानी तथा खनिज पदार्थ सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन वालिङ नगरपालिकाको नगर सभाले पारित गरी राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "खनिज पदार्थ" भन्नाले जमिनको सतह वा भूगर्भभित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थबाहेक कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्रांगणिक (इनअर्गानिक) पदार्थ सम्झनु पर्छ ।

(ख) "खोज तलास कार्य" भन्नाले खानी वा खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको प्रकार, गुणस्तर, परिमाण आदि निर्धारण गर्न गरिने सबै प्रकारको जाँचपड्ताल एवं संभाव्यता अध्ययन कार्य सम्झनु पर्छ ।

(ग) "उत्खनन् कार्य" भन्नाले खनिज पदार्थको उत्खनन्, उत्पादन, शुद्धिकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ ।

(घ) "खनिज कार्य" भन्नाले खोज तलास कार्य र उत्खनन् कार्य सम्झनु पर्छ ।

(ङ) "अनुमति प्राप्त व्यक्ति" भन्नाले दफा ५ बमोजिम खनिज उत्खनन् कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा फर्म लाई सम्झनु पर्छ ।

(च) "खनिज क्षेत्र" भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लेखित क्षेत्र सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले नेपाल सरकारको खानी तथा भूगर्भ विभाग सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको

नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. नेपाल सरकारको सम्पत्ति :**

नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुनेछ ।

**३ क. खनिज पदार्थको वर्गीकरण :**

(१) यस ऐनको प्रयोजनको लागि खनिज पदार्थको प्रकृति एवं महत्त्वको आधारमा खनिज पदार्थलाई देहाय बमोजिम वर्गीकरण गरिएकोछ :-

(क) खनिज पदार्थको प्रकृतिको आधारमा वर्गीकरणः

(१) धातु खनिज,

(२) अधातु खनिज

(ख) खनिज पदार्थको महत्त्वको आधारमा वर्गीकरणः

(१) अति महत्त्वपूर्ण खनिज,

(२) महत्त्वपूर्ण तथा बहुमूल्य खनिज,

(३) सामान्य खनिज ।

(२) उपदफा (१) मा उल्लिखित वर्गहरू भित्र तोकिए बमोजिमका खनिज पदार्थ रहनेछन् ।

**४. खनिज कार्य गर्ने अधिकार :**

(१) खनिज उत्खनन् गर्ने कार्य नेपालको संविधानको अनुसूचि ८ को अधिकार क्षेत्रभित्र रही यस नगरपालिकालाई हुनेछ ।

(२) यस ऐनको अधिनमा रही नगरपालिकाले साधारण खनिज कार्य आफैले गर्ने वा अरु कुनै व्यक्तिलाई अनुमति प्रदान गरी गराउन सक्नेछ ।

(३) नेपाल सरकारलाई खनिज कार्यमा पूंजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुनेछ ।

**५. खनिज कार्य गर्ने अनुमति :**

(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूको अधीनमा रही साधारण निर्माणमुखी खनिज उत्खनन् कार्य गर्न चाहने व्यक्तिले गुणस्तर तथा परिमाण यकीन भई नसकेको खनिज पदार्थको हकमा सर्वप्रथम खोजतलास कार्य गर्ने अनुमतिको लागि र गुणस्तर तथा परिमाण यकिन भई सकेको खनिज पदार्थको हकमा उत्खनन् कार्यको प्रस्तावित योजनासमेत संलग्न गरी उत्खनन् कार्य गर्ने अनुमतिको लागि तोकिएको ढाँचामा वालिङ न.पा.मा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि खानी विकास समितिमा पठाउने छ। समितिले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति आर्थिक एवं प्राविधिक क्षमता भएको र खनिज उत्खनन कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज उत्खनन गर्ने कार्यका लागि यस नगरपालिकामा पठाउन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास खनिज पदार्थको सम्बन्धमा नगरपालिकाले उपयुक्त देखेमा खनिज कार्यको लागि आवश्यक आर्थिक एवं प्राविधिक क्षमता तथा योग्यता भएको व्यक्तिसंग खनिज सम्झौता गरी निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज पदार्थको उत्खनन तथा संकलन कार्य गर्ने अनुमति दिनका लागि विभागको लिखित राय परामर्शमा दिन सकिनेछ।

(४) यस दफा बमोजिम खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले उत्खनन् कार्य गर्ने अनुमति लिन चाहेमा खोजतलास अवधि समाप्त हुनु अगावै खोजतलास कार्यको विस्तृत प्रतिवेदन तथा उत्खनन् कार्यको योजना समेत संलग्न गरी तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा उत्खनन् कार्यको योजना उपयुक्त देखेमा सहमतिका लागि बिभागमा पठाउनु पर्नेछ। विभागीय सहमतिका आधारमा तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई उत्खनन् कार्य गर्ने अनुमति दिनेछ।

(६) नगरपालिकाले खोजतलास कार्य गरी पत्ता लगाएको गुण र परिमाणसमेत यकीन भई सकेको खनिज पदार्थको मात्र उत्खनन् कार्य गर्ने अनुमति लिन चाहने व्यक्तिसंग नगर कार्यपालिकाले चाहेमा त्यस्तो खोजतलास कार्यमा लागेको प्रत्यक्ष खर्च बराबरको रकम वा शेयर लिन सक्नेछ।

(७) यस दफा बमोजिम खनिज कार्य गर्ने अनुमति दिँदा नगरपालिकाले खनिज कार्यको क्षेत्र अवधि र त्यस्तो खनिज कार्यमा नगर कार्यपालिका हिस्सेदार बन्ने भएमा तत्सम्बन्धी कुराहरूसमेत उल्लेख गर्नुपर्ने छ।

**६. उत्खनन् कार्य गर्ने अधिकार :**

(१) कुनै क्षेत्रमा कुनै खनिज पदार्थको खोज तलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिलाई सो क्षेत्रमा सोही खनिज पदार्थको उत्खनन् कार्य गर्न अनुमति पाउने अधिकार हुनेछ।

(२) खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले खोजतलास कार्य गर्दा

अनुमति पत्रमा उल्लिखित खनिज पदार्थबाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी तीस दिनभित्र नगरपालिकालाई दिनु पर्नेछ र निजलाई त्यस्तो खनिज पदार्थको खनिज कार्यगर्न प्राथमिकता दिइनेछ । तर, त्यस्तो व्यक्तिलाई दफा १२ को उपदफा (३) बमोजिम तोकिएको खनिज पदार्थको खनिज कार्य गर्न अनुमति पाउने अधिकार हुनेछैन ।

**७. अनुमति पत्रको नवीकरण :**

अनुमति प्राप्त व्यक्तिले प्रत्येक वर्ष खनिज कार्य गर्ने अनुमति पत्र तोकिएको दस्तुर तिरी तोकिएको समयमा नवीकरण गराउनु पर्नेछ ।

**८. खनिज क्षेत्रको आकार तथा क्षेत्रफल :**

खनिज क्षेत्रको आकार तथा क्षेत्रफल तोकिए बमोजिम हुनेछ ।

**९. खोजतलास अवधि :** खोजतलास अवधि खोजतलास कार्यको प्रकृति अनुसार तोकिए बमोजिम हुनेछ ।

**१०. उत्खनन् अवधि :**

उत्खनन् अवधि खनिज पदार्थको प्रकृति, परिमाण र उत्खनन् कार्यको लागि चाहिने प्रविधि, पूँजी र लगानीको प्रक्षेपित प्रतिफलको आधारमा तोकिए बमोजिम हुनेछ ।

**११. खनिज कार्यको सञ्चालन :**

(१) अनुमति प्राप्त व्यक्तिले खनिज कार्यको सञ्चालन खनिज कार्य गर्ने अनुमति प्राप्त गरेको मितिले तोकिएको अवधिभित्र गर्नुपर्ने छ ।

(२) अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि र प्रक्रिया तथा पालन गर्नुपर्ने शर्तहरू तोकिए बमोजिम हुनेछ ।

**११ क. खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने :**

(१) खनिज कार्य गर्ने व्यक्तिले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने छ । साथै त्यस्तो खनिज कार्य गर्ने व्यक्तिले वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजिमका बचाउका उपायहरू अपनाउनु पर्नेछ ।

(२) खनिज कार्य गर्ने व्यक्तिले वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन नगरपालिकाले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "वातावरणमा उल्लेखनीय

(सिग्निफिकेन्ट) प्रतिकूल असर” भन्नाले कुनै खनिज कार्य गर्दा वातावरणमा पर्न सक्ने तोकिए बमोजिमको असर सम्झनुपर्छ ।

**१२. विशेष व्यवस्था :**

(१) नगरपालिकाले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्त्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरू तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

(२) नगरपालिकाले खनिज कार्य गर्ने अनुमति दिइसकेको क्षेत्रमा अनुमति प्राप्त व्यक्तिको खनिज कार्यमा कुनै बाधा अड्चन नपर्ने गरी खनिज कार्यको लागि अनुमति दिइसकेको खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको खनिज कार्य आफैले गर्न वा अरु कुनै व्यक्तिलाई अनुमति प्रदान गरी गराउन सक्नेछ ।

(३) नगर कार्यपालिकाले कुनै खास खनिज पदार्थको खनिज कार्य नगरपालिकाले तोकेको अन्य कुनै सरकारी निकायले मात्र गर्न पाउने गरी तोक्न सक्नेछ ।

(४) सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाको निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, गिट्टी, ढुंगा र बालुवा जस्ता खनिज पदार्थका सम्बन्धमा छुट्टै व्यवस्था गर्न सक्नेछ ।

**१३. आदेश दिन सक्ने :**

नगरपालिकाले खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, कसैको जिउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नेक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठान (इन्सटलेशन) मा हानी नोक्सानी हुन नदिन, भू-क्षय हुन नदिन, कुनै बस्ती तथा सभ्यतामा गम्भीर हानी पुग्न नदिन, मुल मुहान, बन जंगल सार्वजनिक जग्गा जमीन सडक भवनमा क्षति हुन नदिन आवश्यक आदेश दिन सक्नेछ ।

**१४. खनिज पदार्थको निर्यात :**

(१) नगरपालिकाले आन्तरिक सुरक्षा, राष्ट्रिय सुरक्षा वा आन्तरिक माग आपूर्ति गर्नको लागि कुनै खनिज पदार्थ विदेश वा अन्य जिल्ला वा अन्य स्थानीय तहको क्षेत्र भित्र निर्यात गर्न नपाउने गरी आदेश जारी गरी आवश्यक बन्देज लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आवश्यक बन्देज लगाएको अवस्थामा बाहेक अन्य

अवस्थामा अनुमति प्राप्त व्यक्तिले आफूले उत्खनन् गरेको खनिज पदार्थ तोकिए बमोजिम अन्य प्रदेश, जिल्ला वा स्थानीय तह र विदेशमा निर्यात गर्न पाउने छ ।

**१५. सुरक्षाको लागि हातहतियार राख्न सक्नेः**

अनुमति प्राप्त व्यक्तिले खनिज कार्यको सिलसिलामा जिउज्यान तथा धन सम्पत्तिको सुरक्षाको लागि नेपाल सरकारले निर्णय गरेबमोजिम प्रचलित कानूनको अधीनमा रही आवश्यक हातहतियार राख्न सक्नेछ ।

**१६. सञ्चार उपकरण राख्न सक्ने :**

अनुमति प्राप्त व्यक्तिले नेपाल सरकारले निर्णय गरेबमोजिम प्रचलित कानूनको अधीनमा रही खनिज कार्यको लागि आवश्यक सञ्चार उपकरणहरू राख्न सक्नेछ ।

**१७. सुविधा तथा सहुलियत :**

अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत कुनै कानूनमा व्यवस्था भए सोही बमोजिम र व्यवस्था नभएकोमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१८. रोयल्टी तथा अन्य दस्तुर :**

अनुमति प्राप्त व्यक्तिले नगरपालिकालाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा नगरपालिकाले तोकिएको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउन पर्नेछ ।

**१९. स्थानीय विकास शुल्क :**

नेपाल सरकार खानी विभागबाट अनुमति प्राप्त व्यक्तिले रोयल्टीको आधारमा तोकिएको दरमा स्थानीय विकास शुल्क बुझाउनु पर्नेछ ।

**२०. सूचना तथा प्रतिवेदन :**

अनुमति प्राप्त व्यक्ति वा फर्मले तोकिए बमोजिमको सूचना तथा प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा नगरपालिकामा दिनु पर्नेछ ।

**२१. जग्गा प्राप्त गर्ने वा जग्गामा प्रवेश गर्ने :**

(१) दफा १२ को उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा रहेको कुनै जग्गा खनिज कार्यको लागि अस्थायी वा स्थायी तवरले आवश्यक पर्ने भएमा नगरपालिकाबाट स्वीकृती लिई देहायको कुराको अधीनमा रही उपयोग गर्न वा प्राप्त गर्न सकिनेछ :-

(क) त्यस्तो जग्गा नेपाल सरकारको वा सार्वजनिक भए अनुमति प्राप्त व्यक्तिले नगरपालिकालाई तोकिए बमोजिमको भू-बहाल कर बुझाई उपयोग गर्न

सक्नेछ ।

(ख) त्यस्तो जग्गा निजी स्वामित्वको भए नगरपालिकाले अनुमति प्राप्त व्यक्तिलाई वातावरणीय प्रभाव मूल्यांकन समेत गरी निजकै खर्चमा प्रचलित कानून बमोजिम प्राप्त गराई दिन वा भू-वहालमा दिलाई दिन सक्नेछ ।

(२) खनिज कार्यको लागि कुनै जग्गामा केही समयको लागि कुनै यन्त्र, उपकरण, औजार जडान गर्न वा नाप नक्शा वा खनिज कार्यसम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा उपदफा (३) को अधिनमा रही त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सक्नेछ ।

(३) नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रुख, घर, वस्तु वा अन्य सम्पत्ति नोक्शानी भएमा नगर कार्यपालिकाले आवश्यक प्राविधिक परामर्श लिई प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्तिको व्यवस्था मिलाउनु पर्नेछ ।

**२२. विष्फोटक पदार्थको प्रयोग :**

खनिज कार्यको लागि चाहिने विष्फोटक पदार्थहरू अनुमति प्राप्त व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारले समय समयमा निर्णय गरे बमोजिमको शर्त तथा प्रचलित कानूनको अधिनमा रही पैठारी, संचय, ओसार-पसार र प्रयोग गर्न सक्नेछ । उक्त कार्यका लागि नगरपालिकाले सम्बन्धित निकायमा आवश्यक सिफारिसको लागि सहजिकरण गर्नेछ ।

**२३. निरीक्षण तथा जाँचबुझ** :

(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्न नगरपालिकाले कुनै विशेषज्ञ, अधिकारी वा निकायलाई जिम्मेवारी वा नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिम्मेवारी तोकिएको विशेषज्ञ, अधिकारी वा निकायलाई निरीक्षण तथा जाँचबुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जुनसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात तथा विवरण उपलब्ध गराउनु अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

**२४. खनिज पदार्थ विकास केन्द्र :**

(१) खानी तथा खनिज स्रोतहरूको विकास गर्न एवं खनिज कार्यमा सहयोग पुऱ्याउन नगरपालिकाले खनिज पदार्थ प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्नको लागि नगरपालिकाले खनिज पदार्थ विकास समिति वा केन्द्र वा त्यस्तै प्रकृतिको निकाय स्थापना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थापित खनिज पदार्थ विकास केन्द्रको काम, कर्तव्य र अधिकार एवं कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२५. दण्ड सजाय :**

(१) कसैले यस ऐनबमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा नगर कार्यपालिकाले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थ समेत जफत गर्नुको साथै त्यस्तो व्यक्तिलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति पनि भराउन सक्नेछ ।

(२) अनुमति प्राप्त व्यक्तिले दफा ११क. बमोजिम दिइएको निर्देशन वा दफा १३ बमोजिमको आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म नगरपालिकाले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भूक्षय भएमा वा कसैको जिउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मुनासिब क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्तिबाट भराउनु पर्नेछ ।

(३) अनुमति प्राप्त व्यक्तिले दफा २० बमोजिम नगरपालिकामा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म नगरपालिकाले खनिज कार्य स्थगित गर्न सक्नेछ ।

(४) अनुमति प्राप्त व्यक्तिले यस दफामा लेखिएदेखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बर्खिलाप कुनै काम गरेमा नगर कार्यपालिकाले निजलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्न वा खनिज कार्य गर्न दिइएको अनुमति रद्द गर्न सक्नेछ ।

(५) उपदफा (१), (२), (३) वा (४) बमोजिम कारवाही गर्नुभन्दा अगाडि नगर कार्यपालिकाले सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(६) नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले यस ऐन बमोजिम खनिज कार्य गर्दा कसैले बाधा विरोध वा रोकतोक गरेमा निजलाई प्रचलित कानून

बमोजिम कैद वा दशहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।

(७) उपदफा (१), (२), (३), (४) वा (६) बमोजिम भएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**२६. मध्यस्थता :**

नगरपालिका र अनुमति प्राप्त व्यक्तिबीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको कुनै विवाद दुवै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुवै पक्षबीचमा भएको सम्झौतामा तोकिएकोमा सोहीबमोजिम र सम्झौतामा नतोकिएकोमा प्रचलित संघीय कानुन अनुसार हुनेछ ।

**२७. विशेष अधिकार :**

(१) नगरपालिकाले राष्ट्रिय वा आन्तरिक सुरक्षा वा सार्वजनिक हितको लागि आवश्यक देखेमा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले खनिज कार्य गर्ने अनुमति रद्द गर्दा अनुमति प्राप्त व्यक्तिलाई पर्न गएको प्रत्यक्ष हानी नोक्सानीको निमित्त मुनासिव माफिकको क्षतिपूर्ति दिनेछ ।

**२८. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियमावली, मापदण्ड एवं कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खासगरी देहायका विषयहरूमा नियमहरू बनाउन सक्नेछ :-

(क) खनिज कार्य गर्न अनुमति लिन चाहने व्यक्तिको योग्यता,

(ख) खनिज सम्झौता तथा अनुमति पत्रमा रहने कुराहरू,

(ग) खनिज क्षेत्रको सर्भेक्षण, नाप, नक्शा तथा क्षेत्र परित्याग,

(घ) खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि तथा पालन गर्नुपर्ने शर्तहरू,

(ङ) खनिज कार्य गर्दा धन-जनको सुरक्षा गर्ने र भू-क्षय तथा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर हुन नदिन गर्नुपर्ने सुरक्षात्मक व्यवस्था,

(च) अनुमति प्राप्त व्यक्तिले बुझाउनु पर्ने रोयल्टी, दस्तुर,

(छ) अनुमति प्राप्त व्यक्तिले राख्नुपर्ने खनिज कार्यको हिसाब किताब,

(ज) अनुमति प्राप्त व्यक्तिले दिनुपर्ने सूचना, प्रतिवेदन तथा अन्य विवरणहरू,

(झ) निरीक्षण तथा जाँचबुझ सम्बन्धी कार्यविधि,

(ञ) मध्यस्थता सम्बन्धी प्रक्रिया ।

**२९.** नेपालको संविधान को अनुसूचि ८ एकल अधिकारका सम्बन्धमा यसै ऐन बमोजिम हुने तथा अनुसूचि ९ को संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचि भित्र रहेका विषयहरू प्रदेश सरकार र नेपाल सरकारको कानून बमोजिम हुनेछ ।

**३०. प्रचलित कानून बमोजिम हुने :-** यस ऐनमा उल्लेख भएका विषयहरू यसै ऐन बमोजिम तथा अन्य विषयहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमाणीकरण मिति : २०८०/१०/०२ गते**

**राजपत्रमा प्रकाशित मिति : २०८०/१०/०२ गते**

आज्ञाले,

**तेजराज शर्मा**

प्रमुख प्रशासकीय अधिकृत

# वालिङ नगरपालिकाको खानेपानी ऐन, २०८०

**प्रस्तावनाः** वालिङ नगरपालिका क्षेत्रमा सञ्चालन रहेका वा सञ्चालन हुने खानेपानीको लाभदायी उपभोगकर्ताहरूको हितलाई ध्यानमा राखी सबै खानेपानी उपभोक्ता समितिहरूले दिने सेवा, शुल्क र खानेपानीको गुणस्तरीय मापदण्डमा एकरुपता ल्याई उपभोक्ता समितिको गठन तथा सञ्चालनलाई व्यवस्थित गर्न वाञ्छनीय देखिएकोले नेपालको संविधानको अनुसुची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को खण्ड झ (५), खण्ड ध, दफा ४ (ग) तथा दफा १०२ को अधिकार प्रयोग गरी नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "वालिङ नगरपालिकाको खानेपानी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "खानेपानी" भन्नाले नगरक्षेत्रको भू/सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको व्यक्तिगत वा सामुहिक रुपमा प्रयोग हुने खानेपानीलाई जनाउँदछ । सो शब्दले घरेलु प्रयोजनको लागि खाद्यान्न, पशुपंक्षी, फलफूल, तरकारी एवं व्यवसायमा प्रयोग हुने पानी समेतलाई सम्झनु पर्दछ ।

ख) "उपभोक्ता" खानेपानी सेवा लिने वा प्रयोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ । उपभोक्ता संख्या गणना गर्दा एक घरका एक उपभोक्ताको आधारमा गणना गरिने छ ।

ग) "उपभोक्ता समिति" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, वैदेशिक सरकार वा संस्था आदिको लगानीमा निर्मित वा सञ्चालित खानेपानी योजनाको वा व्यक्तिगत तथा सार्वजानिक खानेपानी उपयोग गर्ने लाभदायी व्यक्तिको समुहलाई सम्झनु पर्दछ ।

घ) "सेवा शुल्क" भन्नाले खानेपानीको सेवा उपयोग गरेवापत उपलब्ध गराएको शुल्कलाई सम्झनु पर्छ ।

ङ) "सम्पति" भन्नाले चल अचल दुवै प्रकारको सम्पत्तिलाई सम्झनु पर्दछ ।

च) "नीजि उपभोक्ता" भन्नाले व्यक्तिगत रुपमा खानेपानी उपभोक्तालाई सम्झनु पर्दछ ।

छ) "संयुक्त उपभोक्ता" भन्नाले एक भन्दा वढी व्यक्ति वा घरधुरी भई खानेपानी

उपभोग गर्ने उपभोक्तालाई सम्झनु पर्दछ ।

ज) “संगोलको उपभोक्ता” भन्नाले अंश लिई भिन्न बसेका एक भन्दा वढी उपभोक्तालाई सम्झनु पर्दछ ।

झ) “सामुहिक उपभोक्ता” भन्नाले एक भन्दा वढी सामाजिक तथा सामुहिक रुपमा खानेपानी उपभोग गर्ने उपभोक्तालाई सम्झनु पर्दछ ।

ञ) “संस्थागत उपभोक्ता” भन्नाले कानुन बमोजिम सरकारी तथा गैर सरकारी संस्थाको रुपमा स्थापित संस्थाका साथै अनौपचारिक रुपमा सञ्चालित संस्थाको रुपमा खानेपानी उपभोक्तालाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## खानेपानीको स्वामित्व तथा उपयोग

**३. स्रोतको स्वामित्वः**

(१) वालिङ नगरपालिकाको भौगोलिक क्षेत्रभित्र उत्पन्न भएको वा हुने, बगेका वा बग्ने नदी, खोलानाला, खोल्साखोल्सी, मुहान, कुवा, पोखरी, वा यस्तै प्रकृतिका पानीको स्रोत यस नगरपालिकाको स्वामित्वमा रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको स्रोतलाई नगरपालिका आफै वा उपभोक्ता समिति मार्फत स्रोतको उपयोग, संरक्षण, खानेपानी वितरण, नियनम तथा अन्य व्यवस्था गर्न वा गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता समितिलाई कुनै पानीको स्रोत उपयोग, संरक्षण, वितरण तथा व्यवस्थापनको लागि जिम्मा दिँदा कुनै पक्षलाई पानीको उपयोग गर्ने अधिकारबाट बञ्चित गर्ने गरी जिम्मा दिईने छैन ।

**४. खानेपानी उपयोगको प्राथमिकताः**

(१) खानेपानी उपयोगको प्राथमिकता साधारणतया देहाए बमोजिम हुनेछ ।

क. व्यक्तिगत वा सामुहिक रुपमा पिउन ।

ख. घरेलु सरसफाई,करेसाबारी कृषि ।

ग. खाधान्न, पशुपक्षी, तरकारी, फलफूलको उत्पादन, सिंचाई तथा सरसफाई ।

घ. अन्य व्यवसायिक प्रयोग ।

(२) एउटै स्रोतबाट एक भन्दा वढी क्षेत्रका उपभोक्ताले पानीको उपयोग गर्नुपर्ने अवस्थामा माथिल्लो क्षेत्रका खानेपानी उपभोक्ताले पिउने प्रयोजनको लागि पानीको उपयोग गरे पश्चात् तल्लो क्षेत्रका उपभोक्तालाई छोडिदिनु पर्नेछ । तल्लो क्षेत्रका उपभोक्तालाई पिउने पानी पुगेपछि मात्र माथिल्लो क्षेत्रका उपभोक्ताले उपदफा (१) को प्राथमिकता क्रम अनुसारको अन्य प्रयोजनको लागि उपयोग गर्न पाउने छ । यो प्राथमिकता तल्लो क्षेत्रका

उपभोक्ता समेतलाई लागू हुनेछ ।

(३) नीजि लगानीमा खानेपानी उपयोग गरेका उपभोक्ता र अन्य उपभोक्ता विच छुट्टै सहमति भएकोमा पिउने प्रयोजनको लागि सम्झौता हुनेछ ।

## परिच्छेद-३

## समिति गठन, दर्ता, नवीकरण र काम कर्तव्य अधिकार

**५ उपभोक्ता समिति गठनः**

(१) उपभोक्ताको प्रकृतिः खानेपानी उपभोक्ताहरू निजी, संयुक्त, संगोल, सामुहिक र संस्थागत रुपमा हुनेछन् ।

(२) उपभोक्ताको समितिहरू एकल, संयुक्त, संस्थागत समेतका रुपमा रहन सक्नेछन ।

(३) निजी उपभोक्ता बाहेकका अन्य उपभोक्ताहरूले आमभेला गरी आफूहरू मध्येबाट अध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य चार जना सदस्य रहेको जम्मा सात जनाको समावेशी आधारमा उपभोक्ता समिति गठन गर्नुपर्ने छ । समिति गठन गर्दा कम्तिमा तेत्तीस प्रतिशत महिला हुनु अनिवार्य हुनेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये एक पदमा अनिवार्य रुपमा महिला समावेश भएको हुनुपर्नेछ ।

(४) उपभोक्ता समितिको गठन सुरुमा सर्वसम्मतबाट गठन हुनेछ । सर्वसम्मतबाट गठन हुन नसकेमा बहुमत सदस्यको समर्थबाट गठन हुनेछ । बहुमतबाट पनि गठन हुन नसकेमा निर्वाचनबाट गठन हुनेछ ।

(५) यस ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको संघ र प्रदेशको प्रचलित कानून बमोजिम गठित खानेपानी समितिहरू लगाएतका अन्य उपभोक्ता समिति स्वतः खारेज भएको मानिने छन् र यस ऐन प्रारम्भ भएको तिन महिना भित्र सो क्षेत्रमा नयाँ समिति गठन भई सञ्चालन हुनुपर्ने छ ।

(६) यस नगरपालिकाले खानेपानी सम्बन्धी कुनै योजनागत रकम वा कुनै प्रकारको अनुदान उपलब्ध गराउनु पर्दा सो क्षेत्रमा यस ऐन बमोजिम गठन र नवीकरण भएका उपभोक्ता समितिबाट मात्र कार्यक्रम सञ्चालन गर्ने वा रकम उपलब्ध गराउने छ ।

**६. उपभोक्ता समितिको कार्यकालः** उपभोक्ता समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

**७. उपभोक्ता समिति दर्ता तथा नवीकरणः**

(१) सबै खानेपानी उपभोक्ता समितिहरू यस ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र नगरपालिकामा दर्ता भएको हुनुपर्नेछ ।

(२) यस ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका दफा ६ को उपदफा (५)

बमोजिमका समिति यस ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र पुर्नगठन गरी यस नगरपालिकामा दर्ता हुनुपर्नेछ ।

(३) उपभोक्ता समितिहरू यस नगरपालिकामा दर्ता नगरी सञ्चालन गर्न पाईने छैन ।

(४) दर्ता भएका उपभोक्ता समितिहरू प्रत्येक आ.व. समाप्त भएपछिको तीन महिना भित्र यस न.पा.मा नवीकरण गर्नुपर्ने छ । तीन महिना भित्र नवीकरण नगर्ने उपभोक्ता समितिलाई नवीकरणको दोब्बर दस्तुर लिई त्यस पछिको तीन महिना भित्र नवीकरण गर्न सकिनेछ । दोब्बर दस्तुरको समय भित्र समेत नवीकरण गर्न सकिने र सो समय भित्र समेत नवीकरण नगर्ने समिति स्वतः खारेज भएको मानिनेछ ।

(५) म्याद भित्र दर्ता र नवीकरण नभएका समितिहरूलाई नगरपालिकाले कुनै पनि लगानी गर्ने छैन र त्यस्ता समितिलाई खारेज गरी अर्को समिति गठन गर्न लगाउन सक्नेछ । उपभोक्ता समितिको दर्ता प्रमाणपत्रको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(६) खानेपानी उपभोक्ता समिति दर्ता र नवीकरण गर्दा लाग्ने दस्तुर नगरसभाले सालवसाली रुपमा तोके बमोजिम हुनेछ ।

(७) दफा ६ को उपदफा (५) बमोजिम खारेज भएका खानेपानी समितिको सम्पूर्ण सम्पत्ति र कानुन बमोजिमको दायित्व ऐन प्रारम्भ भए पश्चात गठन भएको समितिमा सर्नेछ ।

**८. उपभोक्ता समिति दर्ताको लागि आवश्यक कागजातः**

(१) दर्ता हुनका लागि उपभोक्ता समितिले देहाएको विवरण सहितका कागजातहरू पेश गर्नुपर्ने छ ।

क. समितिको विधान,

ख. उपभोक्ता समितिको पुरा नाम र ठेगान,

ग. आमभेलाबाट समिति गठन भएको आधिकारिक निर्णय,

घ. चार किल्ला सिमाना,

ङ. घरधुरी सख्या र उपभोक्ताको नामनामेसी विवरण,

च. सम्बन्धित वडाको सिफारिस पत्र,

छ. समितिले प्रयोग गर्ने पानीको स्रोत अन्य क्षेत्रका उपभोक्ताले समेत उपयोग गर्ने रहेछन भने पानी वाँडफाँडको समुचित वितरणको व्यवस्था मिलाउने अन्य कार्यको कागजात ।

**९. बैठक र कार्यप्रणालीः** (१) उपभोक्ता समितिको बैठक र कार्य प्राणाली

तोकिए बमोजिम हुनेछ ।

१०. **उपभोक्ता समितिको काम कर्तव्य र अधिकारः** खानेपानी उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क. यस ऐनको पूर्ण पालना गर्नु,

ख. समितिको विधान पालना गर्नु,

ग. उपभोक्ताको अध्यावधिक विवरण राख्नु,

घ. खानेपानी शुल्क संकलन गर्नु,

ङ. खानेपानी वितरण प्रणाली प्रभावकारी रुपमा सञ्चालन गर्नु,

च. खानेपानीको गुणस्तर कायम गर्नु गराउनु खानेपानीको मुहान समय समयमा सरसफाई गर्नु,

छ. भौतिक पूवार्धार/मर्मत सम्भारको व्यवस्था गर्नु,

ज. नगरपालिकाले तोकेको अन्य कार्य गर्नु ।

## परिच्छेद-४

## पानी बाँडफाँड, पाईप बिच्छ्याउने तथा समिति एकीकरण

११. **पानीको बाँडफाँड तथा वितरण सम्बन्धी व्यवस्थाः** खानेपानीको एउटै मुहानबाट पानीको बाँडफाँड गरी गठन भएको एक भन्दा बढी उपभोक्ता समिति दर्ता भएमा पानीको स्रोत र उपभोक्ताको संख्याको आधारमा समानुपातिक बाँडफाँड गरी प्रयोग गर्नु गराउनु पर्नेछ। यस सम्बन्धी दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

१२. **खानेपानीका पाइप बिच्छाउने व्यवस्थाः**

(१) यस ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका वा पछि बन्ने उपभोक्ता समितिले सञ्चालन गरेका खानेपानीका लागि प्रयोग गरेका तर जमिनमुनी नबिछ्याईएका सबै प्रकारका पाईपहरू सम्बन्धित उपभोक्ता समितिले ६ महिना भित्र जमिनमुनी कम्तिमा तीन फिट वा प्राविधिकको सल्लाह अनुसार दवाई पुरेको हुनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम जमिनमुनी नबिच्छयाइ जमिनको सतहमा अव्यवस्थित रुपमा राखिएका पाइपहरू हटाउन दिईएको समय भित्र हटाउनु पर्नेछ। सो समय भित्र नहटाएमा नगरपालिकाले हटाइदिन वा जफत गर्न सक्नेछ। नगरपालिकाले हटाइदिएको वा जफत गरेको कारणले पर्न जाने सबै प्रकारको नोक्सानीको जिम्मेवारी सम्बन्धित उपभोक्ता वा समितिले लिनुपर्ने छ ।

१३. **एकीकृत खानेपानी समितिको व्यवस्थाः**

(१) यस ऐन प्रारम्भ हुँदाका बखत गठन तथा सञ्चालन भएका बजार क्षेत्रका

उपभोक्ता समितिहरू मध्ये दुई सय भन्दा कम उपभोक्ता समिति भएका र ग्रामीण क्षेत्रका पचास भन्दा कम उपभोक्ता भएका भूगोल मिलेका वा सिमाना जोडिएका समितिहरू लाभ लागतका आधारमा एकिकृत हुनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम एकीकरण भएका उपभोक्ता र समितिका लागि यस नगरपालिकाले विशेष सहुलियतको व्यवस्था गर्न सक्ने छ ।

## परिच्छेद-५

## कोष तथा लेखापरिक्षण

१४. **उपभोक्ता समितिको कोष व्यवस्थापनः** (१) खानेपानी उपभोक्ता समितिको एक कोष हुनेछ सो कोषमा देहाएको रकम रहनेछ ।

क. खानेपानी उपभोक्ताबाट संकलित सेवा शुल्क,

ख. नगरपालिकाबाट सो समितिलाई उपलब्ध गराएको योजनागत वा अनुदानको रकम,

ग. कुनै व्यक्ति वा संघसंस्था वा कुनै दातृ निकायबाट प्राप्त रकम,

घ. कानुन बमोजिम प्राप्त कुनै रकम,

ङ. व्याज प्राप्त रकम तथा समितिमा बचत भएको अन्य कुनै रकम,

१५. **खाता सञ्चालन तथा खर्च समितिमा बचत भएको अन्य कुनै रकम**

(१) खानेपानी उपभोक्ता समितिको कोषको सञ्चालन अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको कोषबाट समितिले निर्णय बमोजिम देहाएको क्षेत्रमा मात्र खर्च गर्न पाउने छ ।

क. खानेपानी योजना सञ्चालन गर्न,

ख. खानेपानी योजना मर्मत संभार गर्न,

ग. पारिश्रमिक भुक्तानी गर्न,

घ. अन्य कुनै विकास निर्माण,

ङ. प्रशासनिक तथा साधारण खर्च गर्न,

च. आकस्मिक कार्यमा खर्च गर्न,

(३) कोषको रकम उपदफा (२) बमोजिम बाहेकको अन्य क्षेत्रमा खर्च गर्ने उपभोक्ता समितिलाई नगरपालिकाले खानेपानी सम्बन्धी कुनै योजनागत रकम वा कुनै प्रकारको अनुदान उपलब्ध गराउने छैन । आवश्यक परेमा त्यस्तो समितिलाई नगरपालिकाले विघटन गरी अर्को समिति गठन गर्न लगाउन सक्ने छ ।

**१६ लेखा, लेखापरिक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः**

(१) खानेपानी उपभोक्ता समितिले प्रत्येक आ.व.को कारोवार स्पष्ट रुपमा देख्न/बुझ्न सकिने गरी कानुन बमोजिमको लेखा र यसको अभिलेख राख्नु पर्नेछ ।

(२) उपभोक्ता समितिले प्रत्येक आ.व. को आर्थिक तथा अन्य कारोवारको लेखाको सो आ.व. सकिएको तीन महिना भित्र दर्तावाल लेखापरीक्षकबाट लेखापरिक्षण गराई कार्तिक महिना भित्र सो को प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्ने छ ।

(३) कारोवारको लेखा नराखेको, तोकिएको समयभित्र लेखापरिक्षण नगराएको वा नगरपालिकामा पेश गर्नु प्रतिवेदन पेश नगरेको उपभोक्ता समितिलाई नगरपालिकाले खानेपानी सम्बन्धी कुनै योजनागत रकम वा कुनै प्रकारको अनुदान उपलब्ध गराउने छैन। आवश्यक परेमा त्यस्तो समितिलाई नगरपालिकाले प्रचलित कानुन बमोजिमको कारवाही गरिने छ ।

## परिच्छेद-६

## नगरस्तरीय समिति तथा सेवा समिति

**१७. नगरस्तरीय विवाद समाधान तथा निर्धारण सिफारिश समितिः**

(१) खानेपानी सम्बन्धी विवाद समाधान, सेवा शुल्क सिफारिस तथा जग्गा व्यवस्थापन लगाएतका विषयमा सृजना भएका समस्या समाधानका लागि नगरस्तरीय विवाद समाधान तथा शुल्क निर्धारण सिफारिश समिति रहने छ । जसमा देहाएका सदस्यहरू रहनेछनः

| | | |
|---|---|---|
| क. | उपप्रमुख | अध्यक्ष |
| ख. | नगरपालिकाको खानेपानी सम्बन्धी समितिका संयोजक | सदस्य |
| ग. | सम्बन्धित वडाका वडाअध्यक्ष | सदस्य |
| घ. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ. | कानुन शाखा प्रमुख | सदस्य |
| च. | खानेपानी हेर्ने शाखा वा योजना शाखा प्रमुख | सदस्य |

**१८. खानेपानी शुल्क सम्बन्धी व्यवस्थाः**

(१) खानेपानी उपभोक्ता समितिमा आवद्ध भई खानेपानीको सेवा उपभोग गरेका उपभोक्ताले सो स्थानमा गठित उपभोक्ता समितिले तोके बमोजिमको मासिक सेवा शुल्क बुझाउन पर्नेछ ।

(२) नगरपालिकाले आफै व्यवस्थापनको जिम्मा लिएको खानेपानीका घरधुरी, परिवार तथा उपभोक्ताले नगरसभाले सालवसाली रुपमा तोके बमोजिमको

मासिक सेवा शुल्क नगरपालिकामा बुझाउन पर्नेछ ।

(३) दश लाख रुपैया भन्दा बढी लागतको पचास प्रतिशत भन्दा बढी नगरपालिकाको लगानीमा निर्मित वा सञ्चालित खानेपानीका उपभोक्ताले पचास प्रतिशत मासिक सेवा शुल्क उपभोक्ता समिति मार्फत नगरपालिकालाई बुझाउनु पर्नेछ । त्यस्तो शुल्क नगरसभाले सालवसाली रुपमा तोके बमोजिम हुने र नगरपालिकामा उक्त सेवा शुल्क बुझाउन पर्ने दायित्व सम्बन्धी उपभोक्ता समितिको हुनेछ ।

(४) खानेपानी उपभोक्ता समितिलाई बुझाउनु पर्ने शुल्क नबुझाउने उपभोक्तालाई समितिले खानेपानी सेवाबाट बञ्चित गर्न सक्नेछ ।

(५) उपभोक्ता समितिले धारा जडानको लागि नगरपालिकाबाट सिफारिस आईसकेपछि धारा जडान गर्न पाउने छन् ।

**१९. सम्पत्ति सर्ने तथा हस्तान्तरण:**

(१) खानेपानी उपभोक्ता समिति कुनै कारणले विघटन हुन गएमा सो समितिको सबै प्रकारको सम्पति र कानुन बमोजिमका दायित्व सोही मिति देखि नगरपालिकामा सर्नेछ ।

(२) कुनै खानेपानी योजनाको व्यवस्थापनको जिम्मेवारी नगरपालिकामा सरेमा सो समितिको सबै प्रकारको सम्पत्ति र कानुन बमोजिमको दायित्व सोही मिति देखि नगरपालिकामा हस्तान्तरण भएको मानिने छ । यस्तो सम्पत्ति हस्तान्तरण गर्नुपर्ने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

## परिच्छेद-७

## दण्ड, सजाय तथा विविध

**२०. जरिवाना सम्बन्धी व्यवस्था:**

(१) कुनै व्यक्ति वा संस्थाले यस ऐनको उल्लङ्घन गरेमा नगरपालिकाले पाँचहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । ऐनको उल्लङ्घन गरेको कारणले कुनै हानी नोक्सानी हुन गएको रहेछ भने नगरपालिकाले क्षतिपूर्ति समेत भराउन सक्नेछ ।

(२) उपभोक्ता समितिले यस ऐनको उल्लङ्घन गरेमा नगरपालिकाले पाँचहजार रुपैयाँसम्म जरिवाना गरी कुनै हानी नोक्सानी हुन गएको रहेछ भने नगरपालिकाले क्षतीपूर्ति भराई उक्त समिति भङ्ग समेत गर्न सक्नेछ ।

(३) कसैले बदनियतका साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा खानेपानीसँग सम्बन्धित कुनै संरचना भत्काएमा वा कुनै प्रतिकुल असर पारेमा वा हानी नोक्सानी वा यस्तै प्रकृतिका अपराध गरेमा यस्तो अपराध

गर्नेलाई नगरपालिकाले पच्चिस हजार रुपैयाँसम्म र यस्तो अपराधिक कार्यमा दुरुत्साहन दिने वा मतियार हुनेलाई दश हजार रुपैयाँसम्म जरिवाना गरी कुनै क्षति भएको भए वास्तविक क्षति बरावरको रकम विगो भराई कानून बमोजिम थप कारवाही अगाडि बढाउनु सक्नेछन ।

(४) खानेपानीसँग सम्बन्धित अन्य अपराध सम्बन्धी कसुर विरुद्धको कारवाही तथा अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

**२१. नियमावली आदि बनाउन सक्नेः**

(१) यस ऐन कार्यान्वियनको लागि नगरपालिकाले नियमावली, कार्यविधि आदि बनाउन सक्नेछ ।

**अनुसुची-१**

**(ऐन दफा ७ (५) सँग सम्बन्धित)**

**वालिङ नगरपालिका, स्याङ्जा**

**खानेपानी उपभोक्ता समिति दर्ता प्रमाणपत्र**

दर्ता प्रमाणपत्र नं.                    आ.व.                    दर्ता मितिः

श्री ............. उपभोक्ता समितिको नाम/ठेगाना.............

...........................................................................

यस नगरपालिका वडा नं......को..........स्थानमा गठित.......... नामको खानेपानी उपभोक्ता समितिलाई यस नगरपालिकाको “खानेपानी तथा सरसफाई ऐन, २०८०“को दफा ७ को उपदफा ५ बमोजिम मिति......................... मा दर्ता गरी यो प्रमाणत्र उपलब्ध गराईएको छ ।

प्रमाणपत्र उपलब्ध गराउनेको
दस्तखत........
नाम/थर..................
पद........................
मिति......................
कार्यालयको छापः.......

**प्रमाणीकरण मिति : २०८०/१०/०२ गते**

**राजपत्रमा प्रकाशित मिति : २०८०/१०/०२ गते**

आज्ञाले,

**तेजराज शर्मा**

प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय मदिरा (अन्न तथा फलफूलको स्थानीय मदिरा) उत्पादन, ब्राण्डिङ, बिक्री वितरण, नियन्त्रण, व्यवस्थापन तथा नियमन गर्न बनेको ऐन, २०८०

**प्रस्तावना :** नेपालका अधिकांश मानिसहरू कृषि पेशामा आश्रित छन् । नेपालको धेरैजसो भू-भाग पहाडी क्षेत्रले ओगटेको छ । वालिङ नगरपालिका पनि पहाडी क्षेत्र अन्तर्गत पर्ने हुनाले यहाँका पाखो बारीहरूमा कोदो र भिरालो जग्गाहरूमा सुन्तला, आरुबखडा, भूई स्याऊ लगायतका अन्न तथा फलफूल खेती गरिन्छ । वालिङ नगरपालिका क्षेत्रभित्र उत्पादन भएका अन्न तथा फलफूलहरूबाट मदिरा उत्पादन गर्ने र त्यसको ब्राण्डिङ गर्ने, त्यसको गुणस्तर निर्धारणमा सहजिकरण गरी बिक्री बितरण गर्ने, स्थानीय उत्पादन र राष्ट्रिय आम्दानीमा बृद्धि गर्नको लागि र वालिङ नगरपालिका क्षेत्रभित्र अवैध रुपमा उत्पादन भएका घरेलु मदिराको उत्पादन निर्वाध रुपमा भएका बिक्री वितरणलाई रोकथाम गर्नुका साथै कानून अनुसार ईजाजत लिई गुणस्तरीय घरेलु मदिराको उत्पादन, बिक्री बितरण कार्यलाई व्यवस्थित र नियमन गर्दै सभ्य, शान्त र सदाचारयुक्त समाज निर्माणको अभिलाषालाई पुरा गर्न वाञ्छनिय देखिएकोले नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगरसभाले यो ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस ऐनको नाम "स्थानीय मदिरा (अन्न तथा फलफूलको स्थानीय मदिरा) उत्पादन, ब्राण्डिङ, बिक्री बितरण, नियन्त्रण, व्यवस्थापन तथा नियमन गर्न बनेको ऐन २०८०" रहेको छ ।

१.२ यो ऐन वालिङ नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः**

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "कार्यपालिका" भन्नाले वालिङ नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले वालिङ नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) “मदिरा” भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रकृयाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्दछ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्ड, भोड्का, बियर, सेरी,सेम्पेन, साईडर, पेरी, मिड, माल्टन औधोगक रेक्टिफाईड स्प्रिट लगायतका घरेलु मदिरालाई बुझाउदछ ।

(घ) “डिलरवाला” भन्नाले वालिङ नगरपालिका भित्र मदिराको थोक बिक्री गर्ने अनुमती प्राप्त बिक्रेतालाई सम्झनु पर्दछ ।

(ङ) “होटल” भन्नाले नास्ता पानी तथा खानपिनको व्यबस्था भई सुबिधा दिने गरी व्यवसायिक आधारमा चलाईएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरेण्ट समेतलाई जनाउँदछ ।

(च) “सभा” भन्नाले वालिङ नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख” भन्नाले वालिङ नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ज) “उपप्रमुख” भन्नाले वालिङ नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले वालिङ नगरपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी बहन गरेको अधिकारी सम्झनु पर्दछ ।

(ञ) “वडा अध्यक्ष” भन्नाले वालिङ नगरपालिकाका विभिन्न वडाबाट निर्वाचित वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) “प्रशासकीय अधिकृत” भन्नाले वालिङ नगरपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) “सेवनकर्ता” भन्नाले मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ड) “उत्पादन” भन्नाले मदिरा तयार गर्नका लागी आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा वासना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागी अपनाईने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्दछ ।

(ढ) “अनुमति पत्र” भन्नाले मदिरा ऐन २०३१ को दफा ६ (क) बमोजिम उत्पादन, बिक्री बितरण निकासी वा पैठारी गर्न दिईएको अनुमति पत्र सम्झनु पर्दछ ।

(ण) “ब्राण्डिङ” भन्नाले उत्पादनलाई खाद्यवस्तु गुणस्तर नियन्त्रण

प्रयोगशालाबाट परिक्षण गराई त्यसलाई पिउनयोग्य हो भनी प्रमाणित गर्ने प्रकृयालाई सम्झनु पर्छ ।

(त) “स्टिकर” भन्नाले गुणस्तर चिन्हलाई मदिरा प्याकिङ गरिएको भाँडोमा प्रयोग गरिने वस्तुलाई सम्झनु पर्छ ।

(थ) “सिलबन्दी” भन्नाले मदिरा उत्पादन गरिसकेपछी त्यसलाई भाँडोमा बन्द गरे पश्चात् अन्तःशुल्कबाट गरिने सिलबन्दीलाई सम्झनु पर्छ ।

(द) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद–२

## उत्पादन तथा बिक्री

### ३. घरेलु मदिरा उत्पादन र बिक्रीः-

(१) यस नगरपालिकाको क्षेत्र भित्र निश्चित प्रकृया पुऱ्याई अन्न तथा फलफूल बाहेकका घरेलु मदिरा उत्पादन तथा बिक्री वितरण गर्न पाईनेछैन । तर, यस दफाले कसैलाई पनि धार्मिक तथा घरायसी प्रयोजनको लागि निश्चित परिमाणमा घरेलु मदिरा उत्पादन गर्न रोक लगाएको मानिने छैन ।

(२) दफा ३ को उपदफा (१) बमोजिम बाहेकको घरेलु मदिरा उत्पादन गरी बिक्री वितरण गरेमा खानतलासी लिई उत्पादनमा प्रयोग भएका सामानहरू जफत गरी पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सकिनेछ ।

(३) यस नगरपालिकाभित्र व्यवसायिक रुपमा उत्पादन गरिएको कोदो, अन्न तथा सुन्तला, भूई स्याँऊ लगायतका फलफूलको मदिरालाई नगरपालिकाले ब्राण्डिङ गर्न तथा त्यसको परिक्षण गर्न सहजिकरण गर्नेछ ।

(४) उत्पादन भएका स्थानीय मदिरालाई स्टिकर लगाई भाँडोमा सिलबन्दी गरे पछि नगरपालिकाको प्रतिनिधीको रोहवरमा अन्तःशुल्कको होलोग्राम (चिन्ह) ले सिल लगाई प्रमाणीकरण गरेर मात्र बिक्री गर्न बजारमा पठाईनेछ ।

(५) त्यसरी अन्तःशुल्कले प्रमाणीकरण नगरेको मदिरा बिक्री बितरण गरेको खण्डमा तोकिए बमोजिमको सजाय हुनेछ ।

(६) यसरी उत्पादन हुने कोदोको मदिरा ह्विस्कीको मापदण्ड अनुसारको र अन्य फलफूलको मदिरा ब्राण्डिको मापदण्ड अनुसारको उत्पादन गरी खाद्य तथा गुणस्तर प्रयोगशालाबाट त्यसको यूपि (अल्कोहल इकाई मात्रा) २५ प्रतिशत र भि. भि. (भोल्युम बाई भोल्युम) ४२.३ प्रतिशत कायम

गरिनेछ ।

(७) घरेलु स्तरमा उत्पादन हुने अन्न र फलफूलहरूबाट कानून बमोजिम घरेलु मदिरा उत्पाद ब्राण्डिङ र बिक्री बितरणको लागि उद्योग व्यवसाय सञ्चालन गर्न सकिने छ ।

**४. मदिराजन्य वस्तुको बिक्रीः-**

(क) मदिराजन्य वस्तुको बिक्रेताले पसल स्थापना गर्न संघीय कानून बमोजिमको प्रकिया पुरा गर्नुका साथै यस नगरपालिकाबाट समेत स्वीकृत लिनुपर्ने छ ।

(ख) मदिराजन्य वस्तु बिक्री गर्ने पसल खाद्यान्न किराना वा अन्य पसल खोल्न पाईने छैन । यस्ता पसलहरू छुट्टै खोल्नुपर्ने छ ।

(ग) यस नगरपालिका भित्र बेलुका ९ बजे भन्दा पछि मदिराजन्य पदार्थको बिक्री वितरण गर्न पाईने छैन ।

**५. मदिराजन्य पदार्थको प्रयोगः-**

(क) यस नगरपालिका भित्र तोकिएको क्षेत्र बाहेक कुनै पनि सार्वजनिक स्थलमा मदिराजन्य पदार्थ सेवन गर्न पाईने छैन । मदिराजन्य पदार्थ सेवन गरी सार्वजनिक स्थलमा होहल्ला वा झगडा गरेमा यस्तो गर्ने व्यक्ति वा समुहलाई नियन्त्रणमा लिन सकिनेछ ।

(ख) दफा ५ को उपदफा (क) बमोजिम नियन्त्रणमा लिएको व्यक्तिलाई जनही रु. एकहजारदेखि पाँच हजार रुपैयासम्म जरिवाना गर्न सकिने छ ।

## परिच्छेद- ३
## अनुमति तथा नियन्त्रण

**६. मदिराको उत्पादनमा नियन्त्रणः-**

(१) कुने व्यक्तिले अनुमति पत्र बेगर र अनुमति पत्र पाएकाले पनि अनुमति पत्रमा तोकिएको शर्त बमोजिम बाहेक घरेलु मदिराको उत्पादन गर्न पाउने छैन ।

**७. मदिराको बिक्री वितरणमा नियन्त्रणः-**

(क) कुनै व्यक्तिले अनुमति पत्र बेगर र अनुमति पत्र पाएकाले पनि अनुमति पत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री वितरण गर्न वा मदिरा खुवाउन बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

(ख) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री बितरण गर्नु हुदैन ।

(ग) कसैले पनि अठार वर्षको उमेर पुरा नगरेको व्यक्ति तथा गर्भवती

महिलालाई मदिरा बिक्री वितरण गर्नु हुदैन ।

(घ) अठार वर्ष उमेर पुरा नगरेको व्यक्तिले मदिराको बिक्री बितरण गर्नु हुदैन ।

**८. मदिराको निकासी पैठारीमा नियन्त्रणः-**

कुनै व्यक्तिले सम्बन्धित निकायको अनुमति पत्र बेगर र अनुमति पत्र पाएकाले पनि अनुमति पत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

**९. अनुमति पत्रको लागि निवेदन दिनुपर्नेः-**

यस नगरपालिकाभित्र घरेलु मदिराको उत्पादन बिक्री वितरण निकासी वा पैठारी गर्न इच्छुक व्यक्ति वा फर्म वा सहकारी संस्थाले संघीय तथा प्रदेश कानून बमोजिमको प्रकिया पुरा गरी यस नगरपालिकाबाट समेत अनुमति पत्र लिनुपर्नेछ र अनुमति पत्र लिनको लागि तोकिए बमोजिमको ढाँचामा नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

**१०. अनुमति पत्र दिनुपर्नेः-**

दफा ६ बमोजिम अनुमति पत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमति पत्र दिन मनासिव देखेमा तोकिए बमोजिमको शर्तको अधिनमा रही घरेलु मदिराको उत्पादन बिक्री बितरण निकासी पैठारी गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा अनुमति पत्र दिनुपर्ने छ । तर, अठार वर्ष उमेर पुरा नगरेको व्यक्तिलाई अनुमति पत्र दिईने छैन ।

**११. अनुमति पत्रको अवधि र नवीकरणः-**

अनुमति पत्र प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने छ र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**१२. अनुमति पत्र रद्द गर्न सक्नेः-**

तोकिएको अधिकारीले दफा ८ बमोजपम दिईएको अनुमति पत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) अनुमति पत्र नवीकरण नगरेमा,

(ख) अनुमति पत्रमा तोकिएका शर्त उल्लंघन गरेमा,

(ग) दफा ४ विपरित काम गरेमा ।

**१३.** यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोग निमित्त तोकिएको परिमाणमा घरेलु मदिरा उत्पादन यस ऐन अन्तर्गत अनुमति पत्र लिनुपर्ने छैन ।

## परिच्छेद- ४
## अनुगमन सम्बन्धी व्यवस्था

**१४. खानतलासी, कव्जा वा नियन्त्रणमा लिनसक्नेः-**

(क) कुनै स्थानमा यस ऐन बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिव माफिकको कारण भएमा नगरपालिकाको बजार अनुगमन समिति वा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले स्थानको खानतलासी गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम खानतलासी गर्दा तोकिएको अधिकारीले खानतलासी गर्नुपर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नुपर्ने छ ।

(ग) उपदफा (ख) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसुर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसुरसँग सम्बन्धित सामान कव्जामा लिन सकिनेछ ।

(घ) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसुर गरेको वा गर्न लागेको छ र निजलाई नियन्त्रणमा नलिए निज भागी जाने सम्भावना छ भन्ने लागेमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निजलाई स्थानीय तहमा रहेको नेपाल प्रहरीको सहयोगमा निजलाई नियन्त्रणमा लिन आदेश दिन सक्नेछ ।

(ङ) तोकिएको अधिकारीले यस दफा बमोजिम खानतलासी कव्जा वा नियन्त्रणमा लिँदा स्थानीय जनप्रतिनिधीको रोहवरमा गर्नुपर्ने छ ।

(च) तोकिएको अधिकारीले यस दफा बमोजिम खानतलासी, कव्जा वा नियन्त्रणमा लिँदा अपनाउनुपर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. खानतलासी, कव्जा वा नियन्त्रणको प्रतिवेदन दिनुपर्नेः-**

यस ऐन अन्तर्गत कसैलाई नियन्त्रणमा लिएको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कव्जा गरेकोमा तोकिएको अधिकारीले सो कुराको प्रतिवेदन चौबिस घण्टा भित्र छिटो साधनद्वारा प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनुपर्नेछ ।

**१६. दुःख दिने नियतले खानतलासी, कव्जा वा नियन्त्रण गर्नेलाई सजायः-**

यस ऐनको बिरुद्ध काम भए गरेको भन्ने मनासिव शङ्का नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेईज्जती गर्ने वा क्षति पुऱ्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई नियन्त्रण गर्ने गराउने,

कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**१७. मदिरा तथा अन्य सामानको जफत र बिक्रीः-**

(क) कुनै व्यक्तिले यस ऐन विपरित घरेलु मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा तोकिएको अधिकारीले जफत गर्नेछ ।

(ख) उपदफा (क) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा तोकिएको अधिकारीले तोकिए बमोजिम लिलाम बिक्री गर्नुपर्ने छ ।

(ग) यस ऐन विपरित मदिराको कारोवार गर्न प्रयोग गरिएका सबै सामानहरू तोकिएको अधिकारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ । तर, सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुनेछैन ।

**१८. सहयोग गर्नुपर्नेः-**

यस ऐन अन्तर्गत सजाय हुने कसुरको तहकिकातको सिलसिलामा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

## परिच्छेद- ५

## विवाद निरुपण, दण्ड तथा पुरस्कार

**१९. मुद्दा हेर्ने अधिकारीः-**

यस ऐन बमोजिम मदिराजन्य वस्तुको उत्पादन, बिक्री र उपयोगको कारण उत्पन्न विवाद नगरपालिकाको न्यायिक समितिले हेर्नेछ । तर, न्यायिक समितिले क्षेत्राधिकार भन्ने बाहेकको विषय संघीय वा प्रदेश कानून बमोजिम हुनेछ ।

**२०. पुनरावेदनः-**

यस ऐन बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर संघीय कानून बमोजिम पुनरावेदन गर्न सकिनेछ ।

**२१. दण्ड सजायः-**

(क) यस ऐन विपरित काम गर्ने व्यक्तिलाई कसुरको प्रकृति अनुसार एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(ख) यस ऐन विपरितको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो कामलाई सहयोग गर्ने व्यक्तिलाई पचास हजार

रुपैयाँसम्म जरिवाना हुनेछ ।

**२२. नगरपालिकालाई तिर्न पर्ने रकम सरकारी बाँकी सरह असुल गर्नेः-**

यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट तोकिएको अधिकारीले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**२३. पुरस्कारः.**

(क) कसैले यस ऐन विपरित मदिरा उत्पादन सञ्चय बिक्री बितरण, ओसार पसार निकासी पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा बिगोको बीस प्रतिशत रकम पुरस्कार स्वरुप दिन सकिनेछ ।

(ख) उपदफा (क) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ ।

(ग) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नगर कार्यपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कार स्वरुप दिन सकिनेछ ।

(घ) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जना भन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।

(ङ) त्यसरी दिने पुरस्कारमा कुनै पनि कर लाग्ने छैन ।

## परिच्छेद- ६

## संशोधन, बचाउ तथा खारेजी

**२४. नियम बनाउने अधिकारः-**

यस ऐनको उद्देश्य कार्यान्वियन गर्न नगर कार्यपालिकाले नियम तथा कार्यविधीहरू बनाउन सक्नेछ ।

**२५. संशोधन, बचाउ र खारेजीः-**

(क) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित नेपाल तथा प्रदेश कानून बमोजिम भई वा डिष्टिलरीबाट मदिरा उत्पादन गर्ने ठेक्का अनुमति प्राप्त गरेकालाई यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

(ख) यो ऐन संशोधन वा खारेज गर्न आवश्यक देखेमा नगरसभाले संशोधन वा खारेज गर्न सक्नेछ ।

(ग) यस ऐनमा लेखिएका कुराहरू प्रचलित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाँझिएको हद सम्म स्वतः निष्कृय हुन्छ ।

**२६.** यस ऐनमा उल्लेख भएका विषयहरू यसै ऐन बमोजिम तथा अन्य विषयहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमाणीकरण मिति : २०८०/१०/०२ गते**

**राजपत्रमा प्रकाशित मिति : २०८०/१०/०२ गते**

आज्ञाले,

**तेजराज शर्मा**

प्रमुख प्रशासकीय अधिकृत